

# शिक्षक

www.teacher.org.np

मूल्य रु ५०/-

वैशाख २०६९

## यसरी गरौं नयाँ शैक्षिक सत्रको तयारी

## सरकार–शिक्षक सहमतिः 'शिक्षा' नै छुट्यो

## शिक्षा क्याम्पसः स्तरविनाको भीड

## सम्बन्धः छोरीको कमाइ र पढाइको


Dabur
Glucose होइन,
Dabur
Glucose-D
नेपालमा सर्वाधिक
बिक्री हुने ग्लूकोज
33% FREE
Dabur
Glucose-D
VITAMIN D
& CALCIUM
NON-STOP ENERGY
99.4% Pure Glucose
FREE
Glass
Source: Nielsen Nepal - RMS (Dec - 2011)

# शिक्षक
मासिक

वर्ष ५ पूर्णाङ्क ४९

वैशाख २०६९
Apr–May 2012



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष दीपक थापा द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
कामसिंह चेपाङ
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
**(*शिक्षक* मासिक)**
पूर्णचण्डी मार्ग
जावलाखेल, ललितपुर
**पो.ब.नं. ३९१, ललितपुर**
फोन: सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्स: ५५४११९६
इमेल: mail@teacher.org.np,
वेब: www.teacher.org.np,
मुद्रण: जगदम्बा प्रेस,
हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


*आवरण तस्वीर सौजन्य: Alysha's blog*

# नयाँ शैक्षिक सत्रको तयारी




पृष्ठ २६-३२

**बहस** बाल-मस्तिष्क: भरी कि रित्तो ?

भाँडो हो र खाली कि भरी !
*- महेन्द्र विष्ट, १२*

खाली हुन्छ, भर्दै जानुपर्छ
*- अमितकुमार चौधरी, १५*


## कथा




अनुज र गणतन्त्र
*- अनिता शर्मा, ३८*

विनोद
*- सुजता कार्की, ४०*

भोक
*- नन्दकुमारी भट्ट, ४०*

**समाचार** ३४-३६

- एसएलसी २०६८ : अलिअलि सुध्रियो
- पुस्तक मेला
- शिक्षक संघको प्रतिनिधिसभा
- 'तलबमान मिलाउनू'

**अन्य सामग्री**

शिक्षक-सरकार सहमति:
'शिक्षा' बाहेक सबै समेटिए ! १८

शिक्षाशास्त्रका क्याम्पस: स्तरविनाको भीड २२

बाल-जिज्ञासा: झिजो मान्न पाइँदैन !
*डा. तीर्थबहादुर श्रेष्ठ, ४२*

सम्बन्ध: छोरीको कमाइ र पढाइको
*विनोद सिजापति, ५०*

विद्यालयमा कम्प्युटर शिक्षा
अलमलमै बिते दश वर्ष
*लक्ष्मण शर्मा, ५२*

सम्बन्ध न खोज्ने हो, हामी सक्छौं !
*डा. विद्यानाथ कोइराला, ५८*

Acting Out: Using Drama in the ELT Classroom
*Elizabeth M. Muller, 60*

**स्तम्भ**

विषय-सन्दर्भ २, हेराइ र बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, मनका कुरा ८, शिक्षाको दुनियाँ ४६, जिज्ञासा र जवाफ ६२, फुर्सद ६५, आलोपालो ६८


**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला । यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला ।**
**साथै, मेसेज पठाएर पनि आफ्नो गुनासो टिपाउन सक्नुहुनेछ । जसका लागि मोबाइलको मेसेज बक्समा गई COMP टाइप गरी एउटा खाली ठाउँ छाडी आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर लेखी 5006 मा SMS पठाउनुहोस् । (comp<space>5006)**

 केदार शर्मा

# सङ्कल्प गर्ने अवसर

**हिजो** जसरी नै आजको दिन पनि शुरू भएको हो र भोलिको दिन पनि यसरी नै झुल्किन्छ। मौसममा स-साना परिवर्तन होलान् तर घाम उसरी नै उदाउँछन्, उसरी नै रात पर्छ। मानिसका दिनचर्यामा पनि खासै परिवर्तन हुँदैन। प्राकृतिक र व्यावहारिक क्रिया-प्रक्रियाहरू सधैं नै उस्तै हुन्छन् र नयाँ वर्ष भन्ने बित्तिकै तिनमा कुनै अन्तर आउँदैन। तर पनि हामीलाई नयाँ वर्ष प्रत्येक वर्ष नौलो लाग्छ। हामी खुशी हुन्छौं, शुभकामना आदानप्रदान गर्छौं। आफ्ना कुनै कमजोरी हटाउने वा कुनै क्षमता बढाउने चाहना राख्छौं, नयाँ वर्षका लागि शब्दमा होस् वा मनमा मात्र, विभिन्न सङ्कल्प पनि गर्छौं।

पाश्चात्य मुलुकहरूमा नयाँ वर्षको सङ्कल्प (New Year's Resolution) गर्ने पुरानो परम्परा छ। त्यस दिन मानिसहरू धेरै सङ्कल्प गर्छन्, तीमध्ये धेरै भङ्ग पनि हुन्छन्। तर पनि, मानिसहरू सङ्कल्प गर्न छाड्दैनन्। चुरोट रक्सी छाड्ने, समयमा काम पूरा गर्ने, फजुल खर्च रोक्ने जस्ता कतिपय सङ्कल्पहरूको आयु सामान्यतया लामो हुँदैन भन्ने अनुसन्धानबाटै देखिएको छ। तर राम्रा र सार्थक सङ्कल्पहरूबाट जीवनमा परिवर्तन आएका अनेक उदाहरण पनि पाइन्छन्।

नयाँ वर्ष हाम्रो नयाँ शैक्षिक पात्रो शुरू हुने अवसर पनि हो। नयाँ वर्षमा अधिकांश विद्यार्थीहरू नयाँ कक्षामा प्रवेश गरेका हुन्छन्। बोटबिरुवामा नयाँ पालुवा-पातहरू टल्किइरहेका हुन्छन्। फलफूलका बोटहरूमा फूल खेलिरहेका हुन्छन् र चिचिलाहरू फस्टाइरहेका हुन्छन्। समग्र वातावरण नै नवीनताको प्रकाशमा नुहाएर ऊर्जाशील भइरहेको हुन्छ। यस मौकामा विद्यालय र शिक्षकहरूले आफूले कुनै सङ्कल्प गर्ने र विद्यार्थीहरूलाई पनि कुनै सङ्कल्प गर्न लगाउने हो भने त्यसले साँच्चै नै अर्थपूर्ण परिवर्तन ल्याउन सक्छ।

तर सार्थक सङ्कल्प गर्न र त्यसको परिपालना गर्न सजिलो भने छैन। पहिलो कुरा त हामी कोही पनि कुनै कुराको भय वा आकर्षण नभई आफ्नो कार्यशैली फेर्न चाहँदैनौं। दोस्रो, अर्कालें थाहा पाएको छैन भने 'चलिहाल्छ नि' भन्ने पनि हामी पछि हट्दैनौं। यस्तोमा सङ्कल्प कसरी गर्ने र कसरी त्यसमा टिक्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ।

सङ्कल्पको स्रोत के हो र किन त्यो सङ्कल्प गरिँदैछ भन्ने कुराले त्यसको परिपालनाको सम्भावनालाई सङ्केत गर्छ। हामीले राम्रोसित विचार र आपसमा सरसल्लाह गरेर तयार गरेको सङ्कल्प सबैबाट पालना हुनसक्छ। उदाहरणका लागि, विद्यालयमा १० जना शिक्षक छन् र सबैले आ-आफ्ना १०-१० वटा सङ्कल्पको सूची बनाए भने सबैभन्दा धेरै दोहोरिएको सङ्कल्पले पहिलो नम्बर पाउँछ र एउटा राम्रो सूची तयार हुन्छ। त्यसरी नै विद्यार्थीलाई पनि कक्षागत रूपमा सङ्कल्प तयार गर्न लगाएर र प्रत्येक कक्षाका सङ्कल्पमा आएका साझा कुराहरूलाई समेटेर समग्र स्कूलको शैक्षिक सङ्कल्प सूची तयार गर्न सकिन्छ।

अर्काले दिएको निर्देशन पालना गर्नभन्दा आफैंले तयार गरेको सङ्कल्पहरूको पालना गर्न मानसिक र मनोवैज्ञानिक रूपमा सहज हुन्छ। त्यसमा बाध्यता त हुन्छ, तर त्यो नैतिक रूपमा मात्र बाध्यकारी हुन्छ। मानिसले त्यसको पालना करले हैन, सन्तुष्टि र सम्मान प्राप्त गर्नका लागि गर्छ। शिक्षकहरूले समयमा विद्यालय आएर समयसम्म बस्ने, तयारी गरेर पढाउने, विद्यार्थीलाई भौतिक दण्ड नदिने जस्ता सङ्कल्प गर्न सक्छन् भने विद्यार्थीले विद्यालय सफा राख्ने, गृहकार्य समयमा गर्ने, जङ्क-फूड नखाने जस्ता विभिन्न सङ्कल्प गर्न सक्छन्। यस्ता सङ्कल्प विद्यालयमा टाँस्न सकिन्छ, तिनको सूची *शिक्षक* मासिकमा वा कुनै पत्रपत्रिकामा पठाउन सकिन्छ र सङ्कल्पले केही परिवर्तन ल्यायो भने वा त्यो असफल भयो भने त्यसका बारेमा लेख लेख्न पनि सकिन्छ।

हाम्रो चाहिँ सङ्कल्प के छ भने, नयाँ वर्ष २०६९ मा *शिक्षक* मासिकलाई अरु प्रभावकारी तुल्याउन लागि पर्नेछौं! यससित सम्बद्ध पत्रकारहरूले नयाँ नयाँ स्कूलको भ्रमण गर्नेछन्। *शिक्षक* सम्बद्ध ज्ञान विज्ञान शैक्षिक सहकारीले केही राम्रा पुस्तकहरूको प्रकाशन गर्नेछ। सबभन्दा ठूलो सङ्कल्प चाहिँ, किन्नुपर्ने कुराको मोल जतिसुकै बढे पनि, विज्ञापन बढाउन नसके पनि *शिक्षक* मासिकले सिक्ने, सिकाउने र सिक्न पठाउनेहरूका लागि यसरी नै सामग्री प्रस्तुत गरी नै रहनेछ।

सम्पूर्ण पाठक, ग्राहक, लेखक, पत्र-प्रेषक, बिक्रेता, विज्ञापनदाता र शुभेच्छुकहरूमा विक्रम सम्बत् २०६९ फलदायी र सुखद् होस्! हाम्रो शुभकामना!!

शिक्षक मासिक परिवार

# रीसको डोब



**एउटा** किशोर अति पुल्पुलिएको थियो। जङ्गिनु, ठर्किनु, रीस देखाउनु उसका लागि सामान्य कुरा थिए। आजित भएर बाबुआमाले उसलाई एकजना गुरुकहाँ लिएर गए।

सबै कुरा सुनिसकेपछि गुरुले केटोसँग सोधे, “बाबु तिमीलाई रिसाउन मन पर्छ?”

“रिसाउन त कसलाई मन पर्छ र? तर मान्छेले अन्याय गरेको चाहिँ म सहन सक्दिनँ।”

“अनि रीसले अन्याय समाप्त हुन्छ त?”

“जे भए पनि हेपिएर चाहिँ बस्न सक्दिनँ।”

“तिमीलाई आफ्नो रीस कम गर्न मन छ?”

“नहेपिइकन कम पार्न मिल्छ भने हुन्छ।”

उसको जवाफ सुनेपछि गुरुले भने, “त्यसो भए केही दिन रीस घटाउने अभ्यास गर।”

केटो राजी भयो। गुरुले उसलाई एकमुठी फलामको काँटी र एउटा सानो घन दिँदै भने, “हरेक पटक रीस उठ्नासाथ एउटा काँटी काठमा ठोक्नू!”


केटोलाई रमाइलो लाग्यो। उसले पहिलो दिन ३७ वटा काँटी ठोक्यो। तर क्रमशः उसको रीस नियन्त्रण गर्ने क्षमता बढ्न थाल्यो। अन्ततः उसले रीसको परिणाम भोग्नुभन्दा रीस नियन्त्रण गर्न सजिलो रहेछ भन्ने बुझ्यो। अनि एक दिन गुरुलाई उसले आफूलाई रीसै उठ्न छाडेको बतायो।

गुरुले उसलाई पहिले गाडेका केही काँटी उखेलेर ल्याउन भने। किशोर गयो तर काठमा ठोकिएका काँटी उखेल्न सजिलो थिएन। काँटी उखेल्न कति गाह्रो हुँदोरहेछ भन्ने पनि उसले चाल पायो। बल्लबल्ल काँटी ल्याएपछि गुरुले सोधे, “काठ त केही भएन नि?”

“डोब बस्यो, तर अरू केही भएन”, केटोले जवाफ दियो।


“हेर काँटीले काठमा जे गर्‍यो त्यही काम रीसले हृदयमा गर्छ। पछि तिमी रीसको काँटी निकालौला तर त्यसको दाग कहिल्यै जाँदैन।” गुरुले भने, “कसैलाई छुरा हान्न पनि सकिन्छ र निकाल्न पनि। तर त्यो छुराले पारेको चोट कहिल्यै फिर्ता हुँदैन।”


भनिन्छ, त्यो किशोर त्यसपछि कहिल्यै रीसको बसमा परेन।



**प्रतिक्रिया / सुझाव**

# पुस्तकमा त्रुटि; प्रश्नमा त्रुटि; त्रुटि नै त्रुटि


District Level Examination 2068
Compulsory English
(Reading and Writing)



परीक्षालाई विद्यार्थीको सिकाइ उपलब्धि मापन गर्ने साधनको रूपमा लिइन्छ। त्यति महत्त्वपूर्ण लक्ष्य प्राप्त गर्नुपर्ने परीक्षा सम्बन्धी प्रक्रिया शुद्ध हुनुपर्ने कुरामा दुईमत हुन सक्दैन।

तर विडम्बनाको कुरा; भर्खरै २०६८ सालको कक्षा आठको वार्षिक परीक्षामा अंग्रेजी विषयको प्रश्नपत्रमा थुप्रै त्रुटि र लापरवाहीहरू भएको पाइयो। उक्त प्रश्नपत्रमा रहेका मुख्य त्रुटि तथा कमी-कमजोरी यस्ता थिए-

१. प्रश्न नं. १ को C) मा 'She had her Scooter repaired' हुनुपर्नेमा 'She'd her Sector repaired' भएको छ।

२. प्रश्न नं. ३ को e) मा Ellen's Mountain हुनुपर्नेमा Ellen Mountain भएको छ।

३. प्रश्न नं. ४ को Reading passage मा त झनै धेरै गल्ती भेटिएका छन्-

| भएको | हुनुपर्ने |
|---|---|
| the king's place | the king's palace |
| through at the city | through out the city |
| door is the side of the horse | door in the side of the horse |
| attacked the places | attacked the palace |
| a t last | at last |

४. प्रश्न नं. ४ कै B) मा दिइएको rubric नै अपूर्ण छ; त्यहाँ 'Rewrite the following sentences in your answer shee' भनिएको छ। तर यहाँ विद्यार्थीले के गर्ने भन्ने कुरा नै प्रष्ट छैन।

५. प्रश्न ४ कै B) को उपशाखा नं. a) मा 'Trojan armies' हुनुपर्नेमा 'Trojans arrives' लेखिएको छ।

६. प्रश्न नं. ५ को Reading passage को दोस्रो Paragraph मा 'fried food or chocolate causes acne' हुनुपर्नेमा 'fried food, chocolate causes acne' भएको छ।

७. सोही नं. को B) को उपशाखा नं. b) मा 'oil on face causes' हुनुपर्नेमा 'old on face causes' भएको छ।

८. प्रश्न नं. ८ मा दिइएको story को outlines मा 'compete' हुनुपर्नेमा 'complete' भएको र यसले सम्पूर्ण अर्थमा नै समस्या ल्याइदिएको छ।

९. सामान्य punctuation को कुरा गर्ने हो भने पनि कुनै rubric को अन्त्यमा fullstop (.) दिइएको छ भने कुनैको अन्त्यमा colon (:) दिइएको छ। यसको अलावा capitalization सम्बन्धी समस्याहरू थुप्रै ठाउँमा छन्।

प्रश्नपत्रमा यी र यस्ता गल्ती उल्लेख गर्दै गर्दा मेरो मनमा धेरै प्रश्न उठिरहेका छन्:

- काठमाडौंको जिल्ला शिक्षा कार्यालयद्वारा तयार पारिएको प्रश्नपत्रको स्थिति त यस्तो छ भने अन्य जिल्लाको स्थिति के होला ?
- यति धेरै गल्तीले भरिपूर्ण प्रश्नपत्रबाट हाम्रा विद्यार्थी भाइबहिनीहरूले के सिक्छन् होला ?
- यस्ता त्रुटिपूर्ण प्रश्नबाट विद्यार्थीहरूको कस्तो मूल्याङ्कन भइरहेको छ ?
- के यस्ता प्रश्नपत्रले असल प्रश्नपत्रमा हुनुपर्ने गुणहरूलाई reflect गर्छन् त ?
- यस्ता प्रश्नपत्र विषय विशेषज्ञहरूद्वारा तयार गरिन्छन् वा शिक्षा कार्यालयका अनुभव र ज्ञानहीन कनिष्ठ कर्मचारीहरूद्वारा ?
- प्रत्येक वर्ष उस्तै खाले त्रुटिपूर्ण प्रश्नपत्र छाप्नु के गम्भीर लापरवाही होइन ?
- शिक्षा क्षेत्रमा काम र अनुगमन गर्न खटिएका अधिकारीहरू के हेरेर बसेका छन् ?
- प्रश्नपत्र छापिएका कागजको गुणस्तर हेर्ने हो भने पनि यो निकै नै कमसल छ। के यो एउटा शिक्षा क्षेत्रमा भएको भ्रष्टाचारको नमुना होइन ?

हुनत: वर्षौंदेखि कैयौं गल्तीले भरिपूर्ण कक्षा आठको 'Our English' पढेका हाम्रा विद्यार्थीका लागि प्रश्नपत्रका यस्ता गल्ती पनि सामान्य नै हुन्; किनभने उनीहरूलाई गल्ती कुराको अभ्यास गर्ने आदत नै बन्न पुगेको छ। आगामी वर्षदेखि असल र गल्तीरहित प्रश्नपत्रहरूको निर्माण गर्न र विद्यार्थी भाइबहिनीहरूको जीवनमाथि खेलवाड नगर्न सम्बन्धित निकाय र यसमा संलग्न अधिकारीहरूको ध्यान जाओस्।

कमलप्रसाद खनाल
स्रोङ्चेन भृकुटी आवासीय मावि
तीनचुली, बौद्ध, काठमाडौं

## कक्षा १० को पुस्तकमा पनि त्रुटि

कक्षा १० को अंग्रजी पुस्तक पनि त्रुटि नै त्रुटिले भरिएको छ । उक्त पुस्तकको पेज नं. ११ मा रहेको कविता Spring season / Winter season को बारेमा छ तर सो कविताको शीर्षक Weathers राखिएको छ । के season र weather एउटै हुन् त? तिनै विद्यार्थीहरूले कक्षा ८ को सामाजिक अध्ययनमा season र weather बीच भिन्नता रहेको पढ्छन् भने अंग्रेजी विषयमा कसरी यी दुवै उस्तै हुन गए ? साथै; Winter season सम्बन्धी कविताको १४औं लाइनपछि "And meadow rivulets overflow;" भन्ने लाइन नै राखिएको छैन। यसरी कुनै कविको कविताको लाइन हटाइ प्रकाशित गर्न मिल्छ र?

सोही पुस्तकको पेज नं. ८८ मा कम्प्युटर सम्बन्धी पाठ्यसामग्रीको अन्तिम दुई लाइनमा यस्तो लेखिएको छ- " A computer also has a floppy drive. It is a slot for the insertion of portable disks also known as floppy disks." तर यस लाइनमा भनिए जस्तो अहिलेका कम्प्युटरमा floppy drive नै हुँदैन र हाल floppy disk प्रचलनमा पनि छैन। यो प्रचलनबाट हटिसकेको वर्षौं भइसक्यो। अहिले यसको ठाउँमा pen drive को प्रयोग हुने गरेको छ। सोही पेजमा देखाइएको CPU को तस्बिर पनि गलत रहेको छ। CPU जहिले पनि ठाडो पारेर राखिन्छ तर यस पाठमा देखाइएको CPU लाई सुताएर राखिएको छ।

हरेक वर्ष छापिने पुस्तकमा शिक्षा मन्त्रालयले यस्तो लापरवाही किन गरिरहेको होला ? विद्यार्थीहरूले यस्तो गलत शिक्षा कतिञ्जेल पाइरहने? र, यस्तो शिक्षा पाइरहने विद्यार्थीको गुणस्तर कस्तो हुने हो?

शिवकुमार महतो (कुशवाहा), लालपुर २, सिरहा

## कक्षा १० सम्म 'फूल' कक्षा ११ मा 'फुल' !


माध्यमिक तहको नेपाली किताबमा 'फूल' (प्रकृतिको) र 'फुल' चराचुरुङ्गीको अण्डा लेखिएको छ। साथै, समान खालका शब्दहरू लेख्दा (-) चिन्हको प्रयोग गरिएको छ। त्यस्तै; 'लक्ष्मीप्रसाद देवकोटा', 'पाठ्यपुस्तक', 'बहुवचन', 'पढ्नुहोस्' जस्ता शब्दमा पदयोग गरिएको छ। तर, कक्षा ११ को पाठ्यपुस्तकमा 'लक्ष्मी प्रसाद देवकोटा', 'पाठ्य पुस्तक', 'बहु वचन', 'पढ्नु होस्' जस्ता शब्दहरू पद वियोग गरेर लेखिएको छ र सोही अनुसार पठनपाठन गर्ने गरिएको छ। साथै 'फूल' र 'फुल' दुवैलाई ह्रस्व अर्थात् 'फुल' नै लेखिएको छ। समान खालका शब्दहरूमा कुनै चिन्ह प्रयोग नगरी (**साना-साना**) लेखिएको छ। ह्रस्व, दीर्घका नियमहरू, पदयोग र पदवियोगका नियमहरू स, ष, श, छ, क्ष जस्ता नियमहरू परिवर्तन गरिएको छ। कक्षा १० सम्म एउटा नियम र कक्षा ११ मा पुग्दा चाहिँ अर्कै नियम पढाउनुपर्दा त्यस्ता शिक्षकप्रति विद्यार्थीको हेर्ने दृष्टिकोण कस्तो होला ? यी दुईमध्ये व्याकरणको कुन चाहिँ नियम सही हो ?

अर्जुनबहादुर लामिछाने
काफलचौर उमावि, दुर्लुङ-८, पर्वत

## पाविकेले सच्याओस् !

पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरद्वारा प्रकाशित कक्षा ८ को नेपाली पाठ्यपुस्तकको पेज नं. ६ मा 'क्रिया' शीर्षकमा दिइएको अकर्मक क्रियापदको तेस्रो उदाहरण गल्ती छ । जसमा लेखिएको छ, "उषा भाइलाई चुट्किला सुनाउँछिन्।" अकर्मक क्रियाले एउटा पनि क्रियाको अपेक्षा गर्दैन भनेर सैद्धान्तिक अध्ययन/अध्यापन गर्ने शिक्षक-विद्यार्थी दुवैलाई यसले अप्ठ्यारोमा पारेको छ । 'के' वा 'कसलाई' भन्ने दुवै प्रश्नको उत्तर आउने द्विकर्मक क्रिया अकर्मकमा राखिएकाले यो समस्या परेको हो । पाविकेले यस्ता गल्ती सच्याउन सक्यो भने मात्र उसले बनाएका पाठ्यपुस्तकहरू विश्वसनीय र स्तरीय मानिन सक्ने छन्।

गीता कोइराला, नेपाल राष्ट्रिय उमावि
हरैया-१, रघुनाथपुर, बारा

## प्रतिक्रिया / सुझाव

### 'दिवास्वप्न' पाइएन

मैले यसभन्दा पहिले पनि लेखेको थिएँ। फोन पनि गरें तर उपलब्धिमूलक भएन। अहिले पनि दुई महिना भइसक्यो- गिजुभाईको *दिवास्वप्न* पुस्तक खोजेको तर आउनै सकेको छैन भन्ने प्रतिक्रिया पाएँ। सिन्धुलीमा *दिवास्वप्न* नआउने पो कि चिन्ता लागिरहेको छ। त्यो पुस्तक कहिलेसम्ममा आउने हो ?

अशोककुमार थिङ, मझुवा-४, सिन्धुली

**(अशोकजी, सिन्धुलीका पाठक तथा बिक्रेताले प्रक्रिया पुऱ्याएर आग्रह नगरेसम्म *दिवास्वप्न* आफैं त्यहाँ आइपुग्दैन। यसर्थ, *दिवास्वप्न* ल्याउनको निम्ति नजिकको पुस्तक/पत्रिका बिक्रेतालाई आग्रह गर्नुहोस्। तपाईं एक जनाको आग्रहलाई बिक्रेताले महत्त्व नदिन पनि सक्छन्। यस्तो बेलामा साथीहरूलाई पनि आग्रह गर्न भन्नुहोस्। धेरै जनाले खोज्न थालेपछि *दिवास्वप्न* उपलब्ध गराउन बिक्रेता आफैं तत्पर हुनेछन्। -सं.)**


### *दिवास्वप्न* पढेपछि दुई पटक अश्रु वर्षा

विगतमा तिकडम मात्र जान्ने तर कुनै विषय–शीर्षकै नबुझी किन्न निर्देशन गर्ने हाकिम सा'पबाट उपलब्ध पुस्तक त पढिए भने अहिले त पढाइ-लेखाइमा राम्रो हैसियत राख्ने अभिभावक नयाँ (जिशिअ) सरबाट आफूले अध्ययन गरिकन उपलब्ध गराइएको पुस्तक *दिवास्वप्न* किन नलिने ? किन नपढ्ने ? त्यसैले हतारोमै लिइयो; चटारोमै पढियो *दिवास्वप्न*। रचना साहित्यै हो, रचनै हो भन्ने पक्कापक्की थाहा छ तर अध्ययन गर्दा यथार्थमै र आफैंले घटनास्थलमै भोगेको महसुस हुन्छ। त्यसो हुँदा सो पुस्तक पढ्ने क्रममा दुई पटक अश्रु वर्षा भयो। पहिलोपटक; शङ्कर सरलाई नटेर्ने शुरूका विद्यार्थी पछि पिरोल्न छोड्ने भएको अवस्थामा। दोस्रो पटक; राम्रो शिक्षण गर्ने, राम्रो व्यवहार गर्ने शिक्षकलाई शिक्षा अधिकारीले बोलाएर सँगै चिया-खाना खाएको भन्ने वाक्य पढ्दा। त्यस्तो पनि हुँदोरहेछ; त्यस्ता पनि शिक्षा अधिकारी हुँदारहेछन् भनी मन थाम्नै सकिएन।

गंगा पौडेल, स्रोतव्यक्ति, सिन्धुपाल्चोक

### मन पऱ्यो

प्राथमिक तहका विद्यार्थीलाई विभिन्न विषय रचनात्मक र रोचक विधिले पढाउन सकिने सन्देश रहेको *दिवास्वप्न* पुस्तक मलाई निकै मन पऱ्यो। विद्यार्थीमैत्री




शिक्षणशैली भयो भने विद्यार्थीको भविष्य उज्ज्वल हुन्छ। तर अनुशासन र सिकाइका लागि अझै पनि विद्यार्थीलाई मानसिक र शारीरिक दण्ड-सजाय दिने क्रम घटेको छैन। पुरानै सुगारटाइ गराउने शिक्षण विधिबाट शिक्षकहरू मुक्त हुनसकेका छैनन्। *दिवास्वप्न* सबै शिक्षकहरूका लागि एउटा राम्रो साथी बन्नेछ र पुस्तकको अध्ययनपछि बालमैत्री गुणस्तरीय शिक्षाबारे उहाँहरूको बुझाइ र व्यवहारमा पनि परिवर्तन आउनेछ भन्ने मेरो आशा छ। यसर्थ, म सबै शिक्षकहरूलाई यो पुस्तक अध्ययनका लागि आग्रह गर्न चाहन्छु।

मोहन दङ्गाल
बालअधिकार कार्यक्रम संयोजक
चाइल्ड नेपाल, चाबहिल, काठमाडौं

❖ ❖ ❖

शिक्षक आफ्नो कामप्रति कति जिम्मेवार बन्नुपर्छ भनेर एउटा पाठ सिकाएको छ *दिवास्वप्न* ले। हामी शिक्षकहरू यति लगनशील र समर्पित कहिल्यै बन्न सक्दैनौं किनकि हामीमा त्यो अभ्यास नै छैन। *दिवास्वप्न* मा शङ्कर सरको कलात्मक शिक्षणविधिले नयाँ रङ ल्याइदियो। हो, प्राथमिक तहमा अध्यापन गरेर विद्यार्थीलाई सन्तुष्ट पार्नु फलामको चिउरा चपाउनुसरह हो। सिर्जनशील, उत्साही अनि बालमनोविज्ञान बुझ्ने र जान्ने शिक्षकका लागि भने त्यो त्यति कठिन नहोला। आशा गरौं *दिवास्वप्न* को प्रभाव समय गतिमै फैलनेछ।

प्रदीप बस्नेत, गोल्मादेवी मावि
जीतपुर, कदमवास-३ सिन्धुपाल्चोक

### ६०० स्कूलमा *दिवास्वप्न*

जसरी रोपिएका सबै फसललाई कृषकले राख्दैनन्-छाँट्छन्, त्यसैगरी जस्तोसुकै प्रयोगबाट पनि परिवर्तन नहुने *दिवास्वप्न* को विद्यार्थी राघव ठाकुरको छोरो जसरी पढाइका लागि जन्म लिएको होइन त्यसैगरी कतिपय हामी शिक्षक पनि शिक्षक हुनका लागि जन्म लिएका होइनौं। यो हाम्रो वास्तविकता हो। शिक्षक संवेदक, खोजकर्ता, उत्साही हुनुपर्दछ। परीक्षाको सन्त्रासमा अक्षरीकरण विधितर्फ जानुहुँदैन। विद्यालयलाई निस्पन्दन, नीरस र प्राणविहीन तुल्याउनुहुँदैन। विद्यालय भय, भ्रम, झन्झट र सजायको कारावास तुल्याउनुहुँदैन। शिक्षकले चाहेमा गर्न सक्छ। तर शिक्षक हुनुपर्छ- शङ्कर सर हुनुपर्छ।

यतिबेला सिन्धुका ६०० बढी विद्यालयहरूमा *दिवास्वप्न* पुगेको छ। भनूँ- शिक्षा अधिकारी गेहनाथ गौतमले शैक्षिक उत्थान र वास्तविक शैक्षिक रणसंग्राममा श्रीकृष्णरुपी *दिवास्वप्न* पुऱ्याइदिएका छन्। अतः गीता अध्ययन गरौं र अर्जुन बनौं-शङ्कर सर बनौं। कलियुगको यो कालमोहरीमा पनि शिक्षक र शिक्षण कलामार्फत् गीतापान गराउने लेखक गिजुभाई, नेपाली अनुवादक शरच्चन्द्र वस्ती, सम्पादन गर्ने राजेन्द्र दाहाल, प्रकाशन गर्ने *शिक्षक* मासिक र ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड सबै सादर सम्मानका भागीदार छन्।

अमित घिमिरे
amurtaamit@gmail.com




### SMS प्रतिक्रिया

'लाइसेन्स जाँचमा चिटिङ' (*शिक्षक,* चैत २०६८) मा फागुन १९ गते निमावि र २० गते मावि तहको परीक्षा भएको लेखियो। शिक्षक सेवा आयोगले लागू गरेको यो अध्यापन अनुमति पत्रको परीक्षा मावि तहको १९ गते मैले पनि दिएको छु। त्यसकारण मेरो जिज्ञासा छ–सप्तरी र रोल्पाको परीक्षा फरक-फरक समयमा भएको हो ?

धन केसी, सुलिचौर, रोल्पा

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

# शिक्षामा प्रविधिको उपयोग

प्रविधिका फाइदाहरूका बारेमा *शिक्षक* को फागुन (२०६८) अङ्कमा प्रशस्त चर्चा भएको छ। म यहाँ यसलाई अलि अर्को पाटोबाट पनि हेर्न चाहन्छु।

शिक्षाशास्त्री, शिक्षा प्राविधिक तथा शिक्षा मनोवैज्ञानिकहरू सिकाइ कसरी प्रभावकारी हुन्छ भनेर निरन्तर अध्ययन/अनुसन्धान गरिरहेका छन्। यस क्रममा प्रविधिले सिकाइमा पार्ने असर वा गर्ने योगदानलाई पनि हेरिरहेका छन्। हरेक नयाँ प्रविधि आउँदा सिकाइमा क्रान्तिकारी परिवर्तन आउने अपेक्षा गर्ने गरिए तापनि अहिलेसम्मका अध्ययनबाट सिकाइमा प्रविधिले सीमान्त रूपमा मात्र असर पार्ने गरेको देखिएको छ।

प्रविधिले सूचना दियो, धेरैसम्म पुग्न मद्दत गऱ्यो तर सिकाइको गुणात्मकता पर्याप्त बढाएन। प्रविधिले 'ध्यान केन्द्रित' गराउँछ भन्ने आम मान्यताको परीक्षण गर्दा के पाइयो भने त्यो 'नवीनताको असर' मात्र रहेछ; केही समयपछि त्यसको प्रभाव घट्दै जाँदो रहेछ। बाबु-आमाले ल्याएका महङ्गा खेलौना छाडेर केटाकेटीले भाँडा-कुँडा बजाएर मजा लिएको हामीले आफ्नै आँखाले देखेका छौं। केही सिकाइहरू प्रविधिले भन्दा पनि त्यसले ल्याएका भिन्न तरिकाहरूका कारण भएको देखिन्छ। उदाहरणका लागि, प्रोजेक्टरबाट एउटा चित्र देखाएर छलफल गर्ने कुरा लिऊँ। त्यसको प्रभाव प्रोजेक्टरबाट हुने प्रदर्शनमा होइन शिक्षकको तरिका र प्रश्नमा निर्भर हुन्छ। कक्षाबाट झ्याल बाहिर देखाएर वा पोस्टर प्रदर्शन गरेर छलफल गर्नु उत्तिकै प्रभावकारी तरिका देखिएका छन्। यसको मतलब, प्रविधि केही पनि होइन भन्न खोजिएको भने होइन। केही विषयहरू यस्ता छन् जहाँ प्रविधिले अन्यथा गर्नै नसकिने अवसरहरू दिन्छ। उदाहरणका लागि काम गरिरहेको मुटु वा पातले गर्ने प्रकाश संश्लेषणबारे बताउन। यस अर्थमा सीमित अवस्था मात्र यस्ता देखिए जो वास्तविक वस्तुबाट सिकाउन नसकियोस्! यथार्थमा वास्तविक वस्तुबाट सिकाइको गुणस्तर अझ राम्रो हुन्छ।

प्रभावकारी सिकाइ बारे अध्ययन गरिरहेका मनोवैज्ञानिकहरूको एक तहमा के सहमति छ भने सिक्नका लागि सिकारु जति एकाग्र हुन सक्यो त्यति नै सिकाइ प्रभावकारी हुन्छ। उनीहरूलाई प्रविधिको बाढीले ल्याउने 'अन्यमनष्कता' बाट सिकारुलाई कसरी बचाउने भन्ने चिन्ता लागेको छ। अति सूचना, अति व्याख्या, अति सरलीकरणले मानसिक बोझ (cognitive load) बढाउँछ, एकाग्रता भङ्ग गर्दछ; अवलोकन क्षमताको ह्रास गर्दछ। (यस अर्थमा शिक्षकको प्रविधि सम्बन्धी फागुन (२०६८) अङ्कको आवरण पृष्ठ निकै आक्रामक लाग्छ)।

हाम्रा धेरैजसो शिक्षक मित्रहरूसँग कुरा गर्दा प्रायश: दुईवटा प्रतिरक्षात्मक जवाफ पाइने गर्छन्: पहिलो; सरकारको नीति ठीक छैन। (जसको अर्थ सामान्यत: हामीलाई सुविधा पुगेन र स्थायी गरेन भन्ने हुन्छ।) दोस्रो; शैक्षिक सामग्री छैन (दुनियाँ कम्प्युटर युगमा पुगिसक्यो।) शिक्षकले यति विधि प्रविधिको प्रचारबाजी गरेपछि पढाउन कोशिश गरिरहनुभएका शिक्षकमा एक त हतासा आउन सक्छ, अर्कोतर्फ निहुँ तेर्स्याएर नपढाउने शिक्षकहरूको कुतर्क थप मजबूत हुनपुग्छ।

यथार्थमा, प्रविधि सहायक सामग्री मात्रै हो। शिक्षणको केन्द्र शिक्षक नै हो। एउटा उत्प्रेरित शिक्षकलाई सहायक सामग्रीले केटाकेटीको सिकाइ रोक्न दिँदैन। शिक्षक आफैंले पनि कैयौं शिक्षण सामग्री चुट्किमा बनाउन सक्छन्। प्रविधि शिक्षाको उच्चतम बिन्दु होइन। त्यसैले 'प्रविधि-श्रेष्ठता' को भ्रमले शिक्षकमा हीनता थप्नुहुँदैन। असल सिकाइ त 'शिक्षक-श्रेष्ठता' बाट मात्र हुन सक्छ। एकाग्रता सिकाउन पूर्वीय धर्म र दर्शनले देखाएको बाटो पनि हामीसँग छ।

सिकाइ प्रविधिले प्रभावकारी बनाउन सकिने देखिएको एउटा क्षेत्र निर्माण र पुनर्निर्माणको हो।

एउटा चिनियाँ कहावत छ–

*म सुन्छु, बिर्सन्छु*
*देख्छु, सम्झन्छु*
*म गर्छु, बुझ्छु*

व्यावहारिक प्रयोगमा टाढै रहे पनि 'प्रति बच्चा एक ल्यापटप' को एउटा सैद्धान्तिक आधार यो हो। कम्प्युटरले केटाकेटीलाई वास्तविक वस्तु 'खर्च' नगरी निर्माण र पुनर्निर्माण पनि गर्ने अवसर प्रदान गर्दछ। तर यसमा पनि ध्यान दिनुपर्ने पक्षहरू भने छन्। कम्प्युटरमा सिकेर मात्र कसैले वास्तविक अर्थमा 'पाकविद्या' सिक्न सक्छ कि सक्दैन? सीधै पकाउन सिक्नु र कम्प्युटरमा पकाउनुमा कति फरक होला? सँगै; १० मिटर लामो पुल बनाउँदै भत्काउँदै गर्न सम्भव हुन्छ कि हुँदैन?

प्रविधि र 'ग्याजेट्स'को सदुपयोग ती वस्तुलाई आत्मसात नगरी गर्न सकिन्न। एकपटक भारतमा एक सज्जन छाता टेकेर हिँडिरहेका थिए। एउटा लुटेराले उनीमाथि आक्रमण गऱ्यो। उनले छाताले हिर्काएर लुटेरो भगाए। छाता भाँचिएर कच्याककुचुक भयो। लुटेरो अदृश्य भएपछि उनले सम्झिए- उनी त 'ब्ल्याकबेल्ट' प्राप्त कराँते खेलाडी थिए! बेलामा सम्झेका भए उनी त्यो लुटेरालाई छाता प्रयोग नगरिकनै लखेट्न या समाएर पुलिसकहाँ बुझाइदिन सक्थे। यसको मतलब के हो भने प्रभावकारी उपयोगका लागि प्रविधि वा 'ग्याजेट'लाई राम्ररी आत्मसात् गर्नु जरुरी हुन्छ। प्रविधिमा भर पर्दै जाँदा यो कुरालाई बिर्सन मिल्दैन।

**टीका भट्टराई**






# दुई एकान दुई... घोकाउनुपर्दैन !

■ रूद्रप्रसाद पराजुली

*बीज गणित होस् या अङ्क गणित,*
*गुणन होस् कि भाग।*
*समय होस् या तौल,*
*सरल होस् कि भिन्न।।*
*लिटर होस् या मीटर*
*घन होस् या मीटर*
*आज होस् या भोलि*
*सबैलाई 'अङ्क गुणन' नभै हुन्न।।*

*शिक्षक* पत्रिका हामी देशभरका शिक्षकहरूका लागि पथप्रदर्शक र बुद्धिजीवी, विद्यार्थी, अभिभावकहरूको निम्ति अनुभव आदान-प्रदान गर्ने साझा चौतारी बनेको छ। विभिन्न ठाउँ विशेषका कथा, व्यथा र शिक्षण तौरतरिकाबारे विद्यालयमा नै बसेर थाहा पाउने/सिक्ने अवसर यस पत्रिकाले प्रदान गरेको छ। यसको लागि यस पत्रिकालाई आभार व्यक्त गर्दै आफ्नो सानो अनुभव प्रस्तुत गर्ने जमर्को गरेको छु।

२०५४ साल असोजमा विद्यालयमा नियुक्ति पाएदेखि नै प्राथमिक तहमा गणित शिक्षण गर्दै आएको छु। गणितका चार आधारभूत क्रियामध्ये जोड र घटाउको शिक्षणपछि गुणन आउँछ। गुणन सिकाउन दुनोट कण्ठस्थ हुनै पर्थ्यो। त्यसैले हातमा लट्ठी लिएर सबैलाई दुई एकान दुई, दुई दुना चार (२x१=२, २x२=४) घोक्न लगाउँथें। 'भोलि कण्ठ पारेर आऊ' भनेपछि भोलिपल्ट कक्षामा शून्य नै नभए पनि उपस्थित सङ्ख्या ४० प्रतिशतमा घट्दथ्यो। कति त एक हप्तापछि मात्र आउँथे। नियमित आउनेमध्ये पनि केही विद्यार्थीले २/४ दिन लगाएर कण्ठ गर्दथे भने प्राय: विद्यार्थी गीत गाउन सक्ने तर २x७= ? भन्दा मुखामुख गर्ने भइरहन्थे। मेरो पनि के गल्ती र गुरुहरूले मलाई यसैगरी सिकाउनुभएको थियो। त्यसैले मैले पनि त्यसैगरी सिकाएँ !

तैपनि, आधा विद्यार्थीले पनि दुनोट कण्ठ पार्न नसकेको देख्दा म पिरोलिन्थें। चिन्ता लाग्थ्यो तर उपाय भेट्दिनथें। २०६३ मंसीरमा प्राथमिक शिक्षक तालीम पहिलो चरण लिनका लागि धुलिखेल जाने अवसर आयो। म निकै खुसी भएँ। उपयुक्त समयमा प्रशिक्षकसामु आफ्नो जिज्ञासा राखें, "गुणन गणितको मेरुदण्ड हो। यसनिम्ति सबै विद्यार्थीले अङ्क गुणन (दुनोट) सहज रूपमा सिक्न सक्नुपर्छ। यसलाई सिकाउने सरल तरिका के हुन सक्छ ?" प्रशिक्षकबाट केही नयाँ उपाय पाएँ। जस्तै: डोरीको गाँठो पारेर देखाउने, वेस टेन ब्लकको प्रयोग गर्ने, गुणन तालिकाको प्रयोग गर्ने आदि।

तर किन हो कुन्नि, मैले फेरि पनि विद्यार्थीलाई सन्तुष्ट पार्न सकिनँ। म आफैं असफल भएँ। यसो गरे पनि हुँदैन, उसो गरे पनि हुँदैन। आज अङ्क गुणन (दुनोट) लेखिदिएर पढ्न लगायो, घरमा पढेर आऊ भन्यो, आधा जति विद्यार्थीले भोलि पाना नै हराइसकेका हुन्छन्। कति पटक लेखिदिने ? कति गाली गर्ने ?

शिक्षक भएको पनि निकै वर्ष बितिसकेको थियो। एक दिन त्यसै दिक्क भएर घोत्लिइरहँदा दुनोट सिकाउने एउटा नयाँ काइदा सुझ्यो। त्यसलाई कक्षाकोठामा प्रयोग गरें। अचम्म; यो उपायले काम गर्‍यो।

मलाई जस्तै कतिपय प्राथमिक तहका शिक्षक मित्रहरूलाई पनि अङ्क गुणन (दुनोट)ले दु:ख दिइरहेको हुनसक्छ। यदि तपाईंहरूलाई सहज लाग्छ भने मैले अपनाएको विधि अपनाउन पनि सक्नुहुन्छ।

## मेरो विधि यस्तो छ:

पहिलो चरणमा सबै विद्यार्थीलाई १ देखि १०० सम्म पढ्न र लेख्न लगाउने।

१-१०० सम्मका सबै सङ्ख्या राम्ररी पढ्न र लेख्न सक्ने भइसकेपछि श्रुतिलेखन गराउने। (आवश्यकता अनुसार १५, १८, २७, ३५, ४८, ४९, ६३, ८१, ४५, २४, ४८, ७२, ९० आदि)

सङ्ख्या लेख्ने कार्यमा अलमलिएको पाइएमा अझै थप अभ्यास गराउनुपर्नेछ।

अब पहिलोपटक तल तालिकामा देखाइए जस्तो गरी १० हारसम्म २ लेख्न लगाउने,

दोस्रोपटक सबै २ भन्दा पछाडि गुणन चिह्न (x) दिन लगाउने।

तेस्रोपटक गुणन (x) चिन्ह भन्दा पछाडि सबै लाइनमा क्रमश: १, २ गर्दै १० सम्म लेख्दै जान लगाउने।

चौथोपटक सबै लाइनमा अङ्क १, २ भन्दा पछाडि बराबर (=) चिन्ह दिन लगाउने।

पाँचौंपटक २ को दुनोट लेख्नुपर्दा माथि दुईवटा शून्य (00); ३ को दुनोट लेख्नु पर्दा तीन ओटा शून्य (000); ९ को दुनोट लेख्नु पर्दा नौ ओटा शून्य (000 000 000) लेख्नुपर्ने धारणा बसाउने। अहिले हामी २ को दुनोट लेख्न लागेकाले माथि दुई वटा शून्य (00) लेख्न लगाउने।

### हेर्नुहोस् तालिका

| | | | | |
|---|---|---|---|---|
| २ | २x | २x१ | २x१= | २x१=२ |
| २ | २x | २x२ | २x२= | २x२=४ |
| २ | २x | २x३ | २x३= | २x३=६ |
| २ | २x | २x४ | २x४= | २x४=८ |
| २ | २x | २x५ | २x५= | २x५= |
| २ | २x | २x६ | २x६= | २x६= |
| २ | २x | २x७ | २x७= | २x७= |
| २ | २x | २x८ | २x८= | २x८= |
| २ | २x | २x९ | २x९= | २x९= |
| २ | २x | २x१० | २x१०= | २x१०= |

*माथि देखाइएको तालिकाको ५ वटा कोलममध्ये अन्तिम कोलमलाई मात्र क्रमश: पहिलो, दोस्रो, तेस्रो र चौथो कोलममा दिइएको तरिका अपनाउँदै चरणबद्ध तरीकाले सिकाइको प्रयोगमा ल्याउनुपर्नेछ।*

अब पहिलोपटक माथि कतिवटा शून्य छ भनी गन्न लगाउने र विद्यार्थीहरूले १, २ गरी गनेर २ वटा भनिसकेपछि २x१= भन्दा पछाडि २ लेख्न लगाउने।

अब २ पछि गन्तीमा ३ आउँछ, त्यसैले २ लेखिसकेकाले माथिको शून्य गन्दा तीनबाट शुरू गर्ने। ०० (दुई ओटा शून्य) गन्नुपर्दा ३, ३ पछि ४ हुन्छ त्यसैले २x२= भन्दा पछाडि ४ लेख्न लगाउने।

अब ४ पछि फेरि माथि दुई वटा शून्य गन्न लगाउने वा ४ मा २ थप्दा ६ हुने कुराको धारणा दिँदै ४ पछि गन्तीमा ५ आउने भएकाले अब २ वटा शून्य गन्दा ५, ५ पछि ६ हुन्छ भन्दै २x३= भन्दा पछाडि ६ लेख्न लगाउने।

६ पछि गन्तीमा ७ आउने भएकाले फेरि माथि दुईवटा शून्य देखाउँदै ७, ८ भनेर गन्ती गर्दै २x४= पछाडि ८ लेख्न लगाउने।

यसपछि प्रत्येक विद्यार्थीलाई माथिको अङ्क गुणनको पछिल्लो गुणनफलमा दुई शून्य गन्ती गर्दै तल लेख्दै, शून्य गन्दै पछिल्लो आएको संख्या तल लेख्दै २ को दुनोट पूरा गर्न लगाउने। शिक्षकले सँगसँगै अवलोकन गरी अलमलमा परेका विद्यार्थीलाई आवश्यक सहयोग गर्ने। जब २ को दुनोट पूरा हुन्छ, उनीहरूलाई स्याबासी दिँदै ३ को दुनोट बनाउन लगाउने। ३ को दुनोट लेख्दा माथि ००० (तीन ओटा शून्य), ४ को दुनोट लेख्दा ०००० (चार ओटा शून्य) लेखी त्यसैलाई क्रमश: गन्ती गर्दै दुनोट लेख्दै जानुपर्ने कुरा स्मरण गराउँदै आवश्यकता अनुसारको दुनोट लेखी पढ्न लगाउन सकिन्छ।

**गरेर सिक्ने अवसर प्रदान भएकाले सिकाइ अवश्य नै दिगो हुनेछ। अब तत्काल कण्ठ नहुँदा, लेखेका पाना हराउँदा, घोकेको बिर्संदा पनि केही फरक पर्ने छैन। आवश्यक परेका बेलामा विद्यार्थीलाई नै तुरुन्त कापीमा दुनोट लेख्न लगाई पढ्न र आवश्यक ठाउँमा त्यसको प्रयोग गर्न लगाउन सकिन्छ।**

यहाँ गरेर सिक्ने अवसर प्रदान भएकाले सिकाइ अवश्य नै दिगो हुनेछ। अब तत्काल कण्ठ नहुँदा, लेखेका पाना हराउँदा, घोकेको बिर्संदा पनि केही फरक पर्ने छैन। आवश्यक परेका बेलामा विद्यार्थीलाई नै तुरुन्त कापीमा दुनोट लेख्न लगाई पढ्न र आवश्यक ठाउँमा त्यसको प्रयोग गर्न लगाउन सकिन्छ। भाग शिक्षण गर्नुपर्दा कपीको दायाँपट्टि भाजकको दुनोट तुरुन्त तयार पार्न लगाई सजिलै ठूला संख्याका भागका समस्याहरू हल गर्न लगाउन सकिन्छ।

एक जनालाई सजिलो लाग्दैमा सबैलाई सहज लाग्छ भन्ने त पक्कै छैन। योभन्दा सरल विधिहरू पक्कै हुनसक्छन्, त्यस्ता विधिहरू *शिक्षक* पत्रिकामा हेर्न पाइयोस्! 📖

*गणेश प्रावि, चोकटी-६, लाटु, सिन्धुपाल्चोक*

---

# विद्यालयको वार्षिकोत्सव: किन र कसरी मनाउने ?

**धेरै गर्नेको लागि यो थोरै होला, तर थोरै गर्नेका लागि सहयोगी होला। अभिभावकहरूलाई विद्यालयप्रति आकर्षित गर्ने माध्यमको कडीको रूपमा रहेको वार्षिकोत्सव समारोहलाई भव्यताका साथ सम्पन्न गर्नु विद्यालयको कर्तव्य हो।**

■ डम्बरबहादुर बस्नेत

### वार्षिकोत्सव के हो ?

विद्यालयमा वर्षभरि भएका सम्पूर्ण कार्यक्रमहरूको झलक अभिभावक तथा सरोकारवालाहरूको उपस्थितिमा सार्वजनिक गर्ने एउटा राम्रो अवसर हो- विद्यालयको वार्षिकोत्सव। यो विद्यार्थीले आफ्नो क्षमता र कला प्रदर्शन गर्ने अवसर पनि हो।

### वार्षिकोत्सव किन गर्ने ?

विद्यालयले एक वर्षभरि गरेका शैक्षिक, सङ्गीत, खेल र प्राविधिक क्षेत्रका उपलब्धि, उन्नति र प्रगतिहरू अभिभावकमाझ पस्कन। अभिभावकलाई विद्यालयप्रति आकर्षण बढाउन। अभिभावकसँग निकटतम सम्बन्ध वा माया मोह बढाइ विद्यालयमा नियमित सरिक गराउन। विद्यार्थीको क्षमता र सीप प्रदर्शन गराई मनोरञ्जन प्रदान गर्न। आगामी वर्षको आम शैक्षिक योजनाको खाका प्रस्तुत गरी अनुमोदन गराउन तथा अन्य विविध कार्यक्रमको प्रस्तुति तथा प्रदर्शनका लागि पर्वको रूपमा मनाउन।

### वार्षिकोत्सव कसरी मनाउने ?

वार्षिकोत्सव यसरी नै मनाउनुपर्दछ भन्ने गणितीय फर्मूला नभए पनि अहिलेसम्म भए/गरेका कार्यहरूको अनुभवबाट सहज, सुन्दर र उपलब्धिमूलक बनाउन तल दिइएबमोजिम गर्नु उपयुक्त हुन्छ।

(क) वार्षिकोत्सव आउनुभन्दा कम्तीमा एक महिना अगाडि विद्यालय, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक स्टाफको संयुक्त बैठक बस्नु उपयुक्त हुन्छ। उक्त बैठकले विभिन्न विभागीय उपसमितिहरू जस्तै- प्रचार-प्रसार, खेलकुद, सांस्कृतिक, पुरस्कार तथा सामग्री व्यवस्थापन, आर्थिक, मञ्च व्यवस्थापन, अतिथि स्वागत र सत्कार जस्ता आवश्यकता बमोजिम उपसमितिहरू गठन गर्नुपर्छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष संयोजक रहेको मूल समारोह समितिले सबै उपसमितिलाई निर्देशन, रेखदेख, सहयोग, अनुगमन आदि गर्दछ।

(ख) कार्यक्रमको तिथिमिति निधो गर्ने, के-के कार्यक्रम गर्ने सोको किटान गर्ने, प्रमुख अतिथि, विशेष अतिथिहरू र अतिथिहरू तयार

गर्ने अध्यक्ष र प्रअले जिम्मा लिने र सोही आधारमा निमन्त्रणा गर्ने आदि।

(ग) करीब पन्ध्र दिनअघिदेखि अतिरिक्त क्रियाकलापको अभ्यास शुरू गर्ने, एक हप्ताको आसपासमा पत्राचार गर्ने, सम्मानपत्र, कदरपत्र, प्रमाणपत्र, निमन्त्रणापत्र छपाउने र पत्राचार शुरू गर्ने।

(घ) तीन-चार दिनअघि अन्तिम तयारी बैठक बस्ने मूल समारोह समितिको यसले सम्पूर्ण उपसमितिहरूसँग आ-आफ्नो विभागको जिम्माको कामको तयारीबारे अनुगमन गरी फाइनल कार्यक्रमको लागि तयार रहन सचेत गराउने र आवश्यक सहयोग र सल्लाह प्रदान गर्नेछ।

(ङ) कार्यक्रमको अघिल्लो दिनसम्म मञ्चको पूर्ण तयारी, अभिभावक बस्न टेण्टको व्यवस्था, गेटको व्यवस्था, तोरण व्यानर आदिले सजिसजावट, ट्र्याकको तयारी, साउण्ड सिस्टम, उद्घाटन व्यानर, कार्यक्रमको सूची कम्तीमा मञ्चका अतिथिलाई पुग्ने गरी तयार गर्ने, साथै पुरस्कार, प्रमाणपत्र, कदरपत्र पनि सो दिनसम्म भर्ने, लेख्ने, सही गर्ने काम पूरा गर्ने।

(च) फूटबल, भलिबल, क्रिकेट, बाँस्केटबल, सटपूट (छेलो), दौडहरू, विविध खेलहरू जस्ता लामो समय लिने कार्यक्रमलाई मुख्य कार्यक्रमको दिन भन्दा अगाडि नै सम्पन्न गरिसक्नु उपयुक्त हुन्छ।

## मुख्य कार्यक्रमको दिन के-के गर्ने ?

(क) अभिभावक तथा अतिथि सत्कार तथा स्वागतको लागि ठूलो कक्षाका करीब ५/५ जना छात्र-छात्रालाई मूल गेटमा राखी अभिभावकलाई फूलका गुच्छाद्वारा स्वागत गर्दै कार्यक्रम स्थालतर्फ प्रवेश गराउने। शिक्षकहरू पनि त्यहाँ हुनु आवश्यक छ। त्यो दिन शिक्षक स्टाफ बस्ने नभई सबै जना कुनै न कुनै काममा खटिएर अभिभावकको मन जित्न सफल हुनुपर्छ।

(ख) बोलीमा मिठास र भाषामा दक्खल भएका शिक्षकमध्येबाट उद्घोषक छनोट गर्ने।

(ग) आसनग्रहण गराउँदा सकेसम्म पदीय मर्यादा अनुरुप ठूलो पदबाट गराउने र बोल्दा सानो पद वा स्थानीयबाट बोल्न दिनुपर्ने हुन्छ। प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि र त्यसपछि सबैलाई अतिथिको रूपमा सम्बोधन गरी आसन ग्रहण गराउन सकिन्छ। समान तह र पदका एक भन्दा बढी भएमा एउटै पद शीर्षकमा अटाउनु उपयुक्त हुन्छ।

(घ) आसन ग्रहणपछि क्रमशः व्याच वितरण, कार्यक्रम उद्घाटन, राष्ट्रिय गान, स्वागत मन्तव्य, भए स्वागत गीत आदि गर्नुपर्छ।

(ङ) ट्र्याक उद्घाटन गर्नुपर्ने भएमा महत्त्वपूर्ण व्यक्तित्वहरूबाट वा जेष्ठ अतिथि वा अभिभावकबाट गराउनु प्रासङ्गिक देखिन्छ।

(च) कार्यक्रमको रूलक सूचीको १/१ प्रति, प्रअको प्रतिवेदनको १/१ प्रति वितरण गरी विद्यालयको प्रतिवेदन वाचन गर्नुपर्छ।

(छ) प्र.अ.को प्रतिवेदन कस्तो हुनुपर्छ ?

प्र.अ. द्वारा प्रस्तुत गरिने प्रतिवेदन छोटो तर सबै कुरा समेटिएको हुनुपर्छ। प्रतिवेदनमा विद्यालयको संक्षिप्त इतिहास, संस्थापक, दाताहरू र प्रमुख सहयोगीहरूको छोटो चर्चा भएको, वर्षभरिमा विद्यालयले गरेका भौतिक पक्ष, आर्थिक पक्ष, शैक्षिक पक्ष र सामाजिक पक्षको उल्लेख्य उपलब्धिको चर्चा, शिक्षक संख्या, विद्यार्थी संख्या, समितिहरूको बैठक संख्या, शिक्षकले समितिले र अभिभावकले त्यस वर्ष गरेको उल्लेख्य काम, स्रोतकेन्द्र बैठकमा भाग लिएको पटक र स्रोतकेन्द्र बैठकको निर्णयहरू स्टाफ बैठक र समितिका बैठकमा स्थानान्तरण र त्यसको उपलब्धि उल्लेख गर्नुपर्ने। कुल विद्यार्थी, नियमित विद्यार्थी (बीचैमा कक्षा छाड्ने र पुनः कक्षा दोर्‍याउने दर आदि जस्ता पक्षलाई २/३ वर्षको तुलनात्मक प्रस्तुत गरिनु उत्तम हुन्छ। सरकारी क्षेत्रबाट आउने अनुदानका सबै शीर्षक र रकम उल्लेख गर्ने, गैर सरकारी क्षेत्र र अभिभावक तथा अन्य आम्दानीका स्रोत र रकमको आयव्यय उल्लेख हुनुपर्ने। प्रतिवेदनमा सहयोगी सबैलाई आभार, धन्यवाद दिन र खुशी व्यक्त गर्नुपर्छ। त्यही प्रतिवेदनमा आगामी वर्षको लागि विद्यालयमा के-के गर्ने भन्ने पूर्व योजना पनि प्रस्तुत गर्नुपर्छ र विभिन्न वक्ताको सुझावको आधारमा तत्काल केही बुँदा थपघट गरी कार्यक्रमको अन्त्यमा योजना प्रस्तावलाई परिमार्जनसहित प्रस्तुत गरी पारित गराउनु अति उत्तम हुन्छ।

(ज) मनोरञ्जन दिने कार्यक्रमहरू: नृत्य, गीत, नाटक, प्रहसन आदि बीच बीचमा प्रस्तुत गर्दै मनोरञ्जन गराई मन्त्रमुग्ध पार्ने प्रयास गर्नुपर्छ।

(झ) मन्तव्य: शुभकामना मन्तव्य राख्दा छोटो समय दिएर भरसक सबै पक्षलाई समेट्नु उपयुक्त हुन्छ। यसमा पदीयतालाई पनि ख्याल गर्नुपर्छ। मोटामोटी भन्नु पर्दा क्रमशः यसरी पनि राख्न सकिन्छ। अभिभावकबाट महिला-१, पुरुष-१, समितिबाट एक जनासम्म, अतिथिमध्येबाट समय र आवश्यकता हेरी संख्या तोक्न सकिन्छ। विशेष अतिथि र अन्त्यमा प्रमुख अतिथिलाई बोल्ने समय दिनु नियम सङ्गत मानिन्छ।

(ञ) पुरस्कार र सम्मान: सम्मान, कदर, अभिनन्दन गर्दा प्र.अ.को प्रतिवेदनपछि अर्थात् कार्यक्रमको शुरूमै गर्दा शोभनीय देखिन्छ। पुरस्कार बीचबीचमा दिँदै जाने वा अन्त्यमा दिने सोबारे आफैं मिलाउन सकिन्छ। वक्तामा नपर्ने अतिथि तथा व्यक्तित्वहरूलाई पुरस्कार वितरण गर्ने अवसर दिनु व्यावहारिक हुन्छ। पुरस्कृत गर्नु पर्दा संस्थापक, जग्गा दाता, चन्दा दाता, असल अभिभावक, समितिका पदाधिकारी, शिक्षक आदिलाई गर्न सकिन्छ। विद्यार्थीलाई पुरस्कृत गर्दा परीक्षामा उत्कृष्ट अङ्क प्राप्त गर्ने, सबैभन्दा बढी उपस्थित हुने, अनुशासित, सधैं सरसफाई रहने, विशिष्ट सीप भएको लगायतकालाई कक्षागत रूपमा छात्रछात्रा दुवै पक्षलाई छान्नु मननयोग्य हुन्छ।

(ट) अभिभावकलाई खेलकूद र मनोरञ्जनमा सहभागी बनाउनुपर्छ। यसो गर्दा युवा, महिला र पुरुष सबैलाई समेट्ने गरी कम्तीमा एक-एक वटा कार्यक्रम तय गर्नु राम्रो मानिन्छ।

(ठ) कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि आदिलाई मायाको चिनो (Token of Love) दिनु शोभायमान हुन्छ। यस्तो कार्यले विद्यालयको विशिष्टताको परिचय रूल्काउँछ।

(ड) अन्त्यमा अध्यक्षको हैसियतबाट बोल्ने वक्ताको मन्तव्य धन्यवाद मन्तव्यको रूपमा रहने भएकाले निजले प्रमुख अतिथि, अतिथिलगायत सबै दाताहरू, सहयोग पुर्‍याउनेहरूलाई समेटी धन्यवाद ज्ञापन गर्दै समापन गर्नुपर्दछ।

समय परिवर्तनशील छ। समयको गतिसँगै हामी पनि अघि बढौं। धेरै गर्नेको लागि यो थोरै होला, तर थोरै गर्नेका लागि सहयोगी होला। अभिभावकहरूलाई विद्यालयप्रति आकर्षित गर्ने माध्यमको कडीको रूपमा रहेको वार्षिकोत्सव समारोहलाई भव्यताका साथ सम्पन्न गर्नु विद्यालयको कर्तव्य हो। वार्षिक उत्सव कार्यक्रम शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रेरणादायी हुने हुँदा यसलाई निरन्तरता दिऊँ, यही कामना छ।

*स्रोतव्यक्ति, अनारमनी स्रोतकेन्द्र, झापा*

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

टिप्पणी

विनोद तिमिल्सेना



# विद्यालय भर्ना अभियान
# कसरी सार्थक बनाउने ?

शैक्षिक सत्र शुरू हुन लाग्दा बालबालिकाको भर्नाबारे निकै चर्चा हुन्छ। विगतका भर्ना अभियानका सिकाइ र कमी-कमजोरीलाई विश्लेषण गरेर भर्ना सम्बन्धी जटिलतालाई सम्बोधन नगरी खाली भर्ना अभियान मात्रै भनेर बालबालिका विद्यालयमा आउने कुरा सुनिश्चित हुनसक्दैन। विद्यालय नआएका बालबालिका भर्ना अभियानपछि पनि समेटिएनन् भने यो अभियान निरर्थक हुन्छ।

विद्यालयले आफ्नो सेवा क्षेत्रका समुदाय कस्ता छन्, बालबालिकाको संख्या कति छ र तीमध्ये कति विद्यालय आएका छैनन् भन्ने कुराको यकिन तथ्याङ्क राखेको पाईदैन। कोरा अनुमान, 'सेकेन्डरी डाटा' र सरकारी सेवा सुविधा पाउने लालसामा तथ्याङ्कहरू तयार गरिएका छन्। सरकारले करीब ९५ प्रतिशत बालबालिका विद्यालय भर्ना भएको बताए पनि यसको विश्वसनीयतामा प्रश्न उठेको छ। किनकि हाम्रा गाउँ, बस्तीमा अरु धेरै बालबालिका विद्यालय बाहिरै छन्।

बालबालिका विद्यालय नआउनुका कारणहरूलाई सूक्ष्म तरीकाले विश्लेषण नगरी भर्ना अभियान सञ्चालन गर्दा गरीब तथा पछाडि पारिएका समुदायका बालबालिका फेरि पनि यस वर्षको भर्ना अभियानमा छुट्ने हुन् कि भन्ने आशंका छ। किनकि, भर्ना अभियान समुदायमुखी र मैत्री हुन सकेनन् र तिनका अप्ठ्याराहरूलाई घटाउन पहल गरिएन भने माथिको आशंका यथार्थमा परिणत हुनेछ।

गाउँ बस्तीमा बसोबास गर्ने अधिकांशको जीविकोपार्जन श्रम र परम्परागत रूपमा जल, जमिन, जंगलमा आश्रित छ। त्यस्ता ठाउँका बालबालिकालाई विद्यालय आउन सहज हुने क्रियाकलाप र शिक्षाको महत्त्व बुझाउन हामीले के गर्‍यौं भनेर चिन्तन गर्ने हो भने ठोस जवाफ फेला पार्न गाह्रो छ। सानातिना प्रयास भए होलान् तर आम रूपमा सार्थक प्रयास भएको भेटिँदैन। राज्यले पनि विद्यालय तथा सरोकारवाला समुदायलाई समेट्न गरेका कार्य सार्वजनिक भएको छैन।

बालबालिका विद्यालय नजानुका कारणहरूलाई हेर्ने हो भने ठाउँ, समुदाय र लिङ्ग विशेषमा केही भिन्नता छ। तर समग्रमा विभिन्न नाममा लिइने शुल्क तिर्न नसकेर, दण्ड सजाय दिइने, भौतिक पूर्वाधारको कमी, विद्यालय सुरक्षित र हिंसारहित नभएको तथा विद्यालयमा आउने उत्साहजनक वातावरण तथा बालमैत्री पठन-पाठन नभएको कारणले बालबालिका विद्यालय आउन सकेका छैनन्। त्यस्तै श्रमको लागि अभिभावक बस्ती बाहिर जाने, विद्यालय तथा बाटोमा दुर्व्यवहार, अपाङ्गता, शिक्षाको बुझाइमा कमी लगायतका थुप्रै कारणले यसमा भूमिका खेलेको छ।

विद्यालय शिक्षा नि:शुल्क भनिए पनि विद्यालयले अहिले भर्ना, सहयोग, परीक्षा, सरस्वती पूजा, अतिरिक्त क्रियाकलाप, भौतिक निर्माण आदिका नाममा विभिन्न शुल्क लिने गर्छन्। यस्ता शुल्कले गर्दा गरिबीको दलदलमा रहेका समुदायलाई विद्यालयसम्म आउन अवरोध खडा गरेको छ।

यस्ता समस्याहरूलाई विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बालबालिका (बालक्लब), स्रोतव्यक्ति, समुदाय र अन्य सरोकारवालाहरू बसेर गहन छलफल नगरी भर्ना अभियान सञ्चालन गर्दा गत वर्षभन्दा तात्त्विक भिन्नता आउने छैन। तर सबै सरोकारवालाबीचको समन्वय र सहकार्य तथा सक्रिय सहभागितामा विभिन्न रोचक तथा स्थानविशेषका मौलिक, सृजनशील कार्यक्रम गरेमा बालबालिकालाई विद्यालयमा आकर्षण गर्न सकिन्छ।

विद्यालयका स्रोतहरूमा सरकारी अनुदान, संघसंस्थाले गर्ने सहयोग, सामुदायिक वन, गाविस, सांसद् कोषको अनुदान, अभिभावकसँग लिइने शुल्क र आफ्नै स्रोत, जग्गा, कवल भाडा, अक्षयकोषको व्याज आदि छन्। यसको उपयोग र व्यवस्थापन पारदर्शी र विद्यार्थी लक्षित हुनसकेको देखिँदैन। यसमा सुधार आउन जरुरी छ।

विद्यालयलाई सामुदायिकीकरण गर्ने सरकारी योजना व्यवहारमा लागू हुनसकेको छैन। किनकि सरकार विद्यालय समुदायको हो भन्ने मानसिकतामा छ। समुदायका मानिस विद्यालय भनेको शिक्षक र सरकारको हो भन्ने बुझाइमा छन्। यस विपरीत शिक्षकहरू विद्यालय समुदायको हो, हामी त यहाँ पढाउन आएका हौं भन्ने बुझाइमा छन्। विद्यालय सञ्चालक समिति चाहिँ विद्यालयको जिम्मेवारी शिक्षक र सरकारमाथि थोपर्छन्। विद्यालय सबैको भएर पनि कसैको हुन सकिरहेका छैनन्। यसले गर्दा पठनपाठनलाई गुणस्तरीय बनाउन व्यवधान थपिएको छ।

विद्यालयको जिम्मेवारीबारे नीतिगत रूपमा विभिन्न निकायको काम, कर्तव्य र अधिकार उल्लेख भए पनि सरोकारवालाहरूबीच यथेष्ट छलफल, समन्वय तथा सहकार्य भएको छैन। सरकार विद्यालयसम्म गएको छैन, अभिभावक विद्यालय पुग्दैनन् र शिक्षक पनि समुदायमा गएर बुझाउँदैनन्। व्यवस्थापन समिति चाहिँ निजी शिक्षकलाई जागीर लगाउने लगायतका आन्तरिक कुरामा नै अल्झिएको पाइन्छ। त्यसैले विद्यालयको मुख्य जिम्मेवारी कसको हो भन्ने कुरा अन्योलमा छ। विद्यालयमा माथि उल्लेख गरिएका पक्षहरूको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको बोध गराउनुपर्ने आजको आवश्यकता हो। एक अर्कोलाई दोषारोपण गरेर समस्या हल गर्न सकिँदैन।

बालबालिकालाई विद्यालयसम्म पुर्‍याउने काम वर्षको एक पटक शैक्षिक सत्र लाग्दा मात्रै गर्ने हो कि यसलाई अरू अभियान तथा कार्यक्रमसँग जोडेर गाउँ-बस्तीमा निरन्तर रूपमा लैजाने हो? मुख्य कुरा यहाँ छ। त्यसैगरी राज्य तथा सरकार प्रमुखको प्राथमिकतामा भर्ना अभियान किन नपार्ने? अहिले जसरी बाटो चौडा पार्ने र सरसफाईको अभियानमा सरकारले चासो दिएको छ त्यसैगरी बालबालिकालाई विद्यालयसम्म पुर्‍याउने भर्ना अभियानमा पनि सरकार प्रमुखदेखि दुर्गम ठाउँको एउटा कुनामा बस्ने नागरिकसम्म कसरी जुट्ने भन्ने मूल प्रश्नको हल हुनु आवश्यक छ। यसका लागि सरकारले सबै संयन्त्रहरूलाई परिचालित गरी विद्यालयदेखि समुदायको तल्लो तप्कासम्म समेट्ने उद्देश्यले तत्कालै यो अभियानमा लाग्नुपर्ने देखिन्छ। नत्र यो अभियान खोक्रो नारामा मात्र सीमित हुनेछ।

बालबालिकालाई घरबाट विद्यालयसम्म ल्याउने, बालमैत्री तरीकाले सिकाउने तथा शैक्षिक सत्रभरि टिकाउनेबारे योजनाबद्ध तरीकाले भर्ना अभियान शुरू गर्नु आजको खाँचो हो। यसको लागि सबैको ऐक्यबद्धता र सहयोग चाहिन्छ। तब मात्र 'सबैको लागि शिक्षा' भन्ने विश्व अभियानलाई पूर्णरूपले सार्थक बनाउन सकिन्छ।

# भाँडो हो र खाली कि भरी !

**वास्तवमा बालबालिकालाई भाँडोसँग तुलना गर्नु नै सही दृष्टिकोण होइन कि भन्ने लाग्छ। किनभने कुनै पनि भाँडो केही पदार्थ राख्दै जाँदा भरिन्छ। अरू धेरै हाले पोखिन्छ। झिक्दै गए रित्तिन्छ। तर आजसम्मको इतिहासमा कुनै पनि व्यक्तिको दिमागमा ज्ञान भर्दै जाँदा भरिएको वा भरिएर पोखिएको सुनिएको छैन। न त ज्ञान बाँडेर कुनै शिक्षक रित्तिएको वा ज्ञान घटेको नै उदाहरण छ।**

■ महेन्द्र विष्ट

**सम्पादकज्यू,**
नन्दलालजी र हेमलताजीको बहस राम्रोसँग पढियो। दुवैका तर्क आ-आफ्नै ठाउँमा ठीक थिए। तर शिक्षक, अभिभावक र शिक्षा क्षेत्रमा संलग्न भएकाहरूको दृष्टिकोण अरु फराकिलो हुनुपर्छ भन्ने लागेर यो बहसमा सहभागी हुने धृष्टता गरेको छु। हुनत: उहाँहरू दुवैलाई चित्तबुझ्दो जवाफ सम्पादकज्यूले सांकेतिक रूपमा दिइसक्नुभएको छ। यत्तिको सटिक जवाफ यो बहसका लागि काफी भइसकेको जस्तो लाग्छ। तर पनि उक्त सांकेतिक जवाफलाई थप प्रष्ट्याउने प्रयत्न गर्दैछु।


म ३/४ कक्षामा पढ्दा मेरा गुरु, गुरुआमाहरूले भन्ने गर्नुहुन्थ्यो, "केटाकेटी भनेका कुमालेको गिलो माटो हुन्। जसरी कुमालेले माटोलाई कुटेर, मुछेर, गिलो बनाएर विभिन्न आकारका भाँडाकुँडा बनाउँछ; त्यसैगरी शिक्षकले बालबालिकालाई राम्रा/राम्रा कुराहरू सिकाएर ठूलो मान्छे बनाउन सक्छ।" कक्षा ६ मा पढ्दा पूर्व-व्यवसायिक शिक्षा पढाउने शिक्षकले हामीलाई माटोका सामग्री बनाउन विद्यालय नजिकैको कुलोमा लैजानुभयो र डिलको माटो खनी मुछेर केरा, स्याउ, सुन्तला जस्ता फलफूलहरू बनाउन सिकाउनुभयो। त्यसबेला मेरो मनमा एउटा प्रश्न उब्जियो– "यो माटोलाई त कुट्दा, मुछ्दा, थिच्दा, बटार्दा केही हुँदैन। त्यसलाई हामीले चाहे जस्तो आकारको बनाउन सक्छौं तर शिक्षकले यसरी कुट्दा मलाई त दुख्छ, रिस उठ्छ, रुन मन लाग्छ, स्कूल आउन नै मन लाग्दैन। मलाई त निमोठ्न, थिच्न, बटार्न मिल्दैन। म कसरी शिक्षकले बनाउन चाहे जस्तै बन्न सक्छु त?"

जब म दर्शनशास्त्रको विद्यार्थी भएँ, त्यसबेला थाहा भयो, यो त व्यवहारवादी (Behaviorism) को बुद्धि पो रहेछ। बालबालिकालाई जनावरलाई जस्तै तालिम दिइयो भने हामीले चाहे जस्तै बनाउन सक्छौं भन्ने बुद्धि, Kofene, स्किनर, थर्नडाइकहरूले सोचेको बुद्धि रहेछ। अहिले पनि कतिपय शिक्षक, अभिभावक र शिक्षाविद्हरू विद्यालयमा कडा अनुशासन र तालिमद्वारा बालबालिकालाई सही बाटोमा ल्याउन सकिन्छ भन्ने अभ्यासमा लगिरहेकै पाइन्छन्। विद्यार्थीलाई कण्ठ गराएर र पटक-पटक परीक्षा लिएर नै डिष्टिङ्सन ल्याउनुपर्छ भनेर प्रवेशिका परीक्षाको तयारी युद्धस्तरमा गर्न तल्लीन विद्यालयहरू पनि प्रशस्त छन्। हुन पनि जनावर र मानवका सात गुणहरूमध्ये खानु, सुत्नु, मलमूत्र त्याग गर्नु, घुम्नु, आनन्द लिनु र सन्तान उत्पादन गर्नु जस्ता ६ वटा गुणहरू ठ्याक्कै मिल्दछन्। त्यसो भए जनावरमा लागू हुने नियम मानवमा किन लागू नहुनु त! वास्तवमा मानवलाई अन्य जनावरभन्दा भिन्न बनाउने गुण चेतनशीलता वा विवेक नै हो जसले बाँकी सात वटै गुणहरूलाई नियन्त्रण गर्ने क्षमता राख्दछ।

विद्यार्थी खाली भाँडो हुन्, शिक्षक ज्ञानको भण्डार हो, त्यसैले शिक्षकले जतिसक्यो धेरै ज्ञान विद्यार्थीमा खन्याउनुपर्दछ भन्ने बुद्धि शिक्षण सिकाइका क्रममा निकै बलियो भएर आयो। मेकाले शिक्षा पद्धतिले यो विचारलाई निकै मलजल गऱ्यो। उपनिवेशकालमा गाडिएका यसका जरा अहिलेसम्म उखेल्न सकिएको छैन। एसएलसी परीक्षालाई फलामे ढोका भनेर हाउगुजी बनाउनु र एसएलसीको मार्कसिटमा आएको अंकलाई शिक्षाको गुणस्तरको मापदण्ड बनाएर दुनियाँको बुद्धि भुट्ने कार्य गर्नु यसैको उपज हो।

ब्लुमले आफ्नो "Taxonomy of Educational Objectives for the Cognitive Domain" मा सिकाइका संज्ञानात्मक उद्देश्यहरू अघि सारे। उनले ज्ञानका संज्ञानात्मक, बोध, प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन गरी ६ वटा तहको व्याख्या गरेर ज्ञान आर्जन गर्ने र उपयोग गर्ने कुरासँग शिक्षण सिकाइलाई लगेर जोडिदिए। उनले ज्ञानलाई जस्ताको तस्तै रूपमा आर्जन गर्ने तह सबैभन्दा तल्लो र पहिलो तह मानेर प्राप्त ज्ञानलाई परिभाषित गर्ने, दैनिक जीवनसँग जोडेर हेर्ने, विश्लेषण एवं संश्लेषण गर्ने र आफ्नो आवश्यकता र समय परिवेशसँग जोडेर आफ्नो अनुकूल ज्ञानको उपयोग गर्ने अर्थात् मूल्याङ्कन गर्ने कार्यलाई सबैभन्दा माथिल्लो तह मानी बालबालिकालाई ज्ञानको उक्त माथिल्लो तहसम्म पुऱ्याउने गरी शिक्षण सिकाइ हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ। यसपछि नै बालबालिका रित्तो भाँडो हुन् कि भरी भाँडो हुन् भन्ने बहस शुरू भएको देखिन्छ। वास्तवमा बालबालिकालाई भाँडोसँग तुलना गर्नु नै सही दृष्टिकोण होइन कि भन्ने लाग्छ। किनभने कुनै पनि भाँडो केही पदार्थ राख्दै जाँदा भरिन्छ। अरु धेरै हाले पोखिन्छ। झिक्दै गए रित्तिन्छ। तर आजसम्मको इतिहासमा कुनै पनि व्यक्तिको दिमागमा ज्ञान भर्दै जाँदा भरिएको वा भरिएर पोखिएको सुनिएको छैन। न त ज्ञान बाँडेर कुनै शिक्षक रित्तिएको वा ज्ञान घटेको नै उदाहरण छ। त्यसो हो भने दिमागलाई रित्तो हो कि भरी भाँडो भनेर बहस किन गरिरहने भन्ने तर्क उठ्दछ।

ब्रुनरले निर्माणवाद (constructivism) को बुद्धि निकाले। यस बुद्धि अनुसार बालबालिकाले हरेक घटना वा ज्ञानलाई आफ्नो पूर्वज्ञान वा उसको परिवेशको ज्ञानसँग जोडेर बुझ्दछ र नयाँ ज्ञान वा अर्थको निर्माण गर्दछ जुन अरूभन्दा फरक हुन्छ। जस्तै शिक्षकले पृथ्वी सुन्तला जस्तो हुन्छ भनेर सिकाए। सुन्तला गोलाकार हुन्छ भन्ने उसलाई पहिले नै थाहा थियो भने उसले पृथ्वी गोलाकार हुन्छ




भनेर बुझ्दछ। पृथ्वी आफ्नो बारीमा फलेको फर्सी जस्तो हुन्छ भनेर पनि भन्न सक्छ।

बाण्डुराले सामाजिक सिकाइको सिद्धान्त प्रस्तुत गर्दै व्यक्तिको सिकाइ समाजका नमूना व्यक्तिहरूको नक्कलबाट हुन्छ भनेका छन्। भिगोत्स्कीले पनि ज्ञानको निर्माण सामाजिक अन्तरक्रियाबाट नै हुन्छ भन्ने कुरामा जोड दिएका छन्। त्यसरी हेर्दा नन्दलालजीले भने जस्तो बालबालिकाले विद्यालयबाट मात्र सिक्ने होइन रहेछ। उसले घर, परिवार र समाजबाट पनि प्रशस्तै कुराहरू सिकिरहेको हुन्छ।

गार्डनरले बहुबौद्धिकता (multiple intelegence) भनेर अर्को बुद्धि अघि सारे। उनका अनुसार प्रत्येक बालबालिकामा ८ प्रकारका बौद्धिकताहरू हुन्छन्। तीमध्ये केही बौद्धिकताहरू सबल हुन्छन् जसलाई बालबालिकाको व्यवहारमा सहजै देख्न सकिन्छ। कतिपय बौद्धिकताहरू सुषुप्त अवस्थामा हुन्छन् जसलाई उत्प्रेरणा, अभ्यास, तालिम आदिका माध्यमबाट प्रस्फुटन गर्न सकिन्छ। कतिपय बौद्धिकताहरू भने लुप्त अवस्थामा हुन्छन् जसलाई प्रायः बाहिर निकाल्न सकिँदैन वा सकिने भए पनि त्यसका लागि धेरै प्रयास र मिहिनेतको खाँचो पर्दछ। शिक्षण सिकाइका क्रममा शिक्षकले प्रत्येक बालबालिकाको बौद्धिकताको पहिचान गरी सबल बौद्धिकतालाई मलजल गर्ने, सुषुप्त बौद्धिकतालाई प्रस्फुटन गर्ने र लुप्त बौद्धिकतामा समय र साधन खर्च नगर्ने जस्ता रणनीति अपनाएर सिकाएमा सही सिकाइ हुन सक्छ। तर आठ वटै बौद्धिकताको उपयोग गर्ने अवसरबाट वञ्चित भने गर्नुहुँदैन। यसो हुनसकेमा बालबालिकालाई सिर्जनशील र प्रतिभावान बनाउन सकिन्छ।

पियाजेले उमेरगत विकासात्मक अवस्थाहरूको विश्लेषण गरेर कुन उमेरमा बालबालिकाको शारीरिक एवं मानसिक अवस्थाको विकास कसरी भएको हुन्छ, शिक्षकले त्यसलाई विचार गरी आफ्नो शिक्षण सिकाइ रणनीति बनाउनुपर्दछ भन्ने विचार अघि सारे। जस्तो कि उत्तर बाल्यावस्थाका बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक अवस्था अनुसारको शिक्षण सिकाइ क्रियाकलापहरू भएमा मात्र बालबालिकाको सिकाइ दिगो हुने, उक्त उमेरमा हुनुपर्ने शारीरिक, मानसिक र संवेगात्मक विकास सही तरीकाबाट हुनसक्ने र त्यसभन्दापछिको शारीरिक, मानसिक र संवेगात्मक विकासलाई मद्दत पुग्ने देखिन्छ।

ग्याग्नेले अर्को विचार अघि सारे। उनका अनुसार शाब्दिक सूचना, बौद्धिक सीप, संज्ञानात्मक रणनीति, शारीरिक सीप र अवधारणाको विकास जस्ता सिकाइका पाँच प्रकार वा तहको सिकाइ विभिन्न आन्तरिक र बाहिरी अवस्थाहरू जस्तै तालिम, अवलोकन, अभ्यास, अनुभूति र भोगाइबाट हुन सक्छ। शिक्षकले ती सिकाइका तहहरू पूरा हुने गरी शिक्षण रणनीतिहरू अपनाउनुपर्दछ।

डेरिडाको विचार अरू फरक ढङ्गबाट आयो। उनले आफ्नो उत्तर आधुनिकतावादी सिद्धान्त (Post modernism theory) मा प्रत्येक व्यक्तिमा विशिष्ट भिन्नता हुन्छ, पुरानो संरचना र नयाँ संरचनाको मिश्रणबाट फरक संरचना निर्माण हुन्छ जुन परम्पराभन्दा फरक हुन्छ भन्ने कुरामा जोड दिए। यो सिद्धान्तलाई शिक्षण सिकाइसँग जोड्दा शिक्षकले सिकाउने कुरा शिक्षकले बुझेको तरीकाबाट नभई बालबालिकाले बुझेको वा अर्थ लगाएको तरीकाबाट सिकाइनुपर्दछ अनि मात्र वास्तविक सिकाइ हुनसक्छ। शिक्षकले बुझेको वा अर्थ लगाएको कुरालाई बालबालिकाले फरक ढङ्गबाट बुझेका हुनसक्छन्। जस्तो कि शिक्षकले घोडाका चार खुट्टा हुन्छन्, घोडा खुब कुद्न सक्छ भनी हात हल्लाएर सिकाएको कुरालाई घोडा नदेखेका बालबालिकाले आफ्नो घरमा पालेको खरायोसँग तुलना गर्न सक्छन्; जसका चार खुट्टा हुन्छन् र खुब कुद्न पनि सक्छ। अनि तिनले खरायोलाई नै घोडा बुझेर बसेका हुन सक्छन्। घोडालाई नै घोडाको रूपमा बुझाउन शिक्षकले थप मिहिनेत, सामग्री, उपयुक्त क्रियाकलाप र सामग्रीको उपयोग गरी बालबालिकाकै बुझाइमा घोडा बुझाउन सक्नु पर्दछ।

यसरी आजको विश्वमा शिक्षण सिकाइका यति धेरै अवधारणा (Concept) हरू देखा परिसके कि अब हामीले यो ठीक कि त्यो ठीक भनेर बहस गरेर बस्ने बेला छैन। शिक्षण सिकाइका यी र यस्ता अनेकन् बुद्धिहरू कुनै न कुनै व्यक्ति वा समूहका अनुभव, व्यवहार, भोगाइ र अध्ययनहरूमा आधारित हुने हुनाले कुनै पनि विचारलाई गलत वा सही भनेर बहस गर्नु उचित हुँदैन। हरेक दिन नयाँनयाँ विधि, विचार र बहसहरू आइरहन्छन्। ती सबलाई खुला राख्दै; तिनका कमजोर र अव्यवहारिक पक्षहरूलाई पछाडि छाड्दै सबल र हामीलाई उपयोगी लागेका कुराहरू अङ्गीकार गर्दै नयाँ विचारको खोजीमा सदैव तत्पर हुनु नै बुद्धिमानी हुन्छ। मानव जातिले रेडियोको आविष्कारलाई नै पर्याप्त ठानेर चित्त बुझाएर बसेको भए न त कम्प्युटरको आविष्कार हुन्थ्यो न त मोबाइल फोन हाम्रो खल्तीको गहना बन्थ्यो। मैले सम्पादकज्यूलाई धन्यवाद यसकारणले दिएँ कि दिमाग खाली हुन्छ कि हुँदैन भन्ने प्रश्नको जवाफ उहाँले शीर्षकसँगै एक चित्रद्वारा दिइसक्नुभएको छ। वास्तवमा बालबालिका कलिलो बिरुवा जस्तै हुन्। एउटा बिरुवालाई सानो वा ठूलो भन्न मिल्छ, सप्रेको वा जिङ्ग्राएको भन्न मिल्छ, ओइलाएको वा झरिलो भन्न मिल्छ तर खाली वा भरी भन्न मिल्दैन। न त शिक्षकले त्यसमा आफूले चाहेको समयमा चाहेको संख्या र आकारका पात, हाँगाको संख्या, उचाइ र हरियोपन आदि थप्न सक्छ। त्यसका लागि वातावरणसम्म तयार गरिदिन सक्छ। जसरी एउटा बिरुवालाई घाम, पानी, हावा, गोडमेलको आवश्यकता पर्दछ र सोको व्यवस्था एक माली वा स्याहारकर्ताले गर्न सक्छ; त्यसैगरी बालबालिकालाई पनि असल नागरिक बनाउन शिक्षक, अभिभावक र समाजले उसमा रहेका गुणहरूलाई हुर्कने वातावरण तयार गरिदिनुपर्दछ।

## बहस बाल-मस्तिष्क: भरी कि रित्तो ?


यहाँ नन्दलालजीले बालबालिकाको सामाजिकीकरण र नैतिक शिक्षातर्फको बहस पनि उठाउनुभएको छ। उहाँका केही भनाइप्रति सहमति राख्दै केही सोचमा परिवर्तन हुन पनि आवश्यक ठान्दछु। बालबालिकाले जे देख्छन् त्यही सिक्छन् र जे सिक्छन् त्यही गर्दछन् भन्ने मान्यता रहेको छ। विद्यार्थी अनुशासनहीन भए, शिक्षकलाई सम्मान गर्दैनन् भन्ने गुनासो धेरैको रहेको छ। एकपटक आफूतर्फ फर्केर हेरौं त ! तपाईं अहिले एक शिक्षक तालिममा जानुभएको छ; एक प्रशिक्षार्थीको रूपमा बेञ्चमा बसिरहनुभएको छ। प्रशिक्षकले तपाईंलाई गृहकार्य नगरेकोमा बेञ्चमा उठाउनुभयो, सजाय दिनुभयो, गाली गर्नुभयो, हेप्नुभयो भने तपाईंलाई कस्तो हुन्छ? के तपाईं सहेर बसिरहनुहुन्छ ? पक्कै बस्नुहुन्न, प्रतिक्रिया जनाइहाल्नुहुन्छ किनकि तपाईंसँग प्रशिक्षक समानको शक्ति छ। तपाईंले पनि बालबालिकालाई बेञ्चमा उठाउनुभयो, सजाय दिनुभयो, गाली गर्नुभयो, हेप्नुभयो भने तपाईंका मनमा उठे जस्तै रिस, बदलाको भावना, इर्ष्या, हीनताबोध, लाज जस्ता भावनाहरू विद्यार्थीका मनमा पनि उठ्छन्। उनीहरूसँग तपाईंको भन्दा कम शक्ति भएका कारण उनीहरू चूप लागेर सहेर बस्छन् वा रुन्छन्। तर मौका पाउने बित्तिकै उनीहरू सल्बलाइहाल्छन्। जब शिक्षकले उनीहरूलाई सम्मान गरेको छैन भने उनीहरूले शिक्षकलाई सम्मान गर्नु जरुरी ठान्दैनन्। त्यसैले जबसम्म तपाईं हामीले 'म त विद्यार्थीभन्दा ठूलो मान्छे, यसले पो मलाई नमस्कार गर्नुपर्छ' भन्ने सोचाइ पालिरहन्छौं तबसम्म विद्यार्थीले हामीलाई देखावटी सम्मान मात्र गर्ला वा त्यही पनि नगर्ला।

अबको बहस बालबालिकामा कसले के भर्ने वा कति भर्ने भन्नेतर्फ भन्दा पनि बालबालिका के सिक्ने इच्छा राख्दछन्, कसरी सिक्न चाहन्छन्, उनीहरूमा के-के अन्तर्निहित प्रतिभा छन्, त्यसलाई कसरी प्रष्फुटन गर्ने, तिनको सिकाइलाई समाजले स्वीकारेको अर्थमा सकारात्मक र सही तरीकाले दिगो कसरी बनाउने, करकाप र दबाबको विकल्प के होला, विद्यार्थीमा सिकाइप्रति कसरी उत्प्रेरणा जगाउने भन्ने कुरातर्फ केन्द्रित हुनुपर्दछ। वास्तवमा यसका विधि र तरीकाहरू यही हुन् भनेर ठोकुवा गर्नु मूर्खता हुन जान्छ। यस सम्बन्धमा विश्वपरिवेशमा देखापरेका नवीनतम अवधारणा, विचार र आयामहरूलाई पनि अध्ययन गर्दै शिक्षक आफैले नयाँ कार्यको सुरुआत गर्न थालौं, नयाँ अभ्यासहरू गरौं। बालबालिकालाई माटो, भाँडो वा बिरुवासँग तुलना गर्नुभन्दा पनि बालबालिका भनेका बालबालिका नै हुन्। तिनलाई सिकाउन दुई-चार वटा विधि मात्र पर्याप्त हुँदैनन्। हरेक दिन नयाँ जन्मने बालबालिकाको लागि नयाँ विधि, नयाँ सोच र नयाँ सिद्धान्त एवं अवसरको आवश्यकता पर्दछ। हामी पनि आ-आफ्नै परिवेशका बालबालिकाका लागि शिक्षण सिकाइका नयाँ विधिहरू खोजी गर्दै जाऔं र अभ्यास गर्दै जाऔं। तपाईं हामीमध्येकै कोही प्याभलभ, गार्डनर, ब्लुम, ग्याग्ने जस्ता नयाँ ज्ञानका प्रवर्तक बन्न सक्छौं।

यो संसारमा अथाह ज्ञान छ। एउटै कुरालाई तर्क-वितर्कद्वारा सावित गर्न नखोजौं; हरेक क्षितिजको पछाडि अर्को नयाँ संसार हुन्छ भन्ने तथ्यलाई नभुलौं। बालबालिकाले सिकाइसँग सम्बन्धित कुरालाई बालबालिकाकै सोचाइबाट पर्गेल्ने, हेर्ने, बुझ्ने प्रयत्न र अभ्यासको सुरुआत गरौं। हामीले आफ्नो सोचाइ र विचारबाट मात्र हेर्दा बालबालिकाको सिकाइ हामीले चाहे जस्तो नभएको हो कि? पुनर्विचार गरौं। आफ्नो बाल्यकाल सम्झौं। त्यसबेला आफू र आफ्ना साथीले गरेका व्यवहारलाई नियालौं। बाल पहिला (Child first) को अवधारणा अनुरुप पहिले बालबालिकाको तर्फबाट सोचौं; त्यसपछि मात्र आफ्नो तर्फबाट सोचौं। सबैभन्दा यथार्थ बालमनोविज्ञान त्यहीं भेटिन्छ।

*स्रोतव्यक्ति, बज्रबाराही स्रोतकेन्द्र, ललितपुर*

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

# खाली हुन्छ, भर्दै जानुपर्छ

■ अभितकुमार चौधरी

जन्मेदेखि मृत्युपर्यन्त मान्छेले केही न केही सिकिरहेकै हुन्छ। सिक्नु उसको एक मात्र चाहना र बाध्यता हुन्छ। सिक्न सकेन भने त्यो सद्दे मान्छे कहलाउँदैन, प्रगतिको बाटोमा लाग्न सक्दैन, समाजमा समायोजित हुन अयोग्य सावित हुन्छ। जे सिके पनि जति सिके पनि कोही कहिल्यै सिकेर पूर्ण हुनसकेको छैन। चुस्त-दुरुस्त मानसिक अवस्थाका हामी चाहेर मात्रै हैन, नचाहेर पनि केही न केही सिकिरहेका छौं। हामी सिकाइको महायात्रामा निस्केका यात्री हौं। भनौं न त्यस यात्राका अगस्ति हौं। हाम्रो यसै बानीले त यत्रो प्रगति हुनसकेको छ। हामी चाहेर पनि सिकिरहनबाट आफूलाई अलग पार्न सक्दैनौं भनेपछि नयाँ सिकेका कुरा राख्न वा भण्डारण गर्न त खाली ठाउँ चाहियो नै ! भाँडो खाली छैन भने त्यसले थप सूचनाको आवश्यकता महसुस गर्दैन। यस अर्थमा हामी रित्तो भाँडो हौं। हरपल, हरक्षण केही न केही त्यस भाँडोमा हाल्ने काम गरिरहेका छौं। हाम्रो चित्त नभरिनुको अर्थ ज्ञान आर्जनको भाँडो खाली नै रहेकाले हो। कोक्रादेखि चितासम्म सिकाइको महायात्रा चली नै रहन्छ।

बच्चाहरू गर्भदेखि नै सिक्न थाल्छन्। अर्काले थोपरेको सिद्धान्त वा उपदेशलाई खुरुखुरु अनुकरण गर्ने चाहना बच्चामा हुन्न। बालसुलभ भावना स्वतस्फूर्त प्रकट गर्न बच्चा लालायित हुन्छन् र ज्ञानार्जन पनि सोही ढङ्गले होस् भन्ने ठान्छन्। उनीहरू पनि वयस्कहरू झैं संसारमा साध्य भएर आउँछन्, साधन भएर होइन। उनीहरूलाई जेहेन्दार, तीक्ष्ण बुद्धि भएको होशसहितको जोशिलो बनाउन मातापितादेखि लिएर सामाजिक वातावरण र शिक्षालयको ठूलो भूमिका हुन्छ। प्रकृतिले शरीर दिए पनि उनीहरूको दिमाग भने परिवार, समाज र शिक्षालयले दिन्छन्। हामी जस्तो वातावरण दिन्छौं, बच्चाहरू त्यस्तै बन्छन्।

अभिभावकलगायत परिवार, समाज र शिक्षालयको वातावरण अनुकूल भए बच्चामा पनि अनुकूल र प्रतिकूल भए प्रतिकूल प्रभाव पर्दछ।

बच्चालाई निरुत्साहित र हीनताबोध गराइएमा उनीहरू आत्महत्या गर्न समेत उद्यत हुन्छन्। हामी बच्चाबाट एकोहोरो आदर र सम्मानको अभिलाषी बन्दा उनीहरूमा वितृष्णाको भाव सञ्चार हुने गर्छ। उनीहरूलाई नै यथोचित आदर गर्न र स्नेह दिन सक्यौं भने बदलामा हामी पनि इच्छित आदर र सम्मान पाउन सक्छौं। यस अर्थमा बच्चाको पहिलो अनौपचारिक शिक्षक आमा हुन् भने अन्य शिक्षक-परिवार एवं सामाजिक परिवेशका अन्य सदस्यहरू हुन्। औपचारिक शिक्षाका निम्ति मात्र शिक्षालय पहिलो थलो हो। अनौपचारिक तवरले ज्ञानार्जनको पहिलो थलो त बच्चाको परिवार र समाज नै हो। जब बच्चा परिवारमा रहन योग्य हुन्छ अनि मात्र समाजमा रहनसहन गर्न पाउँछ। समाजमा समायोजन हुन धेरैजसो गुणले युक्त भएपछि मात्र ऊ शिक्षालय जान र पढ्न योग्य मानिन्छ। त्यसैले त सामाजिक गुण नभएका बच्चाहरू परिवारभित्रै कुँजिएर बसेका ज्वलन्त उदाहरण यत्रतत्र भेटिन्छ।

अक्सर हामी अग्रजबाट बच्चाहरूले जान्नुपर्ने सत्यको लागि सिद्धान्त घोकाउने मूर्खतापूर्ण कार्य भएको पाइन्छ। जबकि सत्यको खोज गर्ने तरीका बोध गराए पर्याप्त हुन्छ। परिवार, समाज वा शिक्षालयका औपचारिक वा अनौपचारिक शिक्षकहरूले बच्चालाई जिज्ञासु बन्ने, प्रश्न राख्ने र खोज अनुसन्धानको यात्रामा निस्कने शिक्षा दिनु र अवसर प्रदान गर्नु आवश्यक हुन्छ। उनीहरूलाई सहयोग गरेर, मानसिक ऊर्जा दिएर, सुरक्षित पारेर र रक्षा गरेर जागरूक र बुद्धिमान् तुल्याउनुपर्छ। हामी उपदेश दिएर, नैतिकता, धर्म, इतिहास र संस्कृतिका ठूल्ठूला कुरा भनेर उनीहरूको प्राकृतिक स्वभाव प्रतिकूल जाने भूल गरिरहेका हुन्छौं। अरु रचनात्मक र सिर्जनात्मक काम गर्नुपर्छ भनेर रट लगाइरहेका हुन्छौं तर त्यस किसिमको वातावरण पैदा गर्ने काममा भने बाह्र हात पछि सर्छौं। बच्चाको मागप्रति नकारात्मक सोच राखेर उनीहरूको जिज्ञासाको घाँटी दबाइराखेका हुन्छौं।

बच्चाको जीवनलाई ऊर्ध्वगामी पथमा लगी स्वावलम्बी, कर्मयोगी र बुद्धिमान बनाउनका लागि बच्चामा रहेको जीवन्तपनलाई जिउँदै राख्ने काममा परिवार, समाज र शिक्षालय कटिबद्ध रहनुपर्छ, बरदान सावित हुनुपर्छ। उनीहरूले इमानदारी, सच्चाइ र निष्ठाका साथ राखेका हरेक जिज्ञासाले सही समाधान पाउने थलो भनेकै परिवार, समाज र शिक्षालय हो।

*श्री सुदनवती फूलमन्ती देवीलाल मावि*
*भुर्की, सीतापुर-१, सप्तरी*

## बाल-मस्तिष्क: भरी कि रित्तो ?

- राजविराज, सप्तरीका **नन्दलाल अचार्य**ले आफ्नी छोरीका शिक्षकहरूलाई सम्बोधन गरेर *शिक्षक* मासिकको २०६८ पुस अङ्कमा लेख्नुभयो "...मेरी छोरीको मन खाली हुनु हुन्न। खाली मन लिएर घर फर्कनु हुन्न। दिनदिनै उसको मन भरिँदै जानुपर्छ।..."
- इलामबाट **हेमलता उप्रेती**ले *शिक्षक* को २०६८ माघ अङ्कमा त्यसको प्रतिवाद गर्नुभयो, "कसैको पनि दिमाग रित्तो हुँदैन। कसैको दिमाग चाहेर पनि खाली राख्न सकिँदैन, त्यो बच्चाको नै किन नहोस्।..."
- **हेमलता**को तर्क र कथनले **नन्दलाल**को चित्त बुझेन। उहाँ अझै पनि भन्दै हुनुहुन्छ "मेरी छोरी रित्तो दिमाग लिएरै स्कूल जाने गर्छिन्।"

**अब तपाईंहरू के भन्नुहुन्छ ? बालबालिका विद्यालय आउँदा रित्तो दिमागका हुन्छन् कि भरी दिमागका ? उनीहरूको मन र दिमाग भरिपूर्ण पार्ने स्रोत शिक्षक/स्कूल मात्रै हुन् कि अरू पनि हुन्छन् ?**

**आफ्ना विचार लेखी पठाउनुहोस्**

# स्वत:स्फूर्त अनुकूलन

■ अजय दीक्षित र शुभेच्छा खड्का

**म्यापलक्रोफ्ट नामक बेलायती कम्पनीले जलवायु परिवर्तनका कारण विश्वका मुलुकहरू कसरी जोखिममा पर्छन् भनी केही समय अगाडि गरेको लेखाजोखाको विवरण सार्वजनिक भएको छ। त्यसले नेपाललाई सर्वाधिक जोखिममा पर्ने देशहरूमध्ये चौथो स्थानमा देखाएको छ। मुलुकहरूको स्थिति आकलन गर्न कम्पनीले ३६ वटा सूचकहरू प्रयोग गरेको थियो। उक्त लेखाजोखाका केही सीमितता हुँदाहुँदै पनि यसले विश्वका अरू मुलुकको तुलनामा नेपालको स्थिति कस्तो छ त भन्ने तुलनात्मक परिदृश्य हाम्रासामु प्रस्तुत गरेको छ।**

तर जलवायु परिवर्तनको वास्तविक असर ठम्याउन 'नेपाल' भनेर मात्र पुग्दैन। १ लाख ४७ हजार वर्गकिलोमिटर क्षेत्र ओगटेको हाम्रो मुलुकमा हिमाल, पहाड, उपत्यका, दून, चुरे, भावर र तराई भूभाग अवस्थित छन्। यो भूभागमा तीन करोड नेपाली बसोबास गर्छन्। नेपालीहरूको सामाजिक संरचना र तौरतरिका ठाउँपिच्छे फरक छन्। यी सामाजिक चालचलन र संरचनाको निर्माणमा भूभाग र स्थानीय जलवायुको समेत भूमिका रहेको हुन्छ। हाम्रा पुर्खाहरू हजारौं वर्षदेखि यहाँको जलवायु र भौगोलिक विविधतासित अभ्यस्त रहँदै आएका हुन्। ऐतिहासिक, राजनीतिक, भूराजनीतिक र संरचनागत कारणले आधुनिक विकासको मानकमा नेपालीहरू अझै पछि छौं। थुप्रै नेपालीले अझै पनि पानी, बिजुली, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा सुचारु रूपमा पाउन सकेका छैनन्, पाउँदै नपाउने पनि धेरै छन्।

माथिको सन्दर्भले दुई वटा प्रश्न उठाउँछ। पहिलो हो, नेपालको कुन क्षेत्र वा भाग जलवायु परिवर्तनका कारण बढी जोखिममा परेको छ त? प्रश्न उठाउँदै सोधौं- यो क्षेत्र पूर्वी पहाडको ताप्लेजुङ हो या तराईको झापा? हिमालपारिको मुस्ताङ हो वा दक्षिणमा रहेको मर्चवार? सुदूरपश्चिमको कैलाली हो वा बैतडी? यसभन्दा पनि तल्लो प्रशासनिक इकाइबारे प्रश्न उठाउनु जरुरी हुन्छ। खास जिल्लाको कुनचाहिँ गाविस बढी जोखिममा पर्छ त? त्यतिले पनि नपुग्न सक्छ। त्यस अवस्थामा गाविसभन्दा तल वडा र गाउँस्तरमा समेत पुग्नु जरुरी हुन्छ।

हाम्रो भूधरातलमा जलवायु परिवर्तनका कारण जोखिममा नपर्ने कुनै जिल्ला, गाविस वा वडा छैनन्। सबै कुनै न कुनै स्तरमा जोखिममा पर्छन् नै। जोखिम घटाउन जे-जस्ता तौरतरिका कार्यान्वयन गर्नुपर्ने हो त्यसका लागि एउटा क्षेत्रको तुलनामा अर्को क्षेत्र किन र कसरी बढी जोखिममा पर्छ भन्ने कुरा पनि यकिन गर्नुपर्ने हुन्छ। जोखिमको प्रकृति र त्यसको सही कारण थाहा पाएपछि नै निराकरणका उपयुक्त विधि र उपाय पहिल्याउन सहज हुन्छ।

क्षेत्रको पहिचान एउटा पाटो हो तर यो नै पूर्ण कार्य भने होइन। खास क्षेत्रभित्र को बसोबास गर्छन्, त्यहाँको सामाजिक चरित्र कस्तो छ, त्यहाँ सीमान्तकृतस्तरमा कुन घरपरिवार छन्? भन्ने जानकारी लिनु पनि निर्णयका लागि आवश्यक आधार हुन्। क्षेत्र चिनेपछि त्यहाँको सामाजिक संरचनाअन्तर्गत के-कस्तो स्थिति छ भन्ने निर्णय धेरै हदमा स्थानीय छलफलबाट निकाल्न सकिन्छ। सामाजिक विज्ञानले सो गर्ने विधि पनि अगाडि सारेको छ; जुन नेपालमा व्यापक प्रयोग भएका छन् र हुने गर्छन्।

मध्य नेपालको हिमालपारि रहेको मुस्ताङदेखि तराईको कपिलवस्तु जिल्लाले माथि उल्लिखित विविधता प्रतिबिम्बित गर्छन्। यस क्षेत्रका जिल्लाहरूको भौगोलिक र सामाजिक एवं जलवायु चरित्र भिन्नभिन्न छन्। मुस्ताङ जिल्लाका १६ वटा गाविसमध्ये कागवेनी एउटा हो। कागवेनीका विभिन्न वडाहरू एकै किसिमका छैनन्। कागवेनीका बासिन्दाको जनजीविका पर्यटन व्यवसायमा पनि आधारित छ। केही वर्ष अगाडिसम्म मुस्ताङ जिल्ला पुग्न पोखराबाट हवाइजहाज लिनुपर्थ्यो या पदयात्रा गर्नुपर्थ्यो। वेनी-जोमसोमको बाटो जोडिएपछि हिजोआज मोटरबाटोबाट पनि जोमसोम पुग्न सकिन्छ। मोटरबाटोले त्यस जिल्लाका र छेउछाउका बासिन्दालाई आवतजावत गर्न सजिलो त पारेको छ तर यसले आफ्नै खालका चुनौतीहरू पनि सामुन्ने ल्याउने छ। त्यस्ता चुनौती बुझ्ने र तिनलाई निदान गर्ने क्षमता स्थानीय समाजमा भइरहनु आवश्यक हुन्छ।

यसैगरी अन्य उदाहरणहरू पनि लिन सकिन्छ- म्याग्दीको राम्चे, कास्कीको रूपातालछेउ रहेको रूपाकोट, पाल्पाको मदनपोखरा, कपिलवस्तुको दुविया र अर्घाखाँचीको हंसपुर। कागवेनीलगायत यी पाँचवटा गाविसमा विगत दुई वर्षदेखि आइसेट-नेपालका विश्लेषकहरू जलवायु परिवर्तनको जोखिम आकलन गर्न र त्योसित अभ्यस्त रहने विधि जान्न त्यस क्षेत्रका बासिन्दा, शिक्षक, स्थानीय अधिकारीहरू र कृषकसित सहकार्य गर्दैछन्। यस सहकार्यमा चुनौतीहरूका साथै स्थानीयस्तरमा हुँदै गरेका सिर्जनाहरू जलवायु परिवर्तनका प्रभावसित अभ्यस्त रहन उपयोगी विधिका रूपमा देखिन्छन्।

कागवेनी, राम्चे र रूपाकोट गाविसका अनुभव प्रस्तुत गरौं। कागवेनीका घरपरिवार पर्यटन व्यवसायमा संलग्न छन्। तिनको चासो र व्यवहार- आफ्नो व्यवसाय उन्नति गर्नेतर्फ छ। यसो हुनु अनौठो होइन। पर्यटन व्यवसायलाई जलवायु परिवर्तनको प्रभावले नकारात्मक असर पारेमा कागवेनीका घरपरिवारको जनजीविका जोखिममा पर्छ। भविष्यको एउटा परिदृश्य परिकल्पना गरौं। वैज्ञानिक अध्ययनले भन्छन्-

उच्च भेगमा तापक्रम बढ्ने क्रम तल्लो भेगभन्दा बढी छ। आजभन्दा ३० वर्षपछि पनि कार्बनडाइअक्साइड उत्सर्जनको दर सँगै तापक्रम पनि बढ्दै जाने हो भने हाम्रा उच्च भेगमा तापक्रम बढ्ने दर रुन् माथि जानेछ भनेर अनुमान गर्न सकिन्छ। त्यसो भयो भने के होला? उच्च भागका हिउँ, हिउँ पग्लेर आउने पानीका स्रोत र हिमनदीमा कस्तो प्रभाव पर्ला? हिमाल हिउँले सेता रहलान् वा हिउँ नहुनाका कारण चट्टान मात्र देखिने होला? त्यस्तो बेलामा पर्यटन व्यवसाय कस्तो जोखिममा पर्ला? अरू सम्भावना परिकल्पना गरौं। हिउँ पर्ने क्षेत्रमा हिउँको सट्टा वर्षा हुने र त्यसको दर बढ्दै जाने हो भने स्थानीय भूधरातल र त्यहाँ बस्ने मान्छे, वस्तुभाउ र वनस्पतिलाई कस्तो असर पर्ला? जोखिम आकलन गर्न आवश्यक प्रश्नहरू हुन्, यी। यस्ता प्रश्नले हामीलाई यस्तो भएमा के गर्न उचित हुन्छ भन्ने सम्भावना खुट्याउन र लागू गर्न सहयोग गर्छन्।

एक किसिमबाट भन्ने हो भने उत्सर्जनको धेरै जिम्मा विकसित मुलुकहरूको भागमा पर्ने हुँदा समस्या सिर्जना हाम्रो भूक्षेत्रभन्दा टाढा हुन्छ। त्यस्तो उत्सर्जनमार्फत समस्या सिर्जना गर्नमा कुनै जिम्मा नभएका तप्का जोखिममा पर्छन्। त्यसो हुँदा जलवायु न्यायको हिसाबले उत्सर्जन न्यूनीकरण गर्ने दायित्व ती मुलुकहरूको हो। यो मागमा निरन्तर डटेर पैरवी गर्नु जरुरी छ। तर विगतमा विश्व वायुमण्डलमा फालिएका घातक ग्यासका कारण स्थानीय जलवायुमा परिवर्तन भइरहन्छ र जोखिमहरू बढ्न थाल्ने छन्। यस्तो हुँदैन भन्न कसैले सक्दैन। तर वैज्ञानिक विधिहरू स्थानीयस्तरमा यस्तै प्रभाव पर्छ भन्ने किटान गर्न असमर्थ छन्।

**हाम्रो भूधरातलमा जलवायु परिवर्तनका कारण जोखिममा नपर्ने कुनै जिल्ला, गाविस वा वडा छैनन्। सबै कुनै न कुनै स्तरमा जोखिममा पर्छन् नै। जोखिम घटाउन जे-जस्ता तौरतरिका कार्यान्वयन गर्नुपर्ने हो त्यसका लागि एउटा क्षेत्रको तुलनामा अर्को क्षेत्र किन र कसरी बढी जोखिममा पर्छ भन्ने कुरा पनि यकिन गर्नुपर्ने हुन्छ।**

धौलागिरि हिमाल शृङ्खलाको दक्षिणमा रहेको राम्चे गाउँको सन्दर्भ कागवेनीभन्दा फरक छ। राम्चेमा कच्ची बाटो पुगेको छ जसले गर्दा आवतजावत सजिलो हुनथालेको छ। म्यागासेसे पुरस्कार विजेता महावीर पुनको पहलमा त्यहाँ इन्टरनेट सुविधा उपलब्ध छ। राम्चेवासीहरू इको-पर्यटन र सामुदायिक लज प्रवर्द्धन गर्न लागिपरेका छन्। त्यहाँका आलु एवं स्थानीय उपजमा ह्रास आउन थालेको छ। कागवेनीमा अभ्यस्त रहन गरिने तौरतरिका राम्चेमा उपयोगी हुँदैनन्।

यी दुईभन्दा फरक सन्दर्भ लेखनाथ नगरपालिकाको सिमानामा अवस्थित रूपाकोट गाउँ र रूपातालमा अनुभव हुन्छ। यो गाविस मध्यपहाडी भेगको उपत्यका छेउमा अवस्थित छ। आवतजावत कागवेनी र राम्चेको तुलनामा सहज छ। सामाजिक संरचना पनि माथिका दुई गाविसको तुलनामा भिन्न छ। तर तीन वटै गाविसहरूमा प्रचलित परिवेश छिटोछिटो परिवर्तन हुँदैछन्। यी परिवर्तन जलवायु परिवर्तनका कारण नै भएका हुन् भनी भन्न सकिँदैन। एक किसिमबाट समयको यात्राले ल्याएका परिवर्तन हुन्, यी। यस्ता परिवर्तनले कसैलाई मौका सिर्जना गरिदिएको छ भने कसैलाई छैन। चुनौतीसित जुध्ने व्यवहार पनि यी तीन ठाउँमा एकैनासका छैनन्। जलवायु परिवर्तनले यस्ता क्षेत्रहरूमा आफ्नै खाले थप दुर्बलता सिर्जना गर्छ र सामाजिक तप्कालाई भिन्नभिन्न तरिकाले प्रभाव पार्छ। जलवायु प्रभावले पार्ने दुर्बलता विद्यमान सामाजिक र आर्थिक प्रणालीभित्रै चलायमान हुन्छ। समाजको यस्तो चरित्र नबुझी जलवायु परिवर्तनसित अभ्यस्त रहनुपर्‍यो भन्ने आख्यान प्रस्तुत गर्दैमा तौरतरिका र विधि स्थापित हुन सक्दैनन्। मानव समाजले गर्दै गरेका क्रियाकलापभित्र नै जोखिम घटाउने क्रियाकलाप जोड्नु आवश्यक हुन्छ।

कुनै पनि समाजमा व्यक्ति; घरपरिवार र समुदायहरू आफूले भोग्ने गरेका विभिन्न खाले चुनौतीसित आफ्नै तरिकाले जुध्ने गर्छन्। कतिपय स्थितिमा के गर्ने भन्ने निर्णय उनीहरूको आफ्नै अर्थात् स्वतस्फूर्त हुन्छ; यद्यपि व्यक्ति, घरपरिवार र समुदाय मुलुकको बृहत् परिवेशभित्रै रहने गर्छन्। स्वतस्फूर्त व्यवहारको परिधि बुझ्न सके राज्यले वा अन्य निकायले गर्ने अनुकूलनको प्रयास कस्तो हुनुपर्छ भन्ने व्याख्या गर्न सजिलो पर्छ।

कास्की जिल्लाको रूपातालमा चल्दै गरेको प्रक्रिया स्वतस्फूर्त व्यवहारको एउटा उदाहरण हो। जैविक विविधतामा धनी रूपाताल केही वर्षअगाडि ह्रासोन्मुख थियो। त्यहाँका माछा र जैविक विविधता लोप हुने क्रममा थिए। सन् १९९५ मा ताल छेउछाउ बस्ने बासिन्दाहरू सङ्गठित भएर ताल संरक्षणका लागि एउटा सहकारी गठन गरे। सहकारीको उद्देश्य तालमा माछा पाल्ने, हानिकारक झारहरू सफा गर्ने, वृक्षरोपण एवं गह्रा सुधार जस्ता क्रियाकलापद्वारा जलाधार क्षेत्र संरक्षण गरी तालमा बग्ने थिग्रेनीको परिमाण कम गर्ने जस्ता क्रियाकलाप सञ्चालन गर्ने थियो। यी प्रक्रिया हाल निरन्तर छन्। माछा बेचेर आएको रकम सहकारीका सदस्यहरूमा बाँडफाँड गरिन्छ र रूपातालको जलाधारमा संरक्षण कार्यमा प्रयोग पनि। राज्यको संविधान र कानूनले सङ्गठित हुने, स्रोत खोज्ने एवं संरक्षणका क्रियाकलाप लागू गर्ने माहोल प्रदान गरेको हुँदा यस्तो व्यवहार सम्भव भयो। सहकारी गठन गरी ताल संरक्षण गर्ने निर्णय स्थानीय बासिन्दाको हो; केन्द्रीयस्तर या विभागको होइन। यस्तो प्रयासबाट थुप्रै फाइदा भएका छन् तर चुनौतीहरू पनि मनग्ये छन्।

जलवायु परिवर्तनका कारण रूपाताल जलाधार क्षेत्रमा वर्षाको चरित्रमा फेरबदल भई भविष्यमा मुसलधारे पानी परेर थिग्रेनी बग्ने दर बढ्न सक्ने एउटा ठूलो चुनौती हो। यसो भयो भने तालमा पानीको आयतन घट्न सक्छ, पानीको चरित्रमा परिवर्तन हुनसक्छ जसको नकारात्मक असर मत्स्यपालनमा पर्न सक्छ। जलवायु परिवर्तनको आँखा प्रयोग गरी भविष्यमा यस्तो हुनसक्ने सम्भावना परिकल्पना गर्दा त्यस्तो भविष्यसित कसरी अनुकूल रहने भन्ने प्रश्नको जवाफ खोज्न मद्दत पुग्छ।

रूपातालमा जस्तै विभिन्न खाले चुनौतीहरूसित जुध्न नेपालमा सामुदायिक र व्यक्तिगतस्तरमा अनगिन्ती प्रयासहरू भई नै रहेका छन्। यस्ता प्रयासहरूले नै मुलुकको जिजीविषा निरन्तर राख्न सघाइरहेका हुन्। जलवायु परिवर्तनसित अनुकूल रहने रणनीतिहरू यस्ता प्रयासहरूसँग जोड्नु एउटा लाभदायक उपाय हुनसक्छ। त्यसनिम्ति, समुदाय वा स्थानीय स्तरमा मानिसहरू आफैंले स्वतस्फूर्त रूपमा गरिरहेका कामलाई विधि/प्रणालीमार्फत व्यवस्थित तुल्याउन राज्य पनि लाग्नुपर्छ। 📖

*(दीक्षित र खड्का आइसेट नेपालमा अनुसन्धानरत छन्।)*

रिपोर्ट

# शिक्षक–सरकार सहमति

# ‘शिक्षा’ बाहेक सबै समेटिए !

**शिक्षा मन्त्रालय, नेपाल शिक्षक युनियन र नेपाल शैक्षिक गणतान्त्रिकबीच २ चैत २०६८ मा भएको सहमतिले सार्वजनिक स्कूलका शिक्षक/कर्मचारीका प्रायः सबैजसो मागलाई सम्बोधन गरेको छ। त्यसमा छुटेको एउटै मुख्य कुरा हो–‘शिक्षा’ अर्थात् विद्यार्थीका सिकाइ उपलब्धी सुधार्ने पक्ष।**

■ **बाबुराम विश्वकर्मा**




**पेशागत आन्दोलनः** पेशागत माग पूरा गराउन शिक्षा मन्त्रालयको गेटमा एकत्रित शिक्षक-कर्मचारी। यही आन्दोलनको दबाबमा २ चैतको सहमति भएको हो।

व्यवस्थापिका संसद्का सभामुख सुवास नेम्वाङ तथा तीन ठूला दलका सचेतकहरूलाई साक्षी राखी शिक्षा मन्त्रालय र नेपाल शिक्षक युनियन एवं नेपाल शैक्षिक गणतान्त्रिक मञ्चबीच २ चैत २०६८ मा केशरमहलमा भएको शैक्षिक सहमतिको पूर्ण कार्यान्वयन होला या नहोला, तर तत्कालका निम्ति शिक्षक आन्दोलन टुङ्गिएको छ। सरकार र शिक्षकबीच विगतमा भएका अधिकांश सहमति र सम्झौताहरू कार्यान्वयन नभएको पृष्ठभूमिमा यसपटकको सहमति चाहिँ पूरै कार्यान्वयन होला भन्ने कुरामा स्वयं आन्दोलन एवं सहमतिमा हस्ताक्षर गर्ने शिक्षक नेताहरू पनि ढुक्क छैनन्। तैपनि, शिक्षक नेताहरूलाई विगतको भन्दा अहिलेको सहमतिले केही राहत र सन्तुष्टि दिएको देखिन्छ। यसको कारण हो- शिक्षक/कर्मचारीका पेशागत संस्थाले अघिसारेका मागमा शिक्षा मन्त्रालयका अधिकारीहरू औपचारिक रूपमा सहमत हुनु।

२१ फागुनदेखि २ चैत २०६८ को अवधिमा ९ पटक भएको शिक्षक सरकार वार्ताको दृश्य पहिलेको भन्दा भिन्न थियो। विगतमा शिक्षा मन्त्रालय र शिक्षकका प्रतिनिधिबीच भएका संवाद तथा सहमतिमा माओवादी निकट शैक्षिक गणतान्त्रिक मञ्च लगायत अस्थायी शिक्षक र विद्यालय कर्मचारीको संलग्नता हुँदैनथ्यो। आफ्ना माग पूरा गराउन १४ फागुन २०६८ देखि स्कूलको पठनपाठन नै बन्द गरेर सडकमा ओर्लिएका शिक्षक-कर्मचारीका मागलाई पछिल्लो सहमतिले एकीकृत र औपचारिक रूपमा सम्बोधन गरेको छ। त्यसैले पनि शिक्षा क्षेत्रमा शिक्षक-सरकार सहमतिलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

शिक्षा मन्त्रालयसँगको वार्तामा सरिक नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका महासचिव बाबुराम थापा आफूहरूसँग सरकारले गरेको सहमतिले स्कूलका शिक्षक-कर्मचारीका ८० प्रतिशतभन्दा बढी समस्या हल गर्ने ठान्छन्। ठूला दलका मुख्य सचेतक र सभामुखको रोहवरमा हस्ताक्षर गरेका कारण यसपटकको सहमति कार्यान्वयन हुने कुरामा थापा आशावादी देखिन्छन्। नेपाल शिक्षक संघका अध्यक्ष मोहन ज्ञवाली पनि पछिल्लो सहमतिबाट शिक्षकले उठाएका ७० प्रतिशतभन्दा बढी पेशागत समस्या हल हुने ठान्छन्। ज्ञवाली भन्छन्, “फेरि पनि यो सहमति लागू भएन भने सरकारको विश्वसनीयता पूर्ण रूपमा समाप्त





**सहमतिका खेलाडीः** शिक्षा मन्त्री दीनानाथ शर्मा, अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष गुणराज लोहनी र नेपाल शिक्षक युनियनका अध्यक्ष दिलबहादुर जोशी।




तस्बीरः मीनरत्न बज्राचार्य

हुन्छ, त्यसैले विश्वसनीयता गुमाउने काम सरकारले गर्दैन भन्ने ठानेको छु।"

सहमति कार्यान्वयन गर्नका लागि गर्नै पर्ने काम भनेको शिक्षा ऐनको आठौं संशोधन हो। सो ऐन संशोधन गराउन संसद्बाट सहयोग पुग्ने ठानेर नै शिक्षकका प्रतिनिधिहरूले मुख्य सचेतकहरूलाई सहमतिमा साक्षी राखेका हुन्। हस्ताक्षर गर्नुअघि सहमतिका बुँदा ऐनमा समावेश गरेर संसद्बाट पारित गर्ने वचन दिन सचेतकहरू बाध्य पारिएका थिए। सचेतकको आश्वासनले ऐन संशोधनमा दलका नेता र तिनका सभासद्को सहयोग पाउने अपेक्षा शिक्षक नेताहरूको छ।

शिक्षा मन्त्रालयले पनि यसपालिको सहमति चाहिँ लागू हुने ठानेको छ। सरकारी वार्ताकार शिक्षा मन्त्रालयका उपसचिव डा. रोजनाथ पाण्डे पछिल्लो सहमतिलाई अहिलेसम्मकै सबैभन्दा ठूलो र बढी आर्थिक भार पर्ने सहमति ठान्छन्। डा. पाण्डे भन्छन्, "शिक्षा ऐनमा प्रस्ताव गरिएका प्रावधान र २ चैतमा हामीले शिक्षकसँग गरेका सहमति लागू नगरी सुखै छैन, किनभने शिक्षा क्षेत्रमा २०५२ सालदेखि अवरुद्ध भएको प्रक्रिया खोल्ने उपाय अर्को छैन।"

तर, विगतमा सरकारले आफूसँग गरेका दुई सहमति कार्यान्वयन नगरेको अनुभव बोकेका शिक्षक युनियनका पूर्व अध्यक्ष कृष्णप्रसाद ढकाल अहिलेको सहमति लागू हुन झन् कठिन हुने देख्छन्। उनी भन्छन्, "दुई जना शिक्षा मन्त्रीसँग मेरै नेतृत्वमा भएका यस्तै प्रकृतिका सहमति अझै कागजमा छन्। विगतको भन्दा अहिलेको सहमति लागू गर्दा सरकारले बढी आर्थिक मूल्य चुकाउनुपर्छ, त्यसैले मलाई अहिलेको सहमति शिक्षकहरूको आन्दोलन मत्थर तुल्याउन गरिएको हो कि जस्तो लागेको छ; कार्यान्वयन भए त राम्रो।'

शिक्षक-सरकार सहमति कार्यान्वयन भए वा नभए पनि यस वर्षको एसएलसी जाँच विथोल्न अग्रसर संयुक्त शिक्षक-कर्मचारी आन्दोलनलाई चाहिँ यो सहमतिले सजिलै तुहाइदिएको छ। उक्त सहमतिका बुँदा कार्यान्वयनका निम्ति सहमतिपत्रमै नयाँ संविधान निर्माण, शिक्षा ऐन र शिक्षा नियमावलीको संशोधनलाई पूर्व शर्त बनाइएको छ। त्यसैले ऐन/नियमावलीको संशोधन नहुन्जेल शिक्षकका पेशागत संस्थाको धैर्य कायम रहने कुरामा शङ्का छैन। राहत शिक्षकलाई दरबन्दीमा रूपान्तरण गर्ने तथा तिनलाई दुर्गम भत्ता उपलब्ध गराउने, निमावि प्रथमको तलब मावि द्वितीयसरह तुल्याउने जस्ता अतिरिक्त धनराशी खर्च हुने बुँदालाई सम्बन्धित निकायमा लेखिपठाउने विषयको रूपमा सहमतिपत्रमा उल्लेख गरिएको छ भने शिक्षक सेवा आयोगलाई संवैधानिक बनाउने विषयलाई नयाँ संविधानमा समेटिने भनिएको छ।

अहिलेको सहमति अनुसार शिक्षा ऐनको आठौं संशोधन भएमा त्यसको सबैभन्दा बढी लाभ सार्वजनिक विद्यालयका स्थायी-अस्थायी शिक्षक र कर्मचारीले पाउने छन्। सहमतिका अधिकांश बुँदा सरकारी विद्यालयको शैक्षिक स्तरोन्नति भन्दा शिक्षक-कर्मचारीका सेवा-सुविधा र सहुलियत वृद्धिमा केन्द्रित छन्।

## कर्मचारीको दरबन्दी

२ चैत २०६८ को सहमतिबाट सबैभन्दा बढी लाभ स्कूल कर्मचारीले पाउने छन्। शिक्षा ऐन संशोधन गरी सार्वजनिक विद्यालयमा करीब १४ हजार कर्मचारी दरबन्दी सृजना गर्ने सहमति गरिएको छ। अहिले ३३ हजार सरकारी स्कूलमा विभिन्न तहका १३ हजार कर्मचारी कार्यरत छन्। दरबन्दी विनाका ती कर्मचारीका निम्ति चालु आर्थिक वर्षमा रु.१ अर्ब ६८ करोड बजेट विनियोजन गरिएको छ। यो सहमतिले शिक्षा मन्त्रालयले केही समयअघि तयार पारेको स्कूल कर्मचारी दरबन्दी सम्बन्धी मापदण्ड कार्यान्वयनका लागि आधार प्रदान गरेको छ। *(हे. कर्मचारी दरबन्दीको प्रस्ताव, शिक्षक मासिक, चैत २०६८)*

विद्यालयमा कर्मचारीको दरबन्दी सृजना गर्दा त्यहाँ कार्यरत कर्मचारीको शुरू नियुक्तिदेखिको सेवा अवधि गणना हुने गरी समायोजन गर्ने सहमति गरिएको छ। त्यस्तै; २०५५ सालयता अनिवार्य अवकाशमा परेका वा मृत्यु भएका विद्यालय-कर्मचारीलाई उपदान र औषधि खर्च उपलब्ध गराउन पनि शिक्षा मन्त्रालयका अधिकारीहरू सहमत भएका छन्। स्कूल-कर्मचारीका निम्ति गरिने यस्तो व्यवस्थाले सरकारमाथि के-कति आर्थिक भार थपिन्छ भन्ने कुराको लेखाजोखा हुन बाँकी नै देखिन्छ।


## फेरि अस्थायीको चर्चा

२ चैत २०६८ को शिक्षक-सरकार सहमतिबाट लाभान्वित हुनसक्ने वर्गमा अस्थायी शिक्षकहरू

पनि पर्छन्। अस्थायी शिक्षकको समस्यालाई पछिल्लो सहमतिले तीन वटा विधिमा हल गर्न खोजेको छ। पहिलो; २०६३ वैशाख १० अघि नियुक्ति भई अविछिन्न सेवामा रहेका अस्थायीलाई जाँचभन्दा अघि नै सेवाबाट अवकाश लिएमा स्थायी शिक्षक सरहको सुविधा (गोल्डेन ह्याण्डसेक) दिने। दोस्रो; १० वैशाख २०६३ अघि नियुक्ति पाई कार्यरत अस्थायीलाई न्यूनतम ४० अंकमा उत्तीर्ण हुने गरी आन्तरिक प्रतिस्पर्धामा सामेल हुने अवसर दिने र उत्तीर्णलाई अस्थायी सेवा अवधि जोडेर स्थायी गर्ने। ४० अंक प्राप्त गर्न नसकेर फेल हुने अस्थायीलाई चाहिँ जाँचअघि अवकाश लिएका अस्थायीले पाएको भन्दा ५० प्रतिशत कम रकम (गोल्डेन ह्याण्डसेक) दिई बिदा गर्ने।

आन्तरिक प्रतिस्पर्धाअघि नै 'गोल्डेन ह्याण्डसेक' लिएर सेवाबाट बाहिरिन चाहने शिक्षकलाई २० वर्षलाई कुल सेवा अवधि मानी नोकरी अवधिभर पाउने औषधि उपचारको रकमलाई दामासाहीले हुन आउने रकम उपलब्ध गराइने भनिएको छ। अहिले २० वर्ष सेवा गरेका माविका स्थायी शिक्षकले १२ महिनाको, निमाविले १८ महिनाको र प्राविका शिक्षकले २१ महिनाको तलब बराबर औषधि उपचार खर्च पाउँछन्।

यो प्रक्रियाबाट लामो समयसम्म अस्थायी रहेका शिक्षकका समस्यालाई सम्बोधन गरे पनि सार्वजनिक विद्यालयलाई अस्थायी शिक्षक मुक्त चाहिँ बनाउन सक्ने देखिँदैन। किनभने, १० वैशाख २०६३ पछि पनि अस्थायी शिक्षक नियुक्त भएका छन्। तिनको संख्या करीब ७ हजार रहेको अनुमान छ। ती शिक्षकलाई


शिक्षा मन्त्रालय र नेपाल शिक्षक युनियन, नेपाल शैक्षिक गणतान्त्रिक संघ- संयुक्त शैक्षिक आन्दोलन राष्ट्रिय समितिको

संयुक्त प्रेश विज्ञप्ती

२०६८ चैत २ गते

[illegible]

शिक्षा मन्त्रालयका प्रतिनिधिहरु

अस्थायी शिक्षक सम्बन्धी अहिलेको सहमतिको बुँदाले छुँदैन। अस्थायी शिक्षक आन्दोलन समितिका अध्यक्ष निरेन्द्र कुँवर भन्छन्, "अस्थायी शिक्षकको आन्दोलन सकियोस् र अस्थायी शिक्षक बाँकी नरहुन् भन्ने हाम्रो चाहना हो। तर, पछिल्लो सहमतिले १० वैशाख २०६३ पछिका करिब ७ हजार अस्थायी शिक्षक सेवामा रहिरहने अवस्था सृजना गरेको छ।"

अस्थायी शिक्षकसँग शिक्षा मन्त्रालयले २०५५ सालदेखि अहिलेसम्म ९ पटक सम्झौता/सहमति गरिसकेको छ। तर, तीमध्ये कुनै पनि सहमति लागू भएका छैनन्। 'स्वतः स्थायी गरिनुपर्छ' भन्ने मागको चौतर्फी आलोचना हुन थालेपछि यताका दिनमा अस्थायी शिक्षकहरू आन्तरिक प्रतिस्पर्धाबाट प्रक्रिया पुऱ्याएर स्थायी गरियोस् भन्ने माग गर्न थालेका छन्। अस्थायी शिक्षकहरूको कुल संख्या २६ हजार जति भएको सरकारी अनुमान छ। रिक्त दरबन्दीमध्ये ६० प्रतिशत खुल्ला र ४० प्रतिशत आन्तरिक प्रतिस्पर्धा गराएर पूर्ति गर्ने र त्यसका लागि आउँदो जेठ अन्तिमसम्ममा शिक्षक सेवा आयोग खोल्ने आन्तरिक सहमति पनि गरिएको छ, जुन सार्वजनिक गरिएको छैन। अस्थायीलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्दा शिक्षाशास्त्रका विद्यार्थीले विथोल्ने भयले यसलाई गोप्य राखिएको बुझिएको छ।

शिक्षक-सरकार सहमतिको एउटा बुँदामा २०५२ सालको आयोगको परीक्षामा सामेल भएयताका स्थायी शिक्षकको पेन्सन व्यवस्थाका लागि अस्थायी सेवा अवधि पनि जोडिने उल्लेख गरिएको छ। त्यस्तै शिक्षक सेवा आयोगले २०६१/६२ मा लिएको आन्तरिक प्रतिस्पर्धात्मक परीक्षामा वैकल्पिक सूचीमा उत्तीर्ण भएका र हाल रिक्त दरबन्दीमा कार्यरत शिक्षकलाई स्थायी नियुक्ति गरी सेवा अवधि गणना गर्ने पनि गरिएको छ। शिक्षा विभागको आँकडा अनुसार यस्ता शिक्षक देशभरिमा १२ सय जति छन्।

अपाङ्गता भएका शिक्षक/कर्मचारीलाई शुरू नियुक्तिलाई आधार मानी १५ वर्ष सेवा गरेपछि निवृत्तिभरणको व्यवस्था गरिने कुरालाई पनि ऐन संशोधनमा समेटिने भएको छ। शिक्षकको स्वेच्छिक अवकाश निजामती कर्मचारीसरह लागू हुने भनिएको छ। निजामती ऐनमा २० वर्ष सेवा गरेका र ५० वर्ष उमेर पुगेका कर्मचारीले स्वेच्छिक अवकाश लिएमा ७ वर्षको एकमुष्ट अग्रिम पेन्सन पाउने व्यवस्था छ। शिक्षक सेवामा पनि यो व्यवस्था लागू भएमा स्वेच्छिक अवकाशमा जान चाहने २० वर्ष सेवा अवधि पुगेका र ५० वर्ष उमेर नाघेका शिक्षकले ७ वर्षको एकमुष्ट अग्रिम पेन्सन पाउने छन्।

यो सहमति कार्यान्वयन भएमा शिक्षकहरूको हाल कायम श्रेणीगत पदोन्नति प्रणाली तहगत प्रणालीमा बदलिनेछ। यसबाट प्राथमिक शिक्षक निमावि र निमावि शिक्षक माविमा बढुवा हुने बाटो खुल्नेछ।

शिक्षकको बिदा, बीमा, औषधि उपचार, मृतक कर्मचारी र शिक्षकका विधुर तथा विधवालाई निवृत्तिभरण सम्बन्धी व्यवस्था गर्दा नागरिकताको सट्टा शैक्षिक प्रमाणपत्रको जन्ममितिलाई आधार बनाउन शिक्षा मन्त्रालय सहमत भएको छ, जुन निजामती कर्मचारीको हकमा लागू भइसकेको छ। नागरिकता भन्दा शैक्षिक प्रमाणपत्रमा धेरैले उमेर घटाएर राख्ने गरेका हुन्छन्। परिणामतः तिनले पछिसम्म जागीर खान सक्छन्।

मौजुदा शिक्षा नियमावलीमा तराईका मुसलमानलाई मात्र आरक्षणको प्रावधान राखिएको थियो, तर पछिल्लो सहमति अनुसार तराई मुसलमानको सट्टा मुसलमान शब्द मात्र राखिने भएको छ। यसले तराई/पहाड जुनसुकै ठाउँका मुसलमानलाई आरक्षणको सुविधा पाउने बाटो खोलेको छ ।

मदरसा, गुम्बा, गुरुकुलका शिक्षक सरह माओवादीले सञ्चालन गरेका जन-शिक्षालयका शिक्षकहरूको योग्यता, सक्षमता निर्धारण,

**शिक्षक-सरकारबीच २ चैत २०६८ मा भएको सहमतिले नेपालको स्कूल शिक्षामा के प्रभाव पार्ला ?**

यस्तै सम्झौता र सहमतिले नेपालको शिक्षालाई यो हालतमा पुऱ्याएको हो, अब यो सहमतिले कहाँ पुऱ्याउँछ, अहिल्यै केही भन्न सकिन्न।

**'यो हालतमा' भन्नुभयो, अहिलेको स्कूल शिक्षा कहाँ पुगेको छ ?**

सरकारी स्कूलमा जनताको विश्वास नै गुमिसकेको छ। जनताले आफ्ना छोराछोरी सरकारी स्कूलमा पढाउन छाडेकाले शहरका धेरै स्कूलहरू रित्तिन थालेका छन्। सरकारी स्कूलमा अहिले शिक्षा मन्त्री, सचिव, कर्मचारी र सरकारी शिक्षक मात्र छन्। सरकारी स्कूलप्रतिको जनविश्वास यस्तो हुनु भनेको ठूलो चिन्ताको कुरा हो।

**यसको मूल कारण के हो त ?**

यसका अरू धेरै कारण छैनन्। हाम्रो देशमा शिक्षा नीति निर्माणको मुख्य आधार शिक्षकले गर्ने शैक्षिक हड्ताल, बन्द, धम्की आदि हुन थालेका छन्। हाम्रो शिक्षा मन्त्रालय शिक्षा मन्त्रालय नभई 'शिक्षा मन्त्रीलय' भएको छ। फलतः शिक्षा मन्त्री, कर्मचारी अनि शिक्षकका प्रतिनिधिले जे

# सहमतिले कक्षाको पढाइ सुधार्दैन

**डा. तीर्थ खनियाँ,** शिक्षाविद्



चाहन्छन् त्यस्तै बन्छ शिक्षा नीति । मूलतः यिनै कारणले बर्बाद पारेको छ सार्वजनिक शिक्षा र सरकारी स्कूल ।

नेपाललाई कस्तो शिक्षा नीति चाहिन्छ भन्ने बारेमा अहिलेसम्म न कुनै सार्वजनिक बहस भएको छ न त राष्ट्रिय चिन्तन नै । जनताले के चाहन्छन् भनेर चिन्तन गर्ने र सोही अनुसारको शिक्षा नीति बनाउने हो भने शिक्षामा सुधार शुरू भइहाल्छ। तर, त्यो समय अझै धेरै टाढा छ । किनकि अहिले शिक्षा मन्त्रीले जे सपना देख्छ, शिक्षकका संस्थाले जे माग्छन् त्यस्तै शिक्षा नीति बन्छ ।

**भनेपछि शिक्षक सरकार सहमतिले शिक्षालाई टेवा दिने आधार छैन ?**

सहमति कार्यान्वयन भए शिक्षक-कर्मचारीले सहुलियत पाउँछन्, शिक्षा र स्कूलले चाहिँ केही पाउनेवाला छैन । किनभने यो सहमति शिक्षकको हड्ताल रोक्न अनि सरकार र शिक्षकको फेससेभिङ गर्न गरिएको हो । त्यसैले यसप्रति जनता उत्साहित हुने आधार छैन। यसले शिक्षाको गुणस्तर र कक्षाकोठाको पठनपाठन अनि शैक्षिक नतिजा सुधारमा कुनै सकारात्मक प्रभाव पार्ने सम्भावना छैन ।

**त्यसो भए सरकारी स्कूललाई राम्रो पार्ने उपाय चाहिँ के हो त ?**

मुख्य कुरा जनता के चाहन्छन् भन्ने थाहा हुनुपर्‍यो । शिक्षामा कुनै नीति योजना तर्जुमा गर्नुअघि राष्ट्रिय रूपमा सार्वजनिक बहस गरिनुपर्‍यो । अनि, हरेक नीतिलाई शैक्षिक गुणस्तर सुधारमा जोड्नु पर्‍यो। शिक्षा मन्त्री र कर्मचारीले जागिर बचाउनका लागि जे मन लाग्छ, त्यही सहमति गरेर शिक्षा नीति तर्जुमा गरेका कारण नै त्यसको शिकार सार्वजनिक शिक्षा भइरहेको छ। सडक आन्दोलनले शिक्षा नीति तय गर्नु भनेको दयनीय कुरा हो। शिक्षा पद्धति, गुणस्तर सुधार र संरचना परिवर्तनको बाटोमा कोही हिँडेको छैन । मन्त्री र कर्मचारीको सपना/चाहनामा देशको शिक्षा नीति निर्भर हुन सक्दैन ।

**के अहिलेको सहमति लागू होला ?**

लागू भए शिक्षक-कर्मचारीलाई लाभ हुन्छ, लागू नभए पनि स्कूल र देशलाई कुनै घाटा भइहाल्दैन ।

लाइसेन्स परीक्षा र नियुक्ति सम्बन्धी व्यवस्था गर्न दुवै पक्ष सहमत भएका छन् । यसबाट धार्मिक विद्यालय र त्यहाँ कार्यरत शिक्षकहरुले शिक्षा मन्त्रालयबाट पाए सरहको सुविधा माओवादीका जनशिक्षालय र तिनका शिक्षकले पाउने अवस्था सृजना भएको छ ।

प्रावि शिक्षकको तलब खाता पनि निमावि र माविका शिक्षकको जसरी नै सञ्चालन गर्ने सहमति गरिएको छ । अहिले निमावि र माविका शिक्षकको तलब खाता प्रअ र कुनै शिक्षक वा लेखापालको संयुक्त नाममा सञ्चालन हुने गरेको छ भने प्राविमा प्रअ र व्यवस्थापन समितिका अध्यक्षको संयुक्त नाममा शिक्षकको तलब खाता सञ्चालन हुने गरेको छ । तलब निकाल्ने समयमा व्यवस्थापन समितिका अध्यक्षलाई नरिझाएमा वा उसलाई चित्त नबुझेमा चेकमा हस्ताक्षर नगर्ने र शिक्षकले झञ्झट व्यहोर्नुपर्ने हुन्छ । कतिपय स्कूलमा तलब निकाल्ने बेलामा स्कूल अध्यक्षलाई 'भेटी' चढाउनुपर्ने बाध्यतामा समेत प्रअहरू रहने गरेको गुनासो सुनिएको छ । यस्तो बेथिति अन्त्य गर्न निमावि र माविको जसरी नै तलब खाता सञ्चालनको व्यवस्था गर्ने सहमति भएको छ ।

शिक्षा नियमावलीको संशोधन गरेर राहत लगायतका अन्य शिक्षकलाई शिक्षक सेवा आयोगले लिने परीक्षामा संलग्न हुँदा अनुभव वापत अंक प्रदान गर्ने र स्थायीमा भिड्दा उमेरको हद नलाग्ने व्यवस्था गरिने भएको छ । प्रावि द्वितीय (उच्च प्राशि) र निमावि द्वितीयमा शुरू नियुक्ति पाएका शिक्षकलाई क्रमशः निमावि तृतीय र मावि तृतीयमा समायोजन गरिने कुरामा शिक्षा मन्त्रालयका अधिकारीहरू सहमत भएका छन् । महिला प्रअ नियुक्ति गर्दा अतिरिक्त अंकको व्यवस्था नियमावलीमा थपिने सहमति गरिएको छ भने महिला शिक्षक सुत्केरी हुँदा निजामति सरह एकमुष्ट रकमको व्यवस्था गर्ने पनि शिक्षक-सरकार सहमतिको महत्त्वपूर्ण बुँदा छ । निजामती सेवामा महिला कर्मचारीले दुई पटकसम्म सुत्केरी हुँदा प्रतिपटक सुत्केरी खर्चबापत रु.५००० पाउने व्यवस्था छ ।

## प्रअलाई पनि लाभ

शिक्षक सरकार सहमति लागू भएमा देशभरिका सार्वजनिक विद्यालयका करीब ३३ हजार प्रअहरूको पनि प्रअ भत्ता बढ्ने भएको छ। प्रअ भत्ताको मौजुदा व्यवस्थालाई परिवर्तन गरेर प्राविका प्रअको मासिक भत्ता रु.५००, आधारभूत तहमा रु.१०००, माविमा रु.१५०० र उमाविमा रु.२००० कायम हुने उल्लेख छ। अहिले प्राविका प्रअलाई मासिक रु.२००, निमाविलाई रु.३०० र माविलाई रु.५०० उपलब्ध गराइएको छ ।

शिक्षक संस्थासँग सहमति हुनुअघि शिक्षा मन्त्रालयले संशोधन प्रस्ताव गरेको शिक्षा ऐनमा शिक्षासँग सम्बन्धित अरू धेरै कुराहरू पनि परेका छन् । ऐनमा मन्त्रालयले प्रस्ताव गरिसकेका बुँदालाई जस्ताको तस्तै राख्ने र २ चैत २०६८ को सहमतिलाई त्यसमा समावेश गर्ने सहमति भएको छ । शिक्षा मन्त्रालयले शिक्षा ऐनको संशोधन प्रस्तावमा स्कूल संरचनालाई पूर्व प्राथमिकदेखि कक्षा १२ सम्म कायम गर्ने, पनिकाको स्थानमा राष्ट्रिय परीक्षा बोर्ड गठन गर्ने, नयाँ पाठ्यक्रमको ढाँचा तयार गर्ने, स्कूल शिक्षालाई साधारण र व्यावसायिक गरी दुई धारमा लैजाने जस्ता धेरै बुँदाहरू समावेश गरिएको छ । शिक्षा मन्त्रालयका उपसचिव डा. रोजनाथ पाण्डेका अनुसार ऐन संशोधन भएमा शिक्षा क्षेत्रमा ठूलो परिवर्तन आउँछ । शिक्षक सेवा आयोग नियमित खोल्नका निम्ति पनि ऐन संशोधन बाधक बनेको थियो । २०५२ सालदेखि आयोग नखुलेका कारण शिक्षक बन्ने सपना सजाउनेहरूले प्रतिस्पर्धामा भाग लिन पाएका थिएनन् । ऐन संशोधनले हरेक वर्ष आयोग खुल्ने स्थिति बन्ने पनि डा. पाण्डेको अपेक्षा छ ।

रिपोर्ट



# शिक्षाशास्त्रका क्याम्पस स्तरविनाको भीड

**बी.एड. पठनपाठनका निम्ति गाउँगाउँबाट क्याम्पसको माग हुन थाले। आवश्यकताको राम्ररी विश्लेषण नै नगरी त्रिभुवन विश्वविद्यालयले पनि भटाभट सम्बन्धन दिँदै गयो। त्यसरी खुलेका प्रायः क्याम्पसहरूसँग पर्याप्त भौतिक र शैक्षिक पूर्वाधार छैनन्। न त पठनपाठन नै सन्तोषजनक छ। आफूले सम्बन्धन दिएका क्याम्पसको अनुगमन गर्ने सवालमा त्रिवि पनि पूरै असफल देखिन्छ।**

■ **प्रमोद आयाम**

सर्लाहीको हरिपुरस्थित महावीर जनता बहुमुखी क्याम्पसले बी.एड. कक्षा सञ्चालनका निम्ति २०६६ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लियो। पहिलो वर्ष १५ जना विद्यार्थी भर्ना भए। दोस्रो वर्ष नयाँ भर्ना हुने विद्यार्थीको संख्या १३ मा झऱ्यो। यस वर्ष ७ जना मात्र भर्ना भइसकेका छन्। यो क्याम्पसले अंग्रेजी, गणित, नेपाली र जनसंख्या विषय पठनपाठन गर्ने गरी अनुमति पाएको छ तर कुनै पनि विषयमा पर्याप्त विद्यार्थी छैनन्। पहिलो वर्ष जनसंख्या र नेपालीमा क्रमशः ८ र ४ जना विद्यार्थी थिए भने अंग्रेजी र नेपालीमा १-१ जना। जबकि; त्रिविको नियम अनुसार सम्बन्धन लिएको विषयमा कम्तीमा १० जना विद्यार्थी पुग्नै पर्छ। त्यति संख्या नपुगेमा त्यो विषय नै पठनपाठन गर्न पाइँदैन। महावीरमा पठनपाठन शुरू भएयता चारमध्ये कुनै पनि विषयमा १० विद्यार्थी पुगेका छैनन्। क्याम्पसको नतिजा पनि सन्तोषजनक देखिँदैन। २०६७ सालमा पहिलो 'ब्याच'का १५ जनाले परीक्षा दिएकामा जनसंख्यातर्फका दुई विद्यार्थी मात्रै उत्तीर्ण भए।

विद्यार्थीले बुझाउने शुल्कबाट क्याम्पसको १० प्रतिशत खर्च पनि धानिँदैन। ७ जना शिक्षकले तलब नपाएको सात महिना भइसकेको छ। गाविसले दिने बजेटबाट जसोतसो खर्च धानिएको छ। समुदायको 'रहर'मा खोलिएको यो क्याम्पस यतिखेर 'निल्नु न ओकल्नु'को अवस्थामा पुगेको छ। शिक्षक मनोज खनाल भन्छन्, "समुदायको चाहनामा क्याम्पस सञ्चालन त भयो। तर, दिगो बनाउन सकिने/नसकिनेतर्फ ध्यानै पुऱ्याइएनछ।" हरिपुर आसपासका बढीजसो विद्यार्थीहरू मलङ्वा, लालबन्दी र हरिवनका क्याम्पसमा जान्छन्।

विद्यार्थी नभएकै कारण कपिलवस्तुको तौलिहवास्थित सिद्धार्थ कलेजमा यस वर्ष बी.एड. प्रथम वर्षको कक्षा चलेको छैन। कलेजका सहायक प्राचार्य विजय अर्यालका अनुसार, पहिलो वर्ष यहाँ २२ विद्यार्थी भर्ना भएका थिए। गत वर्ष त्यो संख्या १२ मा झऱ्यो। अर्याल भन्छन्, "गत वर्ष विद्यार्थी कम भए पनि जसोतसो थेग्यौं। यस वर्ष त खर्च धान्नै गाह्रो पऱ्यो।"

तौलिहवामै शिक्षाशास्त्र पढाइ हुने अर्को

क्याम्पस पनि छ, कपिलवस्तु बहुमुखी क्याम्पस। सिद्धार्थ र कपिलवस्तु क्याम्पसबीचको दूरी एक किलोमिटरभन्दा बढी छैन। यति छोटो दूरीमा समान विषय पढाउने गरी क्याम्पसलाई सम्बन्धन दिनु त्रिविको लापर्वाहीको पराकाष्ठा देखिन्छ। कपिलवस्तु क्याम्पसका प्रमुख गंगाप्रसाद सिंह भन्छन्, "यति नजिकै अर्को कलेजलाई सम्बन्धन दिनुहुँदैन भनेर हामीले त्रिविलाई धेरै अनुरोध गऱ्यौं। तर, उसले सुन्दै सुनेन।"

बारा, निजगढस्थित गौरीशंकर क्याम्पसमा बी.एड. तहमा विद्यार्थीको भर्ना दर राम्रै देखिन्छ। उक्त तहमा १४३ जना विद्यार्थी अध्ययनरत छन्। तर, एम.एड.(स्वास्थ्य)मा भने विद्यार्थीको संख्या १३ जना मात्रै छ। उता, सर्लाही, क्याम्पस मलङ्गवामा एम.एड.(अंग्रेजी) प्रथम र दोस्रो वर्षमा क्रमश: ७ र ६ जना छन् भने जनसंख्यामा क्रमश: ३ र १८ जना। तर क्याम्पस प्रमुख रामबाबुप्रसाद साह अझै आशावादी छन्; भन्छन्, "परीक्षाको आवेदन भर्ने समयसम्म भर्ना लिइन्छ। त्यतिबेलासम्म विद्यार्थी थपिन सक्छन्।"

## कमजोर पूर्वाधार

नयाँ क्याम्पस सञ्चालन गर्नु त्यति सजिलो छैन। भौतिक पूर्वाधार, दक्ष शिक्षकसँगै आर्थिक स्रोत तथा विद्यार्थी स्रोतको पनि सुनिश्चितता हुनुपर्छ। तर, पर्याप्त तयारी विना नै अस्वस्थ प्रतिस्पर्धा र देखावटी प्रतिष्ठाका आधारमा सम्बन्धन माग्ने परिपाटी हावी हुँदाको परिणामस्वरुप एकातिर गाउँको साधन-स्रोत बर्बाद भइरहेको छ भने अर्कातिर पठन-पाठन र शिक्षाको मर्म। त्रिविले आवश्यकताको विश्लेषण नगरी आफूकहाँ आएका निवेदनलाई आँखा चिम्लेर सदर गरिदिने विगतको अभ्यासले यो बेथिति निम्त्याएको हो।

शिक्षाशास्त्रलाई तुलनात्मक रूपमा सस्तो र 'सजिलो' ठानिने मानसिकता, शिक्षण लाइसेन्सको लागि यही विषयको अनिवार्यता, प्रतिस्पर्धाका नाममा क्याम्पस खोल्ने प्रवृत्ति जस्ता कारणले शिक्षाशास्त्रका क्याम्पस खोल्ने होड चलेको छ। विगतमा उच्चमाध्यमिक शिक्षा परिषद्बाट कक्षा ११ र १२ का निम्ति शिक्षाशास्त्रमै बढी सम्बन्धन बाँडिएका कारण पनि उच्च शिक्षा अध्ययनका निम्ति बी.एड. थप्नुपर्ने दबाब परेको देखिन्छ। साथै, आफ्नो क्षेत्रमा क्याम्पस खोलेर राजनीतिक प्रभाव देखाउन खोज्ने दलीय प्रवृत्ति र क्याम्पस खुलेमा 'पार्ट-टाइम' पढाउन पाइने स्थानीय शिक्षकहरूको स्वार्थले पनि उत्तिकै काम गरेको देखिन्छ।

शहरी क्षेत्रमा व्यवस्थापन र मानविकी संकायका क्याम्पसहरूको संख्या बढी छ भने ग्रामीण क्षेत्रमा शिक्षाशास्त्रको माग छ। पछिल्लो समयमा उमावि सञ्चालन हुँदै आएका विद्यालयमा शिक्षाशास्त्रका क्याम्पस खोल्ने लहर बढी चलेको छ। तर, ती क्याम्पसहरूमा भौतिक तथा शैक्षिक पूर्वाधारका समस्याहरू प्रशस्त भेटिन्छन्। विद्यालयका कक्षामा चलेका धेरैजसो क्याम्पससँग आफ्नो छुट्टै जग्गा र भवन छैन।

क्याम्पस र विद्यालयले एउटै भवन प्रयोग गर्दा अनेकौं व्यावहारिक कठिनाई परेको पाइन्छ। जस्तो कि; चैतको दोस्रो साता एसएलसी परीक्षाको केन्द्र परेका कारण कतिपय क्याम्पसको पठनपाठन हुनसकेको थिएन भने कतिपयमा दिउँसो पठनपाठन चलाइएको थियो। अर्कोतिर, खासगरी तराई क्षेत्रका विद्यालयमा गर्मीयाममा बिहानी कक्षा सञ्चालन गर्ने चलन छ। तर, बिहानी कक्षा क्याम्पसले ओगटेकै कारण विद्यालयका विद्यार्थीलाई गर्मीमा पनि दिउँसै पढ्नुपर्ने बाध्यता छ।

क्याम्पसको सम्बन्धनसँगै त्रिविले राख्ने गरेको शर्त अनुसार पाँच वर्षभित्र आफ्नै भवन बनिसक्नुपर्ने उल्लेख भए पनि त्यो शर्त पूरा गर्न क्याम्पसहरूलाई हम्मेहम्मे परेको देखिन्छ। बाराको डुमरवाना बहुमुखी क्याम्पसले सम्बन्धन पाएकै वर्ष २०६४ सालमा क्याम्पस सञ्चालनार्थ महायज्ञ लगाएको थियो। महायज्ञमा रु.२ करोड ५१ लाख रुपैयाँ बराबरको सहयोगको आश्वासन प्राप्त भए पनि हालसम्म रु.६६ लाख मात्रै उठेको छ। परिणामत: सो क्याम्पसको प्रस्तावित ३० कोठे भवन जगबाट माथि उठ्न सकेको छैन। क्याम्पस प्रमुख राधेश्याम शिवाकोटीका अनुसार, आर्थिक स्रोतकै अभावका कारण शिक्षकको तलब सुविधामा कटौती गरिएको छ। यहाँ ६-७ महिनासम्म तलब बक्यौता रहने गरेको छ।

प्राय: यस्ता क्याम्पसमा व्यवस्थित पुस्तकालय छैनन् र भएका पुस्तकालयमा पनि पर्याप्त पुस्तक देखिँदैनन्। विद्यार्थीलाई अतिरिक्त ज्ञान दिने 'रेफरेन्स' पुस्तकहरू पुस्तकालयमा विरलै भेटिन्छन्। गौरीशंकर क्याम्पसका प्रमुख रामप्रसाद गौतम स्विकार गर्छन्, "क्याम्पस सञ्चालन भएको पाँच वर्ष भयो तर पर्याप्त पुस्तक जोड्न सकिएको छैन। जम्म तीन दराज पुस्तक छन्।" स्वास्थ्य शिक्षा पठनपाठन हुने क्याम्पसहरूमा अभ्यासका निम्ति खेलकुदका मैदान र खेल सामग्रीहरू अपरिहार्य मानिन्छन्, तर त्यस्ता



तस्बीरहरू: प्रमोद आयाम

**छात्राको बाहुल्य: सर्लाही, लालबन्दीस्थित जनज्योति बहुमुखी क्याम्पस र डुमरवाना क्याम्पस, बाराका विद्यार्थीहरू (बायाँ माथि)।**

# सम्बन्धन विना नै पठनपाठन !

**अनुमति नलिए पनि पढेकै छौं:** धादिङ, बेनिघाटस्थित चन्द्रोदय बहुमुखी क्याम्पसका छात्रा ।



**धादिङ,** बैरेनीस्थित नमूना बागेश्वरी क्याम्पसलाई त्रिविले व्यवस्थापन विषय पठनपाठन गर्ने गरी सम्बन्धन दिएको छ। तर, यहाँ बी.एड.को पनि पठनपाठन हुन्छ। बागेश्वरीले सम्बन्धन नै नपाइकन बी.एड. कक्षा सञ्चालन गर्दै आएको छ। बी.एड.को पहिलो 'ब्याच' अहिले तेस्रो वर्ष पुगिसकेको छ। क्याम्पस प्रमुख ध्रुवराज खतिवडा भन्छन्, "बी.एड. चलाउनैपर्ने आवाज स्थानीय स्तरबाट उठ्यो। त्यसैले बाध्यताले सम्बन्धन नपाउँदै पठनपाठन गरिएको हो।" बागेश्वरीको आवेदन फारम चाहिँ गजुरीस्थित आदर्श बहुमुखी क्याम्पसले भरिदिएको छ। त्यसबापत आदर्शले प्रति विद्यार्थी रु.२,५०० लिएको बुझिएको छ।

सम्बन्धन विना नै बी.एड.को कक्षा सञ्चालन गर्नेमा नमूना बागेश्वरी धादिङको एक्लो क्याम्पस भने होइन। खानीखोलाको मछिन्द्र, जीवनपुरको धुनिवेशी, बेनिघाटको जयबागेश्वरी र चन्द्रोदय बहुमुखी क्याम्पसले पनि अनुमति विना बी.एड. कक्षा सञ्चालन गरिरहेका छन्। यीमध्ये चन्द्रोदयले गोरखा शिक्षा क्याम्पसबाट आफ्ना विद्यार्थीको आवेदन भराएको छ भने अन्यको फारम भर्ने 'ठेक्का' उही आदर्श क्याम्पस, गजुरीले लिइदिएको छ। यसरी विना सम्बन्धन कक्षा चलाउनु र अर्को क्याम्पसका विद्यार्थीको आवेदन भरिदिनु दुवै नियम विपरीत हो।

यस्ता उदाहरण कपिलवस्तुमा भनि देखिएका छन्। शिक्षाशास्त्र कार्यक्रमका निम्ति सम्बन्धन मागेको गौतमबुद्ध बहुमुखी क्याम्पस, गोरुसिंगेले पनि बी.एड. पठनपाठन गर्दै आएको छ। त्रिविको अनुगमन समितिले नवलपरासी, रुपन्देही, मकवानपुर, लमजुङ, उदयपुर, सुनसरी र मोरङमा पनि सम्बन्धन विना कक्षा सञ्चालन भएको तथ्य फेला पारेको छ। त्यस्ता क्याम्पसलाई कारबाहीका निम्ति कार्यकारी परिषद्लाई सिफारिश गरेको छ। त्रिवि अनुगमन समितिका सदस्य-सचिव उदयबहादुर सिलवाल भन्छन्, "यी त हामीले थाहा पाएका उदाहरण मात्रै हुन्। सम्बन्धन नपाइकनै कक्षा चलाउने प्रवृत्ति धेरै जिल्लामा छ।"

सामग्री र सुविधा भएका क्याम्पस विरलै भेटिन्छन्। त्रिवि, योजना महाशाखाका प्रमुख प्रा. प्रल्हादराज पन्त भन्छन्, "हाम्रो आकलनमा आधाभन्दा बढी क्याम्पसमा पूर्वाधारको अवस्था कमजोर छ।"

शिक्षाशास्त्र संकाय, परीक्षा शाखाका उपप्राध्यापक विकास श्रेष्ठका अनुसार शिक्षण अभ्यासका क्रममा धेरै लापरवाहीहरू हुने गरेका छन्। विद्यार्थीलाई अभ्यास शिक्षणमा पठाउनुअघि आफ्नै क्याम्पसमा २० पूर्णाङ्कको 'माइक्रो टिचिङ' गर्नुपर्ने हुन्छ। तर, कतिपय क्याम्पसले विद्यार्थीलाई सीधै अभ्यास शिक्षणमा पठाउने गरेको श्रेष्ठ बताउँछन्। विद्यालयमा गरिने अभ्यास शिक्षण पनि प्रभावकारी भएको पाईंदैन। यो समस्या त्रिविकै आङ्गिक क्याम्पसमा पनि भेटिन्छ।

## गुणस्तरको सवाल

त्रिविसँग ६० वटा आङ्गिक र ८२६ वटा सम्बन्धनप्राप्त क्याम्पस छन्। तीमध्ये आङ्गिकतर्फ २५ र सम्बन्धनतर्फका ४१६ वटा क्याम्पसमा शिक्षाशास्त्रको पठनपाठन हुँदै आएको छ। ८८ वटा क्याम्पसमा एम.एड.को पठनपाठन हुन्छ। केही वर्ष यता गाउँगाउँमा शिक्षाशास्त्र पढाउने क्याम्पसहरू खुले। गाउँमै क्याम्पस पढ्न पाइने भएपछि शिक्षाशास्त्रमा विद्यार्थीको संख्या पनि स्वाभाविक रूपमै बढ्दै गयो। तर, क्याम्पसमा हुने पठनपाठनको स्तर चाहिँ निरन्तर खस्कँदै गयो।

शिक्षाशास्त्र आफैंमा प्राविधिक विषय हो। यसको पठनपाठन बढी अभ्यासमुखी हुनुपर्ने हुन्छ। तर, त्रिवि सम्बद्ध क्याम्पसहरूको पढाइ उही व्याख्यान विधिमै केन्द्रित छ। शिक्षण सिकाइ विधिका विषयमा शिक्षक-विद्यार्थीहरूबीच अन्तरक्रिया चलेको देख्न मुश्कील पर्छ। जनज्योति बहुमुखी क्याम्पस, लालबन्दीका बी.एड. तेस्रो वर्षका विद्यार्थी उमेश देवकोटा भन्छन्, "प्रयोगात्मक अभ्यास त हुँदैन। सैद्धान्तिक र घोकन्ते पढाइ नै हो।"

शिक्षाशास्त्र क्याम्पस भनेका भविष्यका शिक्षक उत्पादन गर्ने प्राज्ञिक थलो हुन्। तिनै क्याम्पसको पठनपाठन विषय अनुरुप छैन भने त्यसबाट गतिला शिक्षक उत्पादन हुने अपेक्षा गर्न सकिँदैन। शिक्षाशास्त्रको नतिजाको स्तर पनि सन्तोषजनक देखिँदैन। विश्वविद्यालय अनुदान आयोगको आँकडा अनुसार, २०६६ र २०६७ मा बी.एड.को नियमिततर्फको उत्तीर्ण दर क्रमश: ३६.३४ र २९.२७ प्रतिशत छ। यस्तै, एम.एड.तर्फ २०६५ र २०६६ को उत्तीर्ण दर क्रमश: २९.६७ र २५.७७ प्रतिशत छ।

## थपिँदैछन् क्याम्पस

हचुवाका भरमा शिक्षा क्याम्पसको सम्बन्धन बाँडेको भनी धेरै आलोचना भएपछि त्रिवि, शिक्षाशास्त्र सङ्कायले २०६३ सालपछि केही साल सम्बन्धन रोक्ने नीति बनायो। तर, यसको लगत्तै सम्बन्धन खोल्नका निम्ति यति धेरै राजनीतिक दबाब पऱ्यो कि जसलाई थेग्न सङ्कायले सक्दै सकेन। शिक्षाशास्त्रका डीन प्रा. डा. प्रकाशमान श्रेष्ठ भन्छन्, "२०६४ सालमा यस सङ्कायमा डीन भएर आएपछि मैले सम्बन्धन रोक्न निकै प्रयास गरें। तर, सकिएन।" त्रिविले २०६५ सालमा सम्बन्धनका निम्ति नयाँ आवेदन माग्यो। त्यो साल ८६ वटा नयाँ शिक्षा क्याम्पस थपिए। त्यसको दुई वर्ष नपुग्दै २०६७ फागुनमा फेरि अर्को आवेदन खुल्यो। त्यसमा ४५१ वटा आवेदन परेको त्रिविले जनाएको छ। तीमध्ये ५१ वटामा थप विषय मागिएको छ भने बाँकी आवेदन नयाँ क्याम्पस र शिक्षाशास्त्र कार्यक्रम संचालनका लागि छन्।

सबैभन्दा बढी काठमाडौं जिल्लाबाट २२ र धनुषाबाट १७ वटा क्याम्पसको आवेदन परेको छ। यस्तै, सुनसरीबाट १४, मोरङ र रौतहटबाट १३-१३ तथा दाङ, रुपन्देही र नुवाकोटबाट १२-१२ वटा क्याम्पसका निम्ति आवेदन परेका छन्। आवेदनको सूची हेर्दा लाग्छ, आवश्यकता भन्दा पनि लहडका भरमा क्याम्पस मागिएका छन्। नत्र रौतहटबाट नयाँ

क्याम्पसको लागि मात्रै ८ वटा आवेदन पर्नुको औचित्य देखिँदैन। धादिङको बैरेनीस्थित नमूना बागेश्वरी र धादिङ बहुमुखी क्याम्पसबीचको दूरी तीन किलोमिटरको हाराहारीमा छ । मछिन्द्र बहुमुखी क्याम्पस, खानीखोला र धुनिवेशी बहुमुखी क्याम्पस, जीवनपुर पनि नजिकैका क्याम्पस हुन्। यी सबैले बी.एड.का निम्ति सम्बन्धन मागेका छन्, जसलाई अस्वस्थ प्रतिस्पर्धा र लहडको नमूना बाहेक अरू मान्न मिल्दैन । शुरूमा एक ठाउँमा मात्रै क्याम्पस चलाउनेबारे छलफल भए पनि आफ्नै गाउँमा क्याम्पस चलाउने स्थानीयको अडानका कारण दुवैले सम्बन्धन मागेका हुन् ।

एउटै गाविसभित्र दुई र एउटै नगरपालिकाबाट तीनभन्दा बढी क्याम्पसले शिक्षाशास्त्रको सम्बन्धन मागेको उदाहरण पनि भेटिएका छन् । घोराही-११ बाट मात्रै दुई वटा नयाँ क्याम्पसको आवेदन परेको छ। घोराहीबाटै अरू दुई क्याम्पसले बी.एड. कार्यक्रम थपका निम्ति सम्बन्धन मागेका छन्। शिक्षाशास्त्रको सम्बन्धन माग्ने होडमा त्रिविकै आङ्गिक क्याम्पस समेत अग्रसर हुन थालेका छन्। जस्तो, महेन्द्र मोरङ क्याम्पस, विराटनगर, महेन्द्र बहुमुखी क्याम्पस, धरान र वीरेन्द्र क्याम्पस, भरतपुरले तीनवर्षे बी.एड.को सम्बन्धन मागेका छन् । शिक्षाशास्त्र सङ्काय, विद्या परिषद्को सिफारिशमा त्रिवि कार्यकारी परिषद्ले सम्बन्धनबारे निर्णय गर्छ ।

सम्बन्धनका निम्ति आवेदन दिएका क्याम्पसहरूको सम्भाव्यता अध्ययन गर्ने क्रम जारी छ भने अध्ययन पूरा भएका क्याम्पसबारे विद्या परिषद्मा छलफल चलिरहेको छ । डीन कार्यालयका पदाधिकारीहरूको भनाइमा सम्बन्धन दिनका निम्ति राजनीतिक तह र क्याम्पसहरूबाट तीव्र दबाव परिरहेको छ । राजनीतिक तहमा सभासद्हरूको दबाब बढी छ । तर, यसपटक विगतको जस्तो दबाबमा परेर सम्बन्धन नदिइने बताउँछन्, शिक्षाशास्त्रका डीन डा. श्रेष्ठ । भन्छन्,



**विद्यार्थीको खडेरी:** महावीर जनता क्याम्पस हरिपुर, सर्लाहीका शिक्षक र छात्रा ।

"यो वर्ष सम्बन्धनलाई नियन्त्रण गरिनेछ । क्याम्पसको औचित्य, आवश्यकता र पर्याप्त विद्यार्थी संख्याको सुनिश्चितता नभई सम्बन्धन दिइने छैन ।"

## फितलो अनुगमन

विगतमा सम्बन्धन बाँड्ने सवालमा त्रिविबाट धेरै कमजोरी भएका देखिन्छन् । बी.एड.को सम्बन्धन दिँदा परस्पर नजिकका क्याम्पसमा फरक-फरक संकाय र विषयका निम्ति अनुमति दिन सकिन्थ्यो । त्यो सवालमा त्रिविका संकायहरूबीच अन्तर समन्वय नपुगेको पनि देखिन्छ ।

मुख्य कुरा त्रिविको अनुगमन संयन्त्र साह्रै कमजोर छ । सम्बन्धनप्राप्त क्याम्पसहरूको अनुगमन छँदै छैन भन्दा पनि हुन्छ । क्याम्पसका वार्षिकोत्सव वा अन्य समारोहका सन्दर्भ र बाटो पर्दा पस्ने बाहेक नियमित अनुगमन हुने गरेको छैन। क्याम्पसको भौतिक अवस्था कस्तो छ ? पठनपाठन कस्तो छ ? कस्ता शिक्षकले पढाइरहेका छन्? क्याम्पसको नतिजा कस्तो छ? क्याम्पसले त्रिविका शर्तहरू पालना गरेका छन कि छैनन् ? भन्नेतर्फ अनुगमन र मूल्याङ्कन भएको छैन । त्रिवि अनुगमन समितिका पदाधिकारीहरूका भनाइमा बजेट अभावकै कारण त्यसरी अनुगमन गर्न नसकिएको हो । समितिका सदस्य-सचिव उदयबहादुर सिलवाल भन्छन्, "सबै क्याम्पसको अनुगमन गर्ने हो भने वार्षिक रु.३६ लाख आवश्यक पर्छ । हामीसँग त्यति रकम छैन ।"

त्रिविको नियम अनुसार सम्बन्धनप्राप्त क्याम्पसले भर्ना भएका र परीक्षा उत्तीर्ण गरेका विद्यार्थी, विषय शिक्षक, वार्षिक प्रगति विवरण योजना महाशाखामा पठाउनुपर्छ । तर, बहुसंख्यक क्याम्पसहरूले यस्तो विवरण त्रिविमा बुझाएको पाईंदैन । न त त्रिविले नै त्यसनिम्ति ताकेता गर्ने गरेको छ । परीक्षा नियन्त्रण कार्यालयसँग हरेक क्याम्पसको वार्षिक परीक्षा फेहरिस्त हुन्छ । कुन क्याम्पसबाट कतिले आवेदन दिए, कति जना परीक्षामा सामेल भए र कति प्रतिशत उत्तीर्ण भए भन्ने लेखाजोखा त्यसमा गरिएको हुन्छ । त्यसरी पछिल्ला २-३ वर्ष नतिजो तुलनात्मक विश्लेषण गर्ने हो भने पनि क्याम्पसको मोटामोटी शैक्षिक स्तरको आकलन गर्न सकिन्छ । तर त्यति गर्ने जाँगर पनि शिक्षाशास्त्र संकायले देखाएको छैन । डीन डा. श्रेष्ठ भन्छन्, "त्यसरी नतिजा विश्लेषण चाहिँ अहिलेसम्म गरिएको छैन ।"

त्रिविले २०३७ सालदेखि निजी क्याम्पसलाई सम्बन्धन दिन थाले पनि हालसम्म कुनैलाई पनि स्थायी सम्बन्धन दिइएको छैन। भौतिक तथा शैक्षिक पूर्वाधारले सम्पन्न भएका क्याम्पसलाई स्थायी सम्बन्धन र कमजोर अवस्था भएकालाई सुध्रिने मौका दिई नसुध्रिए सम्बन्धन नै खारेज गर्ने प्रक्रियामा लैजानुपर्ने हो। तर त्यतातिर त्रिविको ध्यानसम्म गएको पाईंदैन ।

व्यवस्थापन र मानविकीको तुलनामा शिक्षाशास्त्र संकायमा विद्यार्थीको संख्या त्यसै पनि बढी छ । क्याम्पस थपिँदै जाँदा विद्यार्थीको संख्या अरू बढ्ने निश्चित छ । विद्यार्थी संख्या बढ्दै जाने र क्याम्पसमा गुणस्तरीय पठनपाठन नहुने यस्तै बेथिति रहिरह्यो भने शिक्षाशास्त्र क्याम्पसहरू अदक्ष र कमजोर जनशक्ति उत्पादन गर्ने कारखानाका रूपमा परिणत हुनेछन् । त्यस्ता जनशक्तिबाट भविष्यमा गुणस्तरीय शिक्षणको अपेक्षा पनि गर्न सकिँदैन। अतः नयाँ क्याम्पसको सम्बन्धनलाई जतिसक्दो नियन्त्रण गर्ने र मौजुदा क्याम्पसहरूको अनुगमन संयन्त्रलाई चुस्त तुल्याएर तिनमा प्रभावकारी पठनपाठन सुनिश्चित गर्नुको विकल्प अब त्रिविसँग देखिँदैन ।

साथमा **मुकेश पोखरेल**, कपिलवस्तु

**तालिका-१ बी.एड.(नियमित)तर्फ विद्यार्थी उत्तीर्ण दर, त्रिवि**

| साल | परीक्षार्थी | उत्तीर्ण संख्या | उत्तीर्ण % |
|---|---|---|---|
| २०६५ | ७६,०१३ | २८,२७१ | ३७.१९ |
| २०६६ | १,०४,२०८ | ३७,८७२ | ३६.३४ |
| २०६७ | १,२३,८७९ | ३६,२६४ | २९.२७ |

**तालिका-२ एम.एड.(नियमित)तर्फ विद्यार्थी उत्तीर्ण दर, त्रिवि**

| साल | परीक्षार्थी | उत्तीर्ण संख्या | उत्तीर्ण % |
|---|---|---|---|
| २०६५ | १३,३९४ | ३,९७५ | २९.६७ |
| २०६६ | १८,४५२ | ४,७५६ | २५.७७ |

*स्रोत: विश्वविद्यालय अनुदान आयोग*

# नयाँ वर्षका नयाँ तयारी



**हरेक वर्षको वैशाख महिना विद्यालयको नयाँ शैक्षिक सत्रको पहिलो महिना हो। नयाँ शैक्षिक सत्रलाई विद्यालयले कसरी शुरु गर्नुपर्ला ? यसको साझा जवाफ पाउन कठिन छ। तर जाँगरिला र शैक्षिक स्तर चम्काउन चाहने शिक्षक तथा स्कूलहरूले भने फरक फरक तरिकाले नयाँ शैक्षिक सत्रको शुरुआत गर्दैछन्।**

■ सुदर्शन घिमिरे

काभ्रेको खनालथोकस्थित नवीन प्राविले छोटो अवधिमा कायापलट भएर देशकै गतिलो सार्वजनिक स्कूलको रूपमा ख्याति कमाइसकेको छ। सामान्य स्कूललाई चकिरुकाउ बनाएर पनि यस स्कूलका प्रधानाध्यापक अर्जुन खनालले शान्तिको सास फेरेका छैनन्। आफ्नो स्कूललाई नयाँ उचाइमा पुऱ्याउने दृढ अठोटका साथ खनाल र उनको टीम यतिखेर आउँदो शैक्षिक सत्रमा नयाँ काम के गर्ने भन्ने तयारीमा जुटेको छ। उनी भन्छन्, "खेल र गीतको माध्यमबाट बच्चाहरूले छिटो, प्रभावकारी र रोचक तरीकाले सिक्दारहेछन्। त्यसैले हामी विषयवस्तुलाई सकेसम्म गीत र खेलमा ढाल्ने तयारीमा छौं।"

नवीन प्राविले विगत केही वर्षदेखि विद्यार्थीलाई नै शैक्षिक सामग्रीको निर्माणमा संलग्न गराउँदै आएको छ। विद्यार्थी निर्मित सामग्रीका लागि यो विद्यालय देशकै अग्रणी स्कूलमा पर्छ। त्यसो गर्दा 'एक काम दुई पन्थ' भएको अनुभव विद्यालयले गरेको छ। "बालबालिकासित धेरै ऊर्जा हुन्छ। उनीहरू केही सृजना गर्न इच्छुक हुन्छन्। त्यसैले तिनलाई नयाँ सृजनामा अभिप्रेरित गर्न खोजिएको हो।" प्रअ अर्जुन खनाल भन्छन्, "विद्यार्थी आफैंले शैक्षिक सामग्री बनाउँदा व्यावहारिक ज्ञान पनि हासिल गर्दछन् र उनीहरूमा सीप र दक्षताको विकास पनि हुन्छ।" शिक्षाका सिद्धान्त र दर्शनबाट नभई कसरी विद्यार्थीलाई प्रभावकारी तरीकाले सिकाउने भन्ने कुरामा घोत्लिँदा आफ्नै परिवेशबाट उत्पन्न यो सोच आफैंमा व्यावहारिक र सृजनात्मक लाग्छ, जसले बालबालिकालाई सही मानेमा अर्थपूर्ण सिकाइ प्रक्रियामा स्वतः सक्रिय सहभागी गराउँछ।

उक्त स्कूलले अर्को एउटा महत्त्वपूर्ण काम पनि थालिसकेको छ। त्यो हो, विद्यार्थीलाई खेलको माध्यमले सिकाउने। प्रअ खनालका अनुसार, स्थानीयस्तरमा खेलिएका र नयाँ खेलसहित करीब ५० वटा खेल बालबालिकालाई खेलाउने गरिएको छ। यसले बालबालिकामा समन्वय, सहकार्य र सृजनात्मक तरीकाले सोच्ने क्षमताको विकास गराउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

केटाकेटीहरूको लागि राम्रो पुस्तकालय र कम्प्युटर ल्याबको व्यवस्था गरिसकेको छ, नवीन प्राविले। जहाँ उनीहरूले के के कुरा सिके भन्ने कुराको आवधिक मूल्याङ्कन हुन्छ। "हामी नानीहरूलाई तिमीहरूले पुस्तकालयमा के पुस्तक पढ्यौ, के सिक्यौ, के राम्रो लाग्यो, के मन परेन भनेर सोध्छौं" खनालले भने। यसो गर्दा विद्यार्थीसित शिक्षकको अन्तरक्रिया मात्र हुँदैन, विद्यार्थी के सिकिरहेको छ, के अनुभूति गरिरहेको छ भन्ने कुरा पनि शिक्षकलाई ज्ञान हुन्छ। यही अनुभवको आधारमा स्कूलले खेलविधि र गीतलाई सिकाइ प्रक्रियामा विशेष रूपमा सामेल गर्न खोजेको छ नयाँ शैक्षिक सत्रमा। "हामीलाई विश्वास छ, यो वर्षको प्रयोग र परीक्षणमा हामी खरो उत्रने छौं र विद्यार्थीहरूको सिकाइ स्तर पहिलेभन्दा माथि उक्लिनेछ", खनालले थपे।

काठमाडौंको बानेश्वरस्थित रत्नराज्य उच्च माविले नयाँ शैक्षिक सत्रमा गर्ने तीन वटा नयाँ कामको सूची तयार पारेको छ। पहिलो; विद्यार्थीलाई केही राम्रा निजी स्कूलको 'भिजिट' गराउने। दोस्रो, माथिल्लो कक्षामा पढाउने शिक्षकलाई तल्लो कक्षामा कम्तीमा एक घण्टी पढाउन लगाउने। तेस्रो, आफूलाई सुम्पिइएको बाहेक फुर्सदमा खाली कक्षा लिने शिक्षकलाई थप 'इन्सेन्टिभ' को व्यवस्था गर्ने।

मिर्मी निमावि, स्याङ्जाका बालबालिका कम्प्युटर अभ्यासमा । धेरै सार्वजनिक स्कूलहरू यस्तै तयारी थाल्दैछन् ।



यही नै किन त ? प्राचार्य गीता खरेलको जवाफ छ, "निजी स्कूल कति सफा सुग्घर छन्, विद्यार्थीहरू कति अनुशासित छन्, के कति शैक्षिक सामग्री प्रयोग गरिएको छ भन्ने कुरा हाम्रा विद्यार्थीले पनि थाहा पाउन् र त्यसबाट सिकून् भन्ने हाम्रो सोच हो ।" माथिल्लो कक्षामा पढाउने गणित, अंग्रेजी, विज्ञान शिक्षक तल्लो कक्षामा झरेर मोडेल कक्षा लिइदिए भने विद्यार्थी र प्राथमिक शिक्षक दुवैलाई लाभ हुने गीताको अनुमान छ ।

नयाँ भवन निर्माणको काममा जुटिरहेको रत्नराज्य उमाविको मुख्य चुनौती चाहिँ गतिलो शैक्षिक वातावरण बनाउन नसक्नु नै हो । यहाँ पढ्न आउनेमध्ये अर्काको घरमा काम गरी बसेका बालबालिकाको संख्या बढी छ । तीमध्ये धेरैले आफू बसेको घर मालिकको उचित माया र पढ्ने वातावरण पाउन सकेका छैनन् । "उनीहरूमा रहेको हीन भावना हटाउन, अरू स्कूलसित हाम्रो स्कूलको वातावरणको तुलनात्मक अध्ययन गर्न लगाई हामी पनि कम छैनौं है ! भन्ने महसुस गराउन निजी स्कूल भ्रमणको कार्यक्रम राखिएको हो", प्राचार्य गीता खरेल भन्छिन् ।

झापाको दमकस्थित हिमालय उच्च माविका प्राचार्य विदुर खतिवडालाई नयाँ शैक्षिक सत्रको तयारीले थिचेको छ । उनी आउँदो वैशाखदेखि स्कूलमा साना नानीहरूका लागि मन्टेसरी पद्धतिमा कक्षा सञ्चालन गर्ने तयारीमा छन् । यो योजनालाई सफलीभूत बनाउन खतिवडा र उनको टीम अहोरात्र खटिइरहेका छन् । यसका लागि एक जना सहयोगी कार्यकर्तालाई काठमाडौं पठाएर एकमहिने तालीम समेत दिलाइसकिएको छ भने रु.४ लाखको शैक्षिक सामग्रीहरू खरीद गरिसकिएको छ । चार वर्षदेखि अंग्रेजी माध्यममा अध्यापन शुरू गरिएको यस स्कूलमा पहिलेको तुलनामा शैक्षिक वातावरणमा महत्त्वपूर्ण सुधार आएको छ । यही सुधारबाट उत्साहित भएर खतिवडा बालबालिकाको समग्र विकास र शिक्षाको जग मानिएको पूर्वप्राथमिक तहलाई मन्टेसरी पद्धतिमा ढाल्न अग्रसर भएका छन् । उनी थप्छन्, "शिक्षाको जग तलैदेखि राम्रोसित बसाउन आवश्यक रहेछ ।"

हिमालय उमाविमा अंग्रेजी माध्यमबाट पढाइ शुरू भएको चार वर्ष पुग्यो । कक्षा १ बाट शुरू गरिएको अंग्रेजी माध्यम ४ कक्षासम्म पुगिसकेको छ । तर जग जति बलियो भयो, माथिल्ला कक्षाहरूमा विद्यार्थीको पढाइ उति नै राम्रो हुने देखेर स्कूलले पूर्व प्राथमिक तहमा मन्टेसरी पद्धतिमा आधारित रहेर शिक्षण शुरू गर्न लागेको हो । एसएलसीलाई लक्षित गरेर स्कूलले कक्षा १० का विद्यार्थीलाई बिहानीको समयमा स्कूलमै पढ्ने व्यवस्था मिलाएको छ । "घर हुँदा पढाइमा भन्दा घरायसी काममा विद्यार्थीहरू व्यस्त हुने भएकाले हामीले अब दिवाकालीन छात्रावास कार्यक्रम ल्याउने तयारी गरेका हौं", खतिवडा भन्छन् ।

झापाकै भारतीय सीमावर्ती गाउँमा रहेको जनता बाल विकास प्रावि, खजुरगाछीले पनि आफूलाई बदल्ने प्रक्रिया आरम्भ गरिसकेको छ । समुदायको विद्यालयप्रतिको चासो घट्दै जानु र विद्यार्थीको अनियमित उपस्थितिले शिक्षकहरूलाई अध्यापनको शैली परिवर्तन गर्न बाध्य पारेको प्रधानाध्यापक कुमार भण्डारी बताउँछन् । उनका अनुसार गत शैक्षिक वर्षको सुरुआतदेखि नै कक्षाकोठामा जाँदा अनिवार्य रूपमा शैक्षिक सामग्री लिएर जानुपर्ने नियम बनाइएको छ । शैक्षिक सामग्री किन्दा महँगो हुने भएपछि शिक्षक र अभिभावक मिलेर आफैं यस्ता सामग्री निर्माण गर्न थालेका छन् । 'शैक्षिक सामग्री यस्तो कडी रहेछ जसलाई विद्यार्थीलाई खेलाउँदै सिकाउन सकिने । न त विद्यार्थीलाई पढ्न बोझ जस्तो हुने न शिक्षकलाई पढाए जस्तो लाग्ने ।' उनीहरूको शैक्षिक सामग्रीको प्रयोगको एकवर्षे अनुभवले यही भन्छ । यो विद्यालयलाई अंग्रेजी माध्यम र बालमैत्री विद्यालयको रूपमा विकास गर्न लागिएको छ । "विद्यार्थी नभएर हरेक वर्ष कैयौं सामुदायिक विद्यालय बन्द भइरहेको खबर तपाईंहरूले लेख्नै आउनुभएको छ ।" प्रअ भण्डारीले *शिक्षक* सँग दाबी गरे, "अब जनता बालज्योति प्राथमिक विद्यालयमा राम्रो पढाइ भएकोले निजी स्कूल बन्द भएको खबर लेख्नुहुनेछ ।"

सामुदायिकतर्फ धेरै पटक राष्ट्रिय पुरस्कार विजेता बनिसकेको काठमाडौंको बलम्बुस्थित बलम्बु माविले आउँदो शैक्षिक सत्रमा वर्ष चार वटा नयाँ काम शुरू गर्ने भएको छ । साना कक्षाहरूमा कक्षाकोठैपिच्छे सानो पुस्तकालय (बुक कर्नर) राख्ने, कक्षा ५ देखि ७ सम्म कम्प्युटरको विशेष तालीम, कक्षा ४ देखि १० सम्मका विद्यार्थीका लागि पुस्तकालयको प्रयोग र सिकाइमा सूचना तथा सञ्चारप्रविधिको प्रयोग । प्रअ सुमन राउत भन्छन्, "राष्ट्रिय पुरस्कार पायौं भन्दै हामी सन्तुष्ट भएर बस्ने अवस्था छैन । स्कूलको स्तरोन्नतिका लागि थुप्रै काम गर्न बाँकी छ ।"

एसएलसीको नतीजामा आधारित रहेर हेर्दा काठमाडौंको बलम्बु मावि देशकै उत्कृष्ट

सरकारी स्कूलमा पर्छ। एसएलसीको नतीजा र समुदायको चाहनालाई सम्बोधन गर्न सो स्कूलले तल्लो कक्षाबाट अंग्रेजी माध्यममा पढाइ शुरू गरेको थियो, जुन क्रमशः माथिल्लो कक्षामा विस्तार भइसकेको छ। तुलनात्मक रूपमा भौतिक पूर्वाधार कमजोर रहेको यो स्कूलले अब आफूलाई अरु नयाँ उचाइमा पुऱ्याउने सोचका साथ तल्लो कक्षामा कक्षागत पुस्तकालय र माथिल्लो कक्षामा पुस्तकालय प्रयोगको बानीको विकास गराउने लक्ष्य राखेको छ, नयाँ शैक्षिक सत्रमा। "तल्लो कक्षामा एक वर्ष प्रयोग गरेर हेरौं। त्यो अनुभव सुखद् रह्यो भने क्रमशः सबै कक्षामा कक्षागत पुस्तकालयको व्यवस्था गर्छौं", प्रअ राउत भन्छन्, "अब तल्लो कक्षाका विद्यार्थीहरूलाई अंग्रेजी उच्चारण गर्न सक्षम बनाउन सीडीको प्रयोग गर्ने सोच बनाएका छौं।" उनी यसपालि कक्षा ४ देखि ८ सम्म कम्प्युटरको प्रयोग बारे तालीम दिने र विस्तारै सूचनाप्रविधिलाई कक्षामा छिराउँदै जाने आफ्नो सोच रहेको सुनाउँछन्।




विक्रम राई

**गरे के हुन्न र! ललितपुरको ऊम्सिखेलस्थित आइडियल मोडेल स्कूलले काम नलाग्ने कागज र फालिएका अरू सामग्रीको प्रयोग गरी 'ड्रागन' देखि आदिम मानवसम्मका आकृति सिर्जना गरेको छ।**

ललितपुरको जावलाखेल र ऊम्सिखेलको बीचमा रहेको आइडिया मोडल (निजी) स्कूलले पनि यस वर्ष नयाँ 'थिम' मा काम गर्ने योजना बनाएको छ। जस अनुसार यो स्कूलले नयाँ वर्षमा कक्षा सुपरीवेक्षण र पृष्ठपोषणलाई विशेष तरीकाले सुधार गर्ने लक्ष्य राखेको छ। प्रअ विराज क्षेत्री भन्छन्, "हामी हरेक वर्ष एउटा विषयमा केन्द्रित भएर काम गर्छौं। पोहोर हामीले सूचना तथा सञ्चारप्रविधिलाई पाठयोजनामा जोड्ने कुरालाई केन्द्रमा राखेर काम गऱ्यौं भने अब सुपरीवेक्षणको स्तर उकास्ने योजनामा छौं।" एक पटकमा एउटा 'थिम' मा काम केन्द्रित गरिँदा त्यो विषयमा राम्रोसित काम सम्पन्न हुने भएकाले आउँदा वर्षहरूमा त्यो स्तरलाई धान्ने प्रयास गरिने क्षेत्रीको कथन छ।

उक्त स्कूलले गत वर्ष एउटा नयाँ सोच प्रयोग गऱ्यो। त्यो हो, काम नलाग्ने भनी

# पोखरामा के हुँदैछ ?

**बालमन्दिर मावि,** नदीपुर

- शिक्षा कार्यालयको रु.२४ लाख सहयोगमा चारकोठे नयाँ भवन बनाउने।
- २० वटा कम्प्युटर रहेकोमा ३० पुऱ्याउने।
- विद्यालयको सम्पूर्ण लेखालाई कम्प्युटर प्रणालीमा आवद्ध गर्ने।
- हालसम्म ६ देखि ९ कक्षासम्म कम्प्युटर शिक्षा पढाइ हुँदै आएकोमा १० कक्षासम्म पुऱ्याउने।
- शिक्षक, विद्यार्थी र कर्मचारीको अनुशासनमा थप ध्यान दिइने। यसका लागि जुनियर लेबलमा शिक्षकलाई इन्चार्ज तोकिने र एउटा अनुशासन हेर्ने छुट्टै कमिटी गठन गर्ने।
- मनोरञ्जनात्मक, विभिन्न खेल विधिबाट शिक्षण तथा सिकाइ।
- शिक्षकलाई थप तालीम।
- नर्सरी एलकेजीका विद्यार्थीलाई मन्टेसरी शिक्षा।
- विद्यालयमा रहेका बाल क्लबलाई सक्रिय बनाई उपयोगी कार्यमा लगाउने र विद्यालयको वातावरण शान्त र शैक्षिकमय बनाउने।

**शिशुकल्याण निमावि,** भरतपोखरी

- अबदेखि ८ कक्षाको पढाइ संचालन गर्ने
- ४ देखि ८ कक्षासम्म कम्प्युटर कक्षा संचालन गर्ने।
- हाल ५ कम्प्युटर रहेकोमा ५ वटा थप्ने।
- अंग्रेजी माध्यलाई कक्षा ३ सम्म विस्तार गर्ने।
- निमाविमा विज्ञान र कम्प्युटर शिक्षकको व्यवस्था गर्ने।
- बालकेन्द्रित शिक्षण सिकाइलाई प्रभावकारी र व्यावहारिक बनाउन शैक्षिक सामग्रीको प्रयोग गरी सबै कक्षामा सिकाइ उपलब्धि ८५ प्रतिशत पुऱ्याउने।
- शिक्षक-विद्यार्थीका पोशाकमा एकरुपता ल्याउने।
- विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ तथा अभिभावकद्वारा विद्यालयको नियमित अनुगमन गर्ने र दैनिक पद्धतिलाई निरन्तरता दिई थप प्रभावकारी बनाउने।
- हाल ४ हजार पुस्तक रहेको पुस्तकालयमा पुस्तकको संख्या पाँच हजार पुऱ्याउने। पुस्तकालयमा सहजीकरणको लागि छुट्टै शिक्षकको व्यवस्था गर्ने।

**मदरल्याण्ड उच्चमावि,** मासवार

- शिक्षण पद्धतिमा परिवर्तन गरी बालमैत्री बनाउने मुख्य योजना छ। शिक्षक, कर्मचारी तथा अभिभावकलाई सक्रिय तुल्याइनेछ। सबै कक्षमा अभिभावक भेला गरी विद्यालयमा ल्याउन लागिएको नयाँ शिक्षण पद्धतिबारे जानकारी गराइनेछ।
- बालअधिकारबारे बालबालिका र अभिभावक दुवैलाई जानकारी गराउने। विद्यार्थीको उमेर अनुसार सिकाइ उपलब्धिको बारेमा विशेष पद्धति अपनाइनेछ।
- अतिरिक्त क्रियाकलापका लागि दुई वटा हल थप्ने योजना छ।
- विद्यार्थीमा खराब बानीव्यहोरा वा सिक्न नचाहने प्रवृत्ति देखिएमा त्यस्ता विद्यार्थीलाई परामर्श दिने र बानीव्यहोरा सुधारका लागि विभिन्न कार्यक्रमहरू लागू गरिनेछ। 📖

प्रस्तुतिः **एलपी शर्मा,** पोखरा

# चितवनः गुणस्तर उकास्ने योजना

**चितवनभरिका** मावि र उच्च माविका प्रअहरूलाई जिल्ला शिक्षा कार्यालयले यही चैत २२ गते भरतपुरमा भेला गराएको थियो। सिकाइमा सूचना तथा सञ्चारप्रविधिको उपयोगबारे छलफल गर्ने त्यो भेलाको उद्देश्य थियो। त्यहाँ पुगेको *शिक्षक* प्रतिनिधिले सबै प्रअहरूलाई एउटै जिज्ञासा राख्यो, आउँदो शैक्षिक सत्रमा स्कूलले दिने शिक्षाको गुणस्तर उकास्न नयाँ काम के गर्दै हुनुहुन्छ ? करीब एक सयमध्ये केही दर्जनको जवाफ थियो- तल्लो तहदेखि नै पठनपाठनको माध्यम अंग्रेजी बनाउने। निजी स्कूलको आकर्षणको मुख्य कारकतत्व ठानिएको अंग्रेजी माध्यमलाई अपनाएर आफूलाई सान्दर्भिक बनाउने योजनामा धेरै शिक्षकहरू रहेको पाइयो।

त्यस्तै, चितवनका धेरै स्कूलहरूले कम्प्युटर शिक्षा दिने योजना बनाएका छन्। केहीले परियोजना कार्य त केहीले अतिरिक्त क्रियाकलापको समय र दिन बढाउने सोच बनाएका छन्। अरू केहीले खाली घण्टीमा पढ्ने र लेख्ने बानीको विकास गराउने, खोजमूलक शिक्षण विधिको प्रयोग गर्ने योजना बनाएका छन्।

**प्रस्तुत छ, प्रतिनिधि-प्रअहरूको नयाँ सोच र योजनाः**

कम्प्युटर र मल्टिमिडिया प्रोजेक्टरको मद्दतबाट प्रदर्शन र डिस्कभरी मेथडको प्रयोग गर्ने।

**मासफ अहमद खाँ**
**आदिकवि भानुभक्त उमावि बसपार्क, नारायणगढ**

प्रत्येक कक्षामा विद्यार्थी केन्द्रित शिक्षण पद्धतिमा आधारित रहेर 'टीम टिचिङ' गर्ने। प्रत्येक विषयको शिक्षण 'एबीसी मेथड'बाट गर्ने।

**सिद्धराज लेखक, वीरेन्द्र आदर्श उमावि, वीरेन्द्रनगर**

स्थानीयस्तरमा उपलब्ध हुने वस्तुबाट अधिकतम मात्रामा शैक्षिक सामग्री बनाउने र प्रयोग गर्ने।

**होमनाथ शर्मा, भीमोदय उमावि, पदमपुर**

नजिकका प्रावि निमावि र हाम्रो स्कूलको शैक्षिक स्तर उस्तै हुनसके मात्र विद्यालयको पठनपाठन राम्रो बनाउन सहज हुने महसुस गरिएको छ। त्यसैले नयाँ शैक्षिक सत्रको प्रारम्भमै आफ्नो र फिडर स्कूलका शिक्षकहरूबीच स्कूल सुधारको विषयमा तीनदिने अन्तरक्रिया गर्ने।

**चुडामणि तिवारी, माडी मावि, बसन्तपुर**

यस वर्ष विद्यालयमा इन्टरनेट जोड्ने। तल्लो कक्षामा शिक्षण माध्यमको रूपमा कम्प्युटर र श्रव्यदृश्य प्रविधिको उपयोग गर्ने।

**रामकृष्ण कोल, गैव मावि**

विद्यार्थीलाई सिक्ने जाँगर र रुचि पैदा गराउने जिम्मेवारी बोकेको शिक्षक नै जाँगरिलो हुनुपर्ने रहेछ। अतः यो वर्ष शिक्षकमा जाँगर भर्न स्थानीय विज्ञहरूसित अन्तरक्रिया लगायतका विभिन्न कार्यक्रमहरू गर्ने सोच बनाइएको छ।

**ईश्वरीप्रसाद पराजुली, सिद्धिविनायक मावि, बसेनी**

गत वर्ष प्राथमिक तहमा शैक्षिक सफ्टवेयर र श्रव्यदृश्य सीडीहरूको प्रयोग गर्दा राम्रो नतीजा हासिल भयो। त्यसैले यो वर्ष माथिल्लो तहसम्मै यस्तो प्रयोगको विस्तार गर्ने सोच बनेको छ। त्यसनिम्ति बजारमा भेटेसम्मका शैक्षिक सफ्टवेयर र सीडीहरू खरीद गरी उपयोग गर्ने योजना छ।

**तेजनाथ शर्मा, श्री माध्यमिक विद्यालय, गौरीगञ्ज**

गत वर्ष शिशु कक्षालाई श्रव्य सामग्रीको मात्र व्यवस्था गरिएको थियो। यसपालिबाट दृश्य सामग्री पनि उपलब्ध गराउँदैछौं। त्यसनिम्ति टिभी र डेक किनिसकिएको छ। त्यस्तै कक्षा १ बाटै अंग्रेजी माध्यममा शिक्षण गर्न शिक्षकहरूलाई क्लासरुम ल्याङ्गुएज ट्रेनिंग चलाउँदैछौं।

**महेन्द्र पौडेल, शरदपुर उमावि**

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई यस वर्षदेखि दृढतापूर्वक लागू गर्ने। यो पद्धतिलाई कार्यान्वयन गर्दा मात्रै विद्यार्थीको सिकाइ उपलब्धि बढाउन सकिने रहेछ भन्ने बोध भयो।

**भरतप्रसाद पोखरेल, खैरेनी उमावि**

सबै विद्यार्थीलाई टाई, जुत्ता, बेल्ट, झोला, खाजा अनिवार्य गर्ने र कक्षा ६, ७ र ८ मा कम्प्युटर शिक्षा दिने हाम्रो प्रमुख योजना छ।

**प्रेमप्रसाद पौडेल, कैलाशनगर मावि**

कक्षा ५ देखि १० सम्मका विद्यार्थीहरूलाई बिहान ८.३० देखि दिउँसो ४.२० सम्म विद्यालयमा नै राखेर शिक्षण गर्ने योजना बनाइएको छ। अबदेखि मासिक रूपमा परीक्षा लिइनेछ। घरमा गएर नपढ्ने र गृहकार्य नगर्ने बानीलाई हटाउन यो सोच आएको हो।

**रामप्यारी शर्मा, चितवन उमावि**

गत वर्ष कक्षा ६ देखि १२ सम्म कम्प्युटर शिक्षा लागू गरिएको र त्यसको नतीजा राम्रो आएकोले यो वर्ष यो पूर्वाधारलाई प्रयोग गरी सूचनाप्रविधिको उपयोग गरी शिक्षण गर्ने ताकि विद्यार्थीहरूमा सृजनात्मक सोचको विकास गराउन सकियोस्।

**कृष्णप्रसाद सापकोटा, प्रेमवस्ती उमावि**

शिक्षक मात्र होइन, अभिभावकले पनि विद्यार्थीको सिकाइ प्रक्रियामा अर्थपूर्ण प्रभाव पार्दारहेछन्। त्यसैले हामीले अभिभावक, शिक्षक र विद्यार्थीबीच सिकाइलाई केन्द्रमा राखेर अन्तरक्रिया गर्ने योजना बनाएका छौं। त्यसबाट जे सोच र योजना बन्छ त्यही अनुसार अघि बढ्ने विचार छ। त्यस्तै, विद्यार्थीमा व्यावहारिक ज्ञान निर्माण गर्न र सृजनशीलता बढाउन उनीहरूकै सक्रिय सहभागितामा स्थानीयस्तरमा उपलब्ध शैक्षिक सामग्रीको अत्यधिक प्रयोग गर्ने सोच बनाएका छौं।

**सन्तराम महतो, मावि गंगानगर**

हामी स्कूललाई अनुशासित र शिक्षकलाई पूरा तयारी गरेर मात्र कक्षामा पठाउने प्रयास गरिरहेका थियौं। यही बीचमा स्कूल वरपर लागूपदार्थको बिक्रीवितरण हुन थालेपछि यो समस्या गम्भीर लाग्यो। त्यसैले भरसक सबै कक्षाकोठालाई अफिसबाट देख्न सकिने बनाउने तयारीमा छौं ताकि विद्यार्थी के गर्दैछन् भन्ने कुरा परैबाट थाहा होस्।

**नारायण चालिसे**, अरुणोदय उमावि, गीतानगर

# सुर्खेत: एक कक्षामा मल्टिमिडिया !

२०६२ को एसएलसीमा मध्यपश्चिमाञ्चल प्रथम। २०६३ देखि २०६६ सम्म लगातार सुर्खेत जिल्ला प्रथम। यही प्रभावले पछिल्लो समय रामघाटस्थित शिखर उमाविको माथिल्लो कक्षामा विद्यार्थीको थेगिनसक्नु भीड लाग्यो। विद्यालयका प्राचार्य धनसिंह खड्कालाई भने यसले खुशी तुल्याउन सकेन। कारण थियो- विद्यालयको प्राथमिक तहमा वर्षेनि विद्यार्थीको संख्या घट्नु।

शिखर उमाविले आगामी शैक्षिक सत्रदेखि प्राथमिक तहमा विद्यार्थी आकर्षण बढाउन नयाँ योजना बनाएको छ। कक्षा १ देखि प्रोजेक्टर प्रविधिबाट पढाउने विद्यालयको तयारी छ। "प्राथमिक तहमा विद्यार्थी संख्या घट्नुमा पुरानै शैलीको शिक्षण पद्धति बढी जिम्मेवार देखियो", प्राचार्य खड्काले भने, "त्यसैले नयाँ शैक्षिक सत्रदेखि मल्टिमिडिया प्रोजेक्टरबाट पढाउने सुर कसेका छौं।" विद्यालयले नयाँ योजना कार्यान्वयनको लागि आन्तरिक तयारी समेत गरिसकेको छ। शिक्षकद्वय सुरेन्द्र सिंह ठकुरी र रामबहादुर चन्द अहिले कम्प्युटर सिकिरहेका छन्। उनीहरूलाई कक्षा १ मा अध्यापनको जिम्मेवारी दिइनेछ। बालबालिकालाई प्रोजेक्टर प्रविधि तथा गीत र चित्रका माध्यमबाट मनोरञ्जनपूर्ण तरीकाले शिक्षण गराउने विद्यालयको योजना छ। "हामीले यो प्रविधिलाई सफल रूपमा कार्यान्वयन गर्न सक्यौं भने बोर्डिङका विद्यार्थीहरू पनि आकर्षित हुने अपेक्षा गरेका छौं", प्राचार्य खड्काले भने।

योजना कार्यान्वयनको लागि जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने 'नन-स्यालरी पीसीएफ' रकमलाई उपयोग गर्ने विद्यालयको सोच छ। वार्षिक रूपमा आउने करीब ६० हजार रुपैयाँबाट प्रोजेक्टर, क्यासेट र विभिन्न किसिमका सफ्टवेयर किन्ने प्राचार्य खड्काले बताए।

सुर्खेतका सामुदायिक विद्यालयमा सम्भवत: पहिलोपटक भित्रिन लागेको यो प्रविधिमा प्राचार्य खड्काको सोचले काम गरेको छ। विद्यालयको कार्यक्षेत्रमा पाँच वटा बोर्डिङ स्कूल सञ्चालन हुनु र आफ्ना बालबालिकालाई बोर्डिङमा हाल्नै पर्ने अभिभावकको मनोविज्ञान बनेको चुनौतीलाई चिर्न यस्तो सोच बनाएको उनको भनाइ छ। "हामीहरू कुनै कार्यक्रममा गयौं भने मौखिकभन्दा प्रोजेक्टरबाट सिकाउँदा छरितो सिक्छौं", उनले भने, "यही कुरालाई हेक्का राखेर मैले स-साना बालबालिकालाई प्रोजेक्टरबाट पढाउने योजना तय गरेका हौं।"

### महिला शिक्षकको योजना

महिला शिक्षकद्वारा सञ्चालित विद्यालयको पहिचान बोकेको सुखेतकै दीपमाला प्राविले आगामी शैक्षिक सत्रदेखि नयाँ योजना लागू गरेर आफूलाई वरिपरिका निजी तथा सार्वजनिक विद्यालयभन्दा अब्बल देखाउने तयारी गरिरहेको छ। "जेजति दु:ख भए सहुँला, अंग्रेजी माध्यम जसरी भए पनि लागू गर्ने सोचाइ बनाएका छौं", विद्यालयको नयाँ योजना सुनाउँदै प्रअ शाहीकुमारी शाहले भनिन्, "यसको लागि अभिभावकहरूसँग पनि सल्लाह भइसकेको छ।"

त्यसो त दीपमालामा अंग्रेजी माध्यमबाट पढाइ शुरू गर्न निकै चुनौती पनि छ। अध्ययनरत १२६ बालबालिकामध्ये ८६ जना दलित समुदायका छन्। आर्थिक अभावले निजी विद्यालयमा पढ्ने सपना त्यागेर आएका बालबालिकालाई निजी विद्यालयकै स्तरमा अंग्रेजी माध्यमबाट अध्यापन गराउने जिम्मेवारी चारजना महिला शिक्षकको काँधमा छ। तैपनि कार्यरत महिला शिक्षकहरूले योजना कार्यान्वयन गरिछाड्ने अठोट लिएका छन्। "अभिभावकबाट थोरै सहयोग भयो भने हामीले सहजै आफ्नो योजना पूरा गर्छौं भन्ने विश्वास छ", शिक्षक मञ्जु सुनारले भनिन्।

विद्यालयले यसको लागि आफ्नो तयारी समेत गरिसकेको छ। पहिलो वर्ष १ कक्षामा अंग्रेजी माध्यम शुरू गरिनेछ। क्रमिक रूपमा माथिल्लो कक्षामा पनि अंग्रेजी माध्यमबाट पढाइ शुरू गरिने विद्यालयको योजना छ। विद्यालयको अन्य आर्थिक स्रोत नभएकाले अभिभावकहरूबाट बढीमा रु.२०० शुल्क लिने सोचाइ बनाएको प्रअ शाहले बताइन्। "यति सस्तोमा हामीले निजी विद्यालयसरहकै स्तरीय शिक्षा दिने तयारी गरिरहेका छौं", उनले भनिन्, "यो समुदायको लागि पनि ठूलो अवसर हो।" यस वर्ष सुर्खेतका निजी विद्यालयहरूले कक्षा १ मा करीब रु.९०० मासिक शुल्क तोकेका छन्।

**कलेन्द्र सेजुवाल, सुर्खेत**

फ्याँकिएका कागज र सामग्रीहरूलाई प्रयोग गरेर नयाँ र काम लाग्ने कुरा बनाउने। जुन सफल पनि भयो। त्यहाँका शिक्षक र विद्यार्थी मिलेर ड्र्यागन, डाइनोसर जस्ता लोप भइसकेका जनावरदेखि बाँदरबाट मानिससम्मको विकासक्रम झल्काउने विभिन्न अवस्थाका मानिसहरूको ठूला ठूला चित्र तथा मूर्ति नै बनाए। "स्कूलमा काम नलाग्ने भनी फालिएको सबै कागज र अरू सामग्रीलाई हामीले यी सामग्री बनाउनमा प्रयोग गर्‍यौं", प्रअ विराज क्षेत्री भन्छन्, "नयाँ कुराको सृजना गर्न पाएकोमा विद्यार्थी औधी खुशी भए। उनीहरूको आत्मविश्वास बढ्यो र डाइनोसर र आदिम मानिसको विकासबारे उनीहरूले गहिरो ज्ञान पाए।" *(हे. तस्वीर)* यो वर्ष उनले पानी र विद्युत्को खपत खटाउने यस्तै सृजनशील उपायको खोजीमा आफ्ना विद्यार्थीहरूलाई परिचालन गर्ने लक्ष्य राखिएको छ।

उनको अनुभवले भन्छ, एक पटकमा सबै कुरामा उत्तिकै ध्यान दिन सकिन्न। विगतमा यही सिकेकाले होला, उनले यसपालि स्कूलमा सुपरीवेक्षण र पृष्ठपोषणमा आफ्नो ध्यान केन्द्रित गर्ने योजना बनाएका छन्। "मलाई विश्वास छ, हामी सफल हुन्छौं", क्षेत्रीको जिकिर छ, "हामीले यस विषयमा अब हासिल गर्ने अनुभव र ज्ञान सार्वजनिक स्कूलका लागि पनि उपयोगी हुनसक्छ।"

औसत भन्दा राम्रा ठानिएका यी स्कूलले आफूलाई अझ राम्रो बनाउन आउँदो शैक्षिक सत्रमा के-कस्ता नयाँ सोच, योजना र कार्यक्रम बनाएका छन् भन्ने कुरा बुझ्न माथिका दृष्टान्तले ठूलो सहयोग पुर्‍याउँछन्। यी स्कूलले नयाँ शैक्षिक सत्र आउँछ/जान्छ भन्ने मात्र होइन, त्यसमा केही न केही नयाँ कार्यको थालनी गर्नैपर्छ भन्ने कुरालाई छर्लङ्ग पारेका छन्। शैक्षिक सत्रमा केही नयाँ काम गरेर नयाँ सुरुआतलाई स्वागत गर्ने स्कूलहरूको संख्या चाहिँ धेरै भेटिँदैन। कुनै नयाँ योजना, कार्यक्रम र थालनी विना नै धेरै स्कूलले नयाँ शैक्षिक सत्र शुरू गर्ने गरेका छन्। सुरुआत नै उत्साहजनक नहुँदा तिनले शैक्षिक सत्रको अन्त्यमा दिने प्रतिफल पनि धेरै गतिलो हुने अनुमान गर्न सकिँदैन।

साथमा **सी. अधिकारी,** झापा

*पसिनाको हर थोपाको ईज्जत गर्छु,*
*समृद्ध भविष्यको लागि शिक्षक खातामा बचत गर्छु ।*

**शिक्षक बचत खाता**

**शिक्षक कर्जा**




**राष्ट्रिय वाणिज्य बैंक**द्वारा हाम्रो सुनिश्चित भविष्यका निम्ति प्रस्तुत गरिएको **शिक्षक बचत खाता**मा रकम जम्मा गर्न आजै जाऔं।

शिक्षकहरुको सम्मान गर्दै राष्ट्रिय वाणिज्य बैंकले ल्याएको **शिक्षक कर्जा**ले भविष्यको योजना सफल पार्न मद्दत गर्नेछ।

**शिक्षक बचत खाता विशेषता**

- वार्षिक ४.५% ब्याज दैनिक मौज्दातमा ।
- शैक्षिक कर्जाको सेवा-शुल्कमा ५०% छुट ।
- Balance Cerfificate दस्तुरमा २५% छुट ।
- लकरको सेवा-शुल्कमा २५% छुट ।

यो सेवा राष्ट्रिय वाणिज्य बैंकको कुनैपनि शाखाबाट लिन सकिने छ ।

**नि:शुल्क सुविधाहरु**

- ATM Card
- SMS Banking
- E-Banking
- ABBS
- Travellers Cheque

**शिक्षक कर्जा विशेषता**

- रु. ५००,०००/- सम्म कर्जा सुविधा ।
- सेवा-शुल्कमा ५०% छुट ।
- सुलभ ब्याजदर ।
- त्रैमासिक किस्ता भुक्तानी ।
- सुनचाँदी कर्जाको ब्याजमा ०.५०% छुट ।

* शर्तहरु लागु हुनेछ ।

**राष्ट्रिय वाणिज्य बैंक लि.**

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

केन्द्रीय कार्यालय: सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल । फोन:४२५२५९५
फ्याक्स: ९७७-०१-४२६८४१०, Web: www.rbb.com.np, Swift: RBBANPKA

# यसरी शुरु गरौं नयाँ सत्र

नयाँ वर्षसँगै नेपालमा शैक्षिकसत्र पनि शुरु भएको छ। सरकारले यो समयलाई 'विद्यालय स्वागत कार्यक्रम'का रूपमा घोषणा गरेको छ। यो कार्यक्रमको मूल उद्देश्य देशका सबै बालबालिकालाई विद्यालयमा आकर्षित गर्ने नै हो।

बालबालिकालाई कक्षाकोठासम्म ल्याउनका लागि वर्षको एक पटक अभियान सञ्चालन गरेर मात्र पुग्दैन। विद्यालय आइसकेका बालबालिकालाई शैक्षिक सत्रको पूरा अवधिसम्म कसरी टिकाउने भन्ने चुनौती तर्फ पनि ध्यान दिनु जरुरी छ। एक शैक्षिक सत्रभर १९२ दिन विद्यालय खुल्नुपर्छ। कक्षा १ देखि ३ सम्म ८१६ घण्टा पढाइनुपर्छ भने सोभन्दा माथिकालाई एक हजार घण्टा। यस निम्ति तोकिएका सबै दिन विद्यार्थीहरू कक्षामा आउनुपर्छ। विद्यार्थीहरू किन पूरै समय विद्यालयमा आउन सक्दैनन् र आउँदैनन्? आएकाहरू किन टिक्दैनन्? भन्ने सवाललाई शिक्षकहरूले विशेष रूपमा मनन् गर्नुपर्ने हुन्छ।

शिक्षक साथीहरूलाई बल पुऱ्याउने गरी हामीले गर्दै आएका केही अनुभव र उपायहरू बाँड्न चाहन्छौं। 'विद्यालय स्वागत अभियान' भन्नुहोस् वा क्रियाकलाप- यो पूरा गरेपछि एउटा शिक्षकले एउटा कक्षा जिम्मा लिनुहोस्। सम्भव भएसम्म कक्षा १ देखि ३ सम्म कक्षा शिक्षणको अभ्यास गर्नुहोस्। त्यति गर्न नसके पनि एक हप्तासम्म विद्यार्थीलाई भयरहित वातावरण तयार गर्ने, विद्यार्थीका अपेक्षालाई बोध गरेर सिकाइ क्रियाकलापमा सहजीकरण गरिदिने र विद्यालयमा बालमैत्री वातावरणको तयारी जस्ता क्रियाकलापलाई प्राथमिकतामा राख्नुहोस्। यसको उद्देश्य विद्यार्थीलाई विद्यालयमा रमाइलो अनुभव गराउनु हो। यसले तिनलाई स्कूल सधैं आउनुपर्ने रहेछ र शिक्षकसँग आफ्नो कुरा निर्धक्क भन्नुपर्दोरहेछ भन्ने कुराको बोध गराउँछ। यस्ता क्रियाकलापको केही नमूना तल चर्चा गरिएको छ।

**कक्षामा विद्यार्थी र अभिभावकको स्वागत:** यो क्रियाकलापका निम्ति विद्यार्थीमार्फत तिनका अभिभावकलाई विद्यालयमा आउन खबर गर्नुहोस्। कक्षामा अभिभावक र विद्यार्थीलाई सँगै राख्नुहोस्। कक्षा शिक्षकले उनीहरूलाई अबिर, टीका, फूल, माला, आदिले स्वागत गर्नुहोस्। विद्यार्थी र अभिभावकबीच परिचय गराउनुहोस्। कक्षामा आइदिनुभएकोमा धन्यवाद दिनुहोस्। बालबालिकालाई सधैं आउनुपर्छ भन्न बिर्सनुहुँदैन। यसबाट अभिभावक र विद्यार्थीले विद्यालयमा आफूले सम्मान पाएको अनुभूति गर्छन्। यसले उनीहरूमा विद्यालयप्रति सकारात्मक सञ्चार गराउँछ। अभिभावक र विद्यार्थीलाई समय-समयमा यसरी नै स्वागत गरिरहनु स्कूलको हितमा हुन्छ।

**कक्षा बैठक:** कक्षा शिक्षकले विद्यार्थीलाई राखेर कक्षा बैठक गराउनुपर्छ। बैठकमा विद्यार्थीलाई कक्षाको समयबारे जानकारी गराउनुहोस्। विद्यार्थीसँगै बसेर कक्षाको नियम बनाउनुहोस्। कक्षामा विद्यार्थीले गर्ने कार्य-तालिका (जब चार्ट) बनाउनुहोस्। एक हप्ताका लागि काम पनि तोकिदिनुहोस्। विद्यार्थीसँग प्रत्येक हप्ता बैठक गर्नुहोस्। त्यो बैठकमा कक्षाका नियमहरू पालना भए/नभएको, गरे/नगरेको बारे पर्याप्त छलफल गराउनुहोस्। ताकि बालबालिकालाई विस्तारै आफूले अठोट गरेको कुरा पूरा गर्नुपर्छ भन्ने भावनाको विकास गराओस्।

कक्षाका नियमलाई पालनाका निम्ति बढीभन्दा बढी छलफल गर्दै 'अब गर्छौं' भन्ने प्रतिबद्धता विद्यार्थीबाट लिनु जरुरी हुन्छ। आवश्यक भए अरू केही नियम थप्नुहोस्। अघिल्लो हप्ता कुनै कार्यको जिम्मेवारी पाएका विद्यार्थीलाई तिनका कार्यबारे अनुभव सुनाउन लगाउनुहोस्। सुनिसकेपछि 'धन्यवाद!' भन्नुहोस्। त्यस्तै जिम्मेवारी अन्य विद्यार्थीलाई पनि दिनुहोस्। यसरी प्रत्येक हप्ता कक्षा बैठक गरेर कक्षाको समय, नियम र जिम्मेवारीप्रति अभ्यस्त गराउनुहोस्। यसले सिकाइ प्रक्रियालाई सहज तुल्याउँछ। विद्यार्थीलाई कक्षामा नियमित उपस्थितिका निम्ति प्रेरित गराउँछ। साथै आफ्नो जिम्मेवारी आफैंले पूरा गर्नुपर्छ र सकिन्छ भन्ने कुराको आत्मबल समेत पैदा गर्छ।

**कक्षाका सामग्री चिनाउने:** कक्षाकोठामा जे जति शैक्षिक सामग्री छन्, एक-एक गरेर तिनको परिचय दिनुहोस्। तिनको प्रयोजन पनि खुलाइदिनुहोस्।

**विद्यालयको वातावरणसँग परिचित गराउने:** कक्षा १ र २ का बालबालिकालाई विद्यालय हाताभित्रका कक्षाकोठा, अफिस कोठा, खेल मैदान, शौचालय, खानेपानी, पुस्तकालय आदिको अवलोकन गराइ तिनको चिनारी दिनुहोस्। प्रयोग गर्ने तरीका पनि सिकाउनुहोस्। जसले बालमस्तिष्कमा उठेका धेरै जिज्ञासाको समाधान त गर्छ नै, प्रयोगका ज्ञान/सीप समेत दिलाउँछ। जस्तो कि; शौचालय प्रयोग गर्न सिक्छन्। कक्षाकोठा सरसफाइ गर्न, खानेपानी प्रयोग गर्न, लाइनमा हिँड्न र अन्य धेरै व्यवहार सिक्छन्।

**खेल, गीत, कथा, नाटक र अभिनय:** विद्यार्थीलाई विभिन्न खेल खेलाउनुहोस्। खेलहरू सिकाइमा आधारित भए अरु राम्रो हुन्छ। उनीहरूसँगै आफू पनि बालगीत गाउनुहोस्। कथा सुनाउनुहोस्। नाटकमा अभिनय गर्न सिकाउनुहोस्। यस्ता क्रियाकलापलाई विद्यार्थीले धेरै मन पराउँछन्। यसले रूचि पनि जगाउँछ। *दिवास्वप्न* का गिजुभाईले पनि यस्तै गतिविधि गरेर सफल भएका हुन्।

**आमा बैठक:** सानो कक्षाका विद्यार्थीमार्फत आमाहरूलाई स्कूलमा बोलाउनुहोस्। आमा र नानीलाई कक्षामा सँगै राख्नुहोस्। आमाप्रति लक्षित गर्दै नानीहरूलाई केही कुरा भन्नुहोस्। जस्तै, तिमीहरू सधैं स्कूल आउनुपर्छ, सफा भएर आउनुपर्छ। 'सफा गरिदिनुस्' भनेर आमालाई भन्नुपर्छ। 'खाजा राखिदिनुस्' भन्नुपर्छ आदि। यसो गरिरहँदा आमाहरूलाई पनि आफ्ना बच्चाको निम्ति गर्नुपर्ने जिम्मेवारीको बोध गराउँछ। आमाहरूलाई मात्र राखेर अभिभावकको आचारसंहिता बनाउनुहोस्। कक्षा शिक्षकले अभिभावकको आचारसंहितालाई कक्षामा सबैले देख्ने गरी लेखेर टाँस्नुहोस्। केही बुँदामा आमाहरूलाई मञ्जुर गराएर मासिक बैठक गर्ने निर्णय गराउनुहोस्। अर्को बैठकमा ती बुँदाहरूबारे समीक्षा गर्दै जानुहोस्, आवश्यक भए अरू बुँदा पनि थप्नुहोस्। बालबालिकाको सिकाइ उपलब्धि फाइलहरू तिनका अभिभावकलाई हेर्न दिनुहोस्। तिनका नानीको सिकाइ अवस्था जानकारी दिनुहोस्।

भर्ना तथा स्वागत सकिएपछिका शुरूको एक हप्तामा गर्न सकिने क्रियाकलापका यी केही नमूना हुन्। आफ्नो आवश्यकता अनुसार यस्तै अन्य क्रियाकलाप पनि छनोट गर्न सकिन्छ। यति गर्न सकियो भने विद्यार्थीको नियमित उपस्थिति र कक्षा टिकाउ दरमा बढोत्तरी गर्न सकिन्छ। सामाजिक संस्कार र मूल्य-मान्यताको विकास गराउँछ। आफ्ना लागि आफैंले नियम बनाउने, पालना गर्ने, जिम्मेवार हुने, जवाफदेही हुने, सिकेका कुरा व्यवहारमा पनि रूपान्तरण गर्दै जाने बानीको विकास गराउन सक्छ। यसो गरिरहँदा ज्यादा महत्त्वाकांक्षी पनि नहुनुहोस्। हतारमा तुरुन्तै उपलब्धि पाउने आशा नगर्नुहोस्। एक, दुई वा तीन वर्षसम्म अथक् प्रयास गर्ने हो भने हामी सजिलै लक्ष्यमा पुग्न सक्छौं।

(**पवन अधिकारी** र **युवराज लौडारी**द्वारा लिखित *बालकेन्द्रित क्रियाकलापको सँगालो* बाट साभार र सम्पादित।)


Mahindra
2 Wheelers
SG
*Offer valid till limited period only.
SG PAD
*Conditions apply
Mahindra
2 Wheelers संग
TOUCH SCREEN
को FUN
POPULAR
बन्न
MAHINDRA 2 WHEELERS किन्नुहोस्, आफ्नो POPULARITY UNLOCK गर्नुहोस् ।
छोटो अवधिमै १२५ सि.सि. सेग्मेन्ट स्कुटरमा MAHINDRA TWO WHEELERS LEADER हुन सफल भएको खुशियालीमा MAHINDRA RODEO, DURO र FLYTE को खरिदमा SPECIAL GIFT स्वरुप BRANDED SG PAD (TABLET)* पाउनुहोस् र १ लाखसम्म नगद, CASH SAVING को अवसर, EXTENDED WARRANTY SERVICE COUPON को साथै हरेक हप्ता बम्परमा 32" SHARP LCD TV जित्नुहोस् ।
याद राख्नुहोस्, BEING QUICK IS THE TRICK.
SCRATCH COUPON
UP TO RS.1,00,000/-
3 YEARS WARRANTY
EXTENDED WARRANTY PERIOD
2+1 YEARS WARRANTY
CASH SAVING
FREE SERVICE COUPONS & DISCOUNTS
WEEKLY BUMPER PRIZE
32" LCD TELEVISION
RODEO
Duro
Flyte
Authorised Distributor:
SG GLOBAL PVT. LTD.
Showroom & Service Center: Malla Complex, Teku Road, Kathmandu, Contact: 4231057, 4231058
Showroom: Narayan Chaur, Naxal, Kathmandu, Contact: 9841368345, 9849118027
Dealers: Kumaripati : 01 - 5520041 • Bhaktapur : 01 - 5092336 • Banepa - 016226169 • Birtamod : 023 - 543044 • Damak : 023 - 582096 • Itahari : 025 - 587308 • Dharan : 9842023162
• Biratnagar : 9852048548 • Birgunj - 9855022050 • Janakpur : 041 - 527397 • Narayanghat : 056 - 533647 • Butwal : 071 - 543179 • Bhairahawa : 071 - 526419 • Pokhara : 061 - 522905, 539279
• Dang : 082 - 560293 • Nepalgunj : 081 - 550138 • Hetauda - 9841781263 • Surkhet : 083 - 521979 • Kawasoti : 9845026710 • Tikapur : 9848432092 • Tandi : 056-561061

# एसएलसी २०६८ : अलिअलि सुध्रियो

२०५० सालमा कैलालीबाट सर्लाही, हरिपुरस्थित महावीर जनता उमाविमा सरुवा भएका शिक्षक शिवशङ्कर मिश्र बितेका १८ वर्षमा एसएलसी परीक्षामा एक पटक पनि निरीक्षक बसेनन्, बस्न पनि चाहेनन्। बसुन् पनि कसरी! परीक्षा केन्द्र तोकिएका विद्यालयका शिक्षकहरू निरीक्षक हुन पाउँदैनथे। निरीक्षकका निम्ति अरू नै विद्यालयका शिक्षक र असम्बन्धित व्यक्तिहरूबीच मारामार चल्थ्यो। त्यस्ता व्यक्तिहरू केन्द्राध्यक्षलाई पैसा समेत बुझाएर निरीक्षक बन्थे, जसको एक मात्र ध्येय हुन्थ्यो, परीक्षार्थीलाई चिट चोराउने।

यसपालि स्थिति उल्टियो। परीक्षा समन्वय समिति, सर्लाहीले केन्द्र तोकिएको विद्यालयका प्रावि र निमावि तहका शिक्षक बाहेक अरूले निरीक्षक बस्न नपाउने व्यवस्था गऱ्यो। परिणामत: निमावि शिक्षक मिश्रले पनि निरीक्षक बस्ने मौका पाए। स्थानीय प्रशासनले समेत कडाइ गरेका कारण परीक्षामा निकै सुधार पनि आयो। शिक्षक मिश्र भन्छन्, "पहिलोपटक एसएलसीमा निरीक्षक बनेको हुँ। सार्थक भएजस्तो लाग्यो। गत सालको तुलनामा चिटिङमा धेरै नियन्त्रण भयो।" निमित्त जिशिअ ठूलोबाबु दाहालको नेतृत्वको अनुगमन टोलीले परीक्षाको दोस्रो दिन महावीरबाट ६ जना परीक्षार्थीलाई निष्काशन गरेको थियो।

सर्लाहीका सबैजसो परीक्षा केन्द्रमा विगतको तुलनामा चिटिङ नियन्त्रण भएको स्थानीय व्यक्तिहरूको कथन छ। सुरक्षाकर्मीले हरेक केन्द्रको मूलगेटमा परीक्षार्थीको शरीर छामेर चिट खोसेका थिए। शंका लागेका परीक्षार्थीलाई जुत्ता-मोजा समेत खोल्न लगाइएको थियो। जेसिज सेकेण्डरी स्कूल, मलङ्गवाका परीक्षार्थी अजित जैसवालले भने, "पहिले त यसरी गेटमा 'चेक' हुन्थेन। यसपालि त धेरै कडा भयो।" गत सालसम्म असम्बन्धित व्यक्तिहरू परीक्षा केन्द्रमा छिरिरहेका हुन्थे। केन्द्र बाहिर चिट चोराउनेको भीड लाग्थ्यो। यस पटक त्यस्तो खासै देखिएन। सर्लाहीका प्रजिअ रामप्रसाद थपलिया भन्छन्, "विगतको तुलनामा यस वर्षको परीक्षामा सुधार आएको छ। शिक्षक, कर्मचारी, सुरक्षाकर्मी, अभिभावक र नागरिक समाजको सक्रियता भएमा जाँच सुधार्न सकिने रहेछ भन्ने निचोडमा पुगिएको छ।"

एसएलसी परीक्षा अवधिभर सिरहा र सप्तरीमा पनि स्थानीय प्रशासनले सक्रियता देखाएको थियो। सप्तरीका जिशिअ दोलराज पाण्डेका अनुसार, त्यहाँ यसपालि ४२ जना परीक्षार्थी निष्काशनमा परे भने दुई जना नक्कली परीक्षार्थी र २७ जना निरीक्षक पक्राउ परे। त्यस्तै सिरहामा ४२ परीक्षार्थी निष्काशनमा परे भने ७ जना नक्कली परीक्षार्थी र चिट चोराउने १० जना निरीक्षकलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

सिरहामा परीक्षा सञ्चालनअघि ३६ बुँदे आचारसंहिता बनाइएको थियो। परीक्षाको चार दिनअघि जिल्लामा क्रियाशील राजनीतिक दलले परीक्षालाई मर्यादित बनाउनका निम्ति सार्वजनिक अपील गरेका थिए। परीक्षामा अमर्यादित कार्य गर्न खोज्ने १४ केन्द्राध्यक्षको परीक्षा केन्द्र हेरफेर गरिएको थियो। यसले पनि परीक्षा सञ्चालनमा सुधार ल्याएको जानकारी सिरहाका जिशिअ हरि वस्तीले दिए। सप्तरी र सिरहाका कतिपय केन्द्रमा सुरक्षाकर्मी र अभिभावकहरूबीच झडप पनि भएका थिए। हनुमाननगर उमावि केन्द्रमा कडाइ गरेको भन्दै अभिभावकले सशस्त्र प्रहरी जवान लीलाबहादुर विश्वकर्मालाई निर्घात कुटेका थिए। केही केन्द्रमा एउटै बेञ्चमा ३-४ जनासम्म बसेर चिट चोरेका उदाहरण भेटिएको थियो।



**चिट छ कि छैन ? सर्लाही, मलङ्गवास्थित कृष्णादेवी जनता उमावि।**

## लज्जाका प्रतीक !



नयाँ संविधान बनाउने जिम्मा पाएका सभासद् कानूनको खिल्ली उडाएर खेताला परीक्षार्थी राख्छन् भने त्योभन्दा लज्जाजनक के होला ? यसपालिको एसएलसीमा एनेकपा माओवादीका सभासद् प्रेमबहादुर पुलामीले आफ्नो नाममा अरूलाई जाँच दिन लगाएर कानूनको उल्लंघन त गरे नै, एसएलसी जाँचको मर्यादालाई नै चुनौती दिएका छन्। मकवानपुर-२ बाट निर्वाचित सभासद् पुलामीले आफ्नो सालो साहित्य लामालाई परीक्षा दिन लगाएका थिए। रौतहट, जुडिबेलास्थित परीक्षा केन्द्रबाट प्रहरीले १४ चैतमा लामालाई पक्राउ गरेपछि यो रहस्य खुलेको हो।

जनज्योति उमावि, चन्द्रनिगाहपुरबाट सभासद् पुलामीको परीक्षा आवेदन भरिएको थियो। संसद् सचिवालयको अध्ययनले पनि सभासद् पुलामीले गैरकानूनी काम गरेको पुष्टि गर्दै त्यसको प्रतिवेदन सभामुख सुवास नेम्वाङलाई दिएको छ। तर सभामुख नेम्वाङले आफूले केही नगरी पुलामीलाई कारबाही गर्न भनी माओवादीका मुख्य सचेतक देव गुरुङलाई निर्देशन दिएका छन्। आफ्ना सभासद्का अपराध ढाकछोप गरी चोखो देखाउनुपर्ने पदीय दायित्व बोकेका प्रमुख सचेतक गुरुङले पुलामीलाई कारबाही गर्ने कल्पना कसैले पनि गरेका छैनन्।

## नक्कली परीक्षार्थीको दैनिक ज्याला रु.२ हजार !

बाँकेमा ८ जना नक्कली परीक्षार्थी पक्राउ परे। कोहलपुरस्थित ज्ञानकुञ्ज उमावि परीक्षा केन्द्रमा अर्काको नाममा परीक्षा दिइरहेको अवस्थामा प्रहरीले तिनलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा युवराज धिताल, प्रदीप बुढा, सुरेश विश्वकर्मा, लोकेन्द्र शाही, हर्कबहादुर थापा, रामजी थारू, लक्ष्मण शाही, नवीन डीसी र बीरबहादुर रसाइली छन्। यीमध्ये एक जनाले प्रतिदिन दुई हजार रुपैयाँ पाउने शर्तमा अर्काको नाममा परीक्षा दिएको बयान दिएका छन्। अरूले चाहिँ आफ्नै परिवारकै सदस्यका निम्ति परीक्षा दिएको बताएका छन्।

बाँकेका प्रजिअ ढुण्डीराज पोखरेलका अनुसार, उनीहरूलाई शिक्षा ऐन, २०२८ को प्रावधान बमोजिम कारबाही अघि बढाइएको छ। ऐनको दफा १७ मा अरूको नाममा परीक्षा दिने व्यक्तिलाई एक लाख रुपैयाँसम्म



कृष्ण अधिकारी

**बाँकेमा पक्राउ परेका नक्कली परीक्षार्थी।**

जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुने व्यवस्था छ।

### पनिकाको निचोड

विगतको तुलनामा यस पटकको एसएलसी परीक्षा मर्यादित भएको स्वाभाविक निचोड परीक्षा नियन्त्रण कार्यालयले निकालेको छ। परीक्षा नियन्त्रक डिल्लीराम रिमालका अनुसार, परीक्षा सञ्चालनका क्रममा कारबाहीमा परेका परीक्षार्थी, नक्कली परीक्षार्थी, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र निरीक्षकका सम्पूर्ण विवरण जिशिकासँग मागिएको छ। अमर्यादित क्रियाकलापमा संलग्न शिक्षकलाई शिक्षा विभागमार्फत कारबाही गरिने जानकारी नियन्त्रक रिमालले दिए। उनले भने, "जाँचमा अमर्यादित गतिविधि गरेका शिक्षकको विवरण जिशिकाबाट आउनासाथ शिक्षा विभागमा पठाउँछौं। उनीहरूलाई विभागबाट सजाय हुन्छ।"

**प्रमोद आयाम, श्रवण देव,** राजविराज/**कृष्ण अधिकारी,** नेपालगञ्ज

## पुस्तक मेला

३० वैशाख २०६९ देखि काठमाडौंमा 'सोह्रौं नेपाल शैक्षिक एवं पुस्तक प्रदर्शनी' हुने भएको छ। ग्लोबल एक्स्पोजिसन एण्ड म्यानेजमेन्ट सर्भिस र राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघको संयुक्त आयोजनामा उक्त मेला हुन लागेको हो। पुस्तक प्रदर्शनी ७ जेठसम्म चल्नेछ।


पुस्तक बिक्रेता तथा प्रकाशक संघका अध्यक्ष रामचन्द्र टिमोथीका अनुसार, मेलामा स्वदेशी र विदेशी प्रकाशक तथा बिक्रेताका करीब ६० वटा स्टलहरू रहने छन्। प्रदर्शनीमा राखिने पुस्तकहरूमा कम्तीमा १० देखि अधिकतम ५० प्रतिशतसम्म छूट दिइने बताइएको छ। मेलामा शिक्षा सम्बन्धी; विज्ञान, साहित्य, सूचना-प्रविधि, व्यवस्थापन, कृषि जस्ता विषयवस्तुका पुस्तकहरू रहने छन्। "पाठकले एउटै थलोमा नयाँ-पुराना पुस्तकका बारेमा जानकारीसँगै सहुलियत दरमा खरीद गर्न पनि पाउने छन्", अध्यक्ष टिमोथीले भने। मेलामा वैदेशिक उच्च शिक्षाबारे जानकारी दिने गरी शैक्षिक परामर्शदाताहरूको शैक्षिक प्रदर्शनी समेत रहनेछ। करीब एक लाख दर्शकले मेलाको अवलोकन गर्ने अपेक्षा आयोजकले लिएका छन्।



बालबालिकालाई पढ्न पठाऔं, उनीहरूको सुखद् भविष्यलाई सुनश्चित गरौं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



Everest Atlas
तथा एभरेस्ट स्कूल एट्लस




कक्षा पाँचदेखि कक्षा दशसम्म सामाजिक शिक्षाको पूर्ण अध्ययनको लागि पाठ्यपुस्तकको सन्दर्भ सामग्रीको रूपमा प्रकाशित गरी नेपाल तथा विश्वका सबै बहुआयामिक पक्षका राजनीतिक तथा भौगोलिक नक्साहरू समावेश गरिएको एट्लस बजारमा उपलब्ध छ। सम्पूर्ण शैक्षिक सामग्रीहरू स्कूललाई चहिएमा सीधै सम्पर्क गर्न सकिनेछ।

एभरेष्ट म्याप पब्लिकेसन
बागबजार, काठमाडौं, ४२४०६४१, ९८५१०५६८९२

समाचार

# शिक्षक संघको प्रतिनिधिसभा

**नेपाल** शिक्षक संघको १६औं राष्ट्रिय प्रतिनिधि भेलाले आफ्ना सदस्यहरूलाई छात्रछात्राको गुणस्तरीय शिक्षा हासिल गर्न पाउने हकप्रति जिम्मेवार हुन अपील गरेको छ। २८ चैत २०६८ मा दाङको घोराहीमा सकिएको सो सभाले संघमा आवद्ध सदस्य शिक्षकहरूलाई समयमा स्कूल गएर पठनपाठन गर्न, पाठ्यपुस्तकको अभाव भए पाठ्यक्रममा आधारित शिक्षण गर्न, स्कूलमा छात्रछात्रामैत्री हुन र विद्यालय हाताभित्र गैरशैक्षिक क्रियाकलाप नगर्न आग्रह गरेको छ।

सभाले २ चैत २०६८ मा शिक्षा मन्त्रालयसँग भएका सहमतिहरू कार्यान्वयनमा दबाब दिन संघको केन्द्रीय तथा स्थानीयस्तरको नेतृत्वलाई आह्वान गरेको छ।

२५ चैतमा शुरू भएको भेलामा ३५० जना सहभागी थिए। उद्घाटनपछिको बन्दसत्रमा संघका अध्यक्ष मोहन ज्ञवालीले मुलुकको राजनीतिक अस्थिरताले शिक्षा क्षेत्रमा पारेको असर, वरिष्ठ उपाध्यक्ष गोविन्दप्रसाद न्यौपानेले समुदायमा विद्यालय हस्तान्तरण, उपाध्यक्ष इन्दिरा सापकोटाले बालिका शिक्षा, महिला शिक्षक र शिक्षामा लैङ्गिक समानता विषयक कार्यपत्र पेश गरेका थिए। त्यस्तै संघका महासचिव केशव निरौलाले साङ्गठनिक प्रतिवेदन र उपमहासचिव राजेन्द्रराज पौडेलले विद्यालय शान्ति क्षेत्र घोषणाको कार्यान्वयन अवस्था बारे कार्यपत्र पेश गरेका थिए।

# 'तलबमान मिलाउन्'


**सरकारद्वारा** ४ साउन २०६६ मा गरिएको प्राथमिक तहको तलबमान निर्धारण त्रुटिपूर्ण रहेको ठहर गर्दै सर्वोच्च अदालतले त्यसलाई मिलाउन आदेश दिएको छ।

तलबमान निर्धारण त्रुटिपूर्ण भएको दाबी गर्दै झापाका ४३ जना शिक्षकले २८ असोज २०६६ मा सो अदालतमा रिट दायर गरेका थिए। समान मितिमा प्राथमिक तृतीय श्रेणीमा नियुक्त पाएका दुई शिक्षकमध्ये द्वितीय श्रेणीमा बढुवा भएका शिक्षकको तलब अर्को शिक्षकको भन्दा रु.२२० देखि रु.४८० सम्म कम रहेको दाबी गरिएको थियो।

सर्वोच्चका न्यायाशीशहरू दामोदरप्रसाद शर्मा, सुशीला कार्की र डा. भरतबहादुर कार्कीको पूर्ण इजलासले २ चैत २०६८ मा रिट निवेदकका दाबीलाई जायज ठहऱ्याउँदै तलबमान मिलाउन सरकारका नाममा आदेश दिएको हो। यसअघि ८ असार २०६७ मा भएको आदेशमा न्यायाशीश बलराम केसी र गौरी ढकालबीच राय बाझिएपछि उक्त रिट पूर्ण इजलासमा पठाइएको थियो। न्यायाशीश केसीकै रायलाई पूर्ण इजलासले सदर गरेको हो।

२०६८ साउनको नयाँ तलबमान निर्धारणमा समेत उक्त समस्या कायमै रहेको पीडित शिक्षकहरूले बताएका छन्। रिट निवेदकमध्येका एक प्राथमिक द्वितीय श्रेणीका शिक्षक रामप्रसाद घिमिरेले भने, "पछिल्लो तलबमानमा पनि यो समस्या उस्तै छ। तृतीय श्रेणीमा हुँदा मभन्दा बढी तलब भएका शिक्षकहरू यसै वर्ष विशेष बढुवाबाट द्वितीय श्रेणीमा पुगेका छन्। तलब अन्तर झन् बढेको छ।"





emami
FAIR AND HANDSOME
WORLD'S NO.1 FAIRNESS CREAM FOR MEN
SHAHRUKH KHAN
अब LOVELY होईन
बन्नुहोस् हरेक दिन
FAIR AND HANDSOME
NIMA RUMBA, SINGER
Now stronger with
LUMINO PEPTIDE™
for faster glowing fairness in 3 weeks
emami
WORLD'S NO. 1 FAIRNESS CREAM FOR MEN
FAIR AND HANDSOME
Now stronger with
LUMINO PEPTIDE™
for faster glowing fairness
ALSO IN 1 WEEK PACK



**कथा**

**अनिता शर्मा**

# अनुज र गणतन्त्र

अनुज कक्षा ३ को वार्षिक परीक्षा सिध्याएर घर फर्कँदै थियो। अबको छुट्टीमा घुम्न जाने भनेर बुबाले भन्नुभएको थियो तर कहाँ जाने भनेर भने भन्नुभएको थिएन। 'कहाँ लानुहुन्छ होला?' ऊ उत्सुक थियो।

अचानक एउटा भ्यानबाट माइकको ठूलो आवाज सुनियो। 'इतिहासकै सबभन्दा ठूलो क्रान्तिमा सहभागी होऔं! देश बचाऔं! अस्तित्वको रक्षा गरौं! यही चैत २४ गतेदेखि!! जाऔं, सहभागी बनौं!!' अनि राष्ट्रिय धुनसहितको गीत बज्न थाल्यो–'एक युगमा एक दिन एकचोटि आउँछ...।' अनुजले केही बुझ्न चाहेन किनकि उसले अब बन्द हुन्छ भन्ने बुझिसक्यो। तीन दिन, एक हप्ता वा अनिश्चितकालीन बन्दका पनि यस्तै माइकिङ पहिलेदेखि नै सुनिरहेको अनुजलाई यो पनि केही दिनको बन्द जस्तै लाग्यो। ऊ निराश भयो। परीक्षाको बोझ हट्नासाथ घुम्न जाने योजना चकनाचूर होला भन्ने डरले ऊ व्याकुल थियो। ऊ मनमनै आक्रोशित भयो। 'सधैं बन्द-बन्द!! यो बन्द गर्ने मान्छेहरू बन्द गरेर नथाक्ने रै'छन् कि क्या! हाम्रो कत्रो योजना थियो, अब फेरि बन्द रे!' यिनै कुरा मनभित्र खेलाउँदै अनुज घर पुग्यो।

नभन्दै भोलिपल्टदेखि सबै कुरा बन्द भयो। भोलिपल्ट ऊ सबै साथीसँग खेल्न गयो। सबैको परीक्षा सिद्धिएकोले खुशी थिए तर अनुज घुम्न जान नपाएकोमा निराश थियो। उसलाई खेल्न मन लागेन तर पनि ऊ त्यहाँबाट गएन। त्यहीं एउटा ढुङ्गामाथि बसिरह्यो।



ऊ सोच्न थाल्यो, "म राजा भएको भए त यी बन्द गर्नेहरूलाई...।" तर राजा भए के गर्थ्यो, ऊ सोच्न सक्दैन। राजाले किन केही नगरेको होला? ऊ मनमनै सोच्छ। फेरि सोच्छ, "यी बन्द गर्नेहरूको लिडर बन्न पाए त!! म कहिल्यै बन्द गर्ने थिइनँ।"

एक्कासी ब्युँझे जस्तो गरी ऊ तर्सियो। उसकी साथी आस्था उसलाई खेल्न बोलाउन आएकी थिई। तर, ऊ खेल्न मानेन। उसलाई यो बन्द किन गरेको हो, जान्न मन लाग्यो। उसले आस्थालाई यसबारेमा सोध्यो तर आस्था यस विषयमा अनभिज्ञ थिई। अनुज खेल्न भन्दा पनि कुरा गर्न उत्सुक थियो। अरू साथीहरू पनि भेला भए।

अनुजले प्रश्न गऱ्यो, "यो बन्द किन गरेको, तिमीहरू कसैलाई थाहा छ?"

विशाल बोलिहाल्यो, "अब राजा हटाउने रे नि, त्यही भएर।"

अनुजले क्रान्ति, आन्दोलन अघि सुनेको भए पनि यो कुरा बुझेको थिएन। सोध्यो, "किन हटाउने रे नि!"

समिरले भन्यो, "राजाले सबैलाई दुःख दिन्छ रे!"

साथीहरूले केही कुरा भने तर अनुजलाई त्यसबाट सन्तुष्टि भएन। "राजालाई हटाउने भए किन बन्द गर्ने? दरबारमा गएर हटाए भै'हाल्यो नि!" अब अनुज किन यस्तो हुँदैछ, जान्न इच्छुक भयो। ऊ अब प्रत्येक समाचार सुन्न थाल्यो, बुबालाई सोध्ने विचार गऱ्यो, पोस्टर टाँस्ने, पम्प्लेट बाँड्नेलाई सोध्न थाल्यो। एउटा हेर्दा अलि सज्जन जस्तो मान्छेले उसलाई एउटा पर्चा दियो। त्यो पर्चामा 'जनआन्दोलन' लेखिएको थियो। उसले घर गएर राम्ररी पर्चा पढ्यो तर केही बुझ्न सकेन। उसले यसका बारेमा पनि बुबालाई सोध्ने विचार गऱ्यो।

अँध्यारो भइसकेको थियो। अनुजलाई आमाले खाना खान बोलाउनुभयो। ऊ मन नलागी नलागी खाना खान बस्यो। उसले अझै यो बन्द किन, यो आन्दोलन किन, बुझ्न सकेको थिएन। उसले खाना खाइभ्याउँदा बुबा आइपुग्नुभयो। ऊ हतारहतार बुबाछेउ पुग्यो र खल्तीबाट पर्चा निकालेर देखायो। बुबा पर्चा हेरेर हाँस्नुभयो। अनुज अलमल्ल पर्दै बुबाको मुखाकृति पढ्ने निरर्थक प्रयास गऱ्यो। उसले बुबा किन हाँस्नुभयो बुझ्न सकेन। उसले बुबालाई केही सोध्न नभ्याउँदै आमाले बुबालाई खाना खान बोलाउनुभयो। बुबा भान्सातिर लाग्नुभयो, अनुज लुरुलुरु पछि लाग्यो। ऊ भान्साको ढोका नजिक उभिएर आमाबुबाको कुरा सुन्न थाल्यो।

आमाले बुबालाई 'आजको कार्यक्रम कस्तो भयो नि ?' सोध्नुभयो । बुबा मुस्कुराउँदै 'राम्रै भयो, तर...' 'तर के, सोचे जस्तो भएन ?' 'अँ, पहिलो दिन, धेरै मान्छे नै जुट्न सकिएन ।'

अनुजले केही बुझ्न सकेको थिएन । ऊ त बन्द किन गरेको, राजालाई किन हटाउने ? भनेर बुबालाई सोध्न चाहन्थ्यो । बुबा उठ्नुभयो । अनुज दगुर्दै कोठाभित्र पस्यो । उसले बुबाआमाको कुरा नसुनेको देखाउन चाह्यो । बुबा पनि कोठामा आउनुभयो र टिभी खोल्न थाल्नुभयो । त्यति नै बेला अनुज बोलिहाल्यो, 'बुबा बन्द कसले गरेको ? किन गरेको ? राजालाई किन हटाउने ?' बुबाले अनुजलाई सुम्सुम्याउनुभयो । 'अनुज, यो बन्द होइन, आन्दोलन हो । खान-लगाउन नपाएकाको अधिकारका लागि, पढ्न नपाएका बालबालिकाको हकका लागि, तिम्रो अधिकारका लागि, तिम्रो उज्यालो भविष्यका लागि हामी सबैले गरेको आन्दोलन हो यो ।' अनुज छक्क पऱ्यो । जुन बन्दको ऊ विपक्षमा थियो त्यो त उसकै बुबाले गर्नुभएको रहेछ, र त्यो पनि उसकै लागि । अनुजले यति बाहेक अरू केही बुझेन । ऊ घुम्न जान नपाएर चिन्तित थियो तर अब उसको मन परिवर्तन हुँदै थियो । 'अनि राजालाई किन हटाउने ?' ऊ सबथोक जान्न चाहन्थ्यो । बुबाले हाँस्दै भन्नुभयो, 'राजालाई हटाउने होइन । राजाले हाम्रो अधिकार खोसेर राख्या छ, हामी त्यो लिन जाने हो ।' 'कहाँ राख्या छ बुबा ?' अनुज जिज्ञासु स्वरमा बोल्यो । 'उसको दरबारमा', बुबा भावुक र गम्भीर हुनुभयो । 'हजुरले एक्लै सप्पै अधिकार बोक्न सक्नुहुन्छ त ?' अनुजले बुबाको मौनतालाई भङ्ग गर्दै थप्यो । बुबा जबरजस्ती हाँसे जस्तो गरी 'अहँ, त्यही भएर हामी सबै जानुपर्छ' भन्नुभयो । "म पनि जान्छु है, बुबा ।" अनुजको यो आग्रहले बुबालाई अवाक् बनायो । उहाँ मुसुक्क हाँस्नुभयो र खल्तीबाट गालामा टाँस्ने सानो राष्ट्रिय झण्डा निकालेर अनुजको गालामा टाँसिदिनुभयो ।

अनुज गालामा झण्डा टाँसिएपछि अलि ठूलो भएको महसुस भयो । ऊ हर्षले गद्‌गद् भयो । अब उसको घुम्न जाने रहरलाई अर्कै उत्साहले जित्यो । ऊ आन्दोलनले गर्दा घुम्न जान नपाएकोमा दिक्क हुन पनि छाड्यो । उसलाई अब आन्दोलन मन पर्न थाल्यो ।

बिहानै उठेर अनुज बुबासँगै जुलुसमा जान तयार हुँदै थियो तर बुबाले उसलाई छोडेर गइसक्नुभएछ । ऊ एकैछिन निराश भयो तर त्यो निराशले ऊभित्रको उत्साहलाई जित्न सकेन । ऊ सबै साथीलाई बोलाउन गयो । 'आस्था, भावना, समिर, ... ' उसले सबैलाई बोलाउन थाल्यो । एकैछिनमा सबै आइपुगे । "आज के खेल्ने ?" समिरले सबैको अनुहार हेऱ्यो । "आज हामी पनि नारा लगाऔं", अनुजले सबैलाई आग्रह गऱ्यो । उसले सबैलाई स-साना राष्ट्रिय झण्डा दियो । सबैले नारा लगाउन थाले-

'लोकतन्त्र- जिन्दावाद–जिन्दावाद'

'हाम्रो अधिकार- चाहियो–चाहियो'

'देश बेच्न- पाइन्न-पाइन्न'

अनुजको दिन प्राय: यसरी नै बितिरहेको थियो । ऊ बुबासँगै जुलुसमा जाने सपना बुन्दै सुत्थ्यो तर बिहानै बुबाले छाडेर जानुहुन्थ्यो । ऊ सधैं साथीहरू बटुलेर नारा लगाउन चौरमा पुग्थ्यो ।

" के अनुजले त्यो भीडमा खोसिएको ममता भेट्टाउला ? उसको बुबा शहीद हुनुभयो ! के उसको पीडामा गणतन्त्रको उत्सवले मल्हम लगाउन सक्ला ? के एक बालकको शिरबाट अभिभावकत्व खोसिनु सबैभन्दा ठूलो अधिकार खोसिनु हैन र ? आज ऊ कुन अवस्थामा छ, के कसैले सोचिरहेको छ ?

यसैबीच एक दिन, गाउँका ठूलाबडा सबै मौन थिए । सबै पल्याकपुलुक एकअर्कालाई हेरिरहेका थिए । चौतारीमा सबै जम्मा भएका थिए । 'अनुजको बुबा भविन्द्रलाई गोली लागेर अस्पताल लगेको रे, अनि...अनि...' भीडबाटै सासे आवाज सुनियो । अनुजकी आमालाई कसैले अस्पताल लगेका थिए, अनुज भने शरण काकाको काखमा बसेको थियो । बुबाको शवलाई देख्नेबित्तिकै आमा बेहोश हुनुभएछ । सबै कानेखुशी गरिरहेका थिए । अनुजलाई बुबाको अन्तिम संस्कारका निम्ति तयार पारिँदै थियो ।

हिजोसम्मको जिज्ञासु, चन्चले र उत्साही अनुज बुबाको किरियाकर्ममा सहभागी बनाइयो, त्यो अबोध बालक जसलाई जन्म-मृत्युबारे थाहा पनि थियो कि थिएन, उसले बुबाको काख क्षणभरमै गुमायो । पूरै गाउँ शोकमग्न थियो तर पनि आन्दोलन रोकिएको थिएन । अनुजले कति बुझ्यो कति बुझेन तर बुझ्नेहरूलाई त्यो दृश्यले शोकाकूल बनायो । आन्दोलन झन्-झन् चर्किंदै थियो । 'आज पत्रकारको टोली पनि मिसियो रे !' काकाहरू गफ गर्दै हुनुहुन्थ्यो । 'ए फलानो ठाउँमा त हलोजुवा लिएर किसानहरू उठे रे !' अर्को कसैले थपे । आन्दोलनले देश हल्लाउँदै थियो, यता अनुजको जीवनमा कहिल्यै शान्त नहुने हुरी चलिसकेको थियो ।

अनुजको बुबाको किरियाकर्म सकिइसकेको थियो । ऊ शरण काकासँग घर बाहिर बसेको थियो । अगाडिको बाटो मास्तिर उत्सव मनाउँदै आएका, राता-सेता झण्डा बोकेका मानिसहरूको भीड देखियो । एकैछिनमा त्यो भीड अनुजको घर अगाडि आइपुग्यो । अनुजलाई त्यो भीड आए/नआएकोमा कुनै चासो थिएन । भीड रोकिन मानेको थिएन तर एकजना नेताले भीडलाई सम्बोधन गरेर 'शहीदको छोरो' भन्दै अनुजतर्फ देखाए । भीड नारा लगाउँदै थियो 'वीर शहीद अमर रहून्, अमर रहून्, अमर रहून्' अनुजले बुबाको ठूलो तस्बिर भीड अगाडि देख्यो, शायद केही सोच्न सकेन । शरण काका अनुजलाई लिएर भीडतिरै लाग्नुभयो ।

तर अनुजले कति दिन, कसको, कति माया पाउन सक्ला ? के अनुजले त्यो भीडमा खोसिएको ममता भेट्टाउला ? उसको बुबा शहीद हुनुभयो ! के उसको पीडामा गणतन्त्रको उत्सवले मल्हम लगाउन सक्ला ? के एक बालकको शिरबाट अभिभावकत्व खोसिनु सबैभन्दा ठूलो अधिकार खोसिनु हैन र ? आज ऊ कुन अवस्थामा छ, के कसैले सोचिरहेको छ ?

कक्षा ११ (एफ)
तिलोत्तमा उमावि, योगीकुटी, रूपन्देही

सुजता कार्की

# विनोद

"हे र सुबिन, तिमीलाई थाहा छ विनोद कुन जातको हो ! के तिमी तिनीहरूसँग बसेर आफ्नो बुबाको नाक काट्न चाहन्छौ ? त्यसैले सुन सुबिन, अब आइन्दा तिमीलाई त्योसँग देख्न नपरोस्, नत्र राम्रो हुने छैन", मेरो बुबाको नातेदार पर्ने एकजना शिक्षकले त्यो दिन मलाई ऊसँग खाजा खाँदै गर्दा देखेर यसो भन्नुभएको थियो ।

मैले यो चूपचाप सुनें । 'के विनोद पनि मान्छे होइन र ? अनि मान्छेले मान्छेलाई छुन नहुने किन होला ? मैले सोचें, "म एक्लो मात्र हुँ र यो कुरा बुझ्ने ?

मेरो बाबा जो समाजमा 'पण्डित बा' को नामले प्रसिद्ध हुनुहुन्छ, अझै पनि जातीय विभेद मान्नुहुन्थ्यो । बाबाको अगाडि मलाई यस्ता कुरा गर्न डर लाग्थ्यो । घरमा उहाँ मलाई बारम्बार भन्नुहुन्थ्यो, 'हेर बाबु, आफ्नो इज्जतको ख्याल गरेस् ।' आमा पनि त्यस्तै हुनुहुन्थ्यो । एक दिन मैले स्कूलबाट फर्केर आउँदा देखेको थिएँ, उहाँ कुनै तल्लो जातको मानिसलाई आँगनमै बस्न लगाई साडीको सप्कोले मात्र पनि छोला कि भनेर दुई हातमाथिबाट केही दिँदै हुनुहुन्थ्यो । मलाई यो सब मन नपरे पनि विरोध भने गर्न सक्ने थिइनँ । यदि गरिहालें भने पनि म बर्खाको भ्यागुतो बन्न पुग्थें ।

विनोद मेरो आत्मीय मित्र थियो । बुबाआमाको आँखा छलेर म उसको घरमा जान्थें; सुन्तला, ज्यामिर टिप्थें र हामी सँगै खान्थ्यौं । उसकी आमाले पनि मलाई माया गर्नुहुन्थ्यो । एक दिन घरमा बुबाले मेरो लागि भनेर कम्प्युटर ल्याइदिनुभयो । स्कूलमा साथीहरूलाई मैले यो कुरा सुनाएँ र विनोदलाई भनें, "विनोद हिँड मेरो घरमा आज कम्प्युटर हेर्न जाऊँ । म तिमीलाई कम्प्युटरमा गेम खेल्न र चित्र बनाउन पनि सिकाइदिन्छु । मैले उसबाट सकारात्मक उत्तर नै पाएँ । ऊ पनि कम्प्युटर हेर्न उत्सुक थियो होला । आज मेरो घरमा कोही थिएन । त्यसैले ऊ अरूबेलाको जस्तो हिचकिचाएन ।

मैले उसलाई घरमा लगें । पिंढीसम्म त पुऱ्याएँ तर किन हो ढोकानेर पुगेपछि ऊ टक्क अडियो । ऊ स्थिर भएर बस्यो । "सुबिन, म तिम्रो घरमा छिर्दिनँ ।" उसले मसिनो स्वरमा भन्यो । "ल, किन हँ ?" मैले सोधें । ऊ चुपचाप बस्यो ।

"किन नछिर्ने ? के हुन्छ र ? अहिले त कोही पनि छैन !" यति भनेर मैले उसको हात समातेर भित्र लगें । ऊ भित्र हुत्तियो । "ल विनोद अब... ।" मैले अकस्मात् बुबालाई देखें । मेरो सातोपुत्लो उड्यो । विनोदको अनुहारको रङ उडिसकेको थियो । बुबा आँगनमा हुनुहुन्थ्यो । विनोद डरले थरथर काँपिरहेको थियो । ऊ अचानक घरबाट बाहिरियो र हस्याङफस्याङ गर्दै दौडियो । मेरो अनुहारमा बुबाले सीधा हेर्नुभयो । मलाई अति डर लाग्यो । म दौड्दै कोठामा गएँ र चुकुल लगाएर बसिरहें ।

'ओहो... बुबाले देख्नुभयो । अब के गर्ने...?' म एकदम आत्तिएँ । उहाँले मलाई पिट्नुहुन्छ कि ! भन्ने लागिरह्यो । त्यो रात मेरो दिमागमा केही आएन सिर्फ एउटा प्रश्न 'बुबाले के भन्नुहोला ?'

त्यसपछि दुई दिन बिदा थियो । भोलिपल्ट म बुबाको अगाडि जानै सकिनँ । उहाँले नै मेरो अगाडि आएर भन्नुभयो । "सुबिन, खाना खाएर पढ्न बस्नू । म एकछिन गाउँतिर जान्छु ।" "बुबाले हिजोको कुरा बिर्सनुभएछ ल", मैले ठानें । अर्को दिन विनोद स्कूल आएन । मैले अरूलाई सोधें तर सबैबाट 'थाहा छैन' भन्ने उत्तर पाएँ । म भने उसको लागि पिरोलिएँ । 'ओहो... विनोद आज किन स्कूल आएन हँ ?' स्कूल छुट्टीपछि म उसको घर पुगें । टाढैबाट

**"बाबा, दोष लगाउनुथियो भने ममाथि लाउनुभए हुन्थ्यो, मैले नै घरमा उसलाई हुलेको थिएँ । जति पिट्नु थियो, मलाई नै पिट्नुपर्थ्यो । हो, बाबा हो, मैले नै त्यो पानी नचल्ने जातलाई आफ्नो छेउमा राखें र उसको साथ पाउन खोजें । यो मेरै गल्ती थियो बाबा... ।" होशमा आएपछि मैले रुँदै बाबालाई भनें, बुबा चूपचाप रहनुभयो ।**

# भोक

नन्दकुमारी भट्ट

"के नाम हो तिम्रो ?"

"कौशिला"

आफ्नो नाम भनेर ऊ गोठतिर लागी । उसलाई हतार थियो । बेलुका पखको भकारो सफा नगरे हाकिमबाजे रिसाउनुहुन्छ ।

प्रश्नकर्ता त्यस घरका किशोर पाहुना थिए भने उत्तरदाता त्यस घरकी काम गर्ने १३/१४ वर्षकी बालिका । ऊ खुरुखुरु काम गरिरहेकी छ । धेरै बोल्दिनँ ।

कौशिलाको ठूलोबुबालाई रु.८०० दिएर हाकिम सा'बले घरको काम गर्न मगाएका थिए । हाकिम सा'बबाट महिनाको रु.१ हजार कौशिलाको बुबाले बुझेर लान्छन् ।

कौशिला आउनुअघि त्यो घरमा काम गर्ने एउटा केटा थियो । ऊ दशैंमा घर जान्छु भनेर गएको फर्केर आएन । हाकिम्नीले केही दिनपछि आफ्ना छिमेकीलाई भन्दै गरेको कौशिलाले सुनेकी थिई– "कस्तो युग आयो, अर्के भनेको अर्कै हुँदोरहेछ । त्यो केटालाई मैले आफ्नै छोरा जस्तो गर्थें । भोक लाग्यो भनेर अरूलाई दिनु अगाडि उसलाई खान दिन्थें । मैले जति माया

त उसकी आमाले पनि गरेकी थिइनँ होला । जाँदाखेरी ठूलीममी म टीका लगाएर आइहाल्छु है भनेर गएको किन आउँथ्यो ? यिनीहरूलाई माया कहाँ चाहिन्छ र ? बाउले अलिक बढी पैसा पाएको ठाउँमा पठायो होला नि ! बल्ल थाहा पाए होला। दु:ख भनेको के हो ! हाम्रो घरमा त के काम थियो र? बसीबसी खानु थियो। अब यो केटी आएकी छ। आफ्नो छोरीझैं गरेर राखेकी छु। यसलाई पनि २/४ दिनमा मात लाग्ला नि !"

"कहिलेदेखि यहाँ छौ ?" पाहुनाले फेरि सोधे।

"आज एक महिना दश दिन भयो।"

त्यति भनेर ऊ धारातिर गई। धारामा बिहानदेखि राखेका लुगा धोएका थिएनन्। बिहान हाकिमकी बुहारीले चर्को स्वरमा बोलेको अरूले प्रष्ट सुनेका थिए– "कौशिला ठूलो बाटाका लुगा भिजाइदे त, म आफैं धुन्छु।"

कौशिला लुगा सुकाउँदै थिई उसले फेरि सोधेको थियो, "तिमीलाई भोक लाग्यो होला है ?"

उसले पुलुक्क प्रश्नकर्तातिर हेरी र केही नबोली भान्छाकोठामा पसी। बिहानका भाँडा माझ्न अझै भ्याएकी थिइनँ। घरको कान्छो छोरा कतैबाट आयो। मोटरसाइकल थन्काएर टाउकाको हेलमेट निकाल्दै ऊ कराएको सबैले सुनेका थिए, "यो प्लेटमा रोटी किन छ? कुकुरले नखाएपछि त फ्याँकिदिनु नि! प्लेट किन उसको अघिल्तिर राखिराखेको!" कौशिला एकैछिन भाँडा माझ्न छाडेर कुकुरको प्लेट लिएर गोठतिर गई।

एसएलसी भ्याएर फुपूकोमा बस्न आएको किशोर बालकले साँझ आठ बजेतिर खाना खान बस्दा आफ्नी फुपूसँग सोध्यो, "फुपू कौशिलाले खाई ?"



"कठै ! त्यसलाई नखुवाई मेरो मुखमा के पर्ला र बाबु ! आज मात्रै अलिक अबेर भएको हो नत्र सधैं उसलाई खुवाएर मात्र अरूलाई दिन्छु।"

पोखरेली भतिजो खाना खाइसकेपछि बाहिर निस्क्यो। उसले गोठमा एउटा धमिलो आकृति देख्यो। उसलाई लाग्यो त्यो आकृति केही खाइरहेछ।

कक्षा ९, रत्नराज्य उमावि, बानेश्वर, काठमाडौं

देखें, मान्छेको अलि भीड थियो। कोही भन्दै थिए, 'विचरा... यस्तो कलिलैमा जीवन फालेछ। 'हैन कसको कुरा गर्छन् यिनीहरू ? कसले जीवन फालेछ हँ ?' कुरो बुझ्न म अलि नजिक गएँ। विनोदकी आमाको सुँक्कसुँक्कसँगै आवाज आयो, "तिमीले के गऱ्यौ नि बाबु, यति सानैमा मलाई छोडेर गयौ !" मैले देखें–आँगनको छेउमा मेरो प्यारो साथी गहिरो निद्रामा निदाइरहेको थियो।

म छाँगाबाट खसे जस्तो भएँ। विनोदले पासो लगाएर आत्महत्या गरेको रहेछ। मैले चारैतिर अन्धकार बाहेक केही देख्नै सकिनँ। मान्छेको होहल्लामा पनि म शून्यको अनुभव गर्न थालें। अब मेरो त्यो साथी कहिल्यै नफर्किने बाटो गइसकेको थियो। मेरा आँखाबाट बरबर आँशु खसे। त्यो कारुणिक दृश्यमा म रहन सकिनँ र अत्यन्त दु:खी हुँदै घरतिर आएँ। म यति दु:खी कहिल्यै भएको थिइनँ। साथीलाई बोलाउन गएको म उसको मृत्यु देखेर फर्कंदै थिएँ। मेरो आँखाबाट आँशुका धारा निरन्तर बगिरहे। 'विनोद... यो के गरेको विनोद...' मेरो मित्रतामा के कमी थियो र ? यस्तो किन गऱ्यौ विनोद... ? मेरा आँशुले त्यो रात यही भनिरहे। मेरो गहिरो मित्रताको माला चुँडिएको थियो। भोलिपल्ट केही मानिस विनोदको घरबाट आउँदै थिए। एकजनाले भन्दै थियो, "यस्तै त हुन्छ नि, दलित भएर बाहुनको घरमा पस्ने बदमासको !"


मैले सबै कुरा थाहा पाएँ– मेरो बुबाले नै गाउँमा विनोदको बारेमा झूटो खबर सुनाउनुभएको रहेछ र ठूला जातका भनाउँदाले विनोदलाई शारीरिक र मानसिक यातना दिएर आत्महत्या गर्न विवश पारेका रहेछन्। एकातिर क्रोधको आवेग र अर्कोतिर शोकको वेदना। मैले यो स्थिति सामना गर्न सकिनँ। म बेहोस भएँ।

"बाबा, दोष लगाउनुथियो भने ममाथि लाउनुभए हुन्थ्यो, मैले नै घरमा उसलाई हुलेको थिएँ। जति पिट्नु थियो, मलाई नै पिट्नुपर्थ्यो, मैले नै तपाईंको इज्जतमा दाग लगाइदिएँ। हो, बाबा हो, मैले नै त्यो पानी नचल्ने जातलाई आफ्नो छेउमा राखें र उसको साथ पाउन खोजें। यो मेरै गल्ती थियो बाबा...।" होशमा आएपछि मैले रुँदै बाबालाई भनें, "...तर किन तपाईंले त्यो निर्दोषलाई सजायको भागिदार बनाउनुभयो? बरु म नै संसारमा नभइदिएको भए हुन्थ्यो...।" बुवा चूपचाप रहनुभयो।

एक महिनाको अन्तरालमा विछोडको घाउ पुरिनै लागेको थियो। नेपालीको गृहकार्यमा आफ्नो मिल्ने साथीलाई चिठ्ठी लेख्नुपर्ने थियो। मेरो कलम कापीको पानामा अनायासै यसरी व्यक्त भएछ– प्यारो साथी विनोद, धेरै धेरै सम्झना !

म झसङ्ग भएँ। मैले त्यो पानाभरी विनोद देख्न थालें। उसको मित्रताको स्नेह सम्झिएँ। उसको गुण र साथ सम्झिएँ। एकपटक फेरि मेरो आँखा रसाए। त्यसपछि मैले त्योभन्दा बढी लेख्न सकिनँ...

कक्षाः ९, होली टेम्पल मावि छम्पी-६, ललितपुर



डा. तीर्थबहादुर श्रेष्ठ




# बाल-जिज्ञासा झिजो मान्न पाइँदैन !

**कुकुरका छाउरालाई आँखा खुलेको केही दिनपछि नै कौतुहलले कुतकुत्याउन थाल्छ। यता सुँघ्न थाल्छ, उता सुँघ्न थाल्छ। यो के हो, त्यो के हो; बुझ्न थाल्छ। आफ्नै पुच्छर पनि के हो भनी टोक्न खोज्छ। उता ७ वर्षकी छोरी कुकुरको पुच्छर किन घुम्रिएको र बाङ्गो हुन्छ भनी प्रश्न गर्छे। कस्तो प्रश्न, म हैरान हुन्छु। श्रीमती हैरान हुन्छे। आफैंलाई उत्तर थाहा छैन। कुकुरको पुच्छर बाङ्गो नभए कसको पुच्छर बाङ्गो हुन्छ भनी प्रतिप्रश्न गर्न पनि मिलेन।**

हरेक प्राणीलाई आफू जन्मिएको संसार रमाइलो लाग्छ। आफ्नो ज्यान प्यारो लाग्न थाल्छ। ओथारोको अण्डाबाट बाहिर निस्कनासाथ कुखुराका चल्ला चुलबुल गर्दै प्यूँ प्यूँ कराउँदै यताउता गर्न थाल्छन्। चहार्न थाल्छन्। आमाको पछि-पछि लाग्छन्। के खाने के नखाने, आमाले सिकाउँछे वा आफैं पनि सिक्छन्। कौतुहलवृत्ति बढ्दै जान्छ। यस्तै गरेर कुकुरका छाउरालाई आँखा खुलेको केही दिनपछि नै कौतुहलले कुतकुत्याउन थाल्छ। यता सुँघ्न थाल्छ, उता सुँघ्न थाल्छ। यो के हो, त्यो के हो; बुझ्न थाल्छ। आफ्नै पुच्छर पनि के हो भनी टोक्न खोज्छ। मुखले भेट्दैन। फनफनी घुमेर टोक्न खोज्छ। जिज्ञासा बढ्छ। झन् घुम्न थाल्छ। उता ७ वर्षकी छोरी कुकुरको पुच्छर किन घुम्रिएको र बाङ्गो हुन्छ भनी प्रश्न गर्छे। कस्तो प्रश्न, म हैरान हुन्छु। श्रीमती हैरान हुन्छे। आफैंलाई उत्तर थाहा छैन। कुकुरको पुच्छर बाङ्गो नभए कसको पुच्छर बाङ्गो हुन्छ भनी प्रतिप्रश्न गर्न पनि मिलेन। त्यसपछि मलाई लाग्यो; अरू आमाबाबुलाई पनि उनीहरूका स-साना नानीहरूले यस्तै प्रश्न गर्दा हुन्! १० वर्षमुनिका बालबालिकाले आफ्ना आमाबाबुलाई सोध्ने प्रश्न सङ्कलन गर्न थालें। दौंतरी; साथीभाइ तथा साथीभाइका पनि साथीभाइहरूसम्म कुरा पुऱ्याएर बाल-जिज्ञासाहरू सङ्कलन गर्न थालें। लगभग २०० प्रश्न हात परे। त्यो २०३८/३९ सालको कुरा थियो।


आज ३० वर्षपछि बेलायतमा पाँचदेखि १६ वर्षसम्मका केटाकेटीले आमाबाबुलाई हैरानी खुवाउने प्रश्नहरूको सँगालो २,००० जोडीबाट सङ्कलन गर्ने काम भएको रहेछ। तीमध्ये आमाबाबुलाई धुरुक्क पार्ने १० प्रश्न यस्ता रहेछन्-

१. कहिलेकाहीं दिउँसै पनि चन्द्रमा कसरी देखिन्छ?
२. आकाश किन नीलो हुन्छ?
३. अरू ग्रहबाट आउने परग्रही ('एलिएन') हामीले कहिल्यै भेट्टाउँछौं होला?
४. पृथ्वीको तौल कति होला?
५. हवाइजहाज कसरी हावामा अडिएर उड्छ?
६. पानी किन चिसो हुन्छ?
७. गणितका लामा-लामा हिसाब कसरी गर्न सकिन्छ?
८. चराचुरुङ्गी र माहुरीहरू जाडोमा कहाँ जान्छन्?
९. इन्द्रधनुष कसरी बन्छ?
१०. पृथ्वीको भिन्न ठाउँमा किन भिन्न समय हुन्छ?

यी १० मध्ये ८ वटा प्रश्न र तिनको उत्तर हाम्रो २०४० सालको बाल-विज्ञान प्रश्नोत्तर भित्र समावेश भइसकेका रहेछन्। मात्र गणित विषयको प्रश्न नं. ७ र परग्रहका मानिस बारेको प्रश्न नं. ३ हाम्रो सङ्कलनभित्र परेको थिएन। त्यसबेला सङ्कलित प्रश्नमध्येबाट १०० वटा प्रश्नहरूलाई प्राथमिकताको आधारमा छानेर तिनको उत्तरसहित 'बाल-विज्ञान प्रश्नोत्तर' नामक पुस्तक प्रकाशित भएको थियो। तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित सो पुस्तकको मूल लेखकका रूपमा मलाई विमललाल श्रेष्ठले साथ दिनुभएको थियो। लगभग २५ वर्षदेखि त्यो पुस्तक बजारमा उपलब्ध थिएन। यसैबीच, नयाँ वर्ष २०६९ को अवसर पारेर नयाँ आवरणमा *हिमाल किताब* ले सो पुस्तकलाई पुन: बजारमा उपलब्ध गराएको छ। यसमा प्रकाशित अधिकांश चित्रहरू स्वर्गीय मोहन खड्काद्वारा पहिलो संस्करणकै निम्ति तयार पारिएका हुन्।


*दि काठमाण्डू पोष्ट* को सन् २०१२ को जनवरी २० को अङ्कमा रोयटर्स (Reuters) को हवालामा छापिएको समाचारले जनाएअनुसार माथिका १० प्रश्नले बेलायती आमाबाबुलाई सबभन्दा बढी सताउने गरेका छन्। तथापि, उचित पाठ्यसामग्रीहरू सङ्कलन गर्न सक्ने हो भने बाबुआमाहरू बालबालिकाका प्रश्न सुनेर तर्सनुपर्दैन, बरु कलात्मक ढङ्गले तिनको उत्तर दिएर बालबालिकालाई स्नेह र ममतासँगै नौलो वातावरणमा शिक्षा प्रदान गर्न सकिन्छ।

'के हामी सुत्ने बेलामा संसारका सबै मानिस सुत्छन्?' भन्ने बालबालिकाको प्रश्न र पृथ्वीका भिन्न ठाउँमा किन भिन्न समय हुन्छ भन्ने प्रश्न वस्तुत: एउटै कुरा हो। यो प्रश्नको उत्तरले तीन कुराको बोध गराउनुपर्छ। पहिलो कुरा; पृथ्वी गोलो छ, दोस्रो कुरा;













यो घुम्दछ- पूर्वबाट पश्चिमतिर र तेस्रो कुरा; हाम्रो समय निर्धारण सूर्यको प्रकाशका आधारमा गरिन्छ। यति कुरा बुझाउने धैर्य र कला आमाबाबुमा भएन भने यस्ता प्रश्नले तिनलाई त्रसित र बालबालिकालाई निराश बनाउनु स्वाभाविक हुन्छ।

बालबालिकामा सानै उमेरदेखि रङबारे चेतना र कौतुहल जागिरहेको हुन्छ। नीलो आकाश, अँध्यारो रात, हरियो पात, रातो फूल, पहेंलो फल, सुन्तले साँझ तथा इन्द्रेणीको रङले बाल-जिज्ञासालाई रङ्गाइरहेको हुन्छ। त्यसैले गर्दा, आकाशको रङ र इन्द्रेणी बारेको जिज्ञासा नेपाली र बेलायती बालबालिकाहरूका साझा विस्मयको वस्तु बन्न पुगे- त्यो बेला पनि र यो बेला पनि। आकाश कसरी नीलो देखिन्छ भन्ने प्रश्नको उत्तर धेरै आमाबाबुलाई थाहा नहुन सक्छ। केटाकेटीले सोध्दैमा झिझो मान्यौं र सही उत्तर दिन सकेनौं भने त्यहाँ स्नेहको पुल होइन समस्याको खाडल निर्माण हुन्छ। कुखुराका चल्ला वा कुकुरका छाउरालाई मात्र होइन मानिसलाई पनि आमाले सिकाउने ज्ञान र प्रदान गर्ने शिक्षाले जीवनचर्यालाई सफल बाटोतिर डोऱ्याउने गर्दछ। त्यसैले बालबालिकाका प्रश्नलाई सहज ढङ्गले लिने र सही उत्तर दिने बानी बसाल्न सक्नुपर्छ। यो आमाबाबुको धर्म पनि हो। त्यो धर्मलाई पाठशाला र शिक्षकहरूको काँधमा पन्छाउनु राम्रो कर्म कदापि होइन।

बालबालिकाहरू सूर्यभन्दा चन्द्रमालाई धेरै रुचाउँछन्। *बाल-विज्ञान प्रश्नोत्तर*मा चन्द्रमा कति ठूलो छ? रोटी जत्रो कि नाङ्लो जत्रो? कहिले अचम्म मान्दै सोध्दछन्- त्यो कहिले पातलो हँसिया जस्तो त कहिले आधा काटेको रोटी जस्तो किन देखिन्छ? चन्द्रमाको सतह कस्तो होला? चिल्लो चाँदीको टल्कने थाल जस्तै पो छ कि वा कस्तो छ? कहिले नजिक आउँछ, कहिले टाढा जान्छ, किन? वास्तवमा चन्द्रमा कति टाढा छ? के त्यहाँ पुग्न सकिन्छ? के त्यहाँ मानिस छन्? त्यहाँ पनि दिन-रात हुन्छ? बाल कौतुहल र बाल-जिज्ञासाको सँगालोमा चन्द्रमाको स्थान ज्यादै महत्त्वपूर्ण देखिन्छ। त्यसैले बालगीत, बालकथा आदि बालसाहित्यले पनि चन्द्रमालाई विशेष स्थान दिने गरेको पाइन्छ। कसैले चन्द्रमालाई 'टाढाको मामा'को साइनो लगाइदिन्छ भने कसैले परलोक भएको प्रियजनको लोक त्यही हो भनेर चित्त बुझाउन खोज्दछन्। साना नानीहरू जसका आमा वा बुबाको देहान्त भएको हुन्छ, तिनलाई तिम्रो आमा वा बुबा त्यहाँ गइबसेका छन् भनेर चित्त शान्त गर्ने पनि गरिन्छ। त्यसैले चन्द्रमा विषयको ज्ञान र विज्ञानलाई बाल-विज्ञानले यथेष्ट ठाउँ दिएको छ। *बाल-विज्ञान प्रश्नोत्तर*को खण्ड १ भित्र यस्तै ग्रहगण र तारा सम्बन्धी १८ प्रश्नोत्तर छन्।

**गुलियो खाँदा कसरी दाँत बिग्रन्छ ? देखि खुट्टा किन निदाउँछ ? बाडुली किन लाग्छ ? पसिना कसरी आउँछ ? भन्ने सम्मका प्रश्न यस खण्डभित्र समेटिएका छन्। लन्डनका बालबालिकाले अघि सारेका १० प्रश्नमा कुनै पनि प्रश्न मानव शरीर र स्वास्थ्यसँग सम्बन्धित छैनन्। बेलायती आमाबाबुहरू बालबालिका तथा शरीर र स्वास्थ्यका बारेमा अधिक जानकार भएर हो कि भन्न पनि सकिन्छ।**

बालबालिकाहरू हुर्कंदै बढ्दै गर्दा तिनमा वरपर, आफ्नो परिवेशमा देखिने फूल, बिरुवा र वनस्पति, पशुपन्छी, माछा, भ्यागुता, सर्प, छेपारो, पुतली, कीरा-फट्याङ्ग्रा आदिका बारेमा जिज्ञासाहरू पैदा हुन्छन् र ती प्रश्न बनेर तेर्सिन्छन् आमाबाबु तथा परिवारजनको सामुन्ने। केटाकेटीका मनमा थुप्रै प्रश्न उठ्छन्, तर प्रश्न कसलाई सोध्ने भन्ने हिम्मतले उनीहरूलाई सर्वप्रथम आमाबाबुछेउ नै पुऱ्याउँछ। पुस्तकको खण्ड २ र ३ ले बीजबिरुवा तथा पशुपन्छीका बारेमा सोधिएका प्रश्न र तिनका उत्तरलाई समेटेको छ। सिस्नुको पोलाइ वा लामखुट्टेको टोकाइबारे उनीहरू जान्न चाहन्छन्। खुट्टा नभएको सर्प कसरी त्यति छिटो दौडन्छ? हात्तीका दाँत कति वटा हुन्छन्? बिरुवाहरू कसरी पानी पिउँछन्? माकुराले कसरी जालो बुन्छ भन्ने जस्ता प्रश्न कलिलो उमेरमा भोगेका र देखेका कुराहरूले स्वभावत: उब्जाउन थाल्छ। "बालकलाई विस्मय पनि चाहिन्छ, बोध पनि चाहिन्छ र उत्तर पनि चाहिन्छ, आनन्द पनि चाहिन्छ", प्रकाशकीयमा राष्ट्रकवि माधव घिमिरेका उद्‌गारहरू यस्तै थिए, २०४० सालको प्रकाशनमा।

हावा, पानी र माटो विषयलाई खण्ड ४ ले ओगटेको छ। हुरी, बतास, बिजुली र गड्याङगुडुङले बालमस्तिष्कमा भय, त्रास एवं जिज्ञासा उब्जाइरहेको हुन्छ। ईश्वर रिसाउने र खुसाउनेसँग यी कुरा सम्बन्धित छन् वा तिनका वैज्ञानिक कारण पनि छन् भन्ने ज्ञानबोध त्यस खण्डका प्रश्नहरूले खोजिरहेका हुन्छन्। यसमा त्यस्ता प्रश्नका उत्तरहरू सकेसम्म सरल तरिकाले दिने जमर्को भएको छ।

त्यही सिलसिलामा माटो, मट्टीतेल, पेट्रोल, नून आदिबारे आधारभूत ज्ञान पनि पस्कने काम भएको छ।

आफ्नो पुच्छर देखेर चकित भई फनफन घुम्ने कुकुरका छाउरा जस्तै मानिसका बालबच्चाहरू पनि आफ्नै दिसा र पिसाब कसरी बन्छ भन्ने जिज्ञासामा आमाबाबुछेउ प्रश्न गर्न पुग्दछन्। शरीर र स्वास्थ्य सम्बन्धमा प्रश्नको थुप्रो धेरै हुन्छ। त्यसैले सर्वाधिक प्रश्नको सँगालो खण्ड ५ ले समेटेको छ। त्यसमा गुलियो खाँदा कसरी दाँत बिग्रन्छ? देखि खुट्टा किन निदाउँछ? बाडुली किन लाग्छ? पसिना कसरी आउँछ? भन्ने सम्मका प्रश्न यस खण्डभित्र समेटिएका छन्। लन्डनका बालबालिकाले अघि सारेका १० प्रश्नमा कुनै पनि प्रश्न मानव शरीर र स्वास्थ्यसँग सम्बन्धित छैनन्। बेलायती आमाबाबुहरू बालबालिका तथा शरीर र स्वास्थ्यका बारेमा अधिक जानकार भएर हो कि भन्न पनि सकिन्छ। जेहोस् बाल-जिज्ञासामा शरीर र स्वास्थ्य निकै महत्त्वपूर्ण विषयवस्तु हुन् भन्ने हाम्रो ठहर रह्यो।

**सबैभन्दा महत्त्वपूर्ण शिक्षालय घर हो र सबैभन्दा महत्त्वपूर्ण शिक्षक आमा हो भन्ने कुरा जगजाहेर छ। त्यसैले प्रत्येक घरमा शिक्षाका सामग्री सुलभ हुनुपर्छ। आमा शिक्षित हुनुपर्छ र तिनका लागि पनि पाठ्यसामग्रीको कमि हुनुहुँदैन। बाल उपयोगी साहित्य, कला, ज्ञान-विज्ञानका सामग्री मातापिताका शयनकक्षमा नै सुलभ भए भने आफ्ना स-साना छोराछोरीका प्रश्न, जिज्ञासा र कौतुहलबाट तर्सिने, टाढा भाग्ने र पन्छिने अवस्था आउँदैन।**

*बाल-विज्ञान प्रश्नोत्तर*को आखिरी खण्ड विज्ञान र प्रविधिसँग सम्बन्धित छ। आजभन्दा ३० वर्ष पहिलेको नेपाली समाजमा बालबालिकाले सोध्ने प्रश्नमा ट्रली बस, रेडियो, क्यामरा, हवाइजहाज, रकेट, बिजुलीबत्ती र रेडियो नै प्रमुख प्राविधिक विषय थिए। नून र चिनीका रासायनिक गुण; तातो-चिसोको भौतिक विज्ञान; पानी, बरफ र बाफका भौतिक स्वरुपबारेको जिज्ञासा सर्वाधिक सोधिने प्रश्नका रूपमा देखिन आएका थिए। कम्प्युटर र डिजिटल प्रविधिले गर्दा अहिले मोबाइल फोन, डिजिटल क्यामरा, टेलिभिजन, इन्टरनेट प्रविधि, भिडियो गेम, आइपड, सामान्य प्रयोजनका उपभोग्यवस्तु नै प्रश्नका विषय बन्न पुगेको अवस्था छ। यिनका बारे निश्चय नै थुप्रै प्रश्नहरू उब्जने गर्दछन् बालबालिकाका मनमा। ती विषयमा छुट्टै प्रयासको जरुरी छ।

सबैभन्दा महत्त्वपूर्ण शिक्षालय घर हो र सबैभन्दा महत्त्वपूर्ण शिक्षक आमा हो भन्ने कुरा जगजाहेर छ। त्यसैले प्रत्येक घरमा शिक्षाका सामग्री सुलभ हुनुपर्छ। आमा शिक्षित हुनुपर्छ र तिनका लागि पनि पाठ्यसामग्रीको कमि हुनुहुँदैन। बाल उपयोगी साहित्य, कला, ज्ञान-विज्ञानका सामग्री मातापिताका शयनकक्षमा नै सुलभ भए भने आफ्ना स-साना छोराछोरीका प्रश्न, जिज्ञासा र कौतुहलबाट तर्सिने, टाढा भाग्ने र पन्छिने अवस्था आउँदैन। कौसीमा बसेर चन्द्रमाको बारेमा छलफल गर्न सकिन्छ। बगैंचामा बसेर पुतलीको जीवनगाथा गुथ्न सकिन्छ, भान्छाकोठामा बसेर पानी, बरफ र बाफका कुरा गर्न सकिन्छ। बैठकमा बसेर भिडियो गेमबारे कुराकानी गर्न सकिन्छ। वस्तुतः आमाबाबु र केटाकेटीका बीच कायम हुने बौद्धिक बन्धनले भविष्यलाई उज्यालोतिर डोर्‍याउँछ। सम्वत् २०६८ को नयाँ वर्षले यस्तो बन्धनलाई बलियो पार्न सघाओस् भन्ने शुभकामना!

**sms प्रतिक्रियाका लागि ltr<space>5006**




नागरिक
भाग्यmoney घर धनी अफर
बम्पर उपहार
एक जनालाई काठमाडौं नयाँ बानेश्वरनजिक बागमती अपार्टमेन्टमा
२ बेडरुम अपार्टमेन्ट
हरेक महिना
TATA Nano कार र Mahindra Rodeo 125 स्कुटर एक एक जनालाई
nano
हरेक साता
LG को Refrigerator, Micro-Wave oven र Washing Machine एक एक जनालाई
LG
Life's Good
हरेक दिन
Maxx Mobile र D.light Solar Light एक एक जनालाई र शुक्रबार साप्ताहिकको अर्धवार्षिक ग्राहक र Digicom Stand Fan तीन तीनजनालाई
शुक्रवार
DIGICOM
D.Light S10 Solar Light
हरेक क्षण
हरेक ग्राहकले पाउनुहुनेछ हात खाली नजाने स्क्र्याच कुपन भित्र लाखौंका उपहार
D.Light S10 Solar Light
रजिष्टर गर्नका लागि CIR टाइप गरी ५२२५ मा एस.एम.एस. गर्नुहोला।
यो सेवा नेपाल टेलिकममा मात्र उपलब्ध छ।
हामी आउँदैछौं तपाईंको घरदैलोमा फेरि एक पटक
थप जानकारीका लागि
नेपाल रिपब्लिक मिडिया प्रा.लि.
जे.डि.ए. कम्प्लेक्स, बागदरबार, काठमाडौं
फोन: ०१-४२६८६५६, ४२६५१०० (Ext. २०४/२०५), इमेल: circulation@nagariknews.com
Nepal Republic Media
नोट : वार्षिक ग्राहक यी सबै योजनामा सहभागी हुन पाउनेछन्।
अर्धवार्षिक ग्राहक बम्परबाहेक अन्य योजनामा सहभागी हुन पाउनेछन्।
त्रैमासिक ग्राहक भने हरेक दिन र हरेक क्षण योजनामा मात्र सहभागी हुन पाउनेछन्।
*सर्तहरु लागू हुनेछ

## यस्ता हुन्छन् राम्रा स्कूल

**अमेरिकाको** पूर्वोत्तर राज्य मेन (Maine) मा सरकारी तवरमा गरिएको एउटा अनुसन्धानले राम्रा स्कूलका नौ वटा विशेषता पहिल्याएको छ। ती हुन्:

१. **सुस्पष्ट लक्ष्य** (Clear and Shared Focus): राम्रा स्कूलमा 'हामी कता जाँदैछौं र किन' भन्ने कुरा सबैलाई थाहा हुन्छ। स्कूलको लक्ष्य प्राप्त गर्नमा आफ्नो भूमिका के हुन्छ भन्ने कुरामा स्पष्ट भइसकेपछि सबै त्यो लक्ष्य हासिल गर्न प्रतिबद्ध हुन्छन्।

२. **सबै विद्यार्थीका लागि उच्च अपेक्षा** (High Standards and Expectations for All Students): राम्रा स्कूलका शिक्षक र कर्मचारीहरू 'सबै विद्यार्थी पढ्न सक्छन् र उच्चतम उपलब्धि हासिल गर्न समर्थ छन्' भन्ने कुरामा विश्वास गर्छन्। उनीहरू केही विद्यार्थीले कुनै खास अवरोध पार गर्नुपर्छ भन्ने कुरा बुझ्छन् तर ती अवरोधलाई अलंघ्य ठान्दैनन्। राम्रा स्कूलमा महत्त्वाकांक्षी र सही पाठ्यक्रम तय गरिएको हुन्छ।

३. **प्रभावकारी विद्यालय नेतृत्व** (Effective School Leadership): स्कूल राम्रो हुनका लागि शैक्षिक र प्रशासनिक नेतृत्व प्रभावकारी हुनुपर्छ। आफैं विभिन्न काममा सक्रिय रहने र आवश्यक सहयोग परिचालन गर्न सक्ने प्रधानाध्यापकले शिक्षकहरूको पेशागत विकास र विद्यार्थीको शैक्षिक उपलब्धि दुवैलाई माथि उठाउन सक्छन्।

४. **स्तरीय सहकार्य र सञ्चार** (High Levels of Collaboration and Communication): सबै कक्षाका शिक्षकहरूको 'बलियो टीमवर्क' राम्रो स्कूलको एउटा महत्त्वपूर्ण मन्त्र हो। अभिभावक र समुदायका सदस्यहरूसितको सञ्चार र सहकार्यले स्कूललाई विद्यार्थीको अधिकतम हितमा काम गर्न र आइपर्ने समस्याहरूबाट जोगाउन मद्दत गर्छ।

५. **स्तर अनुरूप पाठ्यक्रम, अध्यापन र परीक्षण** (Curriculum, Instruction and Assessment Aligned with Standards): राम्रा स्कूलको पाठ्यक्रम आधारभूत शैक्षिक सिकाइको स्तरसित मिल्दोजुल्दो हुन्छ र अनुसन्धानमा आधारित शैक्षिक योजना र सामग्रीहरूको प्रयोग गरिन्छ। शिक्षकहरूलाई परीक्षणको अर्थ, महत्त्व र सीमा थाहा हुन्छ।

६. **सिक्ने सिकाउने कामको नियमित निगरानी** (Frequent Monitoring of Learning and Teaching): राम्रा स्कूलहरूमा नियमित रूपले र विभिन्न किसिमले विद्यार्थीहरूको जाँच लिइन्छ। यस्ता एसेस्मेन्टहरूलाई विद्यार्थीलाई के कस्तो थप सहयोग आवश्यक छ भन्ने कुरा थाहा हुन्छ र आवश्यक मद्दत गरेर उनीहरूको शैक्षिक स्तर उकासिन्छ।


७. **ध्यानपूर्वक गरिएको पेशागत विकास** (Focused Professional Development): राम्रा स्कूलले बढी आवश्यकता भएका क्षेत्रमा शिक्षकहरूलाई तालिम दिने गर्दछन्। सिक्ने सिकाउने काममा प्राप्त प्रतिक्रियाहरूले पनि पेशागत विकासमा मद्दत गर्छन्। यस्तो मद्दत स्कूलको वा पाठ्यक्रमको लक्ष्यलाई ध्यानमा राखेर गरिएको हुन्छ।

८. **सहयोगी सिक्ने वातावरण** (Supportive Learning Environment): राम्रा स्कूलमा सुरक्षित, सभ्य, स्वस्थ र बौद्धिक किसिमको सिक्ने वातावरण हुन्छ। विद्यार्थीहरूले शिक्षक र कर्मचारीहरूसित डराएर हैन बरू उनीहरूमा भर परेर, आदरपूर्ण वातावरणमा सिक्न पाउँछन्।

९. **परिवार र समुदायको स्तरयुक्त सहभागिता** (High Level of Family and Community Involvement): राम्रा स्कूलले विद्यार्थीलाई शिक्षा दिने काम शिक्षकको मात्र होइन भन्ने कुरा अभिभावक र समुदायका विभिन्न निकायहरूलाई बुझाएका हुन्छन् र विद्यार्थीको समग्र विकासमा उनीहरूको सहभागिता जुटाएका हुन्छन्।

## ब्रिटानिका छापिन छाडे पनि...

**पढ्न,** पढाउन र सिक्न/सिकाउनका लागि डिजिटल सामग्रीहरूको प्रयोग बढिरहेका बेला इन्साइक्लोपेडिया ब्रिटानिकाले ३२ भागको मुद्रित संस्करण निकाल्न छाड्ने र डिजिटल संस्करणहरूमा बढी ध्यान दिने घोषणा गरेको छ। डिजिटल ज्ञानकोशका प्रयोक्ताहरूका लागि यो समाचार त्यति महत्त्वपूर्ण नभए पनि इन्साइक्लोपेडिया



ब्रिटानिकाका परम्परागत प्रयोगकर्ताहरूका लागि यो विस्मात् लाग्ने समाचार हो। करीब अढाइ शताब्दी (सन् १७६८ देखि)को परम्परा रोकिन् भनेको संसारको ज्ञानको स्रोतमा आएको अत्यन्त ठूलो परिवर्तनको प्रतीक पनि हो।

स्कूल पुस्तकालयका लाइब्रेरियनहरूले जति इन्साइक्लोपेडिया ब्रिटानिकाको महत्त्व यसका प्रयोगकर्ताहरूले पनि बुझेका होओइनन्। "बालबालिका इन्साइक्लोपेडियाहरूलाई विश्वसनीयताको प्रतीक मान्छन्", अमेरिकाको डल्लासको एउटा स्कूलकी लाइब्रेरियन सुसी ग्रिसम भन्छिन्। "गूगल गर्दा पनि सूचना नपाइने होइन तर गूगलमा Mount Everest खोज्दा १ करोडभन्दा बढी हिट देखिन्छन्, त्यहाँ उपयुक्त हिट फेला पार्न गाह्रो हुन्छ। तर, त्यही कुरा *इन्साइक्लोपेडिया ब्रिटानिका* को वेबसाइटमा खोज्दा ५१ भन्दा कम र विषयवस्तुमा केन्द्रित हिटहरू देखिन्छन्", उनको तर्क छ।

यसको अर्थ हो, मुद्रित इन्साइक्लोपेडियाको सबभन्दा लामो इतिहास भएको *इन्साइक्लोपेडिया ब्रिटानिका* ले किताब छाप्न छाड्नु भनेको एउटा युगको अन्त्य हो। तर यसको अर्थ यसको लामो इतिहास र विश्वसनीयतामा भने कुनै असर पर्ने छैन। प्रकाशन बन्द भए पनि संसारका धेरै मानिसमा सन्दर्भ सामग्रीको खोजी गर्ने परम्परा बसाउनमा महत्त्वपूर्ण योगदान गर्ने यी पुस्तकहरूले पुस्तकालयमा म्यूजियमको महत्त्वको स्थान भने सधैं पाई नै रहनेछन्।

## पढाइ छाड्ने शिखरका दश

सबैले पढून् र सबैले पढाइ पूरा गरून् भन्ने नै शिक्षाको प्राथमिक उद्देश्य हो। तर विभिन्न कारणवश सबैको पढाइ एकैनासले अघि बढ्दैन। के पढाइ पूरा गर्न नसक्ने सबै व्यक्ति अयोग्य नै हुन्छन् त?

प्रशिद्ध *टाइम* पत्रिकाले कलेजको पढाइ बीचैमा छाड्ने १० जना व्यक्तिको सूची छापेर एउटा ठूलो प्रश्न तेर्स्याएको छ: पढाइले सफल बनाउने हो? कि सफलता र पढाइ बेग्ला-बेग्लै कुरा हुन्? जीवनमा कहिल्यै गाउन लगाएर दीक्षान्त समारोहमा भाग लिन नपाएका त्यस्ता व्यक्तिहरूले के के गरेका छन् त?

### बिल गेट्स



*हार्वर्ड क्रिमसन* (दैनिक) ले 'हार्वर्डको पढाइ छाड्ने सफलतम व्यक्ति' भनेका बिल गेट्सलाई संसारले सबभन्दा धनी व्यक्तिहरूमध्येका एकका रूपमा चिन्छ। १९७३ मा हार्वर्ड छिरेका बिलले दुई वर्षमै पढाइ छाडेर आफ्ना सानैदेखिका साथी पल आलेनसित मिलेर माइक्रोसफटको स्थापना गरे। पढाइ छाडेको तीस वर्षपछि उनले आफ्नो कलेजबाट विद्यावारिधिको मानार्थ उपाधि पाए।

संसारका अधिकांश कम्प्युटरहरू बिल गेट्सले विकास गरेको *विन्डोज* मै आधारित रहेर चल्छन्।


### स्टीभ जब्स



पढाइ छाड्ने अर्का सफलतम व्यक्ति हुन् स्टीभ जब्स, जसलाई डिजाइन र कार्यकुशलता दुवैका दृष्टिले सर्वोत्कृष्ट मानिएका एप्पल कम्प्युटरका विभिन्न उत्पादन *म्याक, आइपड, आइफोन, आइप्याड* जस्ता उत्कृष्ट उत्पादनहरूको जस जान्छ। उनी स्वप्नद्रष्टा थिए र मौलिक तथा कसैले सोच्न समेत नभ्याएका उत्पादनहरूको विकासमा विशेष जोड दिन्थे।


स्टीभ जब्सले श्रम गरिखाने बाबुआमालाई आर्थिक बोझ कम होस् भनेर ६ महिनामा नै प्रसिद्ध रीड कलेज छाडेका हुन्। गत वर्ष उनको निधन भयो।

### मार्क जुकरवर्ग



कलेजका विद्यार्थीहरू होस्टलको कोठामा बस्छन्, पढ्छन्, रमाइलो गर्छन् र बदमासी पनि गर्छन्। मार्क जुकरवर्गले चाहिँ होस्टलको कोठामा नै फेसबुक बनाए। शुरूमा फेसबुक हार्वर्ड कलेजका विद्यार्थीहरूका लागि मात्र बनाइएको थियो तर चाँडै नै त्यसले कलेजको हाता नाघ्यो, देश नाघ्यो र अहिले संसारमा सबैभन्दा चल्ने सामाजिक सञ्जाल भएको छ। फेसबुकबाट नै मार्क जुकरवर्ग संसारका सबभन्दा कलिला अर्बपति पनि भए।


### जेम्स क्यामरून



अस्कर विजेता फिल्म निर्देशक जेम्स क्यामरून क्यानडामा जन्मेका हुन्। उनको परिवार सन् १९७१ मा संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया सऱ्यो। तर क्यामरूनको हलिउडमा पुग्ने बाटो चाहिँ निकै घुमाउरो थियो। उनले शुरूमा विज्ञान पढ्न थालेका थिए। अलिपछि पढाइ छाडेर बिहे गरे र ट्रक चलाउन थाले।

अहिले उनी *टाइटानिक, टर्मिनेटर* र *अवतार* जस्ता सबैभन्दा धेरै चल्ने फिल्म बनाएर संसारका सबभन्दा चल्तीका लेखक बनेका छन्।

### फ्र्यांक लयड राइट



अमेरिकाका यी सबैभन्दा सम्मानित वास्तुविद् सन् १८८६ मा *विस्कन्सिन म्याडिसन* युनिभर्सिटीमा भर्ना भएका थिए। एक वर्षपछि पढाइ छाडेर उनी आधुनिकताका पिता लुइ सुलिभानसित काम गर्न थाले। उनले सुलिभानको मृत्युपछि उनका सयौं परियोजना त पूरा गरे नै, आफूले १००० वटा भवनको डिजाइन गरे र ५०० वटा त पूरा नै गराए। उनले २० वटा पुस्तक पनि लेखे।

### बक मिन्स्टर फुलर

बक मिन्स्टर फुलर चर्चित अमेरिकी वास्तुविद्, चिन्तक, आविष्कारक, भविष्यविद् हुन् तर उनले पनि कलेजको पढाइ पूरा गरेनन्। उनी *हार्वर्ड* विश्वविद्यालयबाट एक पटक हैन, दुई पटक निकालिएका थिए। व्यावसायिक रूपमा कठिन दिनहरू बिताएका फुलरको व्यक्तिगत जीवन पनि सुखी थिएन। तर उनका विचार र अवधारणाहरूले भने धेरैलाई सुख र खुशी दिएको *टाइम* पत्रिकाको ठम्याइ छ।

*टाइम* पत्रिकाले तयार गरेको यो सूचीमा रहेका अरू व्यक्ति हुन्– प्रशिद्ध रङ्गकर्मी टम ह्यान्क्स, अभिनेता ह्यारिसन फोर्ड, कलाकार लेडी गागा र खेलबाट पैसा कमाउनेमा अग्रपंक्तिका विख्यात गल्फ खेलाडी टाइगर उड्स।

प्रस्तुति: **केदार शर्मा**

# ‘लुईरे मास्टर’बाट महान् शिक्षकतिर !

■ टीका भट्टराई र विजया सुब्बा

नेपालको सन्दर्भमा ‘विद्यालय’ भन्नासाथ हाम्रो दिमागमा विद्यालय भवनको तस्बीर नाच्ने गर्छ। ‘विद्यालय भवन’ (निर्माण बजेट) माग गर्न दशकौंदेखि स्थानीय व्यक्तिहरू जिल्ला सदरमुकाम र राजधानी धाइरहेका छन्। अहिले पनि ‘कुन स्कूल राम्रो’ भनेर हेर्दा त्यहाँको भौतिक सुविधा नै प्रमुख रूपमा आउने गर्छन्। भौतिक वस्तुको आफ्नो महत्त्व छ। सुविधायुक्त स्कूलमा पढ्न पाउनु बालबालिकाको अधिकार पनि हो। आफ्नो लगानी परेका निजी विद्यालयमा त अभिभावकले ती सुविधा माग गर्ने नै भए। सञ्चारमाध्यमहरू पनि स्कूलको छानो चुहिएको नै धेरै देख्छन्, महिनौंसम्म शिक्षक कक्षामा उपस्थित नरहेको प्रायः देख्दैनन्। धेरैको ध्यान शिक्षक, उनीहरूको उत्प्रेरणा र गुणस्तर; उनीहरूको सन्तुष्टितर्फ जाँदैन। अधिकांश शिक्षकका मुखबाट पनि भौतिक सुविधाकै कुरा बढी सुनिन्छ। दुर्भाग्यवश, कतिपय अवस्थामा भौतिक सुविधाको अभाव दर्शाउनु शिक्षकको अकर्मण्यता छोप्ने निहुँ समेत बन्ने गरेको छ। जबकि; हाम्रो ध्यान ‘बिल्डिङ र बेञ्च’बाट शिक्षक र अभिभावकमा नसारी हाम्रो शिक्षा सुध्रिन नसक्ने स्पष्ट नै छ।

गएका तीन दशकमा नेपाली शिक्षकले आफ्नो महत्त्व क्रमशः न्यून आकलन गर्दै आएका छन्। समाजले पनि शिक्षकको केन्द्रीयता बिर्सिएको छ। हुनत जताततै ‘शासकीयता’ कमजोर हुँदै जाने क्रममा शिक्षकको आधिकारिकता पनि कमजोर भएको हो। तर नेपालको सन्दर्भमा शिक्षकको महत्त्वको पहिरै गएको कालखण्ड पहिल्याउन सकिन्छ। हामीलाई थाहा छ, नयाँ शिक्षा (२०२८ साल) लागू नहुञ्जेल धेरैजसो विद्यालय समुदायले चलाएका थिए। घरगाउँका स्थानीय नेता या समाजसेवीको एउटा काम नै शहर-बजार-राजधानी आएर ‘राम्रो शिक्षक’ खोज्नु हुन्थ्यो। उनीहरू सक्ने जति सेवा-सुविधा प्रस्ताव गर्थे। उनीहरूप्रति नै जवाफदेही भएर शिक्षकहरू पढाउन जान्थे। ती खोज्न आउने व्यक्तिमार्फत शिक्षक समुदायप्रति उत्तरदायी हुन्थे। खोज्न आउनेको पनि ‘राम्रो शिक्षक’ ल्याएकोमा समाजमा इज्जत हुन्थ्यो। अभिभावकहरूलाई शिक्षक चित्त नबुझे उजुर गर्ने व्यक्ति त्यहीं हुन्थ्यो। यसमा केही अपवाद पनि थिए होलान्। चित्र यति रङ्गीन थिएन होला। कति अवस्थामा शिक्षकको औपचारिक योग्यता पुगेको हुँदैनथ्यो। तर ती शिक्षक आफूले सक्ने जति गर्थे। अहिले, हामीलाई थाहा छ- हाम्रा शिक्षकहरूमा ज्ञान सीपको अभाव भन्दा पनि सक्ने जति नगर्ने उनीहरूको प्रवृत्ति चाहिँ मुख्य समस्या हो।

नयाँ शिक्षा योजना लागू भएपछि एकरुपताका लागि भनेर सरकारले विद्यालयहरू राष्ट्रियकरण गर्‍यो। शिक्षकको योग्यता तोकियो– औपचारिक शिक्षाको। स्तरोन्नति गराउने प्रयत्न पनि भए। सरकारले नै सबथोक गर्छ भनेपछि गाउँबस्तीका विद्यालय चलाउने जिम्मेवारी लिनेहरूलाई सञ्चै भयो। शिक्षकको स्थान ‘जागीरे’ ले लिँदै गए। ‘जागीरे-शिक्षक’ समुदाय भन्दा शिक्षा कार्यालयप्रति जिम्मेवार हुनु स्वाभाविक पनि थियो।

परिणामतः समुदाय र शिक्षकको सम्बन्ध कमजोर हुन थाल्यो। शिक्षकप्रतिको समुदायको आस्था र अपेक्षा धमिलिँदै गयो। समुदायमा अझै पनि सरकारी मानिसलाई ‘शासक’का रूपमा नै हेरिन्छ। सरकारले ‘शिक्षक’ नै पठाएको भए पनि तिनलाई समुदायले अनुगमन गर्न सक्ने अवस्था थिएन। त्यसनिम्ति स्वयं सरकार पनि सक्षम थिएन। अझै वर्ष दिनमा एकपटक पनि विद्यालय निरीक्षक नपुगेका अनगिन्ती विद्यालयहरू छन्।

कतिले नयाँ शिक्षा योजनाको ‘एकरुपता’ र ‘पूर्ण सरकारीकरण’लाई तत्कालीन सत्ताको राजनीतिक कार्यसूचीका रूपमा पनि हेर्छन्। स्वभावतः शिक्षकको जमात पञ्चायत पृष्ठपोषक थिएन। पञ्चायतका हर्ताकर्ता र शिक्षकहरूबीच एक किसिमको कटाक्ष थियो। पञ्चायतवादीले ‘इतरपक्ष’का शिक्षकलाई महत्त्व दिन सम्भव थिएन। अनि सबै ‘पञ्च शिक्षक’ पाउनु पनि सम्भव थिएन। उता राजनीतिक पार्टीहरूका लागि पनि गाउँघरसम्म पुग्ने शिक्षक जस्तो सचेत व्यक्ति अर्को थिएन।

नेपालका निम्ति विक्रम सम्बतीय तीसको दशक जनसांख्यिक दृष्टिले पनि महत्त्वपूर्ण छ। देशको जनसंख्या बढिरहेको थियो। २०३६ को आन्दोलनले देशमा खुलापन पनि बढाएकै थियो। शहरी क्षेत्र; विशेषगरी काठमाडौं उपत्यकामा आप्रवास तीव्र गतिमा बढिरहेको थियो। सरकार यस्ता क्षेत्रमा बढ्दो शिक्षाको माग धान्न सक्ने स्थितिमा थिएन। देशमा आर्थिक उदारीकरणको हावा पनि चलिरहेको बेला सरकारले विद्यालय निजी क्षेत्रका लागि खुला गरिदियो। शिक्षामा स्वतन्त्र रूपले काम गरिरहेका शिक्षाकर्मी (उदाहरणका लागि आनन्दकुटी) हरूका लागि सरकारीकरण र विशेषगरी शिक्षक व्यवस्थापन गर्ने विषय खट्किरहेको थियो। त्यस्ता विद्यालयहरूको आफ्नै नाम र प्रतिष्ठा थियो। आप्रवासीहरू पनि आफ्ना केटाकेटीहरूका लागि गुणस्तरको शिक्षा नै चाहन्थे। एकथरी आफ्नो घर-गाउँको ‘इतर शिक्षक’ र ‘भितर नेता’को खिचातानीदेखि वाक्क थिए। अर्काथरी सरकारी नियन्त्रणको मुक्तताबाट पनि आकर्षित थिए। त्यस्ता अभिभावकले निजी विद्यालयहरू रोजे।

यतिबेलासम्म आइपुग्दा काठमाडौं केन्द्रीकरण अरु उच्च भइसकेको थियो। घरगाउँमा भन्दा राजधानीमा राजनीतिक वातावरण पनि तुलनात्मक रूपमा खुकुलो थियो। परिणामतः सरकारी स्कूलहरू सचेत र प्रभावशाली व्यक्तिहरूको ध्यान-दृष्टिबाट हराउँदै जान थाले। सरकारी स्कूलका शिक्षकलाई सरकारले अनुगमन गर्न सक्ने थिएन नै, समाजको निगरानी पूरा हटेको थियो। निजी स्कूलको दबदबा बढ्दै जाँदा सरकारी स्कूलका शिक्षकहरू झन्-झन् जागीरे बन्दै गए। तर उनीहरूको विगतदेखिको संलग्नता र योगदानका कारण राजनीतिक हैसियत एवं साख भने प्रशस्त बढेको थियो। २०४६ सालको आन्दोलन सकिँदासम्म सरकारी शिक्षकहरू आफ्नो स्वार्थरक्षा गर्न पर्याप्त रूपले बलिया भइसकेका थिए। यही प्रभावको पृष्ठ र अग्रभूमिमा राजनीतिक दलहरूले विद्यालयलाई भर्ती केन्द्र बनाइरहे।

शिक्षक-दल गठबन्धन मजबूत हुँदै गयो। सार्वजनिक विद्यालयहरू झन्-झन् कमजोर हुँदै गए।

यही पृष्ठभूमिमा निजी स्कूलहरू झन्-झन् मौलाउँदै गए। समुदायको सम्बन्ध टुटेको महसुस गरी सार्वजनिक विद्यालयको व्यवस्थापन समितिलाई व्यापक अधिकार दिने र विद्यालयहरू समुदायलाई नै हस्तान्तरण गर्नेसम्मका विवादास्पद प्रयासहरू पनि भए। तर सार्वजनिक विद्यालयप्रति ह्रास भएको आस्था नियम-कानूनको निर्माणले मात्र पूर्ति हुनेवाला थिएन। सरकारी विद्यालयका असङ्गठित र कमजोर अभिभावकहरू उच्च वर्ग र उन्नत आर्थिक हैसियतका साथै प्रभावशाली लिङ्क भएका सरकारी शिक्षकहरूसँग प्रश्न गर्न सक्दैनथे। अभिभावकहरू आफ्ना नाक-कानको सुन, खेतबारीका पाटा र फोगटा बेचेर बालबच्चालाई निजी स्कूल भर्ना गर्नेतिर उद्यत हुँदै गए। शिक्षकहरूसँग जुधेर विद्यालय सुधार गर्ने हिम्मत तिनले जुटाउन सकेनन्; आज पनि सक्दैनन्। कतिपय शिक्षकहरूलाई राजनीति गरेर जागीर खान र समाजका अगाडि बेकम्मा भएर बस्न अवश्य मन थिएन होला। तर सरकारले तलब दिने बाहेक उनीहरूको कुनै वास्ता नै गरेन।

**कतिले नयाँ शिक्षा योजनाको 'एकरुपता' र 'पूर्ण सरकारीकरण'लाई तत्कालीन सत्ताको राजनीतिक कार्यसूचीका रूपमा पनि हेर्छन्। स्वभावतः शिक्षकको जमात पञ्चायत पृष्ठपोषक थिएन। पञ्चायतका हर्ताकर्ता र शिक्षकहरूबीच एक किसिमको कटाक्ष थियो।**

सामान्यतः सामुदायिक विद्यालयका शिक्षकहरू निजी विद्यालयमा पढाउने शिक्षक भन्दा बढी योग्यता; अनुभव र तालिम भएका छन्। सर-सुविधा पनि तुलनात्मक रूपमा राम्रो छ। तैपनि स्नातक गरेको, २० वर्ष पढाएको, १० महिना तालिम लिएको शिक्षक पनि +२ जाँच मात्र दिएको, तालिम नलिएको, आफ्नो भन्दा ४-५ गुणा कम तलब पाउने निजी स्कूलको २० वर्षे ठिटाका अगाडि आफूलाई तल्लो दर्जाको महसुस गर्छ। यसबाट सार्वजनिक विद्यालयहरू धरासायी किन भए स्पष्ट नै छ। यस्तो मनोदशामा रहेका शिक्षकले पढाएका विद्यार्थीको गुणस्तर कस्तो होला? अनि अलिकति पनि स्रोत भएका बाबु-आमाले आफ्ना केटाकेटी किन सरकारी स्कूलमा हाल्ने?

अहिले विस्तारै सार्वजनिक स्कूलहरू बन्द हुँदैछन्। इतिहासमा जे-जस्ता कारण भए पनि अहिले यी विद्यालयहरू बन्द हुनुमा शिक्षकको रवैया जिम्मेवार छ। शिक्षकले आफ्नो गरिमा पुनर्स्थापित गर्ने प्रयत्न नगर्ने हो भने अन्ततः शिक्षकको दरबन्दी पनि क्रमशः घट्दै जाने स्पष्ट छ। विद्यार्थीको अभावमा बन्द हुने विद्यालयहरू खोलिराख्न जति बलियो तर्कले पनि सक्दैन। त्यसैले आजका शिक्षकसामु अभिभावक समेत परिचालित गरी आफ्नो पेशाको हैसियत बढाउनेपट्टि लाग्ने कि 'लुइरे मास्टर' भएर समाजको अपहेलनाकै बीचमा जागीरबाट निवृत्त हुने भन्ने प्रश्न तेर्सिएको छ। अबको शिक्षकको भूमिका होटलमा गएर भात खाने जस्तो होइन कि के खाना खाने? कसरी, कहिले खाने? बन्दोबस्त गर्ने समेत हो।

धेरै जनसाधारण र विशेषज्ञहरूमा समेत विद्यालयमा मिहिनेत गराउने शिक्षक भए 'राम्रो शिक्षण' हुन्छ भन्ने भ्रम छ। यथार्थमा विश्वमा नै शिक्षा त्यहाँ राम्रो छ जहाँ विद्यालयले अभिभावकको सहयोग लिन सकेका छन्। अभिभावकको मद्दत लिन शिक्षकहरू काबिल भने हुनै पर्दछ। उनीहरूले ज्ञान र समर्पणबाट अभिभावकको सहयोग लिने अधिकार हासिल गर्नुपर्दछ। यस्तो गर्नका लागि शिक्षकमा व्यवसायप्रति गौरव अनुभूति हुनुपर्छ। समाजबाट पढाएर नै सम्मान आर्जन गर्ने चाह हुनुपर्छ। त्यसो भएमा मात्र उनीहरूले पनि अभिभावकको सहयोगविना बहुसंख्यक विद्यार्थीले उच्च प्रतिफल ल्याउन नसकिने कुरा महसुस गर्न सक्छन्।

- **माथिको विश्लेषण कस्तो लाग्यो ?**
- **एउटा शिक्षकको रूपमा तपाईं यसमा उल्लेख गरिएका चुनौतीलाई कसरी हेर्नुहुन्छ ?**
- **शिक्षक साथीहरूलाई उत्प्रेरित गराउने कार्ययोजना के हुनसक्ला ?**

## लेख्नुस्, रू.३० हजारका पुरस्कार जित्नुस्!

हामीलाई उपयुक्त लागेका विश्लेषण/कार्ययोजनाहरू *शिक्षक* मासिकका आगामी अङ्कहरूमा प्रकाशित गरिने छन्। त्यसरी प्रकाशित सामग्रीमध्ये उत्कृष्ट लेख-रचना पठाउने शिक्षक तथा उनी सम्बद्ध विद्यालयलाई *शिक्षा नीति तथा अभ्यास केन्द्र*को सौजन्यमा पुरस्कृत गरिनेछ। आफ्नो पूर्ण विवरण खुलाउन नभुल्नुहोला।

**लेख-रचना पठाउने अन्तिम मिति २० जेठ २०६९**

*शिक्षक* **मासिक**, जावलाखेल, ललितपुर
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः ५५४३२५२, ५५४८१४२, फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np

**विचार**



**विनोद सिजापति**

# सम्बन्धः छोरीको कमाइ र पढाइको

**शिक्षा आफैंमा एउटा ठूलो लगानी हो। लगानी गर्दा कुन क्षेत्रबाट बढी फाइदा आउँछ भनेर सोच्नु मानवीय गुण हो। हाम्रो समाजमा 'छोरीको कमाइ खानु नपरोस्' भन्ने अभिभावक अहिले पनि बहुमतमा छन्। जबकि छोराको कमाइमा बाँच्नु नपरोस् भन्नेहरू विरलै भेटिन्छन्। यसैकारण पनि छोरीको दाँजोमा छोराले पढ्ने अवसरमा प्राथमिकता स्वभावतः पाउने नै भए। छोरीको आर्जन पनि बाबुआमाले पाउने प्रथा भए स्थिति अवश्य फरक हुनेथियो होला।**

कुल वयस्क जनसंख्याको ५८ प्रतिशत मात्र साक्षर अर्थात् ४२ प्रतिशत निरक्षर भएको आधारमा नेपाल विश्वको १५औं अशिक्षित मुलुक बन्न पुगेको छ। यसो हुनाको प्रमुख कारण जनसंख्याको रुण्डै ५१ प्रतिशत स्थान ओगटेका महिलाहरूमध्ये ३५ प्रतिशत मात्र साक्षर भइदिनाले हो। अन्यथा; ६५ प्रतिशत पुरुषहरू साक्षर छन्। यदि लैङ्गिक समानता भइदिएको भए कमसेकम शिक्षाको क्षेत्रमा हामी अहिले जति पछाडि पर्ने थिएनौं भन्ने यसबाट स्पष्ट हुन्छ।

आजको जमानामा शिक्षा पाउने अधिकारबाट जो-कोही पनि वञ्चित हुनु अक्षम्य हुन्छ। त्यसमा पनि महिलाहरू विमुख हुनु भनेको वर्तमानलाई मात्र नभई भविष्यलाई समेत अँध्यारोतर्फ धकेल्नु हो। तथ्याङ्कबाटै सावित भएको तथ्य हो; शिक्षित महिलाका सन्तान नै शिक्षित हुने सम्भावना बढी हुन्छ। शिक्षा हासिल गरेको जनसंख्याको आधारमा कुनै समुदाय वा मुलुक कति आधुनिक छ भनेर हेर्ने परम्परा बसिसकेको आजको दुनियाँमा नारी शिक्षाको महत्त्वको विषयमा विशेष व्याख्यान जरुरी नपर्ला।

महिला र शिक्षाका विषयमा नेपालमा राष्ट्रव्यापी अध्ययन हुनै बाँकी छ। हालसम्म भएका अध्ययनहरूमध्ये शिक्षाको स्थितिबोध गराउने सामर्थ्य *'नेपाल डेमोग्राफिक हेल्थ सर्भे-२००६'* ले राख्छ। हुनत यो सर्वेक्षणको उद्देश्य शिक्षाको स्थितिभन्दा स्वास्थ्यको स्थिति बारेमा आधारशिला तयार पार्नु थियो तर पनि अन्य आधार नभएको स्थितिमा यसलाई नै उपयोगी मान्नुको विकल्प छैन। ६-७ वर्ष पहिले गरिएको उक्त सर्वेक्षणमा उल्लिखित सान्दर्भिक तथ्यांकलाई तालिका १ मा प्रस्तुत गरिएको छः

### तालिका १
**१५-४९ वर्ष उमेर समूहमा शिक्षाको स्थिति, सन् २००६ (प्रतिशतमा)**

| | साक्षरता | | माध्यमिक तथा उच्च माध्यमिक शिक्षा प्राप्त | |
|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष |
| बाहुन/क्षेत्री | ६७ | ९३ | ४४ | ७५ |
| दलित | ३५ | ६० | १२ | २३ |
| जनजाति | ५७ | ८० | २६ | ४६ |
| नेवार | ७५ | ९४ | ४६ | ७० |
| मुस्लिम | २७ | ६२ | १२ | २६ |
| पहाड | ६३ | ८७ | ३६ | ६१ |
| मधेश/तराई | ३६ | ७० | १६ | ४० |
| राष्ट्रिय | ५५ | ८१ | २९ | ५४ |

*स्रोतः नेपाल डेमोग्राफिक एण्ड हेल्थ सर्भे, २००६*

माथिको तालिका अनुसार सबै जात-जाति, धर्म तथा भौगोलिक क्षेत्रमा शैक्षिक दृष्टिले पुरुषहरू नै अघि देखिन्छन्। यसले के पनि देखाउँछ भने उच्च शिक्षा हासिल गर्ने अवसर जति जति बढ्छ, त्यति त्यति महिलाको दाँजोमा पुरुषहरू अगाडि लाग्छन्। यो असमानता पनि कुनै धर्म, जाति वा भौगोलिक क्षेत्रमा सीमित छैन। महिलाको दाँजोमा पुरुषले उच्च शिक्षामा पाएको प्राथमिकतासम्बन्धी तथ्यलाई आर्थिक सर्भेक्षण, २०६७/६८ मा प्रकाशित तथ्याङ्क *(हे. तालिका २)* ले पनि पुष्टि गर्छन्।

### तालिका २
**विभिन्न तहमा अध्ययनरत विद्यार्थीमध्ये छात्राको प्रतिशत**

| | प्रमाणपत्र तह | स्नातक | स्नातकोत्तर | पीएचडी |
|---|---|---|---|---|
| काठमाडौं विश्वविद्यालय | ३५ | १८ | २० | ९ |
| त्रिभुवन विश्वविद्यालय | ३१ | ३२ | ३० | १४ |

*आर्थिक सर्वेक्षण, २०६७/६८*

त्यसैगरी; आर्थिक सर्वेक्षण २०६७/६८ मा प्रकाशित अर्को विवरण *(विभिन्न विषयगत छात्रछात्राको सहभागिता-तालिका ३)* लाई नियालेर हेर्दा के पनि प्रष्ट हुन्छ भने; विषयगत हिसाबले शिक्षा जति जति खर्चिलो हुन्छ; त्यति त्यति महिलाको सहभागितामा कमी आउन थाल्छः

### तालिका ३
**त्रिविका विभिन्न विषयगत विभागमा अध्ययनरत विद्यार्थीमा महिलाको प्रतिशत**

| | प्रमाणपत्र तह | स्नातक | स्नातकोत्तर | पीएचडी |
|---|---|---|---|---|
| इन्जिनियरिङ | १० | १२ | १५ | १४ |
| कृषि | - | १९ | ५ | - |
| स्वास्थ्य | ९६ | ४२ | ३५ | - |
| वन | २५ | २४ | ९ | - |
| विज्ञान तथा प्रविधि | १५ | २६ | १६ | ३१ |
| कानून | - | २५ | १३ | ११ |
| व्यवस्थापन | ३५ | ३० | ३० | १३ |
| शिक्षा | ३८ | ४० | २९ | ८ |
| मानविकी | ३१ | ३१ | ३३ | १५ |
| कुल | ३१ | ३२ | ३० | १४ |

*स्रोतः आर्थिक सर्वेक्षण २०६७/६८ मा आधारित*

नेपाली महिलाहरू शिक्षामा पछाडि पर्नाको कारणका विषयमा अलग्गै शोधकार्य भएको पाइँदैन। महिला अधिकारकर्मीहरूले दिने सहज उत्तर 'पैतृक सत्तावादी सोचका कारण' हुने गरेको पाइन्छ। निश्चय पनि हाम्रा हरेक क्षेत्रमा पुरुष हावी भएको देखिन्छ। त्यसकारण शिक्षामा पनि पुरुषकै वर्चस्व हुनु अचम्मको कुरा भएन। तर यस्ता सतही उत्तरले समस्याको जरोमा पुग्न सघाउँदैनन्। जबसम्म समस्याको मूल कारण पत्ता लाग्दैन, तबसम्म तिनको निराकरण गर्ने उपायको खोजी गर्न सकिँदैन।


गहिरिएर सोच्ने हो भने शिक्षामा महिला पछाडि पर्नाका कारणहरू धेरै हुनसक्छन्। तीमध्ये प्रमुख चाहिँ आर्थिक तथा सामाजिक कारणलाई मान्न सकिन्छ। आर्थिक कारण- 'छोराले कमाउँछ, पाल्छ, पोल्दछ' भन्ने परम्परागत विश्वासमा आधारित छ। शिक्षा आफैंमा एउटा ठूलो लगानी हो। लगानी गर्दा कुन क्षेत्रबाट बढी फाइदा आउँछ भनेर सोच्नु मानवीय गुण हो। हाम्रो समाजमा छोरीलाई अर्काको 'नासो' का रूपमा हेर्ने प्रथा छ। 'छोरीको कमाइ खानु नपरोस्' भन्ने अभिभावक अहिले पनि बहुमतमा छन्। जबकि छोराको कमाइमा बाँच्नु नपरोस् भन्नेहरू विरलै भेटिन्छन्। यसैकारण पनि छोरीको दाँजोमा छोराले पढ्ने अवसरमा प्राथमिकता स्वभावत: पाउने नै भए। छोरीको आर्जन पनि बाबुआमाले पाउने प्रथा भए स्थिति अवश्य फरक हुनेथियो होला।

अर्को कारण छोरा र छोरीलाई हेर्ने सामाजिक दृष्टिकोणमा रहेको भिन्नता पनि हो। सामान्यत: छोरालाई भविष्यमा पाल्ने र सुख-सुविधा दिने 'इन्सुरेन्स'को रूपमा हेरिन्छ भने छोरीलाई चाहिँ 'कुशल गृहिणी' बनोस् भन्ने आकांक्षा राख्ने गरिन्छ। त्यसैले छोरीले घरकाजमा आमालाई सघाउने कार्यमा प्राथमिकता पाएका हुन्छन्। आमाबाट घर व्यवस्थापन सिकेका छोरीले मात्र आफ्नो परिवार राम्रोसँग व्यवस्थापन गर्न सक्छन् भन्ने मानसिकताबाट अभिप्रेरित यो आस्था हाम्रो सामाजिक मूल्य एवं मान्यतामा गहिरोसँग जरा गाडेर बसेको छ।

विपन्न मात्रै होइन सम्पन्न घरहरूमा पनि छोरीलाई औपचारिक शिक्षामा भन्दा पकाउने-तुल्याउनेदेखि कुशल गृहिणी बन्ने व्यावहारिक शिक्षामा सानैदेखि प्रेरित गर्ने गरिएको हुन्छ। यसले गर्दा पनि केही हदसम्म महिलाहरू उच्च शिक्षाप्रति त्यति आकर्षित हुन नचाहेको सम्भावनाको अड्कल गर्न सकिन्छ।

माथिको विवरण र विश्लेषणबाट एउटा के निष्कर्षमा पुगिन्छ भने, यदि महिलालाई पनि पुरुषसरह शिक्षा क्षेत्रमा अगाडि सार्ने हो भने, छोरालाई जस्तै छोरीलाई गरेको लगानीको प्रतिफल पनि बाबुआमाले पाउने व्यवस्था गर्नु आवश्यक देखिन्छ। कानूनी प्रक्रियाबाट छोरीको कमाइ बाबुआमालाई दिन सक्ने व्यवस्था भएको खण्डमा विस्तारै नै किन नहोस् छोरासरह छोरीको पढाइमा लगानी बढाउन बाबुआमालाई प्रेरणा मिल्नेछ। त्यसैगरी; पढेलेखेका महिलाहरू झन् अब्बल दर्जाका कुशल गृहिणी बन्न सक्छन् भन्ने विश्वास समाजमा स्थापित हुँदै र बढ्दै गयो भने पनि छोरीलाई कम उमेरमा विवाह गरेर अरूलाई सुम्पनुको साटो शिक्षाको अवसर दिएर उनीहरूलाई अझ सबल बनाउन बाबुआमा उत्प्रेरित हुने देखिन्छ। महिलाको शिक्षा; खासगरी उच्च शिक्षामा संलग्नता बढाउने उद्देश्यले तर्जुमा गरेको नीतिले आर्थिक र सामाजिक पक्षको वास्तविकतालाई बुझ्न सकेन भने यथास्थितिमा परिवर्तन आउने सम्भाव्यता फेरि पनि न्यून नै रहन्छ।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

**अनुभव**



लक्ष्मण शर्मा

# विद्यालयमा कम्प्युटर शिक्षा अलमलमै बिते दश वर्ष

**काम गर्दै जाँदा चाल पाइयो– हाम्रो देशमा कम्प्युटर शिक्षाको लागि पाठ्यक्रम बाहेक अरू केही पनि तयारी भएको रहेनछ। कसले पढाउने भन्ने अहिलेसम्म टुङ्गो लागेको छैन। त्यसैले होला, यो विषयका शिक्षक पाउन गाह्रो, पाउँदा छान्न गाह्रो, छानेपछि पाल्न गाह्रो र अन्तमा टिकाउन झन् गाह्रो। गाउँमा त अचाक्ली गाह्रो !**



विद्यालय नजिकै बजारको साइबरमा इमेल हेर्न पसेको थिएँ। गाउँकै एक जना भाइ पनि त्यहीं भेटिए। ती भाइ मैले पढाउने विद्यालयमा कक्षा ९ देखि नै कम्प्युटर विज्ञान लिएर पढेका टाठा विद्यार्थी थिए। नमस्तेको लेनदेनपछि कम्प्युटर विज्ञान पढेकाले सानै भए पनि गाउँमा नै रोजगारी पाएछन् भनेर मनमनै खुशी भएँ। यस बारेमा थप बुझ्न मन लाग्यो।

"काम थालेको कति भयो भाइ ?"

"काम गर्न हैन सर, म त पढ्न पो आएको हुँ।" उनको जवाफले मलाई आश्चर्यमा पार्‍यो। उनको भनाइको भेउ नै पाउन नसकेपछि फेरि सोधें, "तिमी त स्कूलमा नै चार वर्ष कम्प्युटर पढिसकेको मानिस, फेरि यहाँ के सिक्न आयौ त ?"

"सर! कम्प्युटर र इन्टरनेटमा दिनैपिच्छे नयाँ कुराहरू आइराख्छन्, स्कूलमा तोकिएको कुरा मात्र जानेर त लाटो हुने रै'छ नि !"

उनको जवाफले म रन्थनिएँ। उनको कथनको मर्म राम्रोसित बुझ्नै सकिनँ। घर फर्कंदा बाटोभरि ती विद्यार्थी भाइकै कुरा मनमा खेलिरह्यो। तिनलाई इन्स्टिच्युटमा कम्प्युटर सिकाउने प्रशिक्षक हाम्रो विद्यालयका कम्प्युटर शिक्षकभन्दा अवश्य सिनियर थिएनन्। चार वर्ष पढाउँदा पनि नजानेको कुरा उनले त्यो इन्स्टिच्युटमा के सिक्न पाए होलान् भन्ने खुल्दुली लागिरह्यो। भोलिपल्ट स्कूलमा कम्प्युटर शिक्षकलाई यो घटना सुनाएँ। उनले पनि विद्यार्थीकै कुरामा सही थापे! त्यसपछि म हाम्रो स्कूलमा चलिरहेको कम्प्युटर शिक्षामाथि नै पुनर्विचार गर्न आवश्यक छ भन्ने निष्कर्षमा पुगें।

आफैं पनि कम्प्युटरमा अलि बढी चासो राख्ने मानिस भएकाले वर्षभरि नेपालमा कम्प्युटर शिक्षामा भएको यस्तो प्रयोगको बारेमा बुझ्दै गएँ। हाम्रो अभ्यासमा मात्र नभई सोचमै कमी रहेको महसूस भयो। सूचना तथा सञ्चारप्रविधिको माध्यमबाट सिकाउँदा कति प्रभावकारी हुँदोरहेछ भन्ने कुरा कोरियाको छोटो बसाइका क्रममा आफ्नै आँखाले देख्न पाएपछि कम्प्युटर-शिक्षा होइन 'कम्प्युटरको माध्यमबाट शिक्षा' भन्ने निष्कर्षमा पुगियो। *शिक्षक* मासिकको फागुन अङ्क (२०६८) मा गाउँ-गाउँमा कम्प्युटर शिक्षा दिने लहर नै चलेको कुरा पढेपछि हामी जस्तै गाउँघरका अरू विद्यालयहरू पनि अलमलिएका रहेछन् जस्तो लाग्यो। र, यस बारेमा हामीले गरेको प्रयास र सँगालेको अनुभव बाँड्न जरुरी ठानियो।

### कम्प्युटर कक्षाको आरम्भ

२०५९ तिर एक जापानी गैरसरकारी संस्थाले फिलिप्सका दुई थान डेस्कटप कम्प्युटर विद्यालयलाई दिँदा हाम्रो खुशीको सीमा थिएन। तर सिकाइमा त्यो कम्प्युटर कसरी उपयोगी हुन सक्छ भन्ने कुराको भेउसम्म हामीले पाएका थिएनौं। पहिलो दिन कम्प्युटरमा 'पिनबल गेम' खेल्न पाउँदा म रमाएको थिएँ। म मात्र हैन, सहकर्मी शिक्षक/कर्मचारी कसैले पनि कम्प्युटरद्वारा कुनै काम सम्पादन गर्न जानेका थिएनौं। परिणामतः त्यो साधन विद्यालयको पठनपाठन वा अन्य प्रशासनिक काममा प्रयोग नभई त्यसै रहिरह्यो।

२०६१ सालतिर स्कूललाई फेरि पाँच वटा कम्प्युटर प्राप्त भए। तिनको उपयोग कसरी गर्ने भन्ने थप दबाब पर्‍यो। अन्ततः स्कूलमा कम्प्युटर कक्षा सञ्चालन गर्ने निधो गरियो। दाताहरूबाट थप सहयोग प्राप्त पनि भयो। विद्यालयमा ल्यापटपसहित २१ वटा कम्प्युटर भएको ल्याब तयार भयो। तर ती कम्प्युटरलाई कसरी प्रयोग गर्ने भन्ने ठोस अवधारणा र योजना चाहिँ हामीसित अझै पनि थिएन।

१२ सय जति बालबालिका पढ्ने हाम्रो विद्यालयमा अहिले पनि १३ वटा मात्र दरबन्दी छन्। कम्प्युटर शिक्षक हुने त कुरै भएन। त्यसैले कम्प्युटर शिक्षक राख्न २०६३ सालको दशैंको नवरथामा

देवीभागवत पुराण लगाएर पैसा जुटाइयो। शिक्षक खोजियो र २०६४ सालको शैक्षिक सत्रबाट कम्प्युटरको कक्षा शुरू गरियो। त्यो धादिङ जिल्लामै पहिलो कम्प्युटर-शिक्षा कक्षा थियो। विद्यार्थीहरूले कक्षा ९ मा ऐच्छिक द्वितीयपत्रको रूपमा कम्प्युटर विज्ञान पढे, जुन अझै जारी छ। कम्प्युटर विज्ञान लिएका करीब ३११ विद्यार्थीले एसएलसी उत्तीर्ण गरिसकेका छन्। दुई वर्षपछि २०६६ सालदेखि कक्षा ११ मा वाणिज्य समूहका विद्यार्थीका निम्ति कम्प्युटर कक्षा शुरू गरियो। अहिलेसम्म पाँच जना फरक-फरक शिक्षकहरूले पढाइसके। तिनीहरूमध्ये एक जना स्थानीय प्रशिक्षणको डिग्री भएका शिक्षक थिए भने दुई जना त्रिविविबाट कम्प्युटर विज्ञानमा स्नातक। दुई जना पूर्वाञ्चल विश्वविद्यालयका बीआईटीका स्नातकहरू थिए।

## असीमित झन्झट

कम्प्युटर शिक्षाको निम्ति शुरूमा स्रोत-साधनलाई सबैथोक ठानियो; त्यही जुटाउन लागिपरियो। तर काम गर्दै जाँदा चाल पाइयो- हाम्रो देशमा कम्प्युटर शिक्षाको लागि पाठ्यक्रम बाहेक अरू केही पनि तयारी भएको रहेनछ। कसले पढाउने भन्ने अहिलेसम्म टुङ्गो लागेको छैन। त्यसैले होला, यो विषयका शिक्षक पाउन गाह्रो, पाउँदा छान्न गाह्रो, छानेपछि पाल्न गाह्रो र अन्तमा टिकाउन झन् गाह्रो। गाउँमा त अचाक्ली गाह्रो!

**अब हामीले स्कूलका सबै शिक्षक र कक्षा ४ देखिका विद्यार्थीलाई कम्प्युटर साक्षरता कार्यक्रम चलाउने योजना बनाएका छौं। त्यसो गर्दै गर्दा आगामी सालबाट कम्प्युटर विज्ञान कक्षा चाहिँ क्रमशः खारेज गर्दै जानु उपयुक्त हुने सुझावसहित व्यवस्थापन समितिमा अनुरोध गरिसकिएको छ।**

चकडस्टर र कालोपाटीको भरमा कक्षा चलाइने हाम्रा स्कूलमा कम्प्युटर मर्मत खर्च साँच्चिकै पेचिलो मामिला रहेछ। लोडशेडिङले धुरुक्कै रुवाउँछ। विद्युत् प्राधिकरणले सार्वजनिक स्कूलहरूसँग निजी कलकारखानाको भन्दा महँगो दरमा महसुल उठाउँछ। कम्प्युटरको आधारभूत पार्टसहरूको नाम, तिनको क्षमता र तात्कालीन बजारमूल्यबारे अद्यावधिक नहुँदा पनि धेरै कठिनाई बेहोर्नुपर्ने रहेछ। बजारबाट सेवा दिन भनेर आउने सबैलाई रूजु गरिकन होशियार हुनुपर्ने। यस्तो सेवा दिनेहरूबीच अहिलेसम्म पनि प्रतिस्पर्धा छैन। पुराना कोरिएका सीडी र भाइरसले ग्रस्त पेनड्राइव छिर्‍यो भने एकैछिनमा कम्प्युटर काम नलाग्ने बनाइदिन्छन्। इन्टरनेट नभएको स्थानमा भाइरस अपडेट गरिराख्न पनि गाह्रो हुने! सबभन्दा महत्त्वपूर्ण कुरा त अनुगमन गरी सुझाव दिने र निर्णय गर्नुपर्ने स्थानमा म जस्ता 'निरक्षर' प्रधानाध्यापकको कामै रहेनछ। अनेक गरें, रेखदेख र सुझाव दिन शिक्षकहरूको टीम पनि बनाएँ। तर सफल हुन सकिएन। उल्टै संयोजकले नै स्कूल छोडेर हिंडे।

## बुझेर थालेको भए...

एक जना जापानी दाताले दुइटा कम्प्युटर दिंदा 'अब चाँडै नै बालबालिकाहरूलाई कम्प्युटर सिकाउनुस् है!' भनेका थिए। तर त्यो कथनको मर्म हाम्रो टाउकोमा घुसेन। हामीलाई लाग्यो- 'हामीले त जानेका छैनौं, साना बालबालिकाले कम्प्युटर के चलाउलान् र सिक्लान्?' त्यसैले कम्प्युटर कक्षाको थालनी गर्दा हामीले एकै पटक कक्षा ९ लाई रोज्यौं। तर त्यो खासै उपलब्धिमूलक हुन सकेन। किनभने, माध्यमिक तहमा जे विषयलाई ऐच्छिक द्वितीयपत्र बनाइए पनि त्यो अपूरो ज्ञान र सीपले विद्यार्थीलाई कुनै क्षेत्रमा जाने बाटो खोल्दो रहेनछ। त्यो उमेर र तहमा कम्प्युटर सम्बन्धी ज्ञानको विशिष्टीकरण गर्नुको साटो न्यूनतम प्रोग्रामहरू (वर्ड, एक्सेल, पावरप्वाइन्ट, फोटोशप, इमेल-इन्टरनेट आदि) चलाउन र नयाँ नयाँ प्रोग्राम हाल्ने/हटाउने लगायतका साधारण सीपहरू सिकाएर जानुपर्ने रहेछ। कम्प्युटर विज्ञान पढेका मावि तहका विद्यार्थीले खास कुनै काम गर्ने भन्दा पनि उच्च मावि तहमा नै जाने हुन्। त्यसकारण मावि तहको कम्प्युटर विज्ञानको पढाइले खासै केही योगदान पुर्‍याएको हामीले देखेनौं। रह्यो कुरो कम्प्युटर साक्षरताको। त्यो त सामान्य इन्स्टिच्युटले दुई/तीन महिनामा नै तयार पारिदिन्छ। फेरि हाम्रो जस्तो सार्वजनिक विद्यालयमा हुने सीमित आर्थिक स्रोत केही विद्यार्थीको लागि मात्र फाइदा हुने कार्यक्रममा खर्चनु न्यायसङ्गत पनि हुँदैन। अहिलेसम्म कम्प्युटर विज्ञान विषय पढ्नको लागि पूर्वाधार बाहेक पनि विद्यार्थीहरूबाट प्राप्त हुने शुल्कले खर्चको सानो हिस्सा मात्र धान्न गर्दछ। त्यो स्रोतसाधनले यत्रो समयमा हामीले सम्पूर्ण विद्यार्थीहरूलाई धेरै सुविधा उपलब्ध गराउन सक्थ्यौं जस्तो लाग्छ।

हामीले समयमै बुद्धि पुर्‍याउन सकेको भए सबै बालबालिकालाई कम्प्युटर साक्षर बनाउन सक्ने रहेछौं। सिक्ने चाहना र ऊर्जा धेरै हुने त्यस उमेरका बालबालिकाका लागि यो महत्त्वपूर्ण हुनसक्थ्यो।

विभिन्न विषयका शिक्षकहरूलाई आ-आफ्नो विषय शिक्षणलाई प्रभावकारी बनाउनको लागि कम्प्युटर आदि प्रविधि कसरी प्रयोग गर्न सकिन्छ भनेर प्रशिक्षित गर्न सकिने रहेछ। सन् ८० को दशकमा पढेका हामीहरूलाई यी सब कुरा उसै के थाहा हुनु! सबैले कम्प्युटर कम्प्युटर भने। पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम दियो। हामीले त्यसै गर्ने होला भनेर थाल्यौं। सरकारी निकायको त के कुरा गर्नु! शिक्षामा सूचना र प्रविधिको प्रयोग सम्बन्धी राष्ट्रिय नीति अझ तयार गरेको छैन। शिक्षकलाई अनुमतिपत्र दिंदा, छनोट गर्दा, प्रोत्साहन गर्न यो प्रविधि ज्ञान र सीपलाई अझै सङ्गठित गर्न भ्याएको छैन। देशकै प्रमुख, त्रिभुवन विश्वविद्यालयको शिक्षकको तयारीमा कम्प्युटर प्रयोगको लागि भर्खर पाइला चाल्दैछ रे! शिक्षकका सेवाकालीन तालिमहरू विकेन्द्रित गरिएका छन्। त्यहाँ पनि सूचना र प्रविधिको लागि कसैले ध्यान दिएको छैन। हिजोआज सेवा प्रवेश गरेका नयाँ शिक्षकहरूले अबको तीस वर्ष पछिसम्म पढाउलान्। तिनीहरू पनि कम्प्युटर प्रविधिमा हामी जस्तै 'निरक्षर' रहिरहे भने बच्चाको भविष्य के होला?

## हाम्रो नयाँ तयारी

माथिको प्रश्नले घोच्न थालेपछि अब हामीले स्कूलका सबै शिक्षकलाई आधारभूत कम्प्युटर सीप सिकाउने निधो गरेका छौं। ए.डी.एस.एल. प्रविधिको इन्टरनेट चलाउन विद्यालयको लागि दुई लाइन टेलिफोन माग गरेका छौं। स्रोतकेन्द्र अन्तर्गतका प्रअहरूको पनि सोही बमोजिमको तालिम चलाउने निर्णय गरिएको छ। त्यो तालिममा कम्प्युटरको सामान्य परिचय, वर्ड, एक्सेल र पावरप्वाइण्ट बनाउन र चलाउन, नेपाली टाइप गर्न, गूगलको प्रयोग गरी सूचना तथा दस्तावेज/किताबहरू प्राप्त गर्न, फाइल डाउनलोड र अपलोड गर्न र सीडी पेनड्राइवमा राख्न र झिक्न, इमेल गर्न र विभिन्न वेबपेज चहार्न र अन्तरक्रियाहरूमा सहभागी हुन तथा सामाजिक सञ्जालहरूमा भाग लिन सक्ने गरी सिकाउने योजना बनाएका छौं। यसो गरिनुको मुख्य ध्येय शिक्षकहरूलाई कम्प्युटर र इन्टरनेट देख्दा नतर्किने बनाउनु र इन्टरनेटको फाइदा बोध गराउनु हो। लत लागेपछि हामी शिक्षकहरूले पनि कम्प्युटर र इन्टरनेट मज्जाले सिक्नेछौं। केही मात्र शिक्षकहरूले युट्युबबाट ट्युटोरिएलहरूको भिडियो क्लिप्स

डाउनलोड गरेर विद्यार्थीलाई हेराएर छलफल गराउन सके भने हाम्रो योजना सफल हुनेछ। स्कूलमा कम्तीमा दुइटा हललाई मल्टिमिडिया प्रोजेक्टरसहितको कम्प्युटर शिक्षण प्रयोगशालाको रूपमा विकास गर्ने योजना बनाएका छौं। कक्षा ४ देखि सबै विद्यार्थीहरूलाई कम्प्युटर साक्षरता कार्यक्रम चलाउने योजना पनि बनाउँदैछौं। यस्तो कार्यक्रम चलाउन शिक्षकको अभाव पनि पर्दैन। खर्चले पनि धान्न सकिन्छ। त्यसो गर्दै गर्दा आगामी सालबाट कम्प्युटर विज्ञान कक्षा चाहिँ क्रमशः खारेज गर्दै जानु उपयुक्त हुने सुझावसहित व्यवस्थापन समितिमा अनुरोध गरिसकिएको छ।

कम्प्युटर प्रविधि शिक्षण कार्यलाई सजिलो, प्रभावकारी बनाउने माध्यम नै हो। अहिलेको युगमा कम्प्युटर मात्र हैन इन्टरनेटको प्रयोग गरी अथाह ज्ञानको भण्डारमा विद्यार्थीहरूको पहुँच पुर्‍याउन हामी शिक्षक र शिक्षालयहरूको मुख्य काम बनाइनुपर्दछ। अब हामीले जानेका, सम्झेका र बताएका कुराले मात्रै भावी पुस्तालाई प्रतिस्पर्धी बनाउन सक्दैन। शिक्षणलाई सजिलो र प्रभावकारी बनाउन अथाह सामग्री इन्टरनेटमा हालिएका छन्। बालबालिकालाई हामी अघिल्लो पुस्ताका मानिसले दिने ज्ञानभन्दा आजभोलि अन्तरक्रियात्मक विधिहरूबाट आफैं गरेर सिक्छन्। यस्तो तरीकालाई आजभोलि सबभन्दा महत्त्व दिन थालिएको छ। बालबालिकाहरूले हामीले भन्दा छिटोछिटो सिक्ने पनि रहेछन्। खेल्दाखेल्दै सिकाउने यस्ता सित्तैँमा पाइने सामग्रीले नै हाम्रो लागि वर्षौंसम्म पुग्छ र परम्परागत पद्धतिबाट भन्दा धेरै नै स्तरीय शिक्षण सिकाइ हुन सक्छ। कक्षामा इन्टरनेटको प्रयोगले शिक्षकको भूमिका फेरिन्छ। गुरु, गाइडबाट सहजकर्ता (फेसिलिटेटर) हुँदै हामी प्रोग्राम डिजाइनर बन्न पुग्छौं। त्यस्तो हुनु भनेको इन्टरनेटमा प्राप्त हुने सामग्रीहरू प्रयोग गरेर पाठयोजना डिजाइन गर्ने हुनु हो। त्यहाँ विद्यार्थीहरूले उठाएका समस्याहरूमा सहयोग गरिदिने, भाषामा परेका समस्याहरू समाधान गरिदिने हो। शिक्षकहरूले योजनामा बढी समय खर्चने र कक्षामा विद्यार्थीहरूले नेतृत्व लिने, शिक्षकले मूल्याङ्कन र पृष्ठपोषण गर्ने हो।

विद्यार्थीलाई इन्टरनेटको सूचना र सामग्रीले परनिर्भर बनाउने खतरा सम्भाव्य समस्याको एउटा पाटो हो। यसको समाधान पनि हामी शिक्षकसितै छ। विद्यार्थीले निर्माण गरेका सामग्रीहरूको मूल्याङ्कन गरी इन्टरनेटको माध्यमबाटै प्रसार गरिदिने हो भने बालबालिकाहरूको सृजनात्मक क्षमता क्रमशः बढ्दै जान्छ। जस्तो, गुगल सर्च इन्जिनमा हामीले आफ्ना गाउँघरका सूचना सामग्री केही पनि नपाउन सक्छौं। विद्यार्थीहरूलाई आ-आफ्नो गाउँको बारेमा निबन्ध, चित्र, तस्वीर बनाउने परियोजना कार्य गराएर उत्पादित सामग्रीहरू त्यस्ता साइटमा अपलोड गरेर राखेमा आ-आफ्नो गाउँघरको परिचय संसारभर पुर्‍याउन सकिन्छ। यसले एकातिर विद्यार्थीहरूलाई अनुसन्धान गर्ने र नयाँ ज्ञान निर्माण एवं लेख्ने तरीका सिकाइदिन्छ भने अर्कोतिर आफ्नो गाउँघरको बारेमा गहिरो जानकारी पनि उनीहरूले हासिल गर्दछन्। यस्ता क्रियाकलापमार्फत हाम्रो गाउँघरका विद्यार्थीहरू 'ग्लोबल क्लासरुम' मा मात्र प्रविष्ट गर्दैनन्, आफैं पनि त्यसको हिस्सा बन्न पुग्दछन्। 📖

*(शर्मा सत्यवती उमावि, धादिङका प्रअ हुन्।)*

**sms प्रतिक्रियाका लागि ltr<space>5006**




# YOUR COMPLETE NEWS.



# बृहत् जनकपुर विकास परिषद् ऐन–२०५५ लाई संशोधन गर्न बनेको विधेयक–२०६७

जनकपुर क्षेत्र ऐतिहासिक समयदेखि नै समस्त हिन्दूहरूको लागि पवित्र धार्मिक एवं ऐतिहासिक स्थलको रूपमा रहेको छ। जनकपुर क्षेत्रका धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्त्वका स्थल एवम् संरचनाहरू साथै त्यस क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक पूर्वाधारहरूको संरक्षण गर्दै सुव्यवस्थित तीर्थस्थल एवम् पर्यटन क्षेत्रको रूपमा योजनाबद्ध ढङ्गले विकास गर्न बृहत् जनकपुर क्षेत्र विकास समितिको गठन २०४९ सालमा भएको थियो। त्यसपछि २०५५ सालमा *बृहत् जनकपुर क्षेत्र विकास परिषद् ऐन २०५५* द्वारा सङ्गठित संस्थाको रूपमा गठन भई क्रियाशील रही आएको छ। २०५५/०३/२९ देखि लागू रही आएको उक्त ऐनको प्रथम संशोधन २०६७ मा प्रस्तावित गरिएको हो। प्रस्तावित विधेयकले ऐनको प्रस्तावनालगायत कार्यकारिणी संरचना र संचालक परिषद्को गठनका साथै बृहत् जनकपुरको क्षेत्र समेतलाई संशोधन गर्ने प्रस्ताव गरेको छ।

विगत १३ वर्षको संस्थागत भूमिका र प्रभावकारिता समेतलाई ध्यानमा राखी आवश्यक सुधार गर्नको लागि ऐनमा संशोधन अपरिहार्य ठानिएको छ। जनकपुर मूल रूपले धार्मिक, पौराणिक र आध्यात्मिक एवं सांस्कृतिक स्थलको रूपमा रहेकाले उक्त पहिचानलाई संरक्षण र सम्बर्द्धन गर्नको लागि जनकपुर नगरदेखि माध्यमिकी (पञ्चकोश) परिक्रमा क्षेत्रका धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्त्वका मठ, मन्दिर सरोवर र स्थलहरूको सुरक्षा, सम्भार र विकास गर्न तथा बृहत् जनकपुर क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक विकासका पूर्वाधारहरू विकसित गर्दै सुव्यवस्थित तीर्थस्थल एवं पर्यटन क्षेत्रको रूपमा योजनाबद्ध ढङ्गले विकास गर्न बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्थापना र व्यवस्था गर्नको लागि ऐनद्वारा अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्थाको स्थापना गरिएको थियो। यस संस्थाले माध्यमिक (पञ्चकोशी) क्षेत्रमा ऐनको उद्देश्य अनुरुप प्रभावकारी रूपमा कार्य गर्न सकेको छैन। मुख्यत:, बजेट र प्रशासनिक अधिकारको बाँडफाँडमा अस्पष्टताको कारणले ऐनको उद्देश्य अनुरुप यस संस्थाले कार्य गर्न नसकेको यथार्थ हामीसामु छ। यही यथार्थलाई मध्यनजर राखी नेपाल सरकारले ऐनमा आवश्यक संशोधन गर्न विधेयक प्रस्तावित गरेको अवस्था छ।

प्रस्तावित विधेयकमा: (क) ऐनको प्रस्तावना, (ख) ऐनको दफा (३), (ग) दफा (६), (घ) दफा (७), (ङ) दफा (८), (च) दफा (१३), (छ) दफा (१६), (ज) दफा (१७) र (ञ) दफा (२४) गरी मुख्यत: १० विषयमा संशोधन हुने गरी प्रस्ताव गरिएको छ।

## संशोधित प्रस्तावउपर टिप्पणी

**क) ऐनको प्रस्तावनामा संशोधन**

प्रस्तावित संशोधन विधेयकले ऐनको साविकको प्रस्तावनालाई पूर्ण रूपले संशोधन गरेको छ। मूल ऐनमा रहेको जनकपुर र यसको माध्यमिक (पञ्चकोशी) परिक्रमा क्षेत्रको सट्टा 'बृहत् जनकपुर क्षेत्र' भनी थप गरिएको छ। यसबाट माध्यमिक (पञ्चकोशी) क्षेत्रलाई विस्तृत तुल्याउन खोजेको स्पष्ट हुन्छ। धर्म निरपेक्षताको भावना अनुरुप विधेयकमा गुम्बा, स्तूप, चैत्य; मस्जिद र मजार शब्दहरू थप गरिएका छन्।

ख) मूल ऐनको परिभाषा खण्डको (क) संशोधन गरी दफा (ख) झिकिएको र उपदफा (छ) मा 'सदस्य सचिव' भन्ने शब्द हटाइएको छ। परिभाषा खण्डमा भएको संशोधनले मूल ऐनका मौलिक परिकल्पना भन्दा बाहिर गई, क्षेत्र विस्तार गरी सो क्षेत्रभित्र पर्ने सम्पूर्ण ऐतिहासिक, धार्मिक पुरातात्विक र पर्यटकीय महत्त्वका मठ, मन्दिर, सरोवर, गुम्बा, स्तूप, चैत्य, मस्जिद, मजार र अन्य धार्मिक स्थललाई समेत समेट्न पुगेको छ। यसबाट संस्थाको कार्य क्षेत्र विस्तृत भई कार्यभार पनि थप हुन पुगेको छ।

ग) मूल ऐनको दफा (३) को उपदफा (१) मा परिभाषा बमोजिम 'माध्यमिक परिक्रमा क्षेत्रभित्रको' भन्ने वाक्यांशको सट्टा 'बृहत्तर जनकपुर क्षेत्रभित्रको' भन्ने वाक्यांश राखिएको छ।

घ) परिषद्को उद्देश्य मूल ऐनको उपदफा ५ (ग) संशोधन गरिएको छ, जुन प्रस्तावनामा गरिएको संशोधन बमोजिम रहेको छ।

ङ) मूल ऐनको दफा (६) संशोधन गरी सञ्चालन परिषद्को गठन व्यवस्था गरिएको छ। दफा (६) को संशोधनले सञ्चालक परिषद्को संरचनामा परिवर्तन गरी विगतको बैठकमा गणपूरक संख्या नपुग्ने समस्यालाई निराकरण गर्नको लागि केही पदेन सदस्यहरूको प्रतिनिधित्व हुने व्यवस्था गरी बैठकलाई सरल एवं व्यावहारिक बनाइएको छ। उपदफा (२) मा अध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि चार वर्ष गरी समान अवधि कायम गरिएको छ। साथै सञ्चालक परिषद्ले विशेषज्ञलाई सञ्चालक परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्ने व्यवस्था गरिएको छ र उपदफा (५) थप गरी निर्देशकले सञ्चालक परिषद्को सदस्य भई कार्य गर्ने व्यवस्था गरिएको छ।

च) मूल ऐनको दफा (७) मा परिषद्को बैठक र निर्णय प्रक्रियालाई संशोधन गरी उपदफा (१) मा "वर्षमा कम्तीमा एक पटक" भन्ने बाध्यात्मक व्यवस्था गरिएको छ। साथै, उपदफा (१ क) थप गरी कम्तीमा एक चौथाई सदस्यहरूले परिषद्को बैठक बोलाउन अध्यक्षसमक्ष लिखित रूपमा अनुरोध गरेमा अध्यक्षले १५ दिनभित्र परिषद्को बैठक बोलाउनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ। गणपूरक संख्याको प्रावधानमा संशोधन गरी पचास प्रतिशतको सट्टा तेत्तीस प्रतिशत गणपूरक संख्या तोकिएको छ।

छ) सञ्चालक परिषद्को काम, कर्तव्य र अधिकारमा घ (१) थप गरी गुठी संस्थानसँग समन्वय गरी बृहत्तर जनकपुर क्षेत्रभित्रका गुठी जग्गाहरूको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापन गर्न अधिकार समेत थप गरिएको छ। प्रस्तावित संशोधनबाट परिषद्को अधिकार र कर्तव्यमा ठूलो विस्तार हुन पुगेको छ। साथै, यो संशोधनले दुई संस्थाको अधिकार क्षेत्रमा द्वन्द्वकै स्थिति उत्पन्न हुनसक्ने सम्भावना पनि बढाएको छ।

ज) मूल ऐनको दफा (१३) (ङ) मा संशोधन गरी परिभाषा अनुरुप मिलान गरी राखिएको छ।

ञ) मूल ऐनमा अध्यक्षको काम, कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था नभएको तथ्यलाई दृष्टिगत गरी दफा १६ (क) थप गरेर अध्यक्षको काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक उल्लेख

गरिएको छ। यी प्रावधानहरू नियमावलीमा तोकिए बमोजिम हुने देखिन्छ। विगतदेखि हालसम्म परिषद्को अध्यक्ष पूर्णकालीन हुने व्यवस्था छैन। उससँग कार्यकारिणी अधिकार समेत नरहेका कारण सदस्य-सचिव र अध्यक्षबीच प्राय: विवाद उत्पन्न भई परिषद्को कार्य सञ्चालनमा प्रभावकारिता आउन सकेको थिएन। प्रस्तावित संशोधनले अध्यक्षलाई कार्यकारिणी अधिकारयुक्त पूर्णकालीन रूपमा काम गर्ने व्यवस्था गरेको छ।

ञ) परिषद्को 'कार्यकारिणी निर्देशक'को सट्टा अब 'निर्देशक' मात्र रहने व्यवस्था गरिएको छ। निर्देशकले अध्यक्षको सामान्य रेखदेख र निर्देशनमा रही आफ्नो कार्य सम्पादन गर्नुपर्नेछ।

**सुझाव**

बृहत्तर जनकपुरको विकास, संरक्षण र सम्बर्द्धनको लागि गठित यस संस्थाका अध्यक्ष लगायत अन्य व्यक्तिहरूसँगको छलफलपछि प्रस्तुत विधेयकको प्रस्तावित व्यवस्थाहरू बारेमा निम्न लिखित सुझाव पेश गरिएको छ:

१) मूल ऐनको प्रस्तावनामा गरिएको संशोधनले जनकपुर क्षेत्र र कार्यबोध दुवै बन्न जान्छ। मूल ऐनमा रहेको माध्यमिकी (पञ्चकोश) क्षेत्रलाई धनुषा, महोत्तरी दुई जिल्लाको सम्पूर्ण भू-भाग गाभिने गरी भएको प्रस्तावले संस्थाको आर्थिक स्रोत समेत वृद्धि भए मात्र बढाइएको क्षेत्र समेतलाई विकसित गर्न सकिन्छ।

२) परिषद्को गठनलाई व्यावहारिक बनाइएको छ। तर यस्ता संस्थाहरूलाई कर्मचारीमुखी नभई जनप्रतिनिधिमूलक बनाउनुपर्ने हुन्छ। जसअनुसार स्थानीय निर्माण गा.वि.स. अध्यक्ष समेतलाई प्रतिनिधित्व गराउने व्यवस्था गर्न सकिन्छ।

३) प्रचलित नेपाल कानुन बमोजिम गुठी संस्थानले यस क्षेत्रभित्रका मठ-मन्दिर स्मारकहरूको संरक्षण र व्यवस्थापन गरी आएकोमा प्रस्तावित संशोधनले दुई निकायको अधिकार क्षेत्रमा द्वन्द्व उत्पन्न गराउने अवस्था देखिन आउँछ।

४) यी र यस्ता संस्थालाई प्रभावकारी बनाउन योजना र सो योजनालाई पूरा गर्न आर्थिक स्रोत र प्रशासनिक अधिकार निश्चित हुँदा मात्र संस्थाले ऐनले गरेको परिकल्पना अनुसार कार्य गर्न सक्दछ। विगतमा भएको कार्यको अनुभवबाट के देखिएको छ भने संस्थागत अधिकारको बाँडफाँडको अस्पष्टताले गर्दा संस्थाले अपेक्षित कार्य गर्न सकेका छैनन्।

५) प्रस्तावित संशोधनले क्षेत्र, अध्यक्षको अधिकार र निर्देशक (खुला प्रतियोगिताबाट) को ऐनमै व्यवस्था गरी स्वामित्व र अध्यक्षलाई पूर्ण जिम्मेवार र उत्तरदायित्व प्रदान गर्ने गरी गरिएको कार्यकारिणी अधिकारको संशोधनले संस्था भविष्यमा प्रभावकारी हुने आशा गर्न सकिन्छ।

प्रस्तावित विधेयक उपर नेपाल कन्स्टिट्युसन फाउण्डेसनद्वारा आयोजित छलफल कार्यक्रममा विभिन्न व्यक्तिहरूले निम्न लिखित राय सुझाव दिएका थिए:

**क) प्रस्तावनाका सम्बन्धमा**

अधिकांश सहभागीहरूले प्रस्तावनालाई साविक बमोजिमकै स्वरुपमा राख्नुपर्ने राय व्यक्त गरे। प्रस्तावित संशोधनले जनकपुरको पौराणिक महत्त्वको माध्यमिक पञ्चकोशी क्षेत्रलाई ओझेलमा पारी धनुषा र महोत्तरी जिल्लाको सम्पूर्ण क्षेत्रलाई बृहत् जनकपुर क्षेत्र भनी परिभाषा गरिएकोबाट मूल ऐनको उद्देश्य समाप्त भएको राय पनि व्यक्त गरियो। तसर्थ; पञ्चकोशी माध्यमिक क्षेत्रलाई नै बृहत्तर जनकपुर क्षेत्र भनी कायम रहनुपर्दछ भन्ने कतिपय सहभागीको आग्रह थियो। केही सहभागीहरूले प्रस्तावना गरिएको संशोधन समय अनुकूल रहेको भन्ने आशय पनि प्रकट गरेका थिए। तथापि सानो क्षेत्रमै पर्याप्त 'फोकस' नपुगेको अवस्थामा क्षेत्र बढाउँदै लैजानु हाललाई त्यति औचित्यपूर्ण लाग्दैन।

**ख) सञ्चालक परिषद्को गठन**

संशोधनले सञ्चालक परिषद्लाई जनप्रतिनिधिमूलक नभई कर्मचारीमुखी बनाउने अवस्था सिर्जना हुन्छ। सभासद् (संसद् सदस्यहरू) तथा गा.वि.स. अध्यक्ष समेतलाई सञ्चालक परिषद्बाट हटाउने कार्य स्वीकार्य हुन नसक्ने भन्ने राय सुझाव रहेको थियो। सञ्चालक परिषद्को बैठकको विगतको अनुभवलाई हेर्दा बैठकलाई व्यावहारिक बनाउन सदस्यहरूको उपस्थित प्रतिनिधिमार्फत हुने व्यवस्थालाई संशोधन गरिएको विषय स्वागतयोग्य रहेको राय व्यक्त भयो।

**ग) जनकपुर बृहत्तर क्षेत्र परिषद् र गुठी संस्थाको सम्बन्ध**

अधिकांश सहभागीहरूले प्रस्तावित विधेयकको दफा (८) मा थप गरिएको उपदफा घ (१) को व्यवस्थाले दुई संस्थाहरूको बीचमा अधिकार क्षेत्रलाई लिएर द्वन्द्वको अवस्था सिर्जना हुनसक्ने सम्भावनातर्फ राय सुझाव दिएका थिए। साथै केही सहभागीहरूले बृहत्तर र गुठीको बीचमा समन्वयात्मक सम्बन्ध हुनुपर्ने राय सुझाव दिएका थिए। केही सहभागीले गुठी र बृहत्तरको समान अधिकार क्षेत्रले गर्दा सम्बन्धित कार्य क्षेत्रमा दुवै संस्थाको निष्क्रियता भई परिषद्को प्रभावकारितामा प्रतिकूल असर पर्न सक्ने राय समेत आएका थिए।

**घ)** बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् संरक्षकत्वको विषयमा प्रचलित नेपाल कानूनहरूको अध्ययन गर्दा लुम्बिनी विकास कोष ऐन, २०४२ र पशुपति क्षेत्र विकास कोष ऐन, २०५० ले समेत संरक्षकको व्यवस्था गरी दुवै ऐनको दफा ५ ले संरक्षकको रूपमा प्रधानमन्त्री कोषको संरक्षक हुनेछ भनी गरिएको व्यवस्था अनुसार बृहत्तर जनकपुर क्षेत्र ऐनको प्रस्तावित संशोधन विधेयकले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को संरक्षकत्वको विषयमा कुनै व्यवस्था नभएको हुँदा ऐनद्वारा गठित विकासका संस्थाहरूमा एकरुपता ल्याउनको लागि पनि यस प्रस्तावित विधेयकमा संरक्षकको आवश्यक व्यवस्था गर्न वाञ्छनीय हुँदा सोही बमोजिम राष्ट्राध्यक्ष वा सरकारप्रमुखलाई संरक्षकको रूपमा प्रस्तावित विधेयकमा व्यवस्था गरिनु आवश्यक छ।

माथि उल्लिखित विभिन्न व्यक्तिहरूबाट आएको सुझाव र प्रचलित नेपाल कानूनले अन्य यस्ता संस्थाबाट आएको सुझावहरूमा एकरुपता गरी राज्यले कानूनी व्यवस्थाको तर्जुमा गर्ने कार्य गरिनुपर्दछ। प्रस्तावित संशोधनले प्रस्तावना, क्षेत्र, परिषद्को गठन लगायतको विषयमा गरिएका संशोधनलाई सम्बन्धित क्षेत्रका व्यक्तिहरूद्वारा व्यक्त सुझावहरू र टिप्पणीकर्ता समेतले दिएको सुझावलाई प्रस्तावित विधेयकमा परिमार्जन गरी विधेयक पेश गर्नु वाञ्छनीय देखिन्छ।

**अधिवक्ता विजय सिंहद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा सम्बन्धित क्षेत्रका अन्य दबाब समूहहरूको इनपुटका आधारमा अन्तिम रूप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन महेन्द्र यादव, अरुणकुमार पंजियार, मुन्नीकुमारी गुप्ता, किरण यादव, जुली महतो, विद्याकिशोर राय, ऋषिभूषण चौधरी, मञ्चला झा, कैलाश गुरुङ, सानुमैया महर्जन, जया घिमिरे, डा. विनिता कुशियत, डा. सूर्य ढुंगेल, विश्वनाथप्रसाद उपाध्याय, ओमकुमार दाहाल, डीक घिमिरे आदि लगायत फुर्पा तामाङ तथा डा. विपिन अधिकारी समेतप्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउन्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*

विचार



डा. विद्यानाथ कोइराला

# सम्बन्ध न खोज्ने हो, हामी सक्छौं !

**शिक्षक भाग्यमानी छौं– जसको जेमा सम्बन्ध खोजे पनि हुने। शिक्षक र विद्यार्थीको। विद्यार्थी विद्यार्थीको। विद्यार्थी र अभिभावकको। विद्यार्थी र पढ्ने शैलीको। शिक्षक र पढाउने शैलीको। विद्यार्थी र बाह्य पाठ्यपुस्तकको। शिक्षक र राजनीतिक सोचको। घरको काम र पढाइको समयबीचको। यस्तै अनेकन् विषयवस्तुको।**

## आखिर सम्बन्ध न खोजे ?

मानवशास्त्रीहरू समाजमा बसे। मानवीय सम्बन्ध खोजे। म्याक्स वेबरले खोज्दा धर्म र मानव सम्बन्ध। गर्जले खोज्दा सम्बन्धको अर्थ। बोडर्यूले खोज्दा व्यवहार र तर्क। मार्क्सले खोज्दा उत्पादन र सम्बन्ध। हामीले के खोज्ने ? समाजशास्त्रीले त्यही गरे। दुर्खाइमले खोज्दा काम र संरचनाबीचको सम्बन्ध। मार्क्सवादीले खोज्दा अर्थ र संरचनाको सम्बन्ध। पूर्वीय पुर्खाले पनि त्यसै गरे। चाणक्यले राजनीति र मानवको सम्बन्ध। कपिलमुनिले जगत र अध्यात्मको सम्बन्ध। बुद्धले खोज्दा बुढ्याईं, बिरामी र मृत्युको निदान तथा सृष्टिको सम्बन्ध। शिक्षाका हस्तीहरूले पनि त्यसै गरे। बालबालिका र सिक्ने सिकाउने वस्तुको सम्बन्ध।

अर्थात् विज्ञले खोज्ने सम्बन्ध रहेछ। केको सम्बन्ध ? कोसँगको सम्बन्ध ? यी सम्बन्ध खोज्नेहरूको विधि फरक थियो। कोही समाजमै बसे। कोही स्कूलमा। कोही कारखानामा बसे। कोही ध्यानमा। कोही अधिकारवालासँग बसे। कोही विपन्न समाजमा। यस अर्थमा समाज ज्ञानप्रदायक रहेछ। व्यक्ति स्वयं ज्ञान प्रदायक रहेछ। प्रक्रिया वा विधि स्वेच्छाको रहेछ। चाहिने कुरा घोत्ल्याईं रहेछ। खोज्ने कुरामा घोत्लिने। खोजाउने कुरामा घोत्लिने। यो काम एकल रहेछ। सामूहिक रहेछ। सामूहिक र एकलबीचको अन्तरक्रिया रहेछ। आफैंमा अन्तरक्रिया गरे पनि हुने। अरूमै अन्तरक्रिया गरे पनि हुने। चाहिने कुरो रहेछ- केमा घोत्लिने भन्ने निधो। केको सम्बन्ध कोसँग खोज्ने भन्ने निधो। कसरी त्यो सम्बन्ध खोज्ने भन्ने निधो। के यी तीन निधो गर्न सक्छौं त ?

**अनुसन्धान टुङ्गिएको छैन। टुङ्गिंदैन। किनभने जिउने प्रक्रिया बदलिन्छन्। प्रत्येक बदलावमा नयाँ ज्ञानको उत्पत्ति हुन्छ। यसको अर्थ हो- सिकाइ शाश्वत हुँदैन। सिक्ने क्रम शाश्वत हुँदैन। शाश्वत हुने भनेको- सिक्ने रहर। कसरी सिक्ता रहेछन् भन्ने रहर।**

## खोजे कसरी ?

जिउनेहरूले खोजे। कसरी जिउँदा रहेछन् भनी सोच बोकेकाहरूले खोजे। पहिलो खाले व्यक्तिले खोज्दा खोज (search) भयो। हिमाल, पहाड र मधेशमा बाटो खोज्ने जिउनेहरू हुन्। उनीहरूले नदी पछ्याए। पहाड पछ्याए। भञ्ज्याङ पछ्याए। घाँटी पछ्याए। खोजको तर्किव त्यही हो। अनुसन्धान गर्नेहरू अरु गहिरिए। किन त्यही बाटो खोजे ? कसरी त्यो बाटो पत्ता लगाए ? कसले पत्ता लगायो ? कसले थप्यो ? कसले वैकल्पिक बाटो खोज्यो ? कसले ठूलो बाटो बनायो ? किन ? पशुपालन गर्न ? पशुजन्य उत्पादन बेच्न ? बेचेकोबाट आर्जेको कुराले के गरे ? बेच्ने को थियो ? पुरुष ? महिला ? युवा ? प्रौढ ? बालबालिका ? किन्ने र बेच्नेको शक्ति सम्बन्ध के थियो ? किन त्यस्तो शक्तिसम्बन्ध बन्यो ? लैङ्गिक संरचनाले हो ? जातले हो ? जातिले हो ? धर्मले हो ? पढाइलेखाइले हो ? भाषाले हो ? बाध्यताले हो ? वातावरणले हो ? यी र यस्ता प्रश्नले सम्बन्ध खोजाउँछ। लिने र दिने बीचको सम्बन्ध। दिने दिनेहरूको सम्बन्ध। लिने लिनेहरूको सम्बन्ध। अर्थात् कसरी जिउँदा रहेछन् भनी खोज्नेहरूले जिउनेहरूकै ज्ञानमा थप प्रश्न जोडे। ती सबै प्रश्नको उत्तर खोजे। कसैले कुनै पाटोबाट। कसैले कुनै पाटोबाट। उदाहरण दिऊँ बालबालिकाले गणित कसरी सिक्छन् भन्ने कुराको। सुझ (insight) वालाले बुझे ल्वाट्टै सिक्छन्। सिक्ने प्रक्रिया व्यवहारमा देखिन्न। दिमागी प्रक्रिया पनि तेजिलो हुन्छ। संज्ञान (cognitive) वालाले बुझे- सिक्ता आकृति (mental trace) बन्छ। आकृतिमै प्रक्रिया समाहित हुन्छ। अनि बालबालिकाले सिक्छन्। व्यवहारवादीले बुझे- सिक्नेले व्यवहारमा देखाउँछ। गर्दै सिक्छ। हेर्दै सिक्छ। बोल्दै सिक्छ। निर्माणवादी (constructivist) ले बुझे- संलग्नता (involvement) ले सिक्छ। विनिर्माणवादीले बुझे ओल्टाइपल्टाइ गरेर सिक्छ। विचार उल्टाए हुन्छ। सिकाइ उल्टाए हुन्छ। आफैंमा प्रश्न गरे हुन्छ। अरूलाई प्रश्न गरे हुन्छ। आफू र अरूबीच अन्तरक्रिया गरे हुन्छ। बाह्य अन्तरक्रिया। आभ्यन्तरिक अन्तरक्रिया। यसको अर्थ हो- अनुसन्धान टुङ्गिएको छैन। टुङ्गिंदैन। किनभने जिउने प्रक्रिया बदलिन्छन्। प्रत्येक बदलावमा नयाँ ज्ञानको उत्पत्ति हुन्छ। यसको अर्थ हो- सिकाइ शाश्वत हुँदैन। सिक्ने क्रम शाश्वत हुँदैन। शाश्वत हुने भनेको- सिक्ने रहर। कसरी सिक्ता रहेछन् भन्ने रहर।

माथिको छलफलबाट थाहा लाग्यो- प्रश्न गर्नु अनुसन्धानात्मक विधि रहेछ। प्रश्नउपर घोत्लिने विधि रहेछ। एउटाको उत्तर अर्कोको उत्तरसँग भिडाउने विधि रहेछ। मिल्दा उत्तरबाट निर्णायक मत दिने विधि रहेछ। यस क्रममा अनुसन्धाताले गर्ने हर क्रियाकलाप विधि रहेछ। सोही विधिको लेखोट अनुसन्धान विधि रहेछ। सोधे प्रश्नोत्तर विधि। हेरे अवलोकन विधि। गहिरिंदै प्रश्नोत्तर गरिरहे अन्तर्वार्ता विधि। विशेष समूहसँग विशेष कुरा खोजे लक्षित समूह छलफल विधि

(focus group discussion)। त्यही विधिमा उपयोग गरिने हथौडा साधन (tools/instrument) रहेछ। आफूले आफैंलाई सीमित गर्ने साधन। सोधेर पत्ता लगाए सोध्नु साधन हो। प्रश्नहरूको सँगालो। अवलोकन गर्नु साधन हो। के अवलोकन गर्ने भन्ने कुरा लेखन गरे साधन बन्छ? यस अर्थमा खोज्ने तरीका आ-आफ्नै हुने रहेछ। एकल विधि मात्रै अस्वीकार्य रहेछ। एकल साधन मात्र अस्वीकार्य रहेछ। तथ्याङ्कलाई प्रमाणीकरण गर्ने तरीका।

## प्रस्तुत गरे कसरी ?

गणितज्ञले सूत्र बनाए। लम्बाइपट्टिका दुईवटा भित्ता बराबर छन्। $a^2$। चौडाइपट्टिका दुई वटा भित्ता पनि बराबर छन्। $b^2$। एकापट्टिको लम्बाइ a हो। अर्कोपट्टिको b हो। त्यसैले ab। यस्ता भित्ताहरू लम्बाइमा पनि छन्। चौडाइमा पनि छन्। अर्थात् दुईतिरै छन्। त्यसैले 2ab। अनि समग्रमा भने $(a+b)^2= a^2+2ab+b^2$। त्यही कुरालाई वैज्ञानिकले अर्कै तरीकाले प्रस्तुत गरे। आफ्नै सूत्र बनाएर। गणितज्ञबाट सापटी लिएर। मानवशास्त्रीको अर्कै तरीका रहेछ। बाक्लो विवरण (thick description)। घर यस्तो थियो। नाप यो थियो। सामान (artifacts) यी थिए। भित्तामा चित्र थियो। जनावरको चित्र। देवताको चित्र। चित्रको मानव र जनावरको सम्बन्ध यस्तो थियो। समाजशास्त्रीले अर्को तरीका खोजे। घर त्यस्तो बनाउनुमा के कारण छ। बाह्य कारण (outward criticality)। आधुनिकोत्तर समाजशास्त्री र मानवशास्त्रीले आन्तरिक कारण (inward criticality) खोजे। गीतावादीले बाह्य र आन्तरिक कारणको अन्तरसम्बन्ध (outward inward/inward outward criticality) खोजे। एक अर्कोमा। गणितज्ञको प्रस्तुतिमा abc को समीकरण। ab, ac, bc, ba, ca, cb। यसरी हेर्दा प्रस्तुति पनि प्रस्तोताको शैली रहेछ। दख्खलको क्षेत्रबाट प्रस्तुति बनाउने। कोही नाम राखेर प्रस्तुत गर्दा रहेछौं। संरचनावादी (structuralist)। फलानो विषयको प्रस्तुति यस्तो हुन्छ भन्नेहरू। यस्तो हुनुपर्छ भन्नेहरू। संरचना बदल्न सक्छौं भन्नेहरू (anarchist) प्रश्न रहेछ- खाका (format) मा प्रस्तुत गर्ने कि खाकाहीन खाका (formatless format) बनाउने। आफ्नै प्रस्तुतिको शैली।

**गणितज्ञले सूत्र बनाए। लम्बाइपट्टिका दुई वटा भित्ता बराबर छन्। $a^2$। चौडाइपट्टिका दुई वटा भित्ता पनि बराबर छन्। $b^2$। एकापट्टिको लम्बाइ a हो। अर्कोपट्टिको b हो। त्यसैले ab। यस्ता भित्ताहरू दुईतिरै छन्। त्यसैले 2ab। अनि समग्रमा भने $(a+b)^2= a^2+2ab+b^2$।**

## निचोड के निकाले ?

अनुसन्धान पूर्ण हुँदैन। पूर्णताउन्मुख हुन्छ। हिन्दूको पुर्ख्यौली शब्दावलीमा 'पूर्णात् पूर्णमिदं'। त्यसैले भनिदिए- गणितको यो सूत्र हो। स्थिति बदलिए सूत्र बेकामे हुन्छ। चौडाइ र लम्बाइका दुई वटा भित्ता बराबर नभए $a^2$ हुँदैन। $b^2$ पनि हुँदैन। यसो नहुँदा भित्ताको नाप त हुन्छ। सूत्र मिल्दैन। अर्को सूत्र चाहिन्छ। वैज्ञानिकले पनि त्यसै भने। नून बन्न $NACL^2$ चाहिन्छ। सोडियमको एक; परमाणु क्लोरिनको दुई परमाणु। कुनै पनि तत्त्वको परमाणु फेरिए सूत्र फेरिन्छ। सत्य फेरिन्छ। मानवशास्त्रीले पनि त्यही कुरा स्वीकारे। केटीको संख्या कम भयो, राउटेले विधवा विवाह स्वीकारे। केटीको संख्या धेरै हुँदा तिनै विधवा त्यक्त थिए। समाजशास्त्री पनि त्यही ड्याङका हुन्। उनले पनि भनिदिए–संरचना फेरिए शक्तिसम्बन्ध फेरिन्छ। ठूला जहान (joint family) मा बस्ने पुरुषले बच्चाको हेरचाह गर्दैन। साना जहान (neclues family) मा बस्नेले नहेरी धरै छैन। तर बाल स्याहार केन्द्र खोल्नासाथ पुन: सम्बन्ध बदलिन्छ। यसरी हेर्दा सम्बन्ध बदलिने चिज रहेछ। वस्तु बदलिने रहेछ। संरचना बदलिने चिज रहेछ। सूत्रहरू बदलिने सत्य (relative truth) रहेछन्। त्यसैले बुद्धले भने झैं बदलावमै वस्तु पढ्नुपर्ने रहेछ। सम्बन्ध पढ्नुपर्ने रहेछ। सत्य पढ्नुपर्ने रहेछ। किनकि मानव आफैं बदलिँदो रहेछ। उमेरमा। अनुभवमा। शिक्षामा। पढाइमा। पर्यावरणमा। प्रविधिमा।

## शिक्षकले के को सम्बन्ध खोज्ने त ?

शिक्षक भाग्यमानी छौं। जसको जेमा सम्बन्ध खोजे पनि हुने। शिक्षक र विद्यार्थीको। विद्यार्थी विद्यार्थीको। विद्यार्थी र अभिभावकको। एउटा कक्षाका विद्यार्थी र अर्को कक्षाका विद्यार्थीको। विद्यार्थी र पढ्ने शैलीको। शिक्षक र पढाउने शैलीको। विद्यार्थी र बाह्य पाठ्यपुस्तकको। विद्यार्थी र अतिरिक्त क्रियाकलापको। शिक्षक र राजनीतिक सोचको। राजनीतिक दल र विद्यार्थीबीचको। घरको काम र पढाइको समयबीचको। सामाजिक मान्यता र विद्यार्थीको शैक्षिक उपलब्धिको। भाषिक समूह र पढ्ने शैलीको। यस्तै अनेकन् विषयवस्तुको। अरू सानो कुरा खोज्ने हो भने- कलम समाउने तरीका र विद्यार्थीको उपलब्धिको। अक्षर लेख्ने तरीका र आत्मविश्वासको। अवधारणा बनाउने तरीका र सामाजिक परिवेशको। चिट चोर्ने चोराउने र शैक्षिक-सामाजिक परिवेशको। हल्ला गर्ने र सामाजिक मनोदशाको। लैङ्गिक सोच र जातजातिको। अपाङ्गता र समायोजन शैलीको।

माथिका केही विषयहरू हुन्। घोत्लिन मिल्ने। ती विषयमा शिक्षक घोत्लिन सक्छौं। वेबरले झैं अर्थ्याउन सक्छौं। बोडर्यूले झैं तर्क खोज्न सक्छौं। मार्क्सले झैं आर्थिक निर्णयवादी (economic determinist) बुद्धि बनाउन सक्छौं। डेरिडाले झैं विकल्प खोज्न सक्छौं। बुद्धले झैं सापेक्षता (relativity) चिनाउन सक्छौं। कपिलमुनिले झैं द्वैध अस्तित्व बोध गराउन सक्छौं। उद्दोलकले झैं विकल्प बनाउँदै सत्य खोज्दै गर्न सक्छौं। नेडित नेडति बनाउन सक्छौं। रूसोले झैं प्राकृतिक र कृत्रिम सम्बन्ध चिनाउन सक्छौं।

यस्ता अनेकौं 'सक्छौंहरू' बीच दिनहुँ रहने हामी शिक्षक किन चूप छौं? यति त भन्न सक्छौं कि मैले दश वर्ष पढाएँ। विद्यार्थीको गणित सिक्ने चारवटा शैली पत्ता लगाएँ। जोड्ने शैली। घटाउने शैली। अनुपात निकाल्ने शैली। अथवा भन्न सक्छौं- मैले मेरै शरीरबाट अनुपात सिकाएँ। नलीखुट्टाको नापबाट। नाकका प्वालको नापबाट व्यास सिकाएँ। मेरै शरीरबाट विज्ञान सिकाएँ। कानमा जाने हावा र मुखमा जाने हावाको मात्राबाट। हावा जाँदा आउने आवाजबाट। त्यसैबाट अर्थशास्त्र सिकाएँ। धेरै खाँदा र थोरै खाँदाको अनुभूतिबाट। अन्तरसम्बन्ध सिकाएँ- मन थाके शरीर थाक्छ भनेर। शरीर थाके- मन सुस्ताउँछ भनेर। धनात्मक ब्रह्म ऊर्जा (positive cosmic says) लिए शरीर हल्का हुन्छ भनेर। ऋणात्मक ब्रह्म ऊर्जा लिए शरीर भारी हुन्छ भनेर। मनभारी हुन्छ भनेर। यसो गर्दा बाहिरिने आँखा भित्रिन्छ। भित्रिने आँखा शोधकर्ता हुन्छ। कतै हामी शिक्षकले त्यसतर्फ पनि सोच्ने कि? मन नपरेकै पेशा भए पनि पेशाकर्मी बन्ने कि? मन परेको पेशा हो भने त्यसैमा पहिचान बनाउने कि? मूर्दा कुर्ने थलो हो भने पनि हिन्दूका राजा हरिश्चन्द्रको बुद्धि भित्र्याउने कि? अहिले झैं धिक्कारमै जिन्दगी जिउने कि? हाम्रै मर्जी। हाम्रै अर्जी। हामीलाई नै अर्जी। 📖

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

Elizabeth M. Muller

# Acting Out

## Using Drama in the ELT Classroom

Many students lack confidence in speaking and listening, and are reluctant to use their English in front of large groups of people. Using dramas in the English classroom is a way to engage students in a creative, active, and confidence-building group activity.

In many countries the English classroom is a place of order, characterized by the repetitious memorization of spellings and greetings, reading turn-by-turn, and writing descriptive paragraphs about one's own family. Many students lack confidence in speaking and listening, and are reluctant to use their English in front of large groups of people. Using dramas in the English classroom is a way to engage students in a creative, active, and confidence-building group activity. To teachers and students who have never used drama in the classroom before, the first effort may seem strange, and both teachers and students may be unsure of how to begin. This article seeks to give helpful suggestions for those interested in utilizing dramas in their own English classrooms and describes a step-by-step process to introduce drama to a group of beginner students with little or no previous experience.

### The Number System

Students love playing and acting but are nervous about performing and memorizing lines, especially if the play has two or three main characters. For your first drama (and even second and third) use the "number system". For the first few times drama is used in the classroom give each student their line(s) written on a piece of paper with a number in the corner. The number indicates the order in which students speak their lines during the drama. The student who has number 1 is the first student to speak, the student who has number 2 is the second student to speak, and the student who has number 10 is the tenth student to speak, etc. If the student has more than one line, for example if they are the 2$^{nd}$ person to speak and again the 11$^{th}$ person to speak, write that number by the line(s) they are supposed to say at each time.

Next, make small square pieces of paper with the numbers to hold up during the performance so if they forget their order they can look at the number and know if it is their turn or not (by seeing whether it is their number or not). If you have 30 lines in the drama, your numbers should be from 1-30. Let students read their lines from their paper during the drama. Being able to read their lines and know their order makes students less nervous. The number system is an especially good method for the students with multiple lines or those playing main characters since they may have several lines of dialogue spaced out by other lines or narration. After students become more comfortable stop letting them read their lines but continue using the number system, until they are confident enough to operate without it.

### Finding and Creating the Best Drama for Your Class

Teachers may modify existing scripts and write original scripts to fit the specific needs of each class. If a drama has five narrators and five main characters, but you need

---

#### CREATIVE **CORNER**

*Need a way to energize your class at the beginning or end of a lesson? "Simon Says" and "Buzz" are fun games that also test your students' listening skills.*

**SIMON SAYS**

In "Simon Says", students must listen to your commands. They can only follow commands that are said after "Simon Says…" For example, if you say "Simon Says touch your nose," all students must touch their nose. If you only say "touch your nose" students shouldn't move! If they do, they lose and must sit down. The last student standing is the winner.

**BUZZ**

In "Buzz" students are told a number that is taboo. They cannot say this number or its multiples. For example, if the taboo number is 5, they cannot say 5, 10, 15, 20, etc. Turn by turn the students count from 1. In place of the taboo number and its multiples they must say "Buzz". If they say the number instead of "Buzz" they lose and must sit down. The last student standing is the winner.

---

lines for twenty students, divide each of the narrators' parts into fifteen separate lines. Instead of five narrators saying three lines each, you now have fifteen narrators saying one line each. This makes the drama easier because each student has fewer lines to memorize, but also more students are able to participate. The goal of using dramas in the classroom is full class participation. It is a chance for all students, not just those most comfortable with acting and speaking, to learn and practice their English.

Next, be sure that all the students know what the drama means. Before beginning to practice or assigning characters, go over difficult words and make sure all students understand the story and each character. Practice several times, including where all the students are going to stand. The first one or two times a class performs a drama it will help the narrators to stand in a line or semi-circle in the order in which they speak. This way they have both the number system to look at, and the student next to them speaking his or her part. This alerts the next student his or her turn is coming.

Finally, making masks and costumes is a wonderful way to get the students excited for the drama. Narrators can make or bring a "narrator uniform" such as a hat, tie, or nametag. Characters can make masks or costumes from paper or clothes available at school or at home. Making the masks and costumes is best as an in-class activity. Creating masks and costumes as a group makes everyone feel excited and a part of the drama preparation.

The following is a suggested step-by-step process for performing dramas with a group of beginners:

### 1st Stage: Goal - Getting Students Comfortable with the Idea of Performing

Choose a short drama. Ask students to volunteer for parts, making sure not to assign the quietest students the parts that require the most speaking (in the beginning they will be more comfortable in smaller roles). Let students read their lines from a small piece of paper and use the number system. Have narrators stand in a line or semi-circle, in the order in which they speak. Being able to read their lines, look at the number displayed to see if their turn is coming, and also knowing when their turn is coming by seeing and hearing whose turn it is now, makes students comfortable enough to perform in their first drama. Be sure to tell students that mistakes are OK and that the drama is for fun. Do not critique them too much.

### 2nd Stage: Goal - Line Memorization

For your next drama find or write a play that has relatively even lines (the main characters don't do the majority of the speaking – perhaps they act out the scene but the narrators describe what is happening). This way each student has about the same amount to memorize. Have all the students memorize their lines. Narrators may still stand in a line or semi-circle. Practice the drama several times, still using the number system, so they are comfortable with their speaking order and reciting their memorized lines. The number system and stage position helps them know when it is their turn to speak, but now they are challenged by memorizing their line(s).

### 3rd Stage: Goal - Expanding Acting Ability

Choose a more difficult drama. Give longer lines to students who seem very comfortable with drama performance and memorization. Encourage students to "act" more and get into their character role as a "Lion", "Magician", or "Shopkeeper", etc. Practice many times and give students suggestions for acting their part better. Students do not stand in order of speaking (in a line or semi-circle). Use the number system, but also tell students to know which student speaks before them so that in the next drama performance the number system is no longer required.

### 4th Stage: Goal - Complete Comfort with Performing

In the next drama challenge students by giving them multiple lines to learn. Practice several times and give students suggestions for acting better and reciting their lines better. Do not use the number system or let students stand in the order in which they speak. Remind students to remember who speaks before and after them so each student knows when his or her turn is coming.

Each of these suggested drama stages can be adapted to your classroom. Perhaps your class will need to perform several dramas at the 2nd or 3rd stage before they can move on to the 4th stage. It is best to perform the class drama in front of other students from the school or at a special school program. Each time your students prepare for and perform a drama they will be more comfortable and excited. Performing dramas increases creativity, confidence, ability to perform and speak in public, English language confidence, ability to memorize, and makes learning English fun!

*The auther is English Teaching Assistant at USEF Nepal/Fulbright Commission*

**For sms**: **ltr<space>5006**

## Jokes between Teacher and Students

Two boys were arguing when the teacher entered the room. The teacher said, "Why are you arguing ?" One boy said, "We found a ten dollar bill and decided to give it to whoever tells the biggest lie."

"you should be ashamed of yourselves,"said the teacher, "When I was your age I didn't even know what a lie was." The boys gave the ten dollars to the teacher.

A head teacher with his pupil.

■■■

**Head teacher:** I've had complaints about you, Johnny, from all your teacher. What have you been doing ?

**Johnny:** Nothing, sir.

Head teacher : Exactly.

## जिज्ञासा जवाफ

## अंग्रेजीका सामग्री पाईंदैन ?

हामीले पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित पाठ्यक्रम/पाठ्यपुस्तक अनुसार, कक्षा १ मा अंग्रेजी माध्यमको पठनपाठन थालेका छौं। आउँदो वर्ष यसलाई कक्षा २-५ मा विस्तार गर्ने योजनामा छौं। यसनिम्ति शिक्षक निर्देशिका, तालिम लगायतका पाठ्यसामग्री पाइन्छन् कि पाईंदैनन्?

**नारायणप्रसाद पौडेल**
**प्रअ, ज्ञानोदय निमावि, सत्यवती-७, पाल्पा**

*पाठ्यक्रम विकास केन्द्रले अंग्रेजी माध्यमकै प्रयोजनका निम्ति भनेर छुट्टै निर्देशिका र तालिम सामग्री तयार गरेको छैन। नेपाली र अंग्रेजी माध्यमका पाठ्यक्रम, पाठ्यपुस्तकका विषयवस्तुहरू एउटै भएकाले केन्द्रले नियमित प्रकाशन गर्दै आएका पाठ्यक्रम, शिक्षक निर्देशिकालाई नै पठनपाठनको आधार मान्नुपर्ने हुन्छ।*

***तुलसीप्रसाद आचार्य***
***उपसचिव, पाठ्यक्रम विकास केन्द्र***

## कस्तो प्रअ चाहिने ?

स्रोतव्यक्ति निर्देशिका-२०६८ को परिच्छेद-८ (दफा ८)मा स्रोतव्यक्ति व्यवस्थापन समिति गठन गर्दा स्रोत केन्द्रभित्रका प्रअहरूले छान्ने तीन जना सदस्यमा माध्यमिक तथा उच्चमाध्यमिक विद्यालय (कक्षा ९-१२)का प्रअ मध्येबाट एक जना रहने व्यवस्था छ। यो व्यवस्था अनुसार, मावि वा उमाविको प्रअका रूपमा काम गरिरहेको प्राथमिक वा निम्नमाध्यमिक तहको शिक्षक उक्त समितिको सदस्य हुन सक्छ कि सक्दैन?

**भुवानीप्रसाद ढकाल**
**प्रअ, रजस्थल उमावि, स्याङ्जा**

*निर्देशिकामा स्रोत केन्द्रभित्रका मावि तथा उमाविका प्रअ मध्येबाट एक जना प्रअ स्रोत केन्द्र व्यवस्थापन समितिको सदस्य रहने उल्लेख भएकाले उपलब्ध भएसम्म माध्यमिक तहको नियुक्ति पाएको प्रअलाई नै व्यवस्थापन समितिको सदस्यमा चयन गर्नुपर्नेछ। त्यस्तो प्रअ उपलब्ध हुन नसकेको अवस्थामा मात्रै प्राथमिक वा निम्नमाध्यमिक तहको नियुक्ति पाएर मावि वा उमाविको प्रअ रहेका व्यक्तिलाई चयन गर्न सकिनेछ।*

***रामशरण सापकोटा***
***उपनिर्देशक, शिक्षा विभाग***

## सहमति नभए के गर्ने ?

शिक्षा नियमावली, २०५९ नियम-२३ मा व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यको छनोट सम्बन्धी प्रावधान राखिएको छ। यदि अभिभावक भेलाबाट सर्वसम्मतिमा पदाधिकारी छनोट गर्न नसकिएको अवस्थामा कुन प्रक्रिया अवलम्बन गर्न सकिन्छ?

**दीपेन्द्र श्रीवास्तव**
**प्रअ, मावि ब्रह्मपुरी, रौतहट**

*सर्वसम्मत रूपमा पदाधिकारी चयन हुन नसकेको अवस्थामा निर्वाचनको प्रक्रियाबाट अगाडि बढ्न सकिन्छ।*

***कमल पोखरेल***
***उपनिर्देशक, शिक्षा विभाग***

## गणना नगरे के हुन्छ ?

शिक्षा नियमावली, २०५९ को नियम ११४ 'क' मा यस्तो लेखिएको छः 'नियम ११४ बमोजिम नोकरी अवधि गणना गराउन चाहने बहालवाला शिक्षकले २०६९ चैत मसान्तभित्र र यो नियम प्रारम्भ भएपछि नियुक्त हुने शिक्षकले नियुक्ति पाएको मितिले एक महिनाभित्र शिक्षक किताबखानाबाट त्यस्तो नोकरी अवधि गणना गराउनुपर्नेछ। सो अवधिपछि त्यस्तो नोकरी अवधि गणना गरिने छैन।' उक्त नियममा 'नोकरी अवधि गणना गराउन चाहने' भन्ने शब्दावली छ। उसो भए नोकरी अवधि गणना गर्न नचाहने शिक्षकलाई पछि कुनै समस्या पर्छ कि पर्दैन? २०६९ चैत मसान्तभित्र नोकरी अवधि गणना गराउन नसकेका शिक्षकले सो अवधिपछि के गर्नुपर्ला?

**धीरेन्द्र यादव**
**नेरा प्रावि, पिप्राढी-६, बारा**

*नियम ११४ को खण्ड 'क'-'च' मा शिक्षकको नोकरी अवधि गणनाका आधारहरू उल्लेख छन्। उक्त आधारमा केन्द्रित रहेर शिक्षकलाई नोकरी अवधि गणना गराउने मौका दिने गरी २०६९ चैत मसान्तभित्रको समयसीमा तोकिएको हो। नोकरी अवधि गणना गर्न आवश्यक परेका शिक्षकले शिक्षक किताबखानाबाट यो सुविधा पाउने छन्। २०६९ चैत मसान्तभित्र नोकरी अवधि गणना नगरेमा त्यसनिम्ति म्याद थपिने छैन।*

***मधुसूदन अधिकारी***
***उपसचिव, विद्यालय शिक्षक किताबखाना***

## म जस्ता प्रअ कहिलेसम्म ?

म प्राथमिक तृतीय श्रेणीको स्थायी शिक्षक हुँ। मेरो शैक्षिक योग्यता एम.ए./एम.एड. छ। मेरो विद्यालय प्राथमिक तहको मात्रै स्वीकृतिप्राप्त भएकाले निमावि र मावि तहमा दरबन्दीका शिक्षक छैनन्। यस अवस्थामा साविककै सुविधा पाउने गरी जिल्ला शिक्षा कार्यालयले मलाई प्रअ पदमा नियुक्ति दिएको छ। प्रावि सुविधामा मावि/उमाविमा प्रअ रहेका म जस्ता प्रअ देशभरका धेरै विद्यालयमा छन्। यो अवस्था कहिलेसम्म?

**खगेश्वर खनाल**
**प्राचार्य, उमावि इमिलिया, कपिलवस्तु**

*विद्यालय क्षेत्र सुधार योजनाको व्यवस्था अनुरुप शिक्षा नियमावलीमा माध्यमिक तह (कक्षा ९-१२)को प्रअका निम्ति एम.एड. उत्तीर्ण तथा सोही तहको शिक्षक हुनुपर्ने प्रावधान राखिएको छ। तथापि, हामीले दरबन्दी मिलान गर्न नसकेका कारण सबै माविमा माध्यमिक तहको दरबन्दी पुऱ्याउन सकिएको छैन। अतः त्यसो गर्न नसक्दासम्म प्राथमिक वा निम्नमाध्यमिक तहका शिक्षकले माध्यमिक तहको प्रअको रूपमा रहिरहने अवस्था कायमै रहनेछ।*

***कमल पोखरेल***
***निर्देशक, शिक्षा विभाग***

## हामी बढुवामा परेनौं

शिक्षकको विशेष बढुवाका लागि हामीले पनि आवेदन भरेका थियौं। तर, कार्यसम्पादन मूल्याङ्कन फारम चाहिँ भरेका थिएनौं। यही कारणले हाम्रो नाम बढुवाको सूचीमा नपरेको हो कि के हो?

**केदार परियार, राजेन्द्र दाहाल, दुर्गा परियार**
**चन्द्रकला प्रावि, इरौटार-२, इलाम**

*शिक्षक मित्रहरू! तपाईंहरू आफैंले प्रश्नमै कार्य सम्पादन मूल्याङ्कन फारम नभरेको उल्लेख गरिसक्नुभएको छ। सोही कारणले तपाईंहरूको नाम बढुवाको सूचीमा नपरेको हो।*

***गुणराज पोखरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

म २०४३/०६/०१ मा प्राथमिक तृतीय श्रेणीमा स्थायी नियुक्ति पाएको शिक्षक हुँ। शिक्षक सेवा आयोगले २०६८ साउनमा प्रकाशित गरेको सूचनाबमोजिम मैले पनि विशेष बढुवाको निम्ति आवेदन फारम बुझाएको थिएँ। साथै, मैले कार्यसम्पादन

## उत्तरपुस्तिका हेर्न के गर्नुपर्ला ?

म २०६६ सालमा बी.एड. प्रथम वर्षको परीक्षामा 'शिक्षाको दार्शनिक र समाजशास्त्रीय आधार' भन्ने विषयमा अनुत्तीर्ण भएँ। अर्को वर्ष पुनः परीक्षा दिएँ। तर, म फेरि अनुत्तीर्ण भएँ। जबकि दुवै पटक मेरो परीक्षा राम्रो भएको थियो। त्यसैले उक्त नतिजाप्रति म सन्तुष्ट छैन। अब मैले आफ्नो उत्तरपुस्तिका हेर्न पाउँछु कि पाउँदिनँ? पाउँछु भने त्यसनिम्ति के गर्नुपर्ला?

**देवनाथ यादव**
**गौर, रौतहट**

*परीक्षार्थीलाई आफ्नो उत्तरपुस्तिका हेर्न दिनुपर्ने सर्वोच्च अदालतको फैसला आएपछि त्यसको कार्यविधि बनाउन त्रिवि, मानविकी सङ्कायका डीन प्रा.डा. नवराज कँडेलको संयोजकत्वमा एउटा कार्यदल गठन गरिएको थियो। उक्त कार्यदलले कार्यविधिको मस्यौदा तयार गरेर त्रिभुवन विश्वविद्यालयमा पेश गरेको छ। त्रिवि, कार्यकारी परिषद्बाट उत्तरपुस्तिका हेर्न पाउने सम्बन्धी कार्यविधि र प्रक्रिया स्वीकृत भएपछि मात्रै परीक्षार्थीलाई उत्तरपुस्तिका हेर्न दिइनेछ।*

***रमेशकुमार जोशी***
***सहनियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय, त्रिवि***

मूल्याङ्कन फारमसमेत भरेको थिएँ। तर, मेरो बढुवा भएन। किन होला?

**किशोरकुमार श्रेष्ठ**
**त्रिभुवन जनता मावि, छायाँक्षेत्र भोटेचौर, सल्यान**

*शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार, 'विशेष बढुवा'का लागि पछिल्लो तीन शैक्षिक सत्रमध्ये कुनै एकको कार्यसम्पादन मूल्याङ्कनको अङ्क ७५ प्रतिशत पुग्नै पर्छ। तपाईंको शैक्षिक सत्र २०६७ को कार्यसम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क पुगेको पाइएन। यस आयोगबाट २०६८/११/३० मा क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेतलाई पत्र पठाएर लेखेर तपाईंले शैक्षिक सत्र २०६५ वा २०६६ मा पाउनुभएको कार्यसम्पादन अङ्क पठाइदिन अनुरोध गरिएको छ। यदि तपाईंले उक्त दुई शैक्षिक सत्रमध्ये कुनै एकमा ७५ प्रतिशत अङ्क पाउनुभएको रहेछ भने नियमानुसार तपाईंको पनि बढुवा हुनेछ।*

***गुणराज पोखरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

## नमूना विकास कहिलेदेखि ?

कक्षा ९-१२ को 'एकीकृत माध्यमिक शिक्षा नमूना विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८' मा नमूना विकासका लागि छानिएका पाँच वटा जिल्लामा कस्तो पाठ्यक्रम लागू गरिएको छ? यो कार्यक्रम कति वटा विद्यालयमा सञ्चालित छ? साथै उक्त निर्देशिकामा कक्षा १-१० को शैक्षिक सत्र वैशाख १ देखि शुरू हुने भनिए पनि कक्षा ११ र १२ को शैक्षिक सत्रको बारेमा केही खुलाइएको पाईंदैन। एकीकृत पाठ्यक्रम लागू भएपछि पनि शैक्षिक सत्रको समय फरक-फरक हुने हो?

**हेमचन्द्र अधिकारी**
**भारती उमावि, हात्तीखर्क-६, धनकुटा**

*एकीकृत माध्यमिक शिक्षा नमूना विकासका लागि धनकुटा, रसुवा, कपिलवस्तु, सुर्खेत र डडेल्धुरा जिल्ला छनोटमा परेका छन्। नमूना विकासको परीक्षण कार्यक्रमका निम्ति राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन विकास परिषद्ले ४ चैतमा पाठ्यक्रमको मस्यौदालाई सैद्धान्तिक सहमति दिइसकेको छ। यसमा भाषिक, शाब्दिक र विषयवस्तु थपघट गर्ने क्रम जारी छ। अतः शैक्षिक वर्ष, २०६९ देखि ती जिल्लामा माध्यमिक तहको परीक्षण शुरू गरिनेछ। सम्भवतः यसअघि विद्यालय क्षेत्र सुधार योजना लागू भएका २५ वटा विद्यालयमा यो पाठ्यक्रम लागू हुनेछ। कक्षा १-१० को शैक्षिक सत्र वैशाखदेखि नै शुरू हुनेछ भने कक्षा ११-१२ को निर्धारण भइसकेको छैन। शिक्षा ऐनको संशोधनसँगै राष्ट्रिय परीक्षा बोर्डको गठन भएपछि त्यसबारे टुङ्गो लाग्नेछ।*

***गणेशप्रसाद भट्टराई***
***उपनिर्देशक, पाठ्यक्रम विकास केन्द्र***

## निमाविलाई टीपीडी खोइ ?

विद्यमान ऐनमा विद्यालय शिक्षालाई प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक गरी तीन तहमा वर्गीकरण गरिएको छ। उक्त ऐन संशोधन नै नगरी हाल विद्यालय शिक्षा र शिक्षकलाई आधारभूत र माध्यमिक भनी वर्गीकरण गरेर निम्नमाध्यमिक तहका शिक्षकलाई घर न घाटको बनाइएको छ। साथै, निम्नमाध्यमिक तहका शिक्षकलाई हालसम्म टीपीडी कार्यक्रममा समावेश नगरिनुको कारण के हो? यस तहको टीपीडी कार्यक्रममा निम्ति रोष्टर प्रशिक्षकको योग्यता के हो?

**नगेन्द्र कोइराला**
**जनकल्याण मावि, बयरवन-९, मोरङ**

*तपाईंले भने जस्तो निमावि शिक्षकलाई घर न घाटको बनाइएको छैन। शिक्षा ऐन संशोधन भएपछि निमावि शिक्षकलाई आधारभूत तहमै समायोजन गरिनेछ। साथै, निमावि शिक्षकलाई टीपीडी कार्यक्रममा समावेश नगरिएको भन्ने तपाईंको भनाइसँग शैक्षिक जनशक्ति विकास केन्द्र सहमत छैन। यस वर्ष मात्रै आधारभूत तहको टीपीडी कार्यक्रममा करीब ६६ हजार शिक्षकलाई टीपीडीमा समावेश गरिँदैछ, जसमा प्राथमिक र निम्नमाध्यमिक दुवै तहका शिक्षक छन्। टीपीडी कार्यान्वयन पुस्तिकाले आधारभूत तहको रोष्टर प्रशिक्षकका निम्ति चार प्रकारका मापदण्डहरू तय गरेको छ। जुन देहायबमोजिम छन्:*

- *सम्बन्धित विषयमा बी.एड. वा सोसरह उत्तीर्ण गरी मावि वा उमावि तहमा कम्तीमा पाँच वर्षदेखि अध्यापनरत।*
- *मावि, उमावि वा क्याम्पसको सम्बन्धित विषयको अध्यापकबाट तथा तालिम व्यवस्थापन पेशाबाट विगत एक वर्षभित्र अवकाशप्राप्त।*
- *सम्बन्धित विषयमा एम.एड. वा सोसरह उत्तीर्ण इच्छुक पेशाकर्मी।*
- *आधारभूत तहको प्रयोजनको लागि सोही तहमा विगत पाँच वर्षदेखि अध्यापनरत बी.एड. उत्तीर्ण।*

***दीपक शर्मा***
***उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र***

## पाँच तलब भन्या के हो ?

शिक्षा नियमावली, २०५९ मा 'स्वेच्छिक अवकाश' सम्बन्धी व्यवस्था अन्तर्गत नियम १३० को २(क)मा 'अवकाश प्राप्त गर्ने उमेर ननाघ्ने गरी बढीमा पाँच तलब वृद्धि गरी हुन आउने निवृत्तिभरणको रकम दिने' लेखिएको छ। यो पाँच तलब भनेको के हो?

**गणेशकुमार खत्री**
**सरस्वती निमावि, काँडासिम्ता, सुर्खेत**

*नियमावलीमा उल्लिखित 'पाँच तलब' भनेको 'पाँच ग्रेड' हो। स्वेच्छिक अवकाश लिन चाहने शिक्षकलाई 'अवकाश प्राप्त गर्ने उमेर (६० वर्ष) ननाघ्ने गरी बढीमा पाँच ग्रेड वृद्धि गरी हुन आउने निवृत्तिभरणको रकम दिने' भन्न खोजिएको हो। उदाहरणका निम्ति २० वर्ष सेवा अवधि पूरा गरी ५५ वर्ष उमेर पुगेका शिक्षकलाई ५ ग्रेड थप हुनेछ। यस्तै, ५८ वर्ष उमेर पुगेका शिक्षकको हकमा भने दुई ग्रेड थपिनेछ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

**sms प्रतिक्रियाका लागि**
**jj<space>5006**

One World. One Link.
WORLDLINK

# WORLDLINK
# STUDENT OFFER

## FREE WiFi ROUTER and ONE MONTH EXTRA SERVICE
on annual subscription for students

## 50% OFF ON INSTALLATION
for subscribers below 1 year



### CABLE INTERNET

Unlimited 256kbps
@ Rs 846*/month

### WIRELESS INTERNET

Night Surfing 512kbps
@ Rs 692 /month

*The Best Internet Plans for Students.*


*conditions apply. Offer is valid for limited period only.

HEAD OFFICE
Jawalakhel Lalitpur, PO Box 8207, Nepal
Tel: 5523050 Fax: +977-1-5529403
Email: sales@worldlink.com.np

BRANCH OFFICE Bhaktapur 6619512 Chabahil 4465289 Kalimati 4673016 Maharajgunj 4650889 New Baneshwor 4471583 Putalisadak 4421108
CITY OFFICE Biratnagar 021-530020 Birgunj 051-523381 Butwal 071-545380 Chitwan 056-571172 Dhanghadi 091-520151 Hetauda 057-524750
Janakpur 041-522859 Lahan 033-560804 Nepalgunj 081-520619 Pokhara 061-550200 RESELLER Aarughat 010-692112 Charikot 049-421299
Chautara 011-620385 Dadeldhura 9848462901 Gajuri 010-402000 Gaur 055-520900 Ilam 9842659641 Kalaiya 053-691638 Phidim 024-520471
Pyuthan 086-460188 Rajbiraj 031-520329 Salyan 088-520290 Sankhuwasabha 029-561066 Sindhuli 047-520526 Trishuli 010-560561

Real फुर्सद

## शब्द खेल-४३



**तेर्सो**

१) पानीका निमित्त बनाइएको गहिरो कुवा
३) सप्रेको अवस्था/उन्नति
६) हांगा फाटेका धेरै सिङ हुने ठूलो जातको मृग
७) एशियाको एउटा प्रसिद्ध देश
८) मृत शरीर/मुर्दा
१२) लामो-ठूलो नभएको/छोटो वा सानो
१४) कुनै पक्षको कुरा प्रमाणित गर्नका लागि गरिने सवालजवाफ
१५) कमारो
१७) विष्णुकी शक्ति/लक्ष्मी
२२) बाबुका दाजु/जेठाबा
२३) पिर्ने स्वभावको/पिरोल्ने
२४) सट्टाभर्ना/साटफेर
२५) मनसुबा/मनसाय/इरादा


**ठाडो**

१) यहुदीहरूको स्वतन्त्र राष्ट्र
२) पर सरेकी आईमाई
३) विछोडको वेदना/विरह
४) साथै जन्मेको/संगै जन्मेको
५) चमकदमक/झिलिमिली
९) बलले युक्त/शक्तिशाली
१०) प्रभाव/छाप/प्रतिक्रिया
११) देवताहरूले बोक्ने ठूलो मुंग्रो जस्तो हतियार
१३) अन्नमा लाग्ने एक प्रकारको सानो कीरो
१६) कुनै कामकुरामा गरिने सजिलोपन
१८) कसैको इज्जतमा क्षति पुऱ्याउने काम
१९) निर्बल आईमाई
२०) थिचाइ/दबाउ/प्रेसर
२१) फुल्न तयार परेका कलिला फूल

नाम: __ __ __ __ __ __ __

ठेगाना: __ __ __ __ __ __ __

## अन्ताक्षरी-४३




१) गाग्राबाट एकैचोटि पानी खन्याउंदा निस्कने आवाज (४)
२) भाग्य/प्रारब्ध (४)
३) कुनै आकर्षणद्वारा जन्मिने अनुराग/बसाउठी/हिमचिम (४)
४) सजाउने वा सिंगार्ने काम/सजधज (४)
५) घण्टा लगातार बजाउंदा आउने आवाज (४)
६) नीच स्वभावको मान्छे/अधम खालको मान्छे (४)
७) मनलाई मोहित पार्ने (५)
८) एक प्रकारको काठको चट्टी/खराउ (५)
९) लोकलाई मनपरेको/सबको प्यारो (४)
१०) यस समयसम्म/अहिलेसम्म (४)
११) लाटो स्वभावको (४)
१२) रोग लागिरहने वा बिरामी भइरहने/दीर्घरोगी (३)
१३) कुनै सङ्कट परेको बेलामा मद्दत पाउनका लागि गरिने प्रार्थना वा याचना (५)
१४) वनैभरि/सारा जङ्गलमा (४)
१५) उदाहरणका रूपमा प्रस्तुत पहिले घटेको कुनै घटना (३)

**शब्दखेल-४१ को सही उत्तर**

तेर्सो: १) खग्रास ३) भिक्षुणी ४) भादगाउं ७) टठ ९) चल ११) नर १३) गरिमा १५) सुईंको १७) नस १९) जल २१) लव २३) सहायता २५) बेगिन्ती २६) उज्यालो
ठाडो: १) खचाखच २) सभा ३) भिउंट ५) दमन ६) महिमा ८) ठग १०) लडाई १२) रमन १४) रियाज १५) सुकिलो १८) सजाय २०) लम्स्याइलो २२) वसन्ती २४) ताउ

**अन्ताक्षरी-४१ को सही उत्तर**

१) आकर्षक २) कठालो ३) लोकतान्त्रिक ४) कबुलियत ५) तन्मय ६) यथासम्भव ७) वस्तुस्थिति ८) तिलहरी ९) रीतिवाद १०) दयनीय ११) यथोचित १२) तत्परता १३) तारिफ १४) फछ्र्योट १५) टनटन १६) नस्तक

नाम: __ __ __ __ __ __ __ __ __ __

ठेगाना: __ __ __ __ __

Real Fruit Power
नेपालको न. १ फ्रुट जुस
Real Mango

# Real फुर्सद



## सुडोकु-४३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | | | | | १ |
| | | | | १ | | | | |
| ७ | | | २ | ३ | ६ | | | ९ |
| ६ | | ९ | | ४ | | १ | | २ |
| | १ | | ५ | | ८ | | ७ | |
| ३ | | ७ | | ६ | | ९ | | ८ |
| १ | | | ८ | ७ | ९ | | | ६ |
| | | | | ५ | | | | |
| ८ | | | | | | | | ५ |

## सुडोकु-४१ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | २ | ६ | ५ | ३ | ७ | १ | ९ | ४ |
| १ | ३ | ५ | ९ | ४ | २ | ६ | ८ | ७ |
| ९ | ४ | ७ | ६ | ८ | १ | २ | ५ | ३ |
| ७ | ८ | १ | २ | ५ | ३ | ४ | ६ | ९ |
| २ | ५ | ९ | १ | ६ | ४ | ७ | ३ | ८ |
| ४ | ६ | ३ | ७ | ९ | ८ | ५ | १ | २ |
| ६ | ९ | ८ | ४ | ७ | ५ | ३ | २ | १ |
| ३ | ७ | २ | ८ | १ | ६ | ९ | ४ | ५ |
| ५ | १ | ४ | ३ | २ | ९ | ८ | ७ | ६ |

Real Fruit Power
नेपालको न. १ फ्रुट जुस




## सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-४१: सही समाधान पठाउने सहभागीमध्ये गोला प्रथाद्वारा छानिएका पुरस्कार विजेताः *गोविन्दप्रसाद ढुङ्गाना/सरिता सापकोटा,* भालचन्द्र मावि, ग्याले-३, काभ्रे**

**सही समाधान पठाउने अन्य सहभागी**

- गुप्त ब. भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- विमल प्र. देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- मनोज पौडेल, जय कालिका मावि, कालिका-४, बर्दिया
- प्रतिमा पौडेल, जय कालिका मावि, कालिका-४, बर्दिया
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- मीना श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- पुष्पराज रेग्मी/शिव कु. अधिकारी/सुरेश कु. श्रेष्ठ/देवी ब. थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावि, रामेछाप-३, रामेछाप
- रिमा बराल, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- चेत ब. चौधरी, मयुर ने.रा. निमावि, कालिका-३, बर्दिया
- सिंह ब. गुरुङ/जीत ब. गुरुङ/निर्मला नैनाबस्ती, सप्तधारा मावि, जीता-८, लमजुङ
- हरि प्र. शर्मा, जय कालिका मावि, कालिका-४, बर्दिया

**अन्ताक्षरी-४१: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *अम्बिका देवकोटा,* वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत**

**सही समाधान पठाउने अन्य सहभागी**

- रामचन्द्र अधिकारी/सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- हुकुम ब. पुन, दिव्यचक्षु मावि, रुँघा, रुकुम
- विश्व प्र. दाहाल, रुँघा-१, रुकुम
- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- कृष्ण ब. रोकाया, गर्जेपानी उमावि, रायल, बझाङ
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- गोविन्द प्र. ढुङ्गाना/सरिता सापकोटा, भालचन्द्र मावि, ग्याले-३, काभ्रे
- सरिता खड्का, चन्द्रसूर्य मावि, झलारी-५, कञ्चनपुर
- पल्लवराज जोशी/केशवदत्त जोशी, रिठाचौपाता-८, दार्चुला
- गुप्त ब. भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- भरत प्र. फूँयाल, अमरसिंह प्रावि, आ.भ.-४, मकवानपुर
- हिरू डाँगी, सानोश्री-३, बर्दिया
- जनार्दन घिमिरे, भगवती मावि, अर्घाखाँची
- गंगा भुसाल, नुवाकोट मावि, चिदिचौर, अर्घाखाँची
- दीप ब. राई, ज्यामिरे-६, खोटाङ
- माधव प्र. भट्टराई, रा.ज.उमावि, भ्रमरापुर, महोत्तरी
- काजी ब. थापा/तीर्थराज गौली/मनु गिरी/प्रदीप थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- काशीनाथ तिम्सिना, ओमनाथ अधिकारी, विमला पौडेल, खुँगा मावि, एकतीने-८, पाँचथर
- इन्द्र प्र. चौलागाई, ज्वालादेवी निमावि, गढी-८, मकवानपुर
- मनोज पौडेल, जय कालिका मावि, कालिका-४, बर्दिया
- हरि प्र. शर्मा, जय कालिका मावि, कालिका-४, बर्दिया
- चेत ब. चौधरी, कालिका-३, बर्दिया
- रिमा बराल, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- वासुदेव ढकाल, जनजागृति प्रावि, खोटाङ बजार-७, खोटाङ
- रमेश दाहाल, ज्यू मावि, सुन्तले, खोटाङ
- निर्मला पौडेल, भदौरे तामागी-१, कास्की
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- अर्जुन पौडेल, बहादुरे उमावि, भदौरे-१, कास्की
- रजत कुँवर/सुमन थापा/सुजाता थापा/नविना थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- कृष्ण प्र. तिवारी/चन्द्रमा अधिकारी/रामजी गिरी, सावित्री वंशी, सूर्योदय प्रावि, तामाखानी-५, लमजुङ
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- पुष्पलक्ष्मी शाह, धुम्रबराह मावि, धुम्बाराही, काठमाडौं
- यादव प्र. पौडेल, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- विमल प्र. देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- मनमोहन सुन्दर श्रेष्ठ, दुर्गा मावि, चपुर-१, रौतहट
- झलक ब. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप

**सुडोकु-४१: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *गोपीलाल पाण्डेय,* नारायणी प्रावि, सटुका आलमदेवी-१, स्याङ्जा**

**सही समाधान पठाउने अन्य सहभागी**

- कृष्ण कु. नगरकोटी (श्रेष्ठ), बालमन्दिर प्रावि, खोटाङ बजार-९, खोटाङ

# सामान्यज्ञान-४३

१. हाम्रो मस्तिष्कको निर्माणमा पानीको अंश कति प्रतिशत हुन्छ ?
(क) ५५%　(ख) ८५%　(ग) ९५%

२. उदीयमान अर्थतन्त्र भएका मुलुकहरूको समूह (BRICS) को शुरूका राष्ट्रहरूमा ब्राजिल, रसिया, भारत र चीन पर्छन् । उक्त समूहको पाँचौं राष्ट्र चाहिँ कुन हो ?
(क) दक्षिण कोरिया　(ख) साउदी अरेबिया
(ग) दक्षिण अफ्रिका

३. पृथ्वीमा सबैभन्दा बढी पाइने तत्व (Element) कुन हो ?
(क) हाइड्रोजन　(ख) अक्सिजन
(ग) आइरन (फलाम)

४. मान्छेका दाँत सामान्यतः दुईपटक आउँछन् भने हात्ती दाँत कति पटक आउँछन् ?
(क) १ पटक　(ख) २ पटक　(ग) ६ पटक

५. भूकम्प र यसका तरङ्गबारे अध्ययन गर्ने विज्ञानलाई के भनिन्छ ?
(क) सेस्मोलोजी (Seismology)　(ख) जियोलोजी (Geology)
(ग) एस्ट्रोनोमी (Astronomy)

**नाम:** — — — — — — — — —

**ठेगाना:** — — — — — — — — —

## सामान्यज्ञान-४१ को सही उत्तर

१. पृथ्वीमा अहिले ७ अर्ब मानिस बाँचिरहेको त औपचारिक आँकडा नै भयो । अमेरिकाको *पपुलेसन रेफरेन्स ब्युरो* ले चाहिँ पृथ्वीमा आजसम्म कति मानिस मरे होलान् भन्ने आकलन गरेको छ । त्यो अंक कति होला ?
(ग) १०७ अर्ब ६० करोड

२. 'ज्यामितिका जनक' (Father of Geometry) भनेर कसलाई चिनिन्छ ?
(ख) युक्लिड (Euclid)

३. नेपालको पहिलो दौत्य सम्बन्ध बेलायत (सन् १८१६) सँग कायम भएको थियो भने यस्तो सम्बन्ध गाँसिएको दोस्रो मुलुक चाहिँ कुन थियो ?
(क) अमेरिका (२५ अप्रिल, १९४७)

४. विज्ञहरूका अनुसार, नेपालमा भेटिएका चराका प्रजातिको संख्या ८७१ पुगेको छ । तीमध्ये नेपालमा मात्रै पाइने ठानिएको एक मात्र चरा कुन हो ?
(ख) काँडे भ्याकुर (Spiny Babbler)

५. कुन संस्थालाई नेपालको पहिलो गैरसरकारी संस्थाको रूपमा लिइन्छ ?
(घ) चन्द्र कामधेनु चर्खा प्रचारक महागुठी

- दीपक भट्टराई, जोगवाणी प्रावि, भुवनपोखरी-३, पाल्पा
- चित्रकला खपाङ्गी मगर/नवराज मगर, बालज्योति प्रावि, पञ्चावती-३, उदयपुर
- संजित कु. महतो, भानु निमावि, हत्पते-४, सिन्धुली
- नेत्र ब. के.सी., जनकल्याण उमावि, चिती, लमजुङ
- उद्धव खतिवडा, शिव प्रावि, पाङ्चा-३, भोजपुर
- कृष्ण ब. मल्ल, गण्डकी प्रावि, बिनामारे-१, बाग्लुङ
- गोविन्द प्र. अधिकारी/रामचन्द्र अधिकारी, जनकल्याण निमावि, बैरेनी-६, धादिङ
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- भरत प्र. ढकाल, जनप्रेमी निमावि, डुम्रे-८, मझुवा, उदयपुर
- कैलाश ढकाल, जनता मावि, डुम्रे-१, उदयपुर
- ओम प्र. पौडेल, जगन्नाथपुरी निमावि, अयोध्यापुरी, चितवन
- विष्णु प्र. पौडेल, कालिका मावि, बतासे-१, काभ्रे
- राजेन्द्र कु. सुनुवार, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- ओम प्र. श्रेष्ठ, राम्चे प्रावि, बुंकोट, गोरखा
- राधाकृष्ण रेग्मी, जयकालिका मावि, कालिका-४, बर्दिया
- गोविन्द प्र. ढुङ्गाना, भालचन्द्र मावि, न्याले, काभ्रे
- पल्लवराज जोशी, रिठाचौपाता-८, दार्चुला
- नीलहरि लामिछाने, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- सरिता खड्का, चन्द्रसूर्य मावि, झलारी-७, कञ्चनपुर
- अशोक कु. थिङ तामाङ, भूमेश्वर निमावि, मझुवा-४, सिन्धुली
- पदम प्र. न्यौपाने, सेतीदेवी निमावि, साँघुटार-३, रामेछाप
- प्रकाश खड्का कालिका मावि, पिपलाडी-८, कञ्चनपुर
- गुप्त ब. भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- आलोक कु. शाह, रेकुशा स्टोर्स, थवाङ, रोल्पा
- चीन ब. वि.क./शोभा घिमिरे/रामबाबु, सप्तधारा मावि, जीता-८, लमजुङ
- काजी थापा, तीर्जराज गौली/मनु गिरी/प्रदीप थापा, सप्तधारा मावि, जिता-८, लमजुङ
- भगवती महत, ओमराम प्रावि, छाचोक-३, सिन्धुपाल्चोक
- पुष्पराज रेग्मी/शिव कु. अधिकारी/सुरेश श्रेष्ठ/देवी थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- शान्तिराम पौडेल/रूद्र प्र. न्यौपाने/सुरेन्द्र तामाङ, खुँगा मावि, एकतीन-८, पाँचथर
- मनोज पौडेल, जयकालिका मावि, कालिका, बर्दिया
- खड्गराज कार्की, गुदेल मावि, गुदेल, सोलुखुम्बु
- हेम प्र. भट्टराई, भानु मावि, रतनपुर, सिन्धुली
- लीला प्र. शर्मा पौडेल, जनता उमावि, कावासोती-७, नवलपरासी
- प्रेम ब. डाँगी, जय कालिका मावि, कालिका-४, बर्दिया
- राज कु. यादव, शंकर मावि, खरदरिया, दाङ
- उमेशलाल दास, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- इन्द्र ब. चौधरी, बरूणा विद्यास्थली प्रावि, दुर्गौली-७, कैलाली
- रामजी राउत, जनज्योति प्रावि, रिस्कु-४, माकुरे, उदयपुर
- शम्भु ब. आले मगर, नीलकण्ठेश्वर उमावि, कठजोर-७, रामेछाप
- नीरमाया श्रेष्ठ/गणेश ब. श्रेष्ठ/सुनिता नेपाल, सातकन्या कालिकादेवी प्रावि, कदमबास-१, सिन्धुपाल्चोक
- सुरेश फुँयाल, ज्वालादेवी निमावि, गढी-८, मकवानपुर
- रामबाबु प्र. चौरसिया, झौवागुट्ठी-७, पर्सा
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावि, रामेछाप-३, रामेछाप
- बल ब. वृकटा, ने.रा.निमावि, साटाखानी-८, सुर्खेत
- सुरेश कु. श्रेष्ठ, राष्ट्रिय मावि, घिरिङ-८, तनहुँ
- चेत ब. चौधरी, मयुर ने.रा. निमावि, कालिका-३, बर्दिया
- रमेश दाहाल, ज्यू मावि, सुन्तले, खोटाङ
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- सुदर्शन पहडी, शारदा मावि, साल्धारा-३, काभ्रे
- यादव प्र. पौड्याल, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- खड्ग ब. कुँबर, महादेव प्रावि, चौबास-३, काभ्रे
- देवचन्द्र श्रेष्ठ, ७१ 'ग' बैंक मार्ग, बागदरबार, काठमाडौं
- नेत्र ब. ऐर, सीताराम प्रावि, बासुदेवी-३, डोटी
- दुर्गा रावत, मालिका पब्लिक स्कूल, विनायक, अछाम
- विनोद भट्टराई, अमरज्योति मावि, घाँसीकुवा-८, तनहुँ
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- बालकृष्ण प्रजापति, पुण्य मावि, पनौती-७, काभ्रे
- प्रदीप ताम्राकार, राम उमावि, खोपासी, काभ्रे
- बलराम चौलागाईं, मण्डलदेवी प्रावि, भीमफेदी-१, मकवानपुर
- तुल ब. पुन, भृकुटी प्रावि, भलाका राङसी, रोल्पा
- चन्द्र ब. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- हीरा सिंह बोहरा, महन्यालेश्वर निमावि, बर्छैन-६, डोटी
- अम्बिका देवकोटा, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- गणेशमान सिंह ठकुरी, मालिका मावि, मटेला-३, सुर्खेत

**सामान्यज्ञान-४१ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः** ***इन्द्र प्र. शर्मा,*** **काफलचौर उमावि, दुर्लुङ-८, सरून्चौर, पर्वत**

**सही समाधान पठाउने अन्य सहभागी**
- हरिनारायण खतिवडा, शारदा स. मावि, रामेछाप-३, रामेछाप
- गुमा भुवाजी लामिछाने, ज्ञानेन्द्र प्रावि, तिलाहार-३, पर्वत
- अनुराग लामिछाने, तिलाहार-७, रातमाटा, पर्वत
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला


**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० जेठ २०६९** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ । **जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, पूर्णचण्डी मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

**पुनश्चः** यसका सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी, इमेल तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन ।

**आलोपालो**

# इच्छा–मृत्यु

**असाध्य रोगका बिरामीका निम्ति इच्छा–मृत्युको कानूनी अधिकारका पक्षमा चार दशकसम्म संघर्ष गरेका अमेरिकी चिकित्सक डा. पिटर गुडविनलाई नै नियतिले इच्छा–मृत्युको मुखमा धकेलिदियो। डा. गुडविनले स्वेच्छाले घातक औषधोपचारको प्रक्रियामा प्रवेश गरिसकेपछि दिएको अन्तर्वार्तामा मृत्युलाई अत्यन्त सहज ढङ्गबाट वर्णन र व्याख्या गरेका छन्। महाभारतका पाठकहरू भीष्म पितामहको इच्छा–मृत्युसँग परिचित छन्। मृत्युलाई सहज रूपमा लिने र त्यसमाथि निर्भीक बहस गर्न सक्नेहरूलाई पूर्वीय दर्शन र साहित्यले महात्माको कोटिमा राख्ने गरेको पाइन्छ।**



साभार: टाइम, मार्च २६, २०१२

**ओरेगनको सम्मानजनक मृत्युसम्बन्धी कानून (Death with Dignity Act) को निर्माणमा तपाईंको भूमिका सबैभन्दा अहम् थियो। अभियान चलाउन यस्तो विषय– मत्युलाई नै किन रोज्नुभयो ?**

सन् १९७२ तिर मैले चिकित्सा अभ्यास शुरू गर्दा 'हसपिस' (Hospice) खुलेकै थिएनन्। त्यही बेला मैले एक जना बिरामीलाई मर्न मद्दत गर्नुपर्‍यो। आफ्नी श्रीमतीसँग आएका ती मानिसले आफ्नो स्वास्थ्यसम्बन्धी सारा कागज दिँदै भने "डाक्टर, तपाईंले मलाई मर्न मद्दत गर्नु पर्‍यो।" शुरूमा मैले मानिनँ तर, उनको समस्या यति जटिल भइसकेको थियो, अन्ततः मैले प्रेस्क्रिप्सन लेखिदिएँ। त्यसपछिका कैयौं महिनासम्म म आफैं आतङ्कित भएर बाँचें। त्यो (गैरकानूनी कार्य) गरेर मैले आफ्नो करिअरसँगै परिवारको जीविकाको स्रोत समेत संकटमा पारेको थिएँ।

**ओरेगनको कानूनले शारीरिक रूपमा ६ महिनाभन्दा बढी नबाँच्ने तर मानसिक हिसाबले स्वस्थ र निर्णय लिन सक्षम व्यक्तिलाई जीवन छोट्याउने औषधि सेवन गर्ने छूट दिन्छ। तर यसरी हुने मृत्यु र कसैको सहयोगमा गरिने आत्महत्या बीच खासै के फरक हुन्छ र ?**

सामान्यतः आत्महत्या आवेगात्मक र हिंसात्मक हुन्छ। यो जहिले पनि एकान्त वा एक्लोपनमा हुन्छ। तर इच्छा–मृत्यु जहिले पनि सोचविचार र परिवारकै सहयोगमा हुने हो। इच्छा–मृत्यु भद्र र सामान्य हुन्छ।

**ओरेगन, वाशिङ्टन र मोन्टाना बाहेक अमेरिकाकै अरू राज्यमा पनि इच्छा–मृत्युको कानूनी अवधारणा फैलिन सकेन नि; किन होला ?**

धार्मिक समुदाय एकदमै चर्को विरोधमा छ। चिकित्सा पेशाभित्रै एकप्रकारको अनिच्छा छ। बिरामी र तिनका परिवारलाई पनि आफू उपचार नै नहुने अवस्थामा पुगेको यथार्थ स्वीकार गर्न धेरै गाह्रो पर्छ।

**यो कानून तपाईंका लागि त अत्यन्तै व्यक्तिगत जस्तो पो देखिन पुग्यो; ... ?**

मलाई मस्तिष्कसम्बन्धी रोग (corticobasal ganglionic degemeration) लाग्यो। यसले गर्दा मेरा हातले काम गर्न छोडेका छन्। म आफैं खाना खान पनि नसक्ने भइसकेको छु। शरीरको सन्तुलन क्रमशः बिग्रँदै गएको छ। म ६ महिनाभित्र मरिसक्छु भन्ने कुरामा मेरो उपचारमा संलग्न तीनैजना डाक्टर सहमत छन्। इच्छा–मृत्युको फर्म म आफैंले भरेपछि डाक्टरले जीवन सिध्याउने औषधिहरूको प्रेस्क्रिप्सन लेखेका हुन्।

**यो सबै कुरालाई तपाईंका छोराछोरीले कसरी लिएका छन् ?**

मेरो जीवन चाँडै समाप्त हुँदैछ भन्ने कुरालाई उनीहरूले दुःखपूर्वक स्वीकार गरेका छन्। हामी सँगै बसेर खूब रुन्छौं।

**योभन्दा त 'हसपिस'को हेरचाहमा रहेर स्वाभाविक मृत्यु वरण गर्नु राम्रो हुँदैनथ्यो र ?**

'हसपिस' को धारणा राम्रो हो। तर, सम्पूर्ण (मृत्यु) प्रक्रिया बिरामीकै नियन्त्रणमा हुनुपर्छ भन्ने मेरो मान्यता हो। यो प्रक्रियामा आफू कुन दिन कसरी र कति बेला मर्ने भन्ने कुराको निर्णय बिरामी आफैंले गर्न सक्छ। परिवारका सदस्यहरूलाई वरिपरि राखेर 'ल है म मरें अब; बिदा!' भनेर भन्न पाउँछ।

**एउटा चिकित्सकको नाताले भन्नुपर्दा, यस्तो निर्णय गर्न कत्तिको सजिलो वा गाह्रो हुन्छ ?**

प्रायः चिकित्सक (फिजिसियन) हरू तिनका बिरामीभन्दा सधैं भिन्न तरीकाबाट मर्ने गर्छन्। तिनले धेरै पहिले नै केमोथेरापीको पर्याप्त मात्रा लिइसकेका हुन्छन्। तिनलाई आफ्नो शरीरभित्र के छ र बाहिर आउन के बाँकी छ भन्ने पनि थाहा हुन्छ।

**मृत्युपछिका निम्ति केही सोच्नुभएको छ ?**

यदि मैले रोज्न पाउने हो भने सबैभन्दा पहिले श्रीमतीसँगको पुनर्मिलन नै चाहन्छु। त्यसपछि आफ्नो अध्ययन कार्यलाई जारी राख्न चाहन्छु।

***यो अन्तर्वार्ता रेकर्ड गरेको केही हप्तापछि; ११ मार्च २०१२ (२८ फागुन, २०६८) मा डा. गुडविनले मृत्युवरण गरे।***


*यो अन्तर्वार्ताको भिडियो (GOODWIN'S LAST) www.time.com/10questions मा हेर्न/सुन्न सकिन्छ।*

प्रस्तुतिः **राजेन्द्र दाहाल**

# के तपाईंको बच्चा रमाउँदै School गएको हेर्न चाहनु हुन्छ ?

**MiDas eCLASS**
Be Capable, Be Confident

**Designed & Developed in Nepal**




**MiDas eCLASS** श्रव्य दृश्य सहितको **Animated Interactive Teaching Software** भएको हुनाले यो लागु भएको **School** मा शिक्षकले विद्यार्थीहरुलाई **Audio Visual** देखाउँदै र **Game** खेलाउँदै सिकाउँछन्, जसले गर्दा विद्यार्थीहरुले गाऱ्हो भन्दा गाऱ्हो पाठ पनि रमाई–रमाई सजिलै बुझ्न सक्छन् र आफूले पढेको कुरा कहिल्यै पनि बिर्सिँदैनन् ।

***Schools can easily implement MiDas eCLASS in their classes.***

A product of
**MiDas EDUCATION Pvt. Ltd.**
www.midaseducation.com.np


**Contact :**
Thapathali, Kathmandu, Nepal
Tel : 977-1-4245919, 4245325
9751015265
info@midas.com.np
Toll Free No.: 1660 - 01 - 00000




M.A.W. Enterprises Pvt. Ltd., Tripureshwor, Kathmandu : 01-4261160, 4261847